# शिक्षक

www.teacher.org.np

मूल्य रु.५०/-

भदौ २०६९

गल्ती किन गर्न नहुने ? -जे. कृष्णमूर्ति

भार, भारी र भरिया -डा. तीर्थबहादुर श्रेष्ठ

शिक्षणमा उच्च तहको चिन्तन



# भो !



REAL SCHOOL OF NEPAL-2012
Real
SCHOOL
OF NEPAL
WIN WITH REAL FRUIT POWER
LET YOUR STUDENTS WIN WITH
TALENT
CONFIDENCE
TEAM-WORK
BRAIN POWER
For further details visit:
www.realschoolofnepal.com
जिन्दगी रमाउँछ !
फ्रुट पावरले जिताउँछ ।
Real
Mango
Real
Mango
PROTECTS WHAT'S GOOD
Tetra Pak
With the Tetra Pak sign, it's 100% fine.


Himani
AYURVEDIC
Navratna
COCONUT
COOL OIL
तनाव बाट छुट्कारा
नरिवल
पोषणको
साथ
चिसो
चिसो
Coconut
Cool
Himani
AYURVEDIC
Navratna
COCONUT
COOL OIL
COOL
Navratna
COCONUT
COOL OIL
Nourishment
Relaxation • Nouri
नवरत्न
अब एक
नयाँ रूपमा




Authorised Distributor: SG GLOBAL PVT. LTD.

**Showroom & Service Center:** Malla Complex, Teku Road, Kathmandu, Contact: 4231057, 4231058 | **Showroom:** Narayan Chaur, Naxal, Kathmandu, Contact: 9808598647, 9841664671, 9841356183

**Dealers:** Jorpati : 01-4916068 • Chabahil : 9849707175 • Kumaripati : 01 - 5520041 • Tinkune: 01-6227018 • Bhaktapur : 01 - 5092336 • Banepa - 016226169 • Birtamod : 023 - 543044 • Damak : 023 - 582096 • Itahari : 025 - 587308 • Dharan : 025 - 526540 • Biratnagar : 021-462420 • Birgunj : 051-529685 • Janakpur : 041- 527397, 984030996 • Narayanghat : 056 - 526671/ 72 • Butwal : 9847231277 • Dang : 082 - 560293 • Pokhara : 061 - 522905, 539279 • Nepalgunj : 081 - 550138 • Hetauda - 057-520426 • Surkhet : 083 - 521979 • Kawasoti : 9845026710 • Tikapur : 9848432092 • Tandi : 056-561061 • Mahendranagar : 9759500106 • Rajbiraj : 9852820125 • Lahan : 9858421773 • Bhairahawa : 9857024671 • Nuwakot : 010 - 56810 / 9851002938

# शिक्षक

मासिक

वर्ष ५ पूर्णाङ्क ५३

भदौ २०६९

Aug–Sep 2012



ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेडका लागि अध्यक्ष दीपक थापा द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
कामसिंह चेपाङ
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
पूर्णचण्डी मार्ग
जावलाखेल, ललितपुर
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस,
हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


# सजायको समय सकियो !



**घाउ-चोट वा अंगभंग हुनेभन्दा कमको पिटाइलाई ख्याल-ख्याल मानिने हाम्रो सामाजिक परिवेशमा स्कूले केटाकेटीलाई 'कुखुरा' बनाउने यस्तो सजायलाई साह्रै मलिन या नरम नै ठानिन्छ। तर बालमनोविज्ञान र दण्डसंहिताका ज्ञाताहरू भन्छन्, 'कक्षामा खुल्ला रूपमा दिइने यस्तो दण्डले पनि बालबालिकामा गम्भीर मानसिक कष्ट र असर पुऱ्याउँछ।'**

'होमवर्क' नगरेको कसुरमा एकाबिहानै सजाय भोग्दै कैलालीको एक निजी विद्यालयका बालबालिका। तस्वीरः तेजराज भट्ट


पृष्ठ **२६-४५**

दण्डरहित वातावरण सिर्जनाका केही उपाय ३३

गल्ती किन गर्न नहुने ? -*जे. कृष्णमूर्ति* ३४

सजायरहित शिक्षणः केहीले त थालिसके ! ३८

'कुट्नु हुँदैन' हैन, कुट्नै पर्दैन -*देवेन्द्र आले* ४२





**भार, भारी र भरिया**
- *डा. तीर्थबहादुर श्रेष्ठ*
पृष्ठ **४९**

कविताः भरिया दाइ
सौजन्यः मदन पुरस्कार पुस्तकालय

## समाचार ४६-४८

■ हेडसरहरू भ्रष्टाचारमा ! ■ व्यवस्थापन समितिमा शिक्षकलाई निषेध ! ■ शिक्षकको बिदाबारे अन्योल ■ शिक्षा मन्त्रालय सिंहदरबारमा

## अन्य सामग्री

पीसीएफ अनुदान र निम्तिइँदै गरेको बर्बादी
- *जीतबहादुर शाह, १२*

कक्षा शिक्षणमा उच्च तहको चिन्तन
- *खिमराज सुवेदी, १४*

सरकारमा बाबुराम शिक्षामा प्रतिगमन
- *गुणराज लोहनी, २२*

दाँत दुख्यो पढाइ छुट्यो
- *डा. रविन्द्रमान श्रेष्ठ, ५४*

शैक्षिक रूपान्तरणः आफैंमा खोज्ने कि ?
- *डा. विद्यानाथ कोइराला, ६४*

**मन्थनः**
**गरे, शिक्षकले नै सक्छन्**

*मीना पौडेल, ५६*
*चन्द्र नेपाली, ५७*
*रमाकान्त सापकोटा, ५८*
*रामप्रसाद पाण्डेय, ६०*
*नरेन्द्रकुमार नगरकोटी, ६१*

**बहसः**
**साक्षर नेपाल**

*लालप्रसाद भट्टराई, १८*
*ऋषिराम लामिछाने, १९*
*टीका भट्टराई, २०*
*कृष्णबहादुर वली, २०*
*हेमचन्द्र अधिकारी, २१*

## स्तम्भ

विषय-सन्दर्भ ४, हेराइ र बुझाइ ५, प्रतिक्रिया र सुझाव ६, मनका कुरा ९, शिक्षाको दुनियाँ ५२, जिज्ञासा र जवाफ ६६, फुर्सद ६९, आलोपालो ७२


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला। यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला।**

**साथै, मेसेज पठाएर पनि आफ्नो गुनासो टिपाउन सक्नुहुनेछ। जसका लागि मोबाइलको मेसेज बक्समा गई COMP टाइप गरी एउटा खाली ठाउँ छाडी आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर लेखी 5006 मा SMS पठाउनुहोस्। (comp<space>5006)**

केदार शर्मा

# डर, रीस, अपमान र घृणा

एउटा विद्यार्थी शिक्षकको कुटाइसित निकै डराउँछ। तर त्यही विद्यार्थी शिक्षकको कुटाइले भन्दा धेरै दुख्ने सम्भावना हुँदाहुँदै पनि साथीहरूसित लाप्पा खेल्छ; जोखिमपूर्ण गतिविधिमा सामेल हुन्छ। शिक्षकको कुटाइका डरले लुरुक्क पर्ने विद्यार्थीलाई खेल्दा वा मनपरी उपद्रो गर्दा भने लडिएला, ठोक्किएला, चोटपटक लाग्ला भन्ने पटक्क डर हुँदैन, किन?

यो 'किन?' को जवाफ मानिसको मनभित्र खोतलेपछि पाइन्छ। कक्षामा शिक्षकको कुटाइ खाँदा विद्यार्थीले चरम अपमानको अनुभव गर्छ। साथीभाइका बीचमा, जोरीपारीका बीचमा र कतिपय अवस्थामा त आफूले मन पराएका केटा वा केटीका सामु कुटाइ खानु भनेको सामान्य कुरा होइन। कुट्दै गरेका शिक्षकले प्रकटमा त्यस्तो सोचेको नभए पनि त्यसको अरू भित्री आशय हो, "तँ मानवोचित व्यवहारले सप्रिँदैनस्, तँ जनावर बराबर छस्, तेरा भागमा यही चुटाइ परेको छ।"

धेरै शिक्षकलाई यी शब्दले आफ्नो नियतलाई बङ्ग्याउने कोशिश गरेको अनुभव हुन सक्छ। भनेको सुनिएको पनि छ, "अनुशासन पटक्क छैन, भनेको मान्ने होइन, उसैको भविष्यका लागि त हो नि, मर्ने गरी हानेको छैन त!" मैले एक दुई जना शिक्षकको थप तर्क सुनेको छु, "रीसले हानेको हैन!"

'हान्नु' को कारण वा उसलाई कति दुख्यो वा कति दुख्छ भन्ने कुरा अहं होइन। महत्त्वपूर्ण कुरा त्यो 'हनाइ' ले विद्यार्थीको जीवनमा कस्तो असर पाऱ्यो वा पर्छ भन्ने हो। अरू महत्त्वपूर्ण कुरा; त्यो विद्यार्थीलाई 'हान्न' का लागि शिक्षकको हात किन उठ्यो भन्ने हो।

**विद्यार्थीलाई उनीहरूका लागि कुटिँदैन। त्यसका पछाडि शिक्षकको बालमनोविज्ञान ज्ञानको अभाव, बुझाउन नसक्नुको कुण्ठा र व्यक्तिगत आग्रहहरू जस्ता कारणहरू जिम्मेवार हुन्छन्।**

मेरो व्यक्तिगत अनुभव अलि नमीठो छ। मैले स्कूल पढ्दा शिक्षकहरूको कुटाइ खाने वर्गमा आर्थिक-सामाजिक रूपमा पछि परेका परिवारका साथीहरू मात्र थिए। शिक्षकहरूले जतिसुकै 'उसैका लागि' कुटेको भने पनि तीमध्ये कसैको पनि राम्रो शैक्षिक प्रगति भएन। अधिकांशले एसएलसी पनि पास गरेनन्।

शिक्षकहरूले विभिन्न कारणले विद्यार्थीलाई रीस नै गरेको पनि मैले देखेको छु। कुटिहाल्न हुति नपुग्ने विद्यार्थीलाई अन्य विभिन्न किसिमले प्रताडित र अपमानित गरेको पाएको छु। त्यस्तो रीसका कारण अनेक हुनसक्छन्। मेरो जमानामा प्रायः शिक्षकहरूलाई विद्यार्थीले 'फुर्ती गरेको' पटक्क मन पर्दैनथ्यो। 'फुर्ती गर्नु' भनेको एउटा मनोगत आरोप हुन्थ्यो, जसको अर्थ जे पनि हुन सक्थ्यो- सरलाई खोजेर गएर नमस्ते नगरेको, सरका छोराछोरीले भन्दा राम्रा लुगा जुत्ता लगाएको, घडी बाँधेको, कपाल पालेको, गितार बजाएको वा अरू केही पनि। फुर्ती लाउने हैसियत भएकाहरूले ठाडै कुटाइ खाँदैनथे, उनीहरूले 'डाइलग' खानुपर्थ्यो। सबैका छेउमा उभिएर वा घुँडा टेकेर कुटाइ खाँदाको जस्तो दोहोरो पीडा नभए पनि कतिपय अवस्थामा त्यस्ता 'डाइलग' ले उनीहरूको मनोबल नराम्ररी गिराइदिन्थ्यो।

सबैले त्यस्तै गर्छन् भन्ने आशय पटक्कै होइन। मेरो आफ्नै एउटा घटना छ। हाम्रो स्कूलको पारिपट्टिको मन्दिरमा एकजना अवधूत साधु बस्थे। एक पटक कुनै कुरामा हाम्रो कक्षाका एकजना नाइकेसित तिनको झगडा परेछ। कक्षामा 'साधु कुट्न जाने' योजना बन्यो, म पनि गएँ। त्यसबेला स्कूलमा युनिफर्म थिएन, मेरो रातो रातो सर्ट परै चिनिएछ। फर्केपछि अरू के के भयो, म सम्झन्न, मलाई भने भानुभक्त भट्टराई सरले एकान्तमा बोलाएर भन्नुभयो, "तँ पनि यस्तोमा हिँडिस् हगि?"

उहाँले नराम्रो केही भन्नुभएन, कसैका छेउमा पनि भन्नु भएन, मैले अपमानित हुनु पनि परेन। तर ती पाँचवटा शब्दमा धेरै कुरा थिए र नै त्यो परिवेश, मेरो रातो सर्ट र भानुभक्त सरको दुब्लो अनुहार र तेजिला आँखा मेरो सम्झनामा सजीव छन्। हुन त उहाँले मलाई जसरी एकान्तमा क-कसलाई सम्झाउनुभयो र सम्झाउनुभएन भने किन सम्झाउनु भएन भन्ने कुरा मलाई थाहा छैन। तर जति कुरा बुझ्दै जान्छु म भानुभक्त सरलाई त्यति नै आदर गर्छु।

आज धेरै वर्षपछि फर्केर हेर्दा ती शिक्षकहरूप्रति टीठ लागेर आउँछ, जसले फूलबारीमा काँडा रोपे। "धन्न फलाना सरले कुट्नुभएको थियो र म मान्छे भएँ" भन्ने मान्छे बिरलै भेटिएलान्। शिक्षकले सार्वजनिक रूपमा अपमानित गरेका विद्यार्थीले पनि त्यस्ता शिक्षकको गुणगान गाएको सुनेको छैन। शाश्वत कुरा हो, अपमानको खेती गर्नेले घृणाको बाली मात्र उठाउन पाउँछ।

विद्यार्थीलाई उनीहरूका लागि कुटिँदैन। त्यसका पछाडि शिक्षकको बालमनोविज्ञान ज्ञानको अभाव, बुझाउन नसक्नुको कुण्ठा र व्यक्तिगत आग्रहहरू जस्ता कारणहरू जिम्मेवार हुन्छन्। तर त्योभन्दा पनि मुख्य कारण पुस्तागत रूपमा सर्दै आएको कुट्ने, कुटिने र त्यसलाई सहजै स्वीकार गर्ने सामाजिक संस्कार नै हो। अनि कुटाई-पिटाई र गाली संस्कारले निरन्तरता पाइरहनुको व्यावहारिक कारण चाहिं वैकल्पिक विधि-व्यवहार सम्बन्धी अज्ञानता हो। आजका शिक्षकलाई तिनका शिक्षकले पिटेका थिए त्यसैले पिट्ने, गाली गर्ने तरीकाबारे उनी जानकार छन्। दण्ड नदिई, नपिटी, गाली नगरी विद्यार्थीलाई कसरी अनुशासनमा राख्ने? त्यस्ता विधि र उपाय सिक्ने, तीसँग अभ्यस्त हुने अवसर शिक्षकहरूलाई उपलब्ध गराइनु वाञ्छित मात्र हैन, अत्यावश्यक छ। दण्डरहित विद्यालय शिक्षाको पक्षमा शिक्षा मन्त्रालय र दातृ संस्थाहरू केही गर्न चाहन्छन् भने तिनले देशभरका शिक्षकहरूलाई त्यस्तो अवसर जुटाइदिन सक्नुपर्छ।

# हेराइ र बुझाइ




पाकिस्तानको समाचार मूलक ब्लग साइट blogs.dunyanews.tv बाट साभार गरिएको यो कार्टून हाम्रो 'शैक्षिक परिवेशमा कत्तिको सान्दर्भिक छ ? आफ्नो 'हेराइ र बुझाइ' लेख्नुहोला ।






## अभाव उदाहरणको !

'नेतृत्व सीप' सम्बन्धी सामग्री *(शिक्षक,* साउन २०६८) प्रकाशन गरेकोमा धन्यवाद। सङ्ला मुहानहरू समेटेर स्वच्छ नदीरूपी अनुष्ठानहरू सिर्जना गरी मुलुक र जनताको उत्थान गर्ने राजनेता तयार पार्नुपर्नेमा समस्याको अराजक र अविवेकी समाधानका खहरे खोलाहरूले विद्यालयका विद्यार्थीलाई समेत बगाउने प्रयासमा लागेका विद्यार्थी राजनीतिका अगुवाहरूको एउटा चित्रण गरेको छ- शिवपुरी उमाविको रिपोर्टले। यसमा नपुगेको कुरा चाहिं के हो भने; शास्त्रका गुरुहरू द्रोणाचार्य या पर्शुराम भए जस्तै अहिलेका नेतृत्व कौशलताको ज्ञान दिने गुरुहरू को को हुन्? यो ज्ञान कुन शिक्षालयमा पाइन्छ? यी गुरुहरूका आलोकले सिर्जना भएका विगतमा या वर्तमानका नायक या नायिकाहरू को को हुन्? यीमध्ये को को कति कारणले सफल भए! कतिपयले गरेका प्रयासहरूले असफलता पनि पस्के होला। तिनको विवरण कहाँ पाइन्छ? 'विद्यालय नै मुख्य आधार' शीर्षकको लेखमा उल्लिखित सरोकारवाला वा विज्ञहरू नै अगुवा सिर्जना गर्ने गुरुहरू हुनुहुन्छ भने उहाँहरूले अहिलेसम्म को को नेताहरूको सिर्जना गर्नुभयो? उहाँहरूले पस्केका 'नेतृत्व कौशलता' का सिद्धान्तलाई अँगालेर क-कसले श्रीकृष्ण वा अर्जुनले जस्ता चामत्कारिक काम गरेका छन्? कि गणितीय सिद्धान्त ब्रटाण्ड रसेल विरोधाभाष (Bertrand Russell paradox) को उदाहरणमा उल्लेख गरिएको 'हजामको परिभाषा' ले कपाल काटिने मान्छेको सूचीमा हजाम आफू नपरे जस्ता वा हाम्रो नेपाली उखान 'वैद्यको छोराको गलगाँड, ज्योतिषीको छोरी...' भने जस्ता अगुवाईको दर्शन फलाक्ने गुरुहरूले आफूमा वा आफ्नो समाजमा चाहिं त्यो दर्शनको प्रयोग गर्न नसक्ने हो ? यक्ष प्रश्न अघि सरेको छ। शास्त्रमा भनिएको छ, 'शिष्यात् इच्छेत पराजयम्।' अर्थात् आफ्नो शिष्यबाट एक दिन पराजय हुने आशाका साथ ज्ञान प्रवाह गर्नु। यो नेताहरूमा पनि उत्तिकै लागू हुने कुरा हो। एउटा राजनेता आफैंमा एउटा शक्तिशाली गुरु हो जसको एउटा प्रमुख काम हो 'आफूभन्दा पनि कर्मठ या चामत्कारिक नेता सिर्जना गर्नु।' आजको यस विज्ञान, प्रविधि र सञ्चारको अभूतपूर्व प्रगति भएको प्रत्येक क्षण अकल्पनीय परिवर्तनहरू सिर्जना हुने युगमा 'नेतृत्व कौशलता' सम्बन्धित औपचारिक अध्ययन गर्न पाइने शिक्षालयहरू कहाँ छन्? सम्बन्धित औपचारिक शैक्षिक उपाधिहरू के-के हुनसक्छन् ? बहसमा नसमेटिएका विषय प्रसङ्गहरू हुन्। आशा गरौं आगामी अङ्कहरूमा यीलगायत 'नेतृत्व विज्ञान' का अन्य विषयहरू समेत *शिक्षक* ले समेट्नेछ।

डा. नवराज खतिवडा, सहप्राध्यापक,
काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे

## शिक्षकका वितरक/बिक्रेतालाई जरुरी सूचना !

१. *शिक्षक* मासिक एवं यसको मातृसंस्था ज्ञान-विज्ञान शैक्षिक सहकारी लि. ले देशभरका पत्रपत्रिका तथा पुस्तक बिक्रेताहरूसँग सहकार्य गर्ने निर्णय गरेको छ। यस्तो सहकार्यको आधार आपसी अर्थात् दुवै पक्षको लाभ र सन्तुष्टि हुनेछ। सहकार्यको प्रारम्भ एक-अर्काको व्यवसाय प्रवर्द्धनमा सघाएर गर्न सकिनेछ। उदाहरणका लागि; सहकार्य गर्न इच्छुक बिक्रेताहरूले *शिक्षक* मासिक र यसका अन्य प्रकाशनहरूको बिक्री-वितरणलाई विशेष महत्त्व र प्राथमिकता दिने; बिक्री योजनाहरू बनाई लागू गर्न प्रस्ताव गर्ने; बिक्री रकमको असुली र भुक्तानीलाई सहज र शीघ्रता प्रदान गर्ने आदि कार्यहरू गर्न सक्छन्। त्यस्तै; *शिक्षक* र ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्थाले सहकार्य गर्न तत्पर पत्रपत्रिका वा पुस्तक बिक्रेताको व्यवसाय (पसल) को प्रवर्द्धनमा विशेष प्रचार-प्रसार गरिदिएर; मुख्य बिक्रेता वा वितरकको हैसियत र सहुलियत प्रदान गरेर सघाउन सक्छ।
यो अवधारणा अनुरुप सहकार्य गर्न इच्छुक बिक्रेता वा पसलहरूले तलको ठेगानामा सम्पर्क राख्नुहोला।

२. बिक्रेताहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले *शिक्षक* मासिकले उत्कृष्ट बिक्रेता 'अवार्ड' प्रदान गर्ने निर्णय गरेको छ। *शिक्षक* मासिकको लोकप्रियता र विस्तारमा देशभरका सम्पूर्ण बिक्रेताहरूको योगदान रहेको तथ्यलाई आत्मसात् गर्दै निम्न मापदण्डअनुसार काम गर्ने बिक्रेताहरूलाई उत्कृष्ट बिक्रेता अवार्ड प्रदान गरिने जानकारी गराउँदछौं:

(क) *शिक्षक* लाई विशेष महत्त्व दिई बिक्री प्रवर्द्धनमा सहयोग पुऱ्याउने।
(ख) बिक्रीको मात्रा (प्रति) निरन्तर बढाउँदै लगेका।
(ग) रकम सङ्कलन गर्न जाने *शिक्षक* का कर्मचारीलाई चल्ती बिलसम्मकै रकम भुक्तानी गर्ने।
(घ) बिक्रीको सम्पूर्ण रकम आफैं *शिक्षक* मासिकको बैंक खातामा जम्मा गरिदिने।
(ङ) सानो भौगोलिक क्षेत्रभित्र रहेर पनि बिक्री दर उच्च तथा ग्राहक बनाई ग्राहक शुल्क *शिक्षक* कार्यालयमा अग्रिम भुक्तानी गर्ने।
(च) निरन्तर पत्रिका उपलब्ध भए-नभएको बारे चासो व्यक्त गर्दै वितरण प्रक्रियामा सघाउने।
(छ) व्यापारको स्वाभाविक सिद्धान्त अनुसारको व्यवहार गर्ने, बहानाबाजी नगर्ने।

माथि उल्लिखित मापदण्ड अनुरुप उत्कृष्ट ठहरिएका वितरक वा बिक्रेताहरूको नाम *शिक्षक* का आगामी अंकहरूमा प्रकाशित गरिनेछ।

## विचारमा समावेशीपन खै ?

*शिक्षक* मा नारी लेखकहरू विरलै हुन्छन् । १६ जना अग्रज एवं प्रबुद्ध वर्गको विचार समेट्दा एकजना मिनाक्षी दाहालको मात्र उपस्थिति देख्दा *(शिक्षक;* साउन २०६९) उही मन राख्ने जमर्को गरेको हो कि जस्तो लाग्यो । नारीजगतलाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन ल्याई विचार/संवादहरू समेट्दा कम्तीमा ३३ प्रतिशत स्थान नारी वर्गलाई दिइयोस् । नारी वर्गसँग विचारै छैन जस्तो गरेर स्थान दिन दरिद्र मन राख्नु यस्तो प्राज्ञिक क्षेत्रको पत्रिकालाई रत्तिभर सुहाउँदैन ।

लक्ष्मी रिजाल

लिटिल ह्याभेन तपेश्वरी-१, गल्फडिया, उदयपुर

**(टिप्पणी: नारी लेखकका सामग्री *शिक्षक* मा पक्कै पनि कम छन् । यो यथार्थ औंल्याउनुभएकोमा लक्ष्मीजीलाई धन्यवाद । तर, नारी लेखकलाई स्थान दिन 'दरिद्र मन राखेको' भन्ने आरोप भने हामी स्वीकार गर्दैनौं, किनभने *शिक्षक* ले प्रारम्भदेखि नै नारी लेखक, चिन्तक, शिक्षकहरूलाई विशेष प्रोत्साहन दिने प्रयास गरेको छ । त्यस्तो प्रयास अहिले पनि जारी छ। विभिन्न पेशा र विज्ञताको क्षेत्रमै नारीहरूको उपस्थिति**


विषय-सन्दर्भ

गुरुआमाहरू, लेख्नुस् है !


**तुलनात्मक हिसाबले न्यून रहेको यथार्थ *शिक्षक* का पानामा झल्किएको हो । यसर्थ, प्रतिशतको मागसँगै सक्षम नारी जनशक्ति उत्पादन गर्नेतर्फ पनि सबैको ध्यान जानु जरुरी छ भन्ने हाम्रो ठम्याइ छ । -सं)**

## गणितीय खेलको अझ सजिलो उपाय

गणेशप्रसाद रिमालद्वारा लिखित 'विद्यार्थी उत्प्रेरित गराउने रमाइलो गणितीय खेल' *(शिक्षक,* असार २०६९) र गुप्तबहादुर भण्डारीको 'गणितीय खेल अझ सजिलो उपाय' *(शिक्षक,* साउन २०६९) पढेपछि मलाई अझ सजिलोसँग यो खेल खेलाउन सकिने विश्वासका साथ सो लेखलाई यसरी छोट्याउन चाहन्छु–

सबैभन्दा पहिले आफूलाई मन लागेको अंक क्रम र सीमाविना लेखी योगफल निकाल्ने । योगफललाई शुरुमा लेखेको संख्याबाट घटाई कुनै एउटा अंक लुकाउने अर्थात् घेरा लगाउनेसम्म गुप्तबहादुर भण्डारी सरको भनाइसँग सहमत छु । उत्तर भन्ने अर्थात् लुकाएको अंक पत्ता लगाउने क्रममा लुकाएको अंक बाहेक अरू अंक भन्न लगाउने र खेलाउने मान्छेले ध्यान दिएर सुन्दै अंक जोड्दै जाने । यसरी जोड्दा आएको योगफललाई ९ का अपवर्त्यहरूसँग तुलना गर्दै लुकाएको अंक सजिलै पत्ता लगाउन सकिन्छ ।

जस्तैः शुरुमा १३५७८४ लेखेपछि सबै अंकहरू जोड्दा (१+३+५+७+८+४=२८) र पहिला लेखिएको संख्याबाट योगफल घटाउँदा १३५७८४–२८=१३५७५६ यति गरिसकेपछि कुनै एउटा अंक लुकाउने र बाँकी सबै अंक भन्न लगाउने । ती अंकहरू जोड्दै जाने (१+३+५+६+५=२०) आएको योगफललाई ९ का अपवर्त्यहरूसँग तुलना गर्दा ९, १८, २७, ३६... योगफल १८ भन्दा ठूलो तर २७ भन्दा सानो छ । त्यसैले २० लाई २७

पुऱ्याउन ७ जोड्नुपर्छ। यहाँ लुकाएको अंक ७ हो भनी सजिलै भन्न सकिन्छ। अन्त्यमा कहिलेकाहीं योगफल ९ का अपवर्त्यहरूसँग बराबर हुन आउँछ। त्यतिखेर उत्तर दुईचोटि भन्नुपर्ने अवस्था आउँछ ० या ९ यसरी उत्तर पत्ता लगाउँदा सामान्यतया जोड्दा र घटाउँदा विद्यार्थीहरूले गर्ने गल्ती घटाउन मद्दत गर्दछ।

भूमिराज अवस्थी, श्री रुक्मेश्वरी मावि, पालुङ-१, ओखरबजार, मकवानपुर

## विद्यालयका थप समस्या

*शिक्षक* को २०६९ असार अङ्कमा जनता उमावि, चुलाचुली–३, बाह्रगोठे इलामकी *शिक्षक* बिन्दु दाहालले उल्लेख गरेका ११ सुझावलाई स्वीकार्दै म एक अभिभावकको नाताले थप समस्या प्रस्तुत गर्न चाहन्छु:

१२. कतिपय माविमा अयोग्य/एसएलसी मात्र उत्तीर्ण, तालिम नलिएका तथा शिक्षा विषयको अध्ययन समेत नगरेका, शैक्षिक योजना र रुटिनसमेत बनाउन नजान्ने प्रअहरू रहेकाले त्यस्ता प्रअ भएका सरकारी विद्यालयबाट गुणस्तरीय शिक्षाको कुनै हालतमा अपेक्षा गर्न सकिँदैन। अत: त्यस्ता अयोग्य प्रअलाई तुरुन्त हटाएर योग्य प्रअको नियुक्तिको अनिवार्यतालाई सम्बन्धित निकायसमक्ष झकझकाउने कार्य *शिक्षक* पत्रिकाले गर्नुपर्ने देखिन्छ।

१३. प्रअहरूबाट हुने आर्थिक, शैक्षिक र नैतिक भ्रष्टाचार उजागर गर्ने दायित्व पनि *शिक्षक* पत्रिकाले नै लेओस्।

१४. यस पत्रिकाको ग्राहक बनेका कतिपय विद्यालयका प्रअले *शिक्षक* पत्रिका आफ्नै ब्याग वा दराजभित्र लुकाउने गरेको

**कतिपय भ्रष्ट प्रअहरू यस पत्रिकाले उठाएका विषयलाई लिएर विद्यालयमा आफूमाथि प्रश्न नउठाउन् भन्ने चाहन्छन्। वास्तवमा *शिक्षक* पत्रिका दिनप्रतिदिन शिक्षकहरूको लागि लोकप्रिय, कमजोर र भ्रष्ट प्रअहरूका लागि दुश्मन बन्दै गएको छ।**

पाइन्छ। यो समस्यालाई हल गर्न यस पत्रिकाले विद्यालय-विद्यालयमा गएर अनुगमन तथा यस पत्रिकाको औचित्यका बारेमा छलफल चलाउनुपर्ने देखिन्छ। तर यसको मतलब शिक्षकले पत्रिका किन्न नसक्ने भन्न चाहिं खोजेको होइन। तर कतिपय भ्रष्ट प्रअहरू यस पत्रिकाले उठाएका विषयलाई लिएर विद्यालयमा आफूमाथि प्रश्न नउठाउन् भन्ने चाहन्छन्। वास्तवमा शिक्षक पत्रिका दिनप्रतिदिन शिक्षकहरूको लागि लोकप्रिय, कमजोर र भ्रष्ट प्रअहरूका लागि दुश्मन बन्दै गएको छ।

अरविन्द्र महत, अभिभावक, काठमाडौं
maharabindra@yahoo.com

## सरकारले पढाइदेओस्

एउटा गरीबको बच्चाले विशिष्ट श्रेणीमा एसएलसी पास गर्छ। उसको रुचि डाक्टर पढ्ने हुन्छ। तर डाक्टर पढाउन अभिभावकले ढिटीक्राम्टो सबै बेचेर पनि सक्दैन। यस्तो अवस्थाका विद्यार्थीलाई तिनको स्तर हेरेर राज्यले 'फ्रि'मा पढाउने व्यवस्था हुनुपर्छ। बरु राज्यले त्यस्ता विद्यार्थीलाई गरेको लगानी पछि उनीहरूबाट असुल गर्ने व्यवस्था गरेमा राम्रो होला भन्ने मेरो विचार छ। जुनसुकै विषयमा दक्ष विद्यार्थीलाई सीपमूलक शिक्षा पढ्नको लागि राज्यले अवसर दिनुपर्छ। विद्यार्थीहरूले पनि राज्यको लगानी हेरी पछि फिर्ता गर्ने गरेमा हाम्रो देश दुई-तीन दशकमा नै अर्कै अवस्थामा हुन्थ्यो कि जस्तै लाग्दछ। राज्यले सैनिक, प्रहरीका छोराछोरीहरूलाई दिइआएको जस्तै सुविधा अब शिक्षकका छोराछोरीलाई पनि दिनुपर्ने आवश्यकता भएको छ। एउटा प्रावि शिक्षकको बच्चाले डाक्टर पढ्न खोज्छ तर उसले त्यो बच्चाको चाहना पूरा गर्न कुनै पनि अवस्थामा सक्दैन। सरकारले विशिष्ट श्रेणी ल्याएका शिक्षकका छोराछोरी पहिचान गरी उसले पढ्न खोजेको विषय पूरै पढाइदिने व्यवस्था गरेमा देशकै भविष्य राम्रो हुन्थ्यो।

वासुदेव चौहान
श्री सिद्धेश्वर प्रावि, फुलासी-५, रामेछाप

## पीसीएफको तलब चौमासिक होस्

पीसीएफ तलबी रकम आर्थिक वर्षको अन्त्य अर्थात् असार महीनामा मात्र प्राप्त हुने गर्दछ; त्यो पनि अपर्याप्त। सरकारी स्केलभन्दा झण्डै आधा पारिश्रमिकमा नियुक्त पीसीएफ शिक्षकहरूलाई साउनदेखि जेठ (११ महीनासम्म) या त भोकै काम गराउनुपर्छ या छात्रवृत्ति र विकास बजेटबाट तलब खुवाउनुपर्छ। कैयौं सामुदायिक विद्यालयको अवस्था यस्तै छ। पूरै पीसीएफका भरमा चलेका त्यस्ता विद्यालयहरूमा चौमासिक रूपमा रकम निकासाको व्यवस्था गरियोस् या दरबन्दी मिलान गरियोस्।

टेकबहादुर विश्वकर्मा
प्रअ, श्री जनशक्ति निमावि, कालिका-८, कञ्चनपुर

## लेखक/पत्र प्रेषक; ध्यान दिनुहोला !

- *शिक्षक* मा प्रकाशनका लागि पठाइने लेख-रचनाहरू सम्भव भएसम्म टाइप गरी इमेलबाट पठाउने प्रयास गर्नुहोला। टाइप गर्न सम्भव नहुनेले कागजको तल-माथि, दायाँ-बायाँ पर्याप्त मार्जिन छोडेर पानाको एकापट्टि मात्र लेखेर पठाउनुहोला। फोहोर र अस्पष्ट लेखाइका कारण कतिपय मूल्यवान रचनाहरू त्यसै खेर जान सक्ने भएकोले लेखकहरूलाई लेखाइको स्पष्टता र शुद्धतातर्फ विशेष ध्यान दिन आग्रह गरिएको हो।
- अन्य पत्रपत्रिकामा पठाइएका लेख-रचना *शिक्षक* मा नपठाउनुहोला। *शिक्षक* मा पठाइएका लेख-रचना पनि *शिक्षक* का सम्पादकलाई जानकारी नदिई अन्यत्र नपठाउनुहोला। सान्दर्भिकता पुरानो नहुने लेख-रचनाहरू कैयौं महीनापछि पनि *शिक्षक* मा प्रकाशित हुन सक्छन्।
- *शिक्षक* मासिक, विशिष्ट उद्देश्य बोकेको प्रकाशन भएकोले लेख-रचना पठाउँदा यसको प्रकृति र प्राथमिकतामा पनि ध्यान राख्नुहोला। अस्वीकृत रचनाहरू फिर्ता गर्न सम्भव नभएकोले त्यसको एकप्रति (आवश्यक ठानेमा) आफूसँग सुरक्षित राख्नुहोला। कुनै रचना छापिने/नछापिने कुराको जानकारी इमेलमार्फत लिन सकिनेछ। यस्तो जानकारीका लागि फोन प्रयोग नगर्नु राम्रो हुन्छ।
- 'प्रतिक्रिया र सुझाव' स्तम्भ अन्तर्गत छापिने चिठ्ठी, कविता, सुझाव र गुनासा, पुरस्कार दिने घोषणासहित आह्वान गरिएका लेख-रचना तथा 'जिज्ञासा र जवाफ' स्तम्भमा सोधिने प्रश्न बाहेक अन्य लेख-रचना र फोटोको निम्ति पारिश्रमिक दिइन्छ। पुरस्कारका रूपमा नि:शुल्क पत्रिका पाउनुहुने फुर्सद स्तम्भका विजेता बाहेक अन्य लेखकहरूले आफ्नो पारिश्रमिक/पुरस्कार *शिक्षक* को लेखा शाखामा सम्पर्क गरी लिनुपर्नेछ। *शिक्षक* को कार्यालयसम्म आउन पायक नपर्ने लेखक/पुरस्कार विजेताहरूको पारिश्रमिक/पुरस्कार रकम उनीहरूको बैंक खातामार्फत पनि भुक्तानी गर्न सकिनेछ। यसनिम्ति सम्बद्ध लेखकले आफ्नो परिचयको भरपर्दो आधार र खाता नं. *शिक्षक* को कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

– सम्पादक





# सरकारी स्कूल: विकल्प खोज्ने हैन, सुधार गर्ने

■ तिलक गौतम

**घरपायक शिक्षकको सट्टा ठूलो दायरामा शिक्षक सरुवाको व्यवस्था गरिनुपर्छ। निजामती, प्रहरी र सेनातर्फ पियन तथा श्रेणीविहीन कर्मचारीको समेत जिल्लान्तर सरुवा गर्न सकिन्छ भने शिक्षकहरूको नसकिने कुरै हुँदैन।**

हाल नेपालको विद्यालयीय शिक्षामा थुप्रै समस्या देखिएका छन्। राज्य संयन्त्र कमजोर भएको, मान्छेका आकांक्षा बढ्दै गइरहेका तथा न्यूनतम रूपमै भए पनि लगानीको मात्रा कमजोर भइदिंदा विद्यालयीय शिक्षाले अपेक्षित नतिजा दिनसकेको देखिंदैन। विद्यालयीय शिक्षामा हाल देखिएका प्रमुख समस्या यसप्रकार मान्न सकिन्छ:

- सामुदायिक विद्यालयहरूको सिकाइ उपलब्धि लक्ष्यको तुलनामा असाध्यै कमजोर हुनु
- विद्यालयहरूमा चरम राजनीति हुनु। राजनीतिक खिचातानीका कारण पठनपाठनमा नकारात्मक असर पर्नु
- शिक्षकहरूप्रति अपजस र अविश्वास बढ्नु
- निजी विद्यालयहरूको तुलनामा सामुदायिक विद्यालयहरू रक्षात्मक अवस्थामा पुग्नु
- जागिर खाने पेशाको रूपमा मात्र शिक्षणलाई लिइनु
- धेरैका लागि शिक्षण पेशा बाध्यात्मक अवस्थाको उपज र अन्तिम विकल्पको रूपमा रहनु
- शिक्षण पेशा नैतिक, आर्थिक, सामाजिक, मनोवैज्ञानिक आदि कुनै पनि दृष्टिकोणबाट आकर्षणको क्षेत्र बन्न नसक्नु
- जति गर्दा पनि विद्यालयहरूको भौतिक वातावरण कमजोर रहिरहनु
- छात्रवृत्तिलगायतका सुविधा पाउने फोरमका रूपमा मात्रै विकसित हुँदै जानु
- तालिम कार्यमूलक बन्न नसक्नु तथा तालिमको प्रभाव घट्नु
- वर्षभरिमा शिक्षण गर्ने शिक्षण घण्टा घट्दै जानु, कोर्स नसिद्धिनु
- परीक्षाहरू मर्यादाहीन बन्दै जानु, परीक्षाबाट विद्यार्थीहरूको वास्तविक मूल्यांकन हुन नसक्नु
- विद्यार्थीहरूमा सिकाइप्रतिको चासो र जाँगर घट्दै जानु, अराजकता बढ्दै जानु, आदि।

विद्यालयहरू भोलिको नेपालको नक्सा कोरिने ठाउँ हुन्। तसर्थ विद्यालयीय शिक्षामा हरहालतमा सुधार गरिनुपर्छ। वास्तवमा ८० देखि ८५ प्रतिशत नेपाली बालबालिकाहरूले पढ्ने यस्ता विद्यालयहरूको विकल्प खोजिनुहुँदैन। सुधारका लागि देहायका उपाय अवलम्वन गर्न सकिन्छ:

- विव्यस र शिअसं विद्यालयमा राजनीति भित्र्याउने वाहक बनेका छन्। यस्तो अवस्थामा वास्तविक व्यवस्थापन हुने गरी विव्यसको विद्यमान परिपाटीमा परिवर्तन गरिनुपर्छ। समुदायले विद्यालयलाई आयस्रोतको माध्यम बनाउने र सो अवस्था भएसम्म वास्तविक व्यवस्थापन नहुने भएकाले यसमा सुधार जरुरी छ।
- शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति पूर्ण रूपमा जिम्मेवार बनाउनुपर्छ। यसका लागि प्रत्येक शिक्षकले आफूले पढाएको कक्षा, तह, विषयमा विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण गरी प्रत्येक कक्षा, तह, विषयमा सिकाइ उपलब्धिको प्रोजेक्सन गरी सोको प्राप्तिका लागि कार्ययोजना बनाई काम गरेको सुनिश्चितता गर्नुपर्छ। हालको शिक्षण सुधार योजना: 'टिप' लाई यस प्रयोजनका लागि थप सुधारसहित प्रयोग गर्न सकिन्छ।
- शिक्षकहरूलाई स्रोत र सुविधासम्पन्न बनाई उच्च मनोबलका साथ काम गर्ने वातावरण बनाउनुपर्छ। नियमपूर्वक काम नगर्ने, पेशागत आचरणको बर्खिलाफ काम गर्ने तथा लापरवाही गर्ने शिक्षकलाई सजायको भागीदार बनाउनुपर्छ।
- नेपाली शिक्षकहरू अब जरुर बदलिनै पर्छ। तर बदलिउन् भनेर अपेक्षा गरेर मात्र हुँदैन। नबदलिनेलाई के गर्ने भन्ने बारेमा प्रष्ट व्यवस्था हुनुपर्छ। कारबाहीका जटिल लामा र पट्यारलाग्दा प्रक्रियालाई पनि सरल र सहज बनाइनुपर्छ।
- पानीको मुहान शुरूमै सफा गरिएन भने धारा र गाग्रीमा मात्रै सफा पानी खोजेर पाईंदैन। शिक्षकहरूको सेवा प्रवेशलाई कडाई गरिनुपर्छ। शिक्षणका लागि आत्मैदेखि तयार र त्यसैमा रमाउन सक्ने शिक्षकहरूलाई मात्रै शिक्षणमा प्रवेश गराउनुपर्छ।
- घरपायक शिक्षकको सट्टा फराकिलो दायरामा शिक्षक सरुवाको व्यवस्था गरिनुपर्छ। निजामती, प्रहरी र सेनातर्फ पियन तथा श्रेणीविहीन कर्मचारीको समेत जिल्लान्तर सरुवा गर्न सकिन्छ भने शिक्षकहरूको नसकिने कुरै हुँदैन।
- अस्थायी शिक्षक परिपाटीको पूर्णतया अन्त्य गरिनुपर्छ। अन्तिम एकपटकका लागि अस्थायीलाई स्थायी बन्ने अवसर प्रदान गरी यस्तो समस्या समाधान गर्न सकिन्छ। नातागोता र राजनीतिका भरमा नियुक्त हुने अस्थायी शिक्षकहरू शैक्षिक गुणस्तर कमजोर बनाउने कुरामा सबैभन्दा बढी जिम्मेवार छन्।
- गाउँगाउँमा खुलेका प्रवेशिका तथा दश जोड दुई परीक्षा केन्द्रहरूले परीक्षाको मर्यादालाई नराम्ररी पतल्याइदिए। यसले शैक्षिक गुणस्तरमा ठूलो प्रश्नचिह्न उठायो। तसर्थ परीक्षाहरूको उचित व्यवस्थापन गर्ने तथा परीक्षामा गलत कार्य गर्नेहरूप्रति शून्य सहनशीलतालाई कडाईका साथ कार्यान्वयन गर्नुपर्छ।
- जिशिअलाई छुट्टै स्वतन्त्र शिक्षा विकास कोषको व्यवस्था गरिनुपर्छ। जसलाई उसले आफ्नो मूल्याङ्कनका आधारमा 'रिवार्ड' सँग जोड्न सकोस्। ६०१ जना सभासद्लाई संसद् विकास कोषको नाममा बाँडेको कोषभन्दा यो बढी प्रभावकारी हुन सक्छ।

जे गरे पनि जसरी भए पनि शैक्षिक सुधार गर्नु जरुरी छ। आजको जमानामा विद्यालयीय शिक्षा कमजोर हुनु भनेको विश्व रङ्गमञ्चमा नेपालीहरू सधैं कमजोर भइरहनु हो।

विनि, जिशिका, रूकुम

# 'न पास न फेल': यस्तो पनि हुन्छ ?

■ मेघनाथ खनाल

"सर, मेरो मार्कसिटमा केही लेखेको छैन !"

"केही नलेखी कसरी मार्कसिट बन्यो त ? खै त हेरौं।"

"त्यै त सर, यसमा केही लेखेकै छैन।"

"ए, तिमी त फेलै भएकी रहेछौ नि, फेल हुने विद्यार्थीको मार्कसिटमा केही नलेख्नु भनेको छ त्यसैले केही नलेखेको। तिमीले अर्को वर्ष यही कक्षाको परीक्षा दिए हुन्छ। जति विषयमा फेल भएकी छौ त्यति नै विषयको परीक्षा अर्को वर्ष दिने है।"

यी वार्तालाप थिए कक्षा ८ की एक छात्रा र मेरा सहकर्मी बीचको। मलाई त्यतिबेला त केही पनि लागेन तर बेलुका जब त्यसमा सोच्न थालें तब मलाई दिउँसोको कुराले निन्द्रा लागेन। मैले पुरानो कुरा सम्झें, जुन आफैंले भोगेको थिएँ। २०२५/२६ सालतिर २/३ कक्षामा पढ्दा हो; म पनि न पास न फेल भएको थिएँ। त्यसलाई त्यसबेला 'विचाराधीन' भनिन्थ्यो। त्यसमा 'तपाईंका नानीको यस्तो अवस्था छ, के गर्ने ?' भनी अभिभावकसँग सल्लाह गरी फेल भएका विषयको पुन: परीक्षा लिएर कक्षा चढाउने व्यवस्था हुँदोरहेछ।

हुन त सरकारले गरेको यस्तो नीति-निर्णय ठीकै नै होला; तर मेरो मनमा चिन्ता भइरह्यो। कक्षा ८ को लब्धाङ्क पत्रमा न कुनै घेरा न कुनै चिह्न दिन पाइने भयो न फेल नै लेख्न पाइने भयो। अन्य कक्षामा पनि कसैले त रातो घेरा; नलगाई एसएलसीको जस्तो चिह्न दिने पनि गरेका छन्। तर कुनै पनि चिह्न घेरा नदिंदा सामान्य पढालेखा अभिभावकले कसरी बुझ्ने त ?

हालै बनाएको कक्षा ८ को यो नीतिले, त्यस्ता विद्यार्थीले पास गर्न नसकेका विषय अर्को वर्ष दिंदा हुने भन्छ। विद्यालय गएर पढे पनि हुने नपढे पनि हुने। विद्यालय नगएपछि कुनै तालिमकेन्द्रमा गएर आयमूलक सीप सिकेर घरमै व्यवसाय पनि सञ्चालन गर्दै

# विद्यार्थीलाई छोराछोरी सम्झौं

■ मधु राई

**सामुदायिक विद्यालयका बहुसंख्यक शिक्षकले सर्वसाधारणका छोराछोरीलाई एसएलसीसम्म उत्तीर्ण गराउन सक्ने नबनाए पनि आफ्ना छोराछोरीलाई भने चिकित्सक र इञ्जिनियरलगायत उच्च शिक्षा हासिल गर्न देश-विदेश पठाएका छन्।**

"आज सिकाइदिएका पाँच सीप– सहकार्य गर्ने, सञ्चार र संवाद गर्ने, समस्या सुल्झाउने, प्रश्न गर्ने र स्वाध्यायन गर्ने सीप- विद्यार्थीलाई जीवनभर उपयोगी सावित हुन्छन्।"

क्यालिफोर्नियाको सान गाब्रियल युनिफाइड स्कूल डिस्ट्रिक्टकी माध्यमिक शिक्षक हिदर वलपर्ट गावरोनले आफ्नो पुस्तक 'ट्वीन क्रयायोन्स् एन्ड कर्फ्यूज: टिप्स फर मिडल स्कूल टिचर' मा उल्लेख गरेको उपर्युक्त वाक्यांश *शिक्षक* मासिकको २०६८ मंसीरको अङ्कबाट उद्धृत गरिएको हो। तर आज साँच्चै नै हरेक शिक्षकले छातीमा हात राखेर भन्नुपर्ने अवस्था आएको छ; के हामीले हाम्रा विद्यार्थीलाई छोराछोरी सम्झेर माथि उल्लिखित सीप सिकाउने प्रयास गर्‍यौं त ?

नेपाली शिक्षाको ६० वर्षे इतिहासको सिंहावलोकन गर्ने हो भने यसले समाजको भन्दा व्यक्तिविशेषको अर्थात् शिक्षकहरूको जीवनस्तर उकासेको छ। सामुदायिक विद्यालयका बहुसंख्यक शिक्षकले सर्वसाधारणका छोराछोरीलाई एसएलसीसम्म उत्तीर्ण गराउन सक्ने नबनाए पनि आफ्ना छोराछोरीलाई भने चिकित्सक र इञ्जिनियरलगायत उच्च शिक्षा हासिल गर्न देश-विदेश पठाएका छन्। यस्ता शिक्षकहरूमध्ये कतिपयले आफ्नो सेवानिवृत्त जीवन विदेशमै बिताइरहेका छन् र कतिपयका लागि विदेश पानीको पधेंरो भएको छ। र; अर्कातिर निजी विद्यालय सञ्चालकहरूको आर्थिक हैसियत चुलिएको छ। हिजोका निजी विद्यालयका शिक्षकहरू नै पछिल्लो समयमा स्कूल सञ्चालक बनेका छन् र उनीहरूको आर्थिक हैसियत पनि उस्तै छ।

यति हुँदाहुँदै पनि शिक्षक गावरोनले भने जस्तै विद्यार्थीलाई चाहिने उपर्युक्त सीप सिकाउन भने निजी शिक्षा समेत चुकेको देखिन्छ। हाम्रो देशको निजी शिक्षाले आफ्नै देशमा अवसर खोज्नेभन्दा पनि विकसित मुलुकलाई चाहिने जनशक्ति तयार गर्दै आएको छ। ६० वर्षे अनुत्पादक शिक्षाले हरेक क्षेत्रमा विसङ्गति र विकृति बढाएको छ। हाम्रो राजनीतिमा त शिक्षक पृष्ठभूमि हुनेहरूकै हालीमुहाली छ। यिनीहरूमध्ये अधिकांशले सत्ताको

गर्ने र परीक्षा पनि दिँदै गर्ने। यसो भएमा पढाइ पनि नछुट्ने र व्यवसायबाट आम्दानी पनि हुने।

म एउटा शिक्षक हुँ। मैले सरकारी नीतिको विरोध गरेको होइन। तर पनि मलाई मुख्य दुई वटा कुराले चिन्ता लागेको छ। पहिलो कुरा; हाम्रो देशमा त्यस्ता तालिमकेन्द्र जतातातै कहाँ छन्? शहर बजारमा त केही होलान् तर गाउँघरतिर कुनै तालिमकेन्द्र नै छैनन्। अनि ती गाउँघरका विद्यार्थी के शहर आएर तालिम लिन सक्लान् त? के सबै अभिभावकको त्यो पहुँचभित्र छ? अनि कुनै तालिमकेन्द्रले कक्षा ८ पास गरेकै प्रमाण खोज्छन्। कि सरकारले छिट्टै नै त्यस्ता विद्यार्थीका लागि तालिमकेन्द्रको व्यवस्था गर्दैछ?

अर्को कुरा; कक्षा ८ पढ्ने विद्यार्थीको उमेर १३/१४ वर्षको हुन्छ। यो उमेर किशोरावस्थाको सुरुआत अवस्था हो। यस अवस्थाका विद्यार्थी जो विद्यालय पनि जानु नपर्ने अर्थात् नजाने अनि तालिममा पनि अवसर नपाउने भएपछि के गर्लान् त? उनीहरू अब कस्ता काममा सरिक होलान्? शिक्षाविद्, शिक्षक, अभिभावकले एकचित्त भएर सोचौं। मलाई लाग्छ ती विद्यार्थी कि त दुर्व्यसनमा लाग्छन् कि त बहकिएर दुराचार (चोरी, डकैती) मा लाग्छन् कि त घर छोडेर बेपत्ता हुन्छन्। मनोवैज्ञानिकहरूको भनाइ किशोरावस्थाको यो जटिल अवस्थाबाट पार गर्न असल शिक्षक, असल शिक्षा, असल अभिभावक, असल सङ्गत सबै आवश्यक हुन्छ भन्ने हो। ती विद्यार्थी यी असल शिक्षा, शिक्षक र सङ्गतबाट टाढा रहने हुँदा उनीहरूको भविष्य मैले अन्दाज गर्नु पर्दा अन्धकार देखेको छ।

**हुन त सरकारले गरेको यस्तो नीति–निर्णय ठीकै नै होला; तर मेरो मनमा चिन्ता भइरह्यो। कक्षा ८ को लब्धाङ्क पत्रमा न कुनै घेरा न कुनै चिह्न दिन पाइने भयो न फेल नै लेख्न पाइने भयो। तर कुनै पनि चिह्न घेरा नदिंदा सामान्य पढालेखा अभिभावकले कसरी बुझ्ने त ?**

यदि सरकारको नीति साँच्चै उदार रहेको हो भने मेरो विचारमा त्यस्ता विद्यार्थीको नतिजा प्रकाशन भएको केही दिनभित्रै शिक्षा कार्यालयमार्फत तत्कालै कुनै तालिमकेन्द्रमा सहभागी गराइदिने, पायक पर्ने गरी तालिमकेन्द्रको व्यवस्था गरिदिने, स्रोतकेन्द्रमै तालिमको व्यवस्था गरिदिने, अर्को वर्ष परीक्षा दिनका लागि नि:शुल्क कोचिङ्गको व्यवस्था गरिदिने अथवा एसएलसीको पूरक परीक्षा जस्तै एक महीनाभित्रै पुन: परीक्षाको व्यवस्था गरिदिनु जाती हुन्छ। यदि यसरी छिट्टै परीक्षा लिन सकिंदैन वा मिल्दैन भने मेरो विचारमा मार्कसिटमा पहिलेको जस्तै 'विचाराधीन' लेख्ने गरे कसो होला? जसले गर्दा सर्वसाधारणले पनि बुझ्ने थिए। यसरी न फेल न पास राख्दा बाल मस्तिष्कमा प्रभाव पर्दैन र?

श्री जनकल्याण उमावि, धनगढी-११, जुगेडा, कैलाली

स्वादसमेत चाखिसकेका छन्।

शिक्षालाई विकासको मेरुदण्ड भनिन्छ। समयसापेक्ष दिइने सही शिक्षाले विकासप्रेमी जनशक्ति तयार पनि पार्छ। तर, अफसोस शिक्षाको खेती गर्ने अर्थात् बहुसंख्यक शिक्षक न आफू विकासप्रेमी हुनसके न त आफ्ना विद्यार्थीलाई जीवनोपयोगी सीप सिकाउन सके। शिक्षण आफैंमा सेवाप्रदायक पेशा हो। तथापि आफूले दिएको सेवाबाट आफ्ना विद्यार्थी र अभिभावक कत्तिको सन्तुष्ट छन् भनेर स्वमूल्याङ्कन गर्ने समर्पित र सृजनशील शिक्षक भने थोरै छन्। शिक्षण पेशामै समर्पित शिक्षकलाई सामाजिक चिन्तक पनि भनिन्छ। तर नेपाली शिक्षाले सामाजिक चिन्तक हैन आफूचिन्ते प्रवृत्तिलाई मलजल पुर्‍याउँदै आएको छ।

पछिल्लो समयमा पेशाप्रति समर्पित बहुसंख्यक शिक्षकहरूको मनोबल गिर्दो छ। यसले पनि नेपाली शिक्षाको गुणस्तर खस्काउनमा योगदान गरेको छ। तर यसो हुनुमा शिक्षक स्वयं पनि जिम्मेवार छन्। किनभने बहुसंख्यक सामुदायिक शिक्षकहरू योग्य र तालिमप्राप्त हुँदाहुँदै पनि तिनले आफूले पाएको ज्ञान र सीपलाई कक्षाकोठामा पुर्‍याइरहेका छैनन्। त्यसैको परिणाम भन्नुपर्छ, आज सामुदायिक शिक्षाले वितृष्णा पैदा गरेको छ।

त्यस्तै, निजी विद्यालयमा पनि समयसापेक्ष र गुणस्तरीयभन्दा घोकन्ते र लब्धाङ्कको जोडघटाउलाई नै बढी महत्त्व दिइँदै आएको छ। यसले पलायनवादी शिक्षालाई मलजल गर्दै आएको छ। यस्तै अंग्रेजीमाध्यमको शिक्षाले देशमै अवसर खोज्नेभन्दा पनि अवसर नै नदेख्ने जनशक्ति उत्पादन गर्दै आएको छ। समग्रमा भन्नु पर्दा नेपाली शिक्षाको खेती गर्ने किसान अर्थात् शिक्षकको जागिरे मनोवृत्तिका कारण पनि आज कलिला विद्यार्थीहरू आत्मनिर्भर हैन; परनिर्भर बन्दै गएका छन्।

'तिमी उच्चशिक्षा हासिल गर्न कुन देश जाने?' भनेर विद्यार्थीलाई हौस्याउने शिक्षक हामी हरेक निजी विद्यालयमा भेट्छौं। हुन पनि हुनेखाने अभिभावकको पहिलो रोजाइ विदेशी शिक्षा नै भएको छ। तर हाम्रो राज्यको प्राथमिकतामा भने शिक्षा कहिल्यै परेन। शिक्षण पेशामै आफूलाई समर्पित गर्ने बहुसंख्यक शिक्षकहरू पनि आफूलाई कसरी सृजनशील र सीपयुक्त बनाउने भन्दा पनि आफ्नो पेशालाई कसरी बचाइराख्ने भन्ने कुरामा बढी केन्द्रित देखिन्छन्।

स्कूले जीवनमा विद्यार्थीको आदर्श व्यक्ति भनेको शिक्षक नै हो। यद्यपि वर्तमान समयमा आदर्शवान शिक्षकको खडेरी नै परेको देखिन्छ। यस्तै आदर्शवान, सृजनशील र शिक्षाप्रति समर्पित शिक्षकले आफ्ना विद्यार्थीलाई पनि आफू जस्तै बनाउन चाहन्छ भने यस्तै विद्यार्थीले देशको समग्र विकासमा होस्टेमा हैंसेको भूमिका निर्वाह गर्छ। अनुत्पादक शिक्षाले पलायनवादी शिक्षालाई मलजल गर्छ जुन नेपाली शिक्षाले गर्दै आएको छ। यस्तो शिक्षित बेरोजगार जनशक्ति उत्पादन गर्न हामी शिक्षकहरू नै लागिपरेका छौं। केही समययता सरकारले सामुदायिक शिक्षाको गुणस्तर उकास्न विभिन्न सुधारात्मक कार्यक्रम अघि सारेको छ। यद्यपि सामुदायिक मात्र हैन निजी विद्यालयले दिने गरेको शिक्षालाई समयसापेक्ष, उत्पादनमूलक र स्वदेशमै रोजगारी र अवसर खोज्न सक्ने बनाउन सर्वप्रथम शिक्षाविद्‌हरूले सरकारलाई झकझक्याउनु जरुरी छ र समग्र शिक्षकहरू चाहे ती सामुदायिक हुन् वा निजी, तिनले विद्यार्थीलाई आफ्नै छोराछोरी सम्झी शिक्षा सँगसँगै जीवनोपयोगी सीप सिकाउन जरुरी छ।

शिक्षक, सरिता इन्द्र पूर्व प्राथमिक विद्यालय, विराटनगर-१५

टिप्पणी



जीतबहादुर शाह

# पीसीएफ अनुदान र निम्तिइँदै गरेको बर्बादी




**पीसीएफ अनुदानले केही शिक्षित बेरोजगारलाई स्कूल खोल्न अनावश्यक ढंगले हौस्याएको छ। त्यत्तिकै बस्नुभन्दा पीसीएफबाट चलाउने गरी विद्यालय स्थापना गर्ने होडबाजी नै चलेको छ। यसले विद्यालय बालबालिकाको लागि स्थापना गरिन्छ वा बेरोजगारका लागि ? यकिन गर्न कठिन भएको छ।**

### पीसीएफको अवधारणा

नेपाल सरकारले विद्यालय क्षेत्र सुधार कार्यक्रमसँगै पीसीएफ अनुदानको अवधारणा कार्यान्वयनमा ल्याएको छ। पीसीएफलाई 'पर चाइल्ड फण्ड' या 'पर क्यापिटा फण्ड' भनेर बुझ्ने गरिन्छ। बुझाइ जे-जस्तो भए पनि शिक्षकको अनुपातमा विद्यार्थीको सङ्ख्या बढी भएमा बढी भएका विद्यार्थीका निम्ति थप शिक्षकको व्यवस्था गर्न प्रदान गरिने अनुदान नै पीसीएफ तलब अनुदान हो। यस अन्तर्गत कुनै विद्यालयमा नियमले तोकेको शिक्षक विद्यार्थीको अनुपात बढी भएमा जति विद्यार्थी बढी हुन्छन् त्यही अनुपातमा बढी हुन गएका प्रति विद्यार्थीका दरले हुन आउने रकम अनुदान स्वरुप प्रदान गरिन्छ।

एउटा शिक्षकको निम्ति हिमाल, पहाड र तराईमा क्रमशः ४०, ४५ र ५० जना विद्यार्थी सङ्ख्या भनी प्रचलित ऐन-नियमले तोकेको छ। पीसीएफ अनुदान प्राप्त गर्नका लागि हिमाल, पहाड र तराईमा विद्यार्थी संख्या कम्तीमा पनि क्रमशः २०, २३ र २५ भन्दा बढी हुनुपर्दछ। उदाहरण दिएर भन्नुपर्दा हिमाली क्षेत्रको कुनै प्राथमिक विद्यालयमा १०० जना विद्यार्थी र २ जना शिक्षक छन् भने दुई जना शिक्षकका लागि ८० जना विद्यार्थी ठिक्क भयो। बाँकी २० जनाको निम्ति पीसीएफ तलब अनुदान पाइँदैन; किनभने त्यो आधा बढी त भयो तर आधाभन्दा बढी भएन। पीसीएफ अनुदान प्राप्त गर्नका लागि उक्त विद्यालयमा २१ वा सोभन्दा बढी थप विद्यार्थी हुनुपर्दछ। यदि २१ जना बढी भएमा २१ जनाको प्रति व्यक्तिका दरले हुन आउने जम्मा रकम विद्यालयले प्राप्त गर्ने गर्दछ।

तोकिएको अनुपातभन्दा बढी भएका प्रति विद्यार्थी बापत कतिका दरले रकम उपलब्ध हुने भन्ने कुराको आधार अहिलेसम्म निश्चित हुनसकेको छैन। जिल्लाको उक्त शीर्षकमा आउने रकमलाई बढी भएको विद्यार्थीले भाग गर्दा प्रति विद्यार्थीको भागमा जति रकम पर्छ त्यही रकम जिल्लाभरिका विद्यालयलाई उपलब्ध हुने गर्दछ। प्रति विद्यार्थी प्राप्त हुने अनुदानमा एकरुपता हुनुपर्ने नीतिगत व्यवस्था भए तापनि प्राप्त हुने रकममा अर्थ मन्त्रालयदेखि शिक्षा विभागहुँदै जिल्ला शिक्षा कार्यालयसम्म पुग्दा विविध कारणले फरक पर्ने गरेकोले विद्यालयहरूले पनि फरक-फरक दरले प्राप्त गर्ने गरेका छन्।

### पीसीएफले खडा गरेका चुनौती

विद्यार्थी सङ्ख्याको तुलनामा शिक्षक दरबन्दी कम भएका जिल्ला र विद्यालयहरूमा पीसीएफ तलब अनुदानले अवश्य पनि केही राहत प्रदान गरेको छ। तर; सँगसँगै यो अनुदानले केही गम्भीर प्रकृतिका चुनौती पनि सिर्जना गरेको छ। केही चुनौती यस्ता छन्:

१. नयाँ स्थापना भएका विद्यालयहरूमा पीसीएफ अनुदानबाट तलब खाने शिक्षकहरू कार्यरत छन्। त्यस्ता विद्यालयमा दरबन्दी मिलानको क्रममा दरबन्दीसहित शिक्षक पठाउँदा विद्यालय परिवार खुशी हुनुपर्ने हो; तर त्यसो हुन सकिरहेको छैन। दरबन्दीसहित शिक्षक हाजिर हुन जाँदा पीसीएफ अनुदान रोकिने भएकोले पीसीएफ शिक्षकहरूले जागिरबाट हात धुनुपर्दछ भन्ने बुझाइ त्यस्ता विद्यालयको छ।
२. कक्षा १-८ सञ्चालन भएका विद्यालयलाई आधारभूत तह भनेर संयुक्त हिसाब गरी पीसीएफ तलब अनुदान प्रदान गर्ने प्रावधान छ। यसरी प्राथमिक तह र निमावि तहका शिक्षक र विद्यार्थीहरूको सँगै हिसाब गरेर अनुदान दिंदा प्राथमिक तहका शिक्षकहरूको दरबन्दी बढी र निमावि तहको शिक्षक दरबन्दी हुँदै नभएको वा भए पनि कम भएको विद्यालयलाई प्रतिकूल असर पारेको छ। हिसाब गर्दा प्राथमिक तहकालाई निमावि तहमा समेत सँगै राखेर हिसाब गरिने तर प्राथमिक तहका शिक्षकले निमावि तहमा अध्यापन नगर्ने स्थितिले त्यस्ता विद्यालयहरूमा निमावि तहको शिक्षणसिकाइ अप्ठ्यारोमा परेको हो।
३. पीसीएफ अनुदानले केही शिक्षित बेरोजगारहरूलाई विद्यालय स्थापना गर्ने कार्यमा अनावश्यक ढंगले हौस्याएको छ।




**हालको 'दरबन्दी मिलान' भने पनि 'शिक्षक मिलान' जस्तो देखिने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एउटै विद्यालयमा एउटा शिक्षक लगातार पाँच वर्षभन्दा बढी बस्न नपाउने गरिनुपर्छ।**

त्यत्तिकै बेरोजगार बस्नुभन्दा पीसीएफ अनुदानबाट चलाउने गरी विद्यालयहरू स्थापना गर्ने तथा पुराना विद्यालयहरूको कक्षोन्नति गर्ने होडबाजी चलेको छ। यसले गर्दा विद्यालय बालबालिकाको लागि स्थापना गरिन्छ वा शैक्षिक बेरोजगारका लागि यकिन गर्न कठिन भएको छ।

## सम्भाव्य विकल्प

माथिका चुनौतीको सामना गर्नका लागि सम्भाव्य विकल्प देहायबमोजिम हुनसक्छन्:

- विद्यालयको सञ्चालन दरबन्दीमा कार्यरत शिक्षकबाट गर्ने कि पीसीएफ तलब अनुदानबाट भन्ने सम्बन्धमा सञ्चालकहरूलाई पहिले नै रोज्न लगाउनु पर्दछ। यदि कसैले पीसीएफ तलब अनुदानबाट मात्र विद्यालय सञ्चालन गर्न चाहन्छ भने त्यस्ता विद्यालयलाई शिक्षक दरबन्दी नपाउने शर्तमा सञ्चालन अनुमति दिनुपर्दछ। सामुदायिक विद्यालयलाई 'दरबन्दीमा कार्यरत शिक्षकबाट सञ्चालित' र 'पीसीएफ तलब अनुदानबाट सञ्चालित' गरी दुई समूहमा विभाजन गर्नुपर्दछ। दरबन्दीका शिक्षक र पीसीएफ तलबबाट काम गर्ने शिक्षकहरू सँगै काम गर्ने स्थिति हुनुहुँदैन।
- शिक्षकहरूको दरबन्दी मिलान गर्दा पीसीएफ तलब अनुदानबाट सञ्चालन गर्ने शर्तमा अनुमति प्राप्त गरेका विद्यालयबाहेक अन्यको हिसाब गरी मिलान गर्नुपर्दछ। यसरी मिलान गर्दा विद्यमान दरबन्दी नै पर्याप्त हुने सम्भावना पनि रहन्छ। दोस्रो कुरा; दुनियाँभरको अस्वस्थ वातावरणको सिर्जना गरेर पीसीएफ अनुदानबाट तलब खाइरहेका शिक्षकलाई आफ्नै विद्यालयमा कुनै कारणले रिक्त हुने दरबन्दीमा नियुक्त गर्ने होडबाजी पनि ह्वात्तै घटेर जान्छ। तेस्रो कुरा; पीसीएफ अनुदानबाट सञ्चालित विद्यालयका शिक्षकहरू आफ्नो सेवा सुरक्षाका निम्ति पनि बाध्य भएर विद्यार्थी सङ्ख्या वृद्धि गर्न र शिक्षणसिकाइलाई प्रभावकारी बनाउन प्रयत्नशील हुन्छन्।
- प्राथमिक र निम्नमाध्यमिक तहलाई आधारभूत तहमा बदल्ने क्रममा शिक्षकहरूलाई पनि एउटै तहमा समायोजन गरिनुपर्दछ। आधारभूत तहमा कार्यरत शिक्षकलाई कक्षा १-३ सञ्चालन भएको वा कक्षा १-५ सञ्चालन भएको वा कक्षा १-८ सञ्चालन भएको विद्यालयमा पढाउने भन्ने सम्बन्धमा रोज्न दिनुपर्दछ। यदि आधारभूत तहको कुनै शिक्षकले कक्षा १-८ सञ्चालन भएको विद्यालयमा काम गर्न चाहन्छ भने उसले कक्षा १-८ मध्ये जुनसुकै कक्षामा पनि आफ्नो विषय अध्यापन गर्न सक्नुपर्दछ।
- हालको 'दरबन्दी मिलान' भने पनि 'शिक्षक मिलान' जस्तो देखिने शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि एउटै विद्यालयमा एउटा शिक्षक लगातार पाँच वर्षभन्दा बढी बस्न नपाउने गरी कानूनी प्रावधान बनाउनुपर्दछ। यसबाट कोही शिक्षक सधैं पायकमा र कोही शिक्षक सधैं अपायकमा रहने स्थितिको अन्त्य हुन्छ। यसो गर्दा विभिन्न विद्यालयमा फरकफरक परिवेशमा रहेर शिक्षणसिकाइमा लाग्नुपर्ने अवस्थाले शिक्षकको पेशागत विकासमा समेत सहयोग पुग्छ।
- केही वर्ष नयाँ अनुमति रोकेर विद्यालयहरूको नक्साङ्कन कार्य गरिनु जरुरी छ। अब नक्साङ्कन प्रतिवेदनका आधारमा मात्र नयाँ विद्यालय स्थापना गरिनुपर्दछ। आवश्यक नभएका ठाउँमा रहेका विद्यालयहरूलाई आवश्यक भएका ठाउँमा सार्न सक्नुपर्दछ। जिल्ला शिक्षा कार्यालयलाई नक्साङ्कनको आधारमा विद्यालयको अनुमति देऊ भनेर निर्देशन दिँदैमा त्यो काम पूरा हुँदैन। धेरै जिशिकाहरूसँग विद्यालय नक्साङ्कनको भरपर्दो प्रतिवेदन नै नभएको अवस्थामा कसरी सम्भव हुन्छ निर्देशनको पालना?

यता आएर बालबालिकाका निम्ति भन्दा पनि शिक्षकहरूको निम्ति विद्यालय स्थापना गर्ने क्रम बढ्दो छ। यस्ता विद्यालयले विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्ने आशै गर्न सकिँदैन। अझ कतिपय विद्यालयहरू शिक्षकको जागिरको बहालीका लागि मात्र उद्यत देखिन्छन्। समयमै विचार गरिएन भने बालबालिकाको शैक्षिक अभिवृद्धिका लागि प्रयत्न गर्ने सामुदायिक विद्यालयहरू दिउँसै लाल्टिन बालेर खोज्नुपर्ने स्थिति पनि आउन सक्छ। त्यसैले कुनै थप व्ययभार नपर्ने गरी शिक्षामा भएका अनगिन्ती चुनौतीहरूमध्ये माथि देखिएका चुनौतीहरूलाई माथि उल्लेख गरेकै सम्भाव्य विकल्पहरूको सम्बन्धित निकायबाट कार्यान्वयन हुने हो भने शिक्षामा केही सुधारका लक्षणहरू देखा पर्न सक्छन्। अन्यथा केही गरौं भन्ने दृढ इच्छाको अभावमा बिग्रिएको हाम्रो शिक्षा कति रसातलतिर भासिँदै जाने हो, भन्न सकिन्न।

*(लेखक दाङका जिल्ला शिक्षा अधिकारी हुन्)*
jbshah45@yahoo.com

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

विश्लेषण



खिमराज सुवेदी

# कक्षा शिक्षणमा उच्च तहको चिन्तन

**जब उच्च तहको चिन्तनको विकास विद्यार्थीमा हुन थाल्छ तब उनीहरूको चिन्तनमा नयाँ–नयाँ कुरा खोजी गर्ने, जान्ने, परीक्षण गर्ने, प्रमाण खोज्ने, लेखाजोखा गर्ने, तुलना र वर्गीकरण गर्ने, एकीकरण गर्ने जस्ता गुणहरू क्रमशः देखिन थाल्छन्, फलस्वरुप अर्थपूर्ण सिकाइको सुरुआत हुन थाल्छ ।**

हामीकहाँ विद्यार्थीको सिकाइ र उसको कार्यदक्षता उसले परीक्षामा प्राप्त गरेको उपलब्धिका आधारमा जाँचिन्छ । सबैभन्दा बढी अङ्क प्राप्त गर्नेलाई जान्ने र कम अङ्क प्राप्त गर्नेलाई नजान्ने विद्यार्थीको रूपमा व्याख्या गरिन्छ। तर अङ्क प्राप्त गर्न विद्यार्थीले केवल घोक्यो वा सम्बन्धित विषयवस्तु बुझ्यो भन्ने कुरालाई ध्यान दिईदैन। समकालीन विश्वमा भने विद्यार्थीको सिकाइ सँगसँगै उसमा विकास हुने उच्च तहको चिन्तन (Higher order thinking) र सिकेका कुराहरूको व्यावहारिक प्रयोगलाई विशेष महत्त्व दिइन्छ। नेपालमै पनि पछिल्ला केही दस्तावेजहरूले चिन्तन सीप विकासमा ध्यान दिएको पाइन्छ । जस्तो; राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) ले जीवनोपयोगी सीपको रूपमा पाठ्यक्रमले चिन्तन सीप विकासमा जोड दिनुपर्ने कुरा उल्लेख गरेको छ । तर अझसम्मै पनि नेपालमा विद्यार्थीको चिन्तन क्षमता विकासका क्रियाकलाप नगरिएको कुरा सन् २०१० मा *सामाजिक संवादका लागि सहकार्य (ए.एस.डी.)* नामक संस्थाले गरेको एक अध्ययनले देखाएको छ ।

### उच्च तहको चिन्तन

चिन्तन एउटा संज्ञानात्मक प्रक्रिया (Cognitive process) हो, जसमा मस्तिष्कले बाह्य वातावरणबाट सूचना प्राप्त गर्ने र त्यसलाई प्रशोधन गरी अर्थपूर्ण बनाउने कार्य गर्दछ। त्यसैले चिन्तनको प्रक्रियामा स्मरण, प्रश्न, धारणा निर्माण, योजना, कल्पना, समस्या समाधान, निर्णय, लेखाजोखा जस्ता प्रक्रियाहरू पर्दछन् । यस्ता क्रिया वा प्रक्रियाहरूलाई चिन्तन सीप (Thinking skill) पनि भनिन्छ । चिन्तनको वर्गीकरण अनुसार यसलाई उच्च तहको चिन्तन (Higher order thinking) र निम्न तहको चिन्तन (Lower order thinking) को रूपमा व्याख्या गरिन्छ । विश्लेषण, मूल्याङ्कन र सृजनाका सीपहरूलाई उच्च तहको चिन्तनको रूपमा हेरिन्छ। यस्ता चिन्तनहरूको मुख्य ध्येय नयाँ ज्ञानको सिर्जना गर्नु हुन्छ। तथ्य, सूचना, सिद्धान्त आदिको जानकारीमा जोड दिने चिन्तन निम्न तहको चिन्तन हो। उच्च तहको चिन्तनलाई पनि विभिन्न विद्वान्‌हरूले आ-आफ्नै रूपमा परिभाषित गरेका छन् । सन् १९८७ को *"एजुकेसन एण्ड लर्निङ टु थिङ्क"* प्रतिवेदनले मानिस पहिले नै परिचित नभएको परिस्थितिलाई राम्ररी सामना (Handling) गर्ने सीपलाई नै उच्च तहको चिन्तन मानेको छ। यस्तै सन् १९९९ मा किङ्ग गोडसन र रोहनीले उच्च तहको चिन्तन सीपमा गरेको एउटा अध्ययनले 'विश्लेषणात्मक, तार्किक, प्रतिविम्बात्मक, उच्च संज्ञानात्मक (Meta cognitive) र सृजनात्मक चिन्तन नै उच्च तहको चिन्तन हो' भनेको छ। यसरी नै बुकहर्ट (२०१०) ले *"हाउ टु एसेस हायर अर्डर थिङ्किङ स्किलसमा"* उच्च तहको चिन्तनलाई स्थानान्तरण, समालोचनात्मक चिन्तन र समस्या समाधान गर्ने सीपको रूपमा व्याख्या गरेका छन्। कतिपय विद्वान्‌ले उच्च तहको चिन्तनलाई संज्ञानात्मक मनोविज्ञानसँग सम्बन्धित गराइ समालोचनात्मक चिन्तन (Critical thinking) को रूपमा समेत व्याख्या गरेका छन् (एलिस्टर, २००९)।

माथि उल्लिखित उच्च तहको चिन्तनसम्बन्धी दृष्टिकोण हेर्दा, यो केवल सूचना लिने, सम्झने र घोक्ने प्रक्रिया मात्रै नभई हरेक कक्षाकोठामा सक्रिय सिकाइ वातावरणको निर्माण गरी विद्यार्थीलाई नै सूचनाको प्राप्ति र विश्लेषण गर्न लगाई नयाँ ज्ञानको निर्माणतर्फ प्रेरित गर्ने प्रक्रिया चाहिं हो। विद्यार्थीलाई अरूले रटाएको ज्ञान भन्दा ऊ आफैंले र आफ्नै प्रयत्नमा प्राप्त गरेको ज्ञानप्रति बढी सन्तुष्टि हुन्छ। जब उच्च तहको चिन्तनको विकास विद्यार्थीमा हुन थाल्छ तब उनीहरूको चिन्तनमा नयाँ-नयाँ कुरा खोजी गर्ने, जान्ने, परीक्षण गर्ने, प्रमाण खोज्ने, लेखाजोखा गर्ने, तुलना र वर्गीकरण गर्ने, एकीकरण गर्ने जस्ता गुणहरू क्रमशः देखिन थाल्छन्, फलस्वरुप अर्थपूर्ण सिकाइको सुरुआत हुन थाल्छ ।

### कक्षा शिक्षणमा उच्च तहको चिन्तन किन ?

हामीकहाँ एसएलसीको नतिजा प्रकाशित हुनासाथ राम्रा र नराम्रा विद्यालय, सिकाइको स्तर र विद्यार्थीको क्षमता जस्ता कुराहरूमा चर्चा, परिचर्चा शुरू हुन्छ भने परीक्षा परिणाम विद्यालयको विज्ञापनको माध्यम बन्दछ । तर समकालीन विश्वका आधुनिक मान्यता र मापनीहरूले केवल परीक्षामा राम्रो उपलब्धि ल्याउनुलाई मात्रै शिक्षाको गुणस्तर मान्दैनन्; बरु विद्यार्थीमा के-कस्ता कार्यदक्षता एवं सीपको विकास भयो र उनीहरूले आफूले प्राप्त गरेको ज्ञान एवं सीपलाई दैनिक जीवनका समस्या समाधानमा कत्तिको प्रयोग गर्न सक्छन् भनी हेरिन्छ। यसको निम्ति विद्यार्थीमा उच्च तहको चिन्तन आवश्यक पर्छ।

आज नेपालको निम्ति आफ्नै टाउको र शरीर भएका विद्यार्थी आवश्यक छन्। परीक्षामुखी पढाइ र घोक्ने परिपाटीले टाउको अरूकै



**हामीकहाँ विद्यार्थी मूल्याङ्कनको निम्ति *पेपर, पेन्सिल टेस्ट* को मात्रै प्रयोग गरिँदै आएको छ। पृष्ठपोषण प्रदान गर्ने व्यवस्थित चलन छैन। त्यसैले सर्वप्रथम त विद्यार्थीको लेखाजोखाको निम्ति भरपर्दो मापदण्ड विकास गर्नु आवश्यक छ। यसनिम्ति स्कोरिङ रुब्रिक्सको निर्माण र प्रयोग गर्न सकिन्छ।**

र शरीर मात्रै आफ्नो भएको विद्यार्थी उत्पादन गर्दछ। यस्तो शिक्षा पद्धतिलाई 'मेकाले शिक्षा पद्धति' भनिन्छ, जसले विद्यार्थीलाई केवल निष्क्रिय सूचना ग्रहणकर्ताको रूपमा मात्रै हेर्दछ। त्यसैले समयको माग अनुसारका क्षमतायुक्त विद्यार्थी उत्पादन गर्न– विद्यार्थीमा विकास गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको चिन्तन वा सोच्ने सीपको विकास हो। त्यसमा पनि मौलिक रूपमा सोच्ने सीप र हरेक विषयवस्तुप्रति प्रश्न गर्ने प्रवृत्तिको विकास प्रत्येक विद्यार्थीमा हुनु अत्यावश्यक हुन्छ। तब मात्र आफ्नो दृष्टिकोणसहितका सचेत नागरिक तयार पार्न सकिन्छ। परम्परागत शिक्षण विधि र तरिकाबाट उच्च तहको चिन्तन सीपको विकास सम्भव हुँदैन। तर शिक्षकको सामान्य प्रयत्नबाट पनि विद्यार्थीहरूको चिन्तन सीप विकासमा ठूलो फड्को मार्न सकिन्छ। चिन्तन सीप प्रदान गर्न सकिएमा आत्मविश्वासी, सृजनात्मक एवं स्वावलम्बी विद्यार्थी उत्पादन गर्न सकिन्छ। अन्य कुराहरूका अतिरिक्त कक्षा शिक्षण र मूल्याङ्कन पद्धतिमा गरिने सामान्य सुधारहरूले पनि यसमा चामत्कारिक परिणाम दिन सक्छन्।

उच्च तहको चिन्तन माथिल्ला कक्षाहरूमा मात्रै नभई प्राथमिक तहबाटै विकास गरिनुपर्दछ। यसको पूर्वशर्त भनेकै विद्यार्थीमा प्रश्न सोध्ने र आफूले सिक्ने हरेक विषयवस्तुमा के, किन, कहाँ, कहिले, कसरी, अब के हुन्छ जस्ता प्रश्नहरू गर्न लगाउनु हो। गाइड र गेसपेपरबाट तयार गरी परीक्षा दिने र परीक्षामा सामान्य स्मरणस्तरका प्रश्नहरू सोध्ने परिपाटीबाट उच्च तहको चिन्तन विकास सम्भव हुन सक्दैन। कक्षा शिक्षणका माध्यमले प्राप्त गरेको यस्तो चिन्तनलाई विद्यार्थीले आफ्नो दैनिक जीवनका समस्या समाधानमा समेत लगाउन सक्छ।

निष्क्रिय र शिक्षक केन्द्रित शिक्षणबाट उच्च तहको चिन्तन सीपको विकास सम्भव छैन। शिक्षण सिकाइमा शिक्षकको भूमिका कम र विद्यार्थीको भूमिका बढी हुँदा मात्रै विद्यार्थीले राम्ररी सिक्न सक्छन् र उनीहरूमा आफैं समीक्षात्मक चिन्तन गर्ने क्षमताको विकास हुन्छ *(क्राफोर्ड, २००५, टिचिङ एण्ड लर्निङ स्ट्याटेजी फर थिङ्किङ क्लासरुम)*। चिन्तनको सम्बन्धमा विभिन्न अध्ययनहरू पनि गरिएका छन्। जस्तो; स्मिथ (२००२) ले गरेको एक अध्ययनले मानव मस्तिष्कको अधिकांश वृद्धि पूर्व बाल्यवस्थामा नै भइसक्ने निष्कर्ष निकाल्यो। सो अध्ययन अनुसार बालक ६ वर्षको हुँदासम्म उसको प्रौढावस्थामा हुने मस्तिष्कको ९० प्रतिशत आकार बनिसकेको हुन्छ। यसैले विद्यालयको प्रारम्भिक कक्षाबाट नै उच्च तहको चिन्तन सीपको विकास गर्न ढिलो गरिनुहुँदैन।

## उच्च तहको चिन्तन विकासको प्रक्रिया

उच्च तहको चिन्तन विकासको निम्ति शिक्षण विधिहरूको परिमार्जन पहिलो पूर्वशर्त हो। विद्यार्थीलाई सक्रिय पारी सिकाउँदा, सिकाइमा उनीहरूको सहभागिता बढ्छ र उनीहरू छिटो र सजिलोसँग सिक्न सक्ने भएका हुन्छन्। यसको निम्ति समीक्षात्मक चिन्तनका शिक्षण विधिहरू (Critical thinking method) को प्रयोग गर्न सकिन्छ। कक्षा शिक्षणको क्रममा गरिने प्रश्नोत्तर र उच्च तहको चिन्तनबीच निकट सम्बन्ध हुन्छ। प्रश्न निर्माणको आधारको रूपमा ब्लुमको वर्गीकरण *(टेक्सोनोमिज अफ एजुकेसनल अब्जेक्टिभ्स, १९५६)* लाई लिन सकिन्छ। ब्लुमको शिक्षण उद्देश्यको वर्गीकरण र त्यसमा प्रयोग हुने क्रियात्मक शब्दलाई यसरी पनि उल्लेख गर्न सकिन्छ *(हे. तालिका १)*:

ब्लुमको माथि उल्लिखित वर्गीकरण तालिकामा संज्ञानात्मक क्षेत्रलाई ६ वटा उपक्षेत्रमा वर्गीकरण गरिएको छ। विद्यार्थीको चिन्तन विकासको निम्ति प्रश्न निर्माण र उद्देश्य निर्माणमा यी उपक्षेत्र अन्तर्गतका क्रियापदहरूको प्रयोग गरिन्छ। यस वर्गीकरणको ज्ञान, बोध र प्रयोगलाई निम्नस्तरीय चिन्तन (Lower order thinking) को रूपमा लिइन्छ भने विश्लेषण, संश्लेषण र मूल्याङ्कनलाई उच्च तहको चिन्तन (Higher order thinking) को रुपमा लिइन्छ। यो वर्गीकरणमा 'ज्ञान' चिन्तनको सरल र सबैभन्दा तल्लो तह हो भने 'मूल्याङ्कन' उच्च तह हो। उच्च तहको चिन्तन विकासको आधार नै निम्न तहको चिन्तन हो। यसैले विद्यार्थीमा उच्च तहको चिन्तन विकास गर्नको निम्ति सर्वप्रथम निम्न तहको चिन्तन विकासमा अभ्यस्त बनाउनु पर्छ। शिक्षकले संज्ञानात्मक क्षेत्र र उपक्षेत्र अन्तर्गतका जति धेरै प्रश्न सोध्छ वा त्यस्ता क्रियाकलाप गराउँछ भने त्यही मात्रामा विद्यार्थीमा उच्च तहको चिन्तन विकास हुन्छ; अन्यथा उच्च तहको चिन्तन विकास सम्भव हुँदैन।

## चिन्तन विकास प्रक्रियाका चरण

उच्च तहको चिन्तन विकासको निमित्त शिक्षकले महत्त्वपूर्ण सहजकर्ताको भूमिका निर्वाह गर्न सक्छ। जुनसुकै तह वा कक्षामा शिक्षण गरेको भए तापनि शिक्षकले उक्त तह/कक्षाको स्तर अनुसारका चुनौतीपूर्ण

## विश्लेषण

**तालिका १:**

| संज्ञानात्मक तह | क्रियात्मक शब्द | तहमा जोड दिइने पक्ष |
|---|---|---|
| १. **ज्ञान** | परिभाषा दिनु, वर्णन गर्नु, सूची बनाउनु, मिलाउनु, स्मरण गर्नु, नाम भन्नु, लेख्नु, चिन्नु, दोहोर्‍याउनु | पहिले नै सिकेका सूचना एवं जानकारीको स्मरण |
| २. **बोध** | वर्गीकरण गर्नु, बहस गर्नु, बदल्नु, फरक छुट्याउनु, अनुमान गर्नु, वर्णन गर्नु, सामान्यीकरण गर्नु, उदाहरण दिनु, उल्लेख गर्नु, पहिचान गर्नु, सङ्क्षेपीकरण गर्नु, अनुवाद गर्नु, छान्नु, विस्तार गर्नु | प्राप्त सूचना एवं जानकारीलाई अर्थ्याउनु |
| ३. **प्रयोग** | प्रयोग गर्नु, परिवर्तन गर्नु, छान्नु, प्रदर्शन गर्नु, देखाउनु, व्याख्या गर्नु, बदल्नु, सञ्चालन गर्नु, अभ्यास गर्नु, पैदा गर्नु, समाधान गर्नु, स्केच गर्नु | प्राप्त ज्ञानलाई वास्तविक परिस्थितिमा प्रयोग गर्नु |
| ४. **विश्लेषण** | विश्लेषण गर्नु, प्रशंसा गर्नु, टुक्र्याउनु, वर्गमा छुट्याउनु, तुलना गर्नु, भिन्नता छुट्याउनु, आलोचना गर्नु, विभेद गर्नु, पहिचान गर्नु, रूपरेखा तयार गर्नु, प्रश्न गर्नु, सम्बन्धित गर्नु, अलग-अलग गर्नु, उपसमूहमा राख्नु, परीक्षण गर्नु | विचार एवं सूचनाहरूलाई सानो खण्डमा बाँड्नु, तिनीहरूको आपसी सम्बन्ध पत्ता लगाउनु र कसरी संगठित गरिएको छ भनी हेर्नु |
| ५. **मूल्याङ्कन** | लेखाजोखा गर्नु, मूल्याङ्कन गर्नु, समीक्षा गर्नु, बहस गर्नु, प्रशंसा गर्नु, छान्नु, निष्कर्ष निकाल्नु, प्रतिरक्षा गर्नु, विभेद गर्नु, पुष्टि गर्नु, सम्बन्ध देखाउनु, मूल्य निर्धारण गर्नु, समर्थन गर्नु, भविष्यवाणी गर्नु, पूर्वानुमान गर्नु | आन्तरिक प्रमाण वा बाह्य आधारमा लेखाजोखा गर्नु |
| ६. **सृजना** | रचना गर्नु, सृजना गर्नु, योजना गर्नु, उत्पादन गर्नु, बनाउनु, परिकल्पना गर्नु, भविष्यवाणी गर्नु, कम्पोज गर्नु, इष्टिमेट गर्नु, कल्पना गर्नु, संगठन गर्नु, आविष्कार गर्नु, पैदा गर्नु, नयाँ तरिकाले गर्नु (डिभाइज), कम्पाइल गर्नु, सेट अप गर्नु | सूचनाहरूलाई नयाँ तरिकाले एकीकृत गर्नु वा वैकल्पिक समाधान खोज्नु, नयाँ विचार गर्नु वा विचार गर्ने शैली पत्ता लगाउनु |

प्रश्नहरू सोध्नुपर्छ जसबाट विद्यार्थीमा चिन्तन क्षमताको विकास र गहन एवं विस्तृत रूपमा क्रमबद्ध तरिकाले सोच्ने बानीको विकास गरोस्। उच्च तहको शिक्षणको निम्ति लिम्ब्याच र उग (२००८) ले *"जर्नल अफ इन्स्ट्रक्सनल पेडागोजीमा"* पाँच चरणयुक्त प्रक्रियाको उल्लेख गरेका छन्, जुन नेपालको विद्यालयीय शिक्षणमा उच्च तहको चिन्तन विकासको निम्ति सान्दर्भिक छ। ती चरणहरू यस प्रकार छन्:

### १) विशिष्ट उद्देश्यको निर्धारण

कुनै कक्षा विषय शिक्षणपश्चात् विद्यार्थीले के सिक्ने हुन् भन्ने कुरा शिक्षकले कक्षामा पस्नु अगाडि नै निर्धारण गर्नुपर्छ। यसको निम्ति पूर्ण पाठयोजना आवश्यक पर्छ। यस्तो योजनामा उच्च तहको चिन्तन विकास हुनसक्ने उद्देश्यहरूको छनोट निकै सावधानीपूर्वक गर्नुपर्दछ। यसको निम्ति माथि उल्लिखित ब्लमको शैक्षिक उद्देश्यको वर्गीकरणको संज्ञानात्मक क्षेत्र अन्तर्गतका उपक्षेत्रहरू, विश्लेषण, संश्लेषण र मूल्याङ्कन तहका क्रियापदहरू समावेश गर्नुपर्दछ।

जस्तैः (क) विद्यार्थीले जमिनमा र पानीमा बस्ने पाँच/पाँच वटा जनावरको नाम भन्न सक्नेछन्।

**उच्च तहको चिन्तन माथिल्ला कक्षाहरूमा मात्रै नभई प्राथमिक तहबाटै विकास गरिनुपर्दछ। गाइड र गेसपेपरबाट तयार गरी परीक्षा दिने र परीक्षामा सामान्य स्मरणस्तरका प्रश्नहरू सोध्ने परिपाटीबाट उच्च तहको चिन्तन विकास सम्भव हुन सक्दैन।**

(ख) विद्यार्थीले जमिन र पानीमा बस्ने जनावरबीच पाँचवटा बुँदामा तुलना गर्न सक्नेछन्।

माथि उल्लिखित दुई वटा उद्देश्यमध्ये, उद्देश्य 'क' ले तथ्यको स्मरणमा जोड दिएकोले यसले उच्च तहको चिन्तन विकास गर्दैन जबकि 'ख' ले उच्च तहको चिन्तन विकासमा सहयोग गर्छ। पाठयोजनाका उद्देश्य सधैं नै विद्यार्थीलाई चुनौतीपूर्ण चिन्तनप्रति प्रेरित गर्ने किसिमका हुनुपर्दछ।

### २) प्रश्नको माध्यमबाट शिक्षण

प्रश्न शिक्षण सिकाइको एक अत्यन्तै महत्त्वपूर्ण अङ्ग हो, जसको माध्यमबाट विद्यार्थीलाई सिकाइतर्फ प्रेरित गर्न र नयाँ धारणाको विकास गर्न सकिन्छ। सावधानीपूर्वक छनोट गरिएका प्रश्नले नै विद्यार्थीमा उच्च तहको चिन्तन विकास गराउँदछ। यसको निम्ति शिक्षकमा प्रश्न सोध्ने कला हुनु अति आवश्यक हुन्छ। शिक्षकले सोध्ने प्रश्नको तहमै विद्यार्थीको चिन्तन विकास निर्भर गर्छ। प्रश्न केन्द्रित (Convergent) र विकेन्द्रित (Divergent) गरी मुख्य दुई रूपका हुन्छन्। केन्द्रित प्रश्नले विशिष्ट र ठीक उत्तर खोज्छन्। यस्ता प्रश्न ब्लुमको वर्गीकरण अनुसार ज्ञान, बोध र प्रयोग तहसँग सम्बन्धित हुन्छन्। विकेन्द्रित प्रश्नले भने विभिन्न ठीक उत्तर खोज्छन्। यस्ता प्रश्न ब्लुमको वर्गीकरण अनुसार विश्लेषण, संश्लेषण र मूल्याङ्कन तहसँग सम्बन्धित हुन्छन्।

त्यसैले विद्यार्थीमा उच्च तहको चिन्तन विकास गर्न विकेन्द्रित प्रश्न सोध्नु आवश्यक हुन्छ। सीपयुक्त प्रश्नले सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता कायम गर्न समेत उत्तिकै मद्दत गर्दछ। प्रश्न सोध्दा केही कुरामा ध्यान दिनुपर्छ, जस्तो कि प्रश्न सरल, स्पष्ट र प्रेरित गर्ने किसिमको हुनुपर्छ, न्यून तहको चिन्तनबाट शुरू भई उच्च तहतिर गएको र समय तोकिएको हुनुपर्छ। प्रश्नका केही उदाहरण *(हे. तालिका २)*:

**तालिका २:**


| निम्न चिन्तन तहयुक्त प्रश्न | उच्च तहको चिन्तनयुक्त प्रश्न |
|---|---|
| • ......... परिभाषित गर । <br>• ......... कसले कार्यसम्पादन गरेको थियो ? <br>• ......... के हो ? <br>• ......... वर्णन गर । <br>• ........ उदाहरण लेख । <br>• ........ समाधान गर । <br>• दिइएका शब्दलाई ..... क्रममा मिलाऊ । | • ......... गुणहरूको विश्लेषण गर । <br>• ......... कसरी .........सँग सम्बन्धित छ ? <br>• यदि तिमी भएको भए ...... लाई कसरी समाधान गर्ने थियौ ? <br>• यसलाई अन्य तरिकाबाट कसरी गर्न सकिन्छ ? <br>• ....... को लेखाजोखा गर । <br>• के यस कार्यको लागि अर्को विकल्प प्रस्तुत गर्न सक्छौ ? <br>• तिमीले नतिजाको आकलन कसरी गर्न सक्छौ ? |

### ३) सक्रिय सिकाइ र पर्याप्त अभ्यास

शिक्षण सिकाइमा विद्यार्थीको जति बढी क्रियाशीलता र सहभागिता रहन्छ, सिकाइ त्यति नै सरल र अर्थपूर्ण हुन्छ। यसको विपरीत शिक्षक मात्रै सक्रिय हुँदा सिकाइ प्रभावकारी बन्न सक्दैन। सक्रिय सिकाइको निम्ति विभिन्न सिकाइ कार्यनीतिहरू छनोट गर्ने सीप शिक्षकमा हुनुपर्छ। यसको निम्ति समालोचनात्मक चिन्तनका शिक्षण विधिहरू ज्यादै उपयोगी हुनसक्छन् (क्राफोर्ड २००५, *टिचिङ एण्ड लर्निङ स्ट्राटेजिज फर थिङ्किङ क्लासरुम*)। एकै पटकको सिकाइ प्रयत्न र क्रियाकलापबाट मात्रै विद्यार्थीले राम्रोसँग सिक्न नसक्ने भएकोले तिनलाई सिकाइको निम्ति पर्याप्त मौका प्रदान गरिनुपर्छ। विद्यार्थीलाई उच्च तहको चिन्तनमा सहभागी गराउन, उनीहरूलाई विचार व्यक्त गर्न दिने सहमति/असहमति राख्न दिने, आलोचना/धारणा/दृष्टिकोण प्रस्तुत गर्न दिने र यसको निम्ति स्रोत वा प्रमाणहरू प्रस्तुत गर्न लगाउने, स्वतन्त्र र निष्पक्ष एवं खुला हृदयले सोच्न दिने जस्ता उपायहरू अपनाउन सकिन्छ। अभ्यास र सिकाइको निम्ति एउटा सरल उपायमा ग्राफिक अर्गनाइजर पनि पर्दछ। यस अन्तर्गतको भेनन चित्र *(हे. तल)* लाई कक्षा शिक्षणमा प्रयोग गर्न सकिन्छ। जस्तै: उच्च तहको चिन्तनको शिक्षण गर्ने तरिकालाई 'भेनन डायग्राम'मा देखाउन सकिन्छ।

### ४) पुनरावलोकन र सुधार

उच्च तहको चिन्तन विकासमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने भएकोले शिक्षकले आफ्नो शिक्षण विधि र मूल्याङ्कन तरिकाको पुनरावलोकन गर्नै पर्दछ। विद्यार्थीको सिकाइ सम्बन्धमा उनीहरूले के कुरा सिक्न सके र के कुरा सिक्न सकेनन् भनी प्रश्न गर्दा वा पृष्ठपोषण प्राप्त गर्दा शिक्षकलाई आफूले गर्नुपर्ने सुधारको जानकारी प्राप्त हुन्छ। विशेषगरी कक्षाकोठाको वातावरण सहज छ वा छैन भन्ने कुरामा ध्यान दिई सहज वातावरणको सिर्जनातर्फ शिक्षक लाग्नुपर्छ। उच्च तहको चिन्तन कत्तिको मात्रामा विकास भयो भनी जाँच्न शिक्षकले विभिन्न तरिका अपनाउन सक्छ। जस्तै: विद्यार्थीलाई यस्ता प्रश्न सोध्न सकिन्छ, *"तिमीहरूले यस पाठबाट सिकेको कुरा दुई मिनेटभित्र लेख।"*




**विद्यार्थीलाई उच्च तहको चिन्तनमा सहभागी गराउन, उनीहरूलाई विचार व्यक्त गर्न दिने सहमति/असहमति राख्न दिने, आलोचना/धारणा/दृष्टिकोण प्रस्तुत गर्न दिने र यसको निम्ति स्रोत वा प्रमाणहरू प्रस्तुत गर्न लगाउने, स्वतन्त्र र निष्पक्ष एवं खुला हृदयले सोच्न दिने जस्ता उपायहरू अपनाउन सकिन्छ।**

### ५) सिकाइको लेखाजोखा र पृष्ठपोषण प्रदान

शिक्षण सिकाइ प्रक्रियाको एउटा अभिन्न अङ्ग विद्यार्थी मूल्याङ्कन हो। हामीकहाँ विद्यार्थी मूल्याङ्कनको निम्ति पेपर, पेन्सिल टेस्टको मात्रै प्रयोग गरिदै आएको छ। कुन कक्षाका विद्यार्थीले के-कस्तो मापनी (Standard) प्राप्त गर्नुपर्ने हो भन्ने निर्धारण गरिएको छैन। परीक्षालाई पनि प्राय:जसो विद्यार्थीलाई पास/फेल गर्ने वा स्तर छुट्याउने कार्यको निम्ति मात्रै प्रयोग गरिदै आएको छ। पृष्ठपोषण प्रदान गर्ने व्यवस्थित चलन छैन। कुन विषयवस्तुको कुन-कुन पक्षमा ऊ कमजोरी छ भन्नु सट्टा विद्यार्थीलाई सामान्य रूपमा तिमी यो विषयमा कमजोर छौ भन्ने गरिन्छ। त्यसैले सर्वप्रथम त विद्यार्थीको लेखाजोखाको निम्ति भरपर्दो मापदण्ड विकास गर्नु आवश्यक छ, यसनिम्ति स्कोरिङ रुब्रिक्सको निर्माण र प्रयोग गर्न सकिन्छ। विद्यार्थीलाई वस्तुपरक, रचनात्मक र सान्दर्भिक सुझाव दिनुपर्दछ। त्यसरी दिइने पृष्ठपोषणले उनीहरूको चिन्तन क्षमताको गुणात्मक विकास होस् भन्ने पक्षमा शिक्षक सधैं सतर्क हुनुपर्छ। तत्कालको निम्ति विद्यार्थीको चिन्तन क्षमताको लेखाजोखा गर्न *ओपन सोसाइटी इन्स्टिच्यूट,* न्यूवर्क बाट प्रकाशित र *सामाजिक संवादका लागि सहकार्य (ए.एड.डी.)* बाट अनूदित पुस्तक, *"विश्लेषणात्मक शिक्षण चिन्तन र सिकाइ रणनीति"* महत्त्वपूर्ण स्रोत पुस्तकको रूपमा प्रयोग गर्न सकिन्छ।

*(लेखक पृथ्वीनारायण क्याम्पस, पोखरामा प्राध्यापनरत छन्)*

# अबको जिम्मेवारी विद्यालयलाई

**साक्षरता कक्षामा सहभागी नहुने वा हुन नचाहने निरक्षरहरू माथि थोरै सामाजिक अंकुश पनि लगाउन पछिपर्नु हुन्न । जस्तो; साक्षरता कक्षामा नआउने निरक्षरहरूले प्राप्त गर्दै आएको एकल महिला भत्ता, वृद्ध भत्ता, छात्रवृत्ति, गाविस सिफारिस जस्ता सुविधा केही समयका लागि कटौती गर्ने वा निरक्षरहरूले गर्ने ल्याप्चे दस्तखतलाई तत्काल समाजले स्वीकार नगर्ने जस्ता कदमहरू चाल्न सकिन्छ ।**

■ लालप्रसाद भट्टराई


बाबुराम विश्वकर्मा

पहिलो कुरा; स्थानीय सहयोगी कार्यकर्ताद्वारा गराइएको घरधुरी सर्वेक्षणका आधारमा देखिएको निरक्षर नेपालीहरूको संख्या कत्तिको भरपर्दो छ ? आजभन्दा पहिलेको साक्षरता कार्यक्रमको उपलब्धि के कस्तो रहेको छ ? स्वयं साक्षरता कक्षाका सहयोगी कार्यकर्ताको योग्यता, क्षमता, सीप र सामर्थ्य कति भरपर्दो छ ? के आरक्षण र समावेशी भन्दै राजनीतिक दलका आशामुखी पात्रहरूलाई दलबलको आधारमा नियुक्ति गरेको भरमा साक्षरता कार्यक्रमले सन् २०१५ सम्म सबै नेपालीलाई साक्षर तुल्याउन सक्ला ?

'प्रौढ शिक्षा तथा साक्षरता कक्षा सञ्चालनको निम्ति सर्टिफिकेट बनाउनुपर्‍यो; त्यसैले कक्षा ८ मा भर्ना गरिदिनुपर्‍यो' भन्दै विद्यालयलाई दबाब दिई हात पारेको किर्ते प्रमाणपत्रधारीहरुलाई साक्षरता कक्षा सञ्चालनको जिम्मा दिने सरकारको विद्यमान नीतिले कति योग्य व्यक्तिलाई सहयोगी कार्यकर्ता बनाउला ? अनि उनीहरूलाई निरक्षरले कसरी पत्याउलान् ? तसर्थ साक्षरता कक्षा सञ्चालन गर्ने सहयोगी कार्यकर्ताको छनोट प्रक्रियामा नै पहिले सुधार आवश्यक छ । यसका लागि स्थानीयस्तरमा हुने राजनीतिक अंशबण्डाको विद्यमान परिपाटी तोडी स्वतन्त्र, निष्पक्ष, क्षमतावान, सीप, सामर्थ्ययुक्त सहयोगी कार्यकर्ता छनोटको आधार बनाइनुपर्छ। तत्पश्चात् साक्षरता कार्यक्रम कहाँ, कहिले, कसरी, कसबाट, कति समय भन्ने कुरामा पनि राज्य स्पष्ट हुनु जरुरी छ । कार्यक्रम सञ्चालन अवधिको बीचबीचमा अनुगमन र मूल्याङ्कन गर्ने छुट्टै संयन्त्र निर्माण गरिनुपर्ने देखिन्छ । अहिलेको मुख्य समस्या नै निरक्षरहरूलाई भेला गराई तोकिएको समयमा कक्षा सञ्चालन नगरिनु हो । साक्षरताका निमित्त वितरीत पुस्तकहरू सहयोगीकै घरमा थन्किएका पाइन्छन् । साक्षरताको नाममा घरमा बसेर काल्पनिक नाम दर्ता गरी समय सकिएपछि सम्बन्धित निकायमा नामनामेसी बुझाउनुमा नै हालसम्मको साक्षरता कार्यक्रम गुज्रिएको छ ।

भनिन्छ; निरक्षरहरू कक्षामा आएनन्; आएर पनि बसेनन्, बसेर पनि साक्षर बन्न चाहेनन् । यो सरासर झुटको खेती सिवाय अरू केही मान्न सकिन्नँ । किनकि को भन्छ र- नजानूँ, नजाऔं, नबसौं, नसिकौं ? बरु साक्षरता कक्षा सञ्चालन गर्ने जिम्मा लिएका सहयोगी कार्यकर्ता अल्छे र कामचोर भएर समस्या जन्मिएको हो । यसरी नै साक्षरता कार्यक्रम सञ्चालन गर्दै जाने हो भने त्यो 'बालुवामा पानी' भन्दा फरक हुने छैन ।

अब तीन वर्षभित्र निरक्षरता हटाउने लक्ष्य यसै स्थिति र तौरतरिकाबाट सम्भव देखिन्न । यसका निम्ति वर्तमान संरचना, तौर-तरिका, नीति-निर्देशन र कार्य प्रणालीमा नै आमूल परिवर्तनको खाँचो छ । त्यसनिम्ति हरेक सामुदायिक विद्यालयलाई निरक्षरता उन्मूलनका निम्ति जिम्मेवार बनाइनुपर्छ । शिक्षा विभाग, क्षे.शि.नि. एवं जिल्ला शिक्षामा अनौपचारिक शिक्षा शाखालाई कागजी प्रमाण जम्मा गर्ने थलोको रूपमा राख्नुभन्दा ती अड्डाहरूले विद्यालयमा नै अनौपचारिक शिक्षा हेर्ने राजनीतिक व्यक्तित्वरहित 'शिक्षक-कर्मचारी' को स्वतन्त्र निर्णयाधिकार भएको समितिमार्फत काम गराउँदा र त्यसको अनुगमन जिम्मेवारी स्थानीय सरकोरवाला वा सेवाग्राहीको समितिलाई दिई त्यसको पनि अनुगमन कर्मचारी संयन्त्रबाटै गरिने व्यवस्था मिलाउने हो भने साक्षरताको २०१५ सम्मको सपना पूरा हुने सम्भावना रहन्छ ।

साक्षरता कार्यक्रम देश विकासको मूल मुद्दासँग पनि सम्बन्धित हुनुपर्दछ । यस्ता कार्यक्रम जसका निम्ति प्रक्षेपण गरिएका हुन्;

तिनीहरूले त्यस कार्यक्रममा सक्रिय सहभागिता जनाएमा मात्र उद्देश्य पूरा हुन सक्छ । सार्वजनिक हितका विषयमा कहिलेकाहीं प्रशासक वा सरकार कठोर पनि बन्नुपर्ने हुन्छ । साक्षरताको सवालमा कुरा गर्दा साक्षरता कक्षामा सहभागी नहुने वा हुन नचाहने निरक्षरहरू माथि थोरै सामाजिक अंकुश पनि लगाउन पछिपर्नु हुन्न । जस्तो; साक्षरता कक्षामा नआउने निरक्षरहरूले प्राप्त गर्दै आएको एकल महिला भत्ता, वृद्ध भत्ता, छोराछोरीको छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, गाविस सिफारिस, सामान्य गाउँटोलस्तरको मुद्दामामिला जस्ता पक्षमा केही समयका लागि कटौती गर्ने वा निरक्षरहरूले गर्ने ल्याप्चे दस्तखतलाई तत्काल समाजले स्वीकार नगर्ने जस्ता कदमहरू चाल्न सकिनेछ । यसो गर्दा आफूले प्राप्त गर्दै आएको सुविधा कटौती हुने भयले पनि निरक्षरहरू साक्षरता कक्षामा उपस्थित हुन बाध्य हुनेछन् । फलस्वरुप साक्षरता अभियानको मूल उद्देश्यमा सहयोग मिल्दछ । यस्तो कटौती कार्य भने विद्यालयको सिफारिसमा हुनुपर्नेछ । यसो भएमा कार्यक्रम कार्यान्वयन, निर्देशन तथा नियन्त्रणसम्बन्धी पूर्ण जिम्मेवारी विद्यालयमा सुरक्षित हुने र नेपालबाट सन् २०१५ सम्ममा निरक्षरता उल्मूलन हुने कुरामा ढुक्क हुन सकिन्छ ।

साक्षरताको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि तथा सिकाउने व्यक्तिको योग्यताको सम्बन्धमा कुरा गर्दा विद्यालयले आफ्नो सेवा क्षेत्रको जनजीवन, पेशा, व्यवसाय, घरायसी व्यवहार, सञ्चालनका निमित्त आवश्यक पर्ने ज्ञान, सीप तथा वर्तमान अवस्थामा प्रयुक्त सञ्चार प्रविधिको प्रयोग एवं गणितीय आधारभूत ज्ञान समेत प्रदान गर्न थाल्नुपर्छ । पाठ्यपुस्तक तय गर्दा जुन भाषिक समुदायमा साक्षरता कार्यक्रम सञ्चालन गर्ने हो; त्यहीं भाषिक माध्यम अवलम्बन गर्नुपर्ने हुन्छ । जसले सिकारुलाई सिक्न रुचि पैदा हुने र बुझ्न सजिलो पनि हुन्छ । पाठ्यपुस्तक निर्माणको जिम्मा विद्यालयलाई दिएर बरु विशेषज्ञता सेवा भने माथिबाट प्रदान गर्न सकिन्छ । त्यस्तै; शिक्षण विधिको कुरा गर्दा समूह कार्य, छलफल, प्रश्नोत्तर, कथाकथन र परियोजना कार्य जस्ता विधिहरू उपयुक्त हुनसक्छन् । निरक्षरहरूको साक्षरता कक्षा बसिरहौं जस्तो प्रौढमैत्री हुनसक्दा झनै रुचिकर र उद्देश्य प्राप्तिमा सहयोगी बन्दछ । त्यस्तै, पढाउने शिक्षकको कुरा गर्दा; कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण, मानव विकाससम्बन्धी विषयको ज्ञान भएको, लामो समय शिक्षण पेशामा रही अवकाश प्राप्त जीवनयापन गर्दै रहेका अनुभवी व्यक्तिहरू पहिलो प्राथमिकतामा पर्नुपर्दछ । यसमा महिला, पुरुष, जाति, जनजाति, दलितको प्रश्न होइन, क्षमतावान, योग्य व्यक्तित्व भएको अनुभवी व्यक्ति साक्षरता कक्षा सहयोगी कार्यकर्ता हुनुपर्दछ र सेवा-सुविधा दैनिक रु.३०० भन्दा कम हुनुहुन्न जसले त्यस समय त्यो सुविधाले उसलाई बचाउन सकोस् ।

**श्री कुशादेवी मावि, कटुञ्जे-८, ओखलढुंगा**

---

# शिक्षाको तिर्खा जगाइदिऔं !

■ **ऋषिराम लामिछाने**

*यस्यं नास्ति स्वयं प्रज्ञा शास्त्र तस्य करोति किं ?*
*लोचनाभ्याम् विहिनस्य दर्पणं किं करिस्यति ?*

यो श्लोकको आशय हो, जसरी दृष्टिविहीनका लागि ऐनाको उपादेयता हुँदैन, त्यसैगरी अन्तरात्माबाट उत्पन्न हुने ज्ञान नै नभएका मानिसहरूका निम्ति शास्त्रको कुनै प्रयोजन हुँदैन । हामीकहाँ थुप्रै प्रौढहरू निरक्षर देखिन्छन् । उनीहरूमा विद्याप्रति चाख नै नभएर त्यस्तो भएको हो । निरक्षर हुनु घोर अन्धकारमा बाँच्नुसरह हो भन्ने तिनले बुझेका हुँदैनन् । नेपालीमा कथन छ, 'तिर्खा लाग्नेले खोला धाउँछ ।' तिर्खा नलागेको मानिसले खोलाको चाहना गर्दैन । त्यसले सर्वप्रथम साक्षर बन्ने इच्छा निरक्षर व्यक्तिमा जगाइनुपर्छ । हरेक निरक्षरलाई शिक्षाको भोक वा तिर्खा लाग्न थालेपछि बल्ल निरक्षरता उन्मूलन हुन सक्छ ।

**आज नेपालमा शिक्षा निरस बन्दैछ किनभने डिग्रीको सर्टिफिकेट बोक्ने साक्षर र 'क' अक्षर नचिनेको निरक्षरमा समेत केही भिन्नता छैन । झिटी बेचेर पढ्यो, सर्टिफिकेट लियो तर हातमा सीप पनि छैन; गरिखाने काम पनि छैन । यस्तो स्थितिमा नभएको गरो-सुर्को बेचेर पढ्नु; दुःख गर्नुभन्दा त निरक्षर बस्नु नै बेस होइन र ?**

सरकारले थुप्रो धन खर्च गरेर वर्षैपिच्छे अनौपचारिक/प्रौढ कोटा वितरण गर्छ । राज्यको इच्छा र लक्ष्य निरक्षर उन्मूलन गराउने छ तर कतिपय ठाउँमा यो सफल हुनसकेको छैन । गाउँघरमा 'हामीले पढिदिएर उसले जागिर खाने रे ! आफ्नो जागिर बचाउन हामीकहाँ आएकी !' भनेर पढाउन आउने सहयोगी शिक्षकप्रति आँखा तर्ने गरेको पनि पाइन्छ ।

यदि राज्यले सबै नेपालीलाई साँच्चै साक्षर गराउन चाहेको हो भने सर्वप्रथम शिक्षाको महत्त्व र व्यावहारिक ज्ञान दिन सक्नुपर्छ । आज नेपालमा शिक्षा निरस बन्दैछ किनभने डिग्रीको सर्टिफिकेट बोक्ने साक्षर र 'क' अक्षर नचिनेको निरक्षरमा समेत केही भिन्नता छैन । झिटी बेचेर पढ्यो, सर्टिफिकेट हातमा लियो तर हातमा सीप पनि छैन; गरिखाने काम पनि छैन । अब झोला बोकेर विदेश नगए अर्को उपाय छैन । यस्तो स्थितिमा नभएको गरो-सुर्को बेचेर पढ्नु; दुःख गर्नुभन्दा त निरक्षर बस्नु नै बेस होइन र ? 'पढ्यो लेख्यो कौनै काम, हलो जोत्यो खायो माम !' त्यसैले शिक्षा आकर्षक, सरस हुनुपऱ्यो यसको मतलब र महत्त्व बुझ्नु र बुझाउनुपऱ्यो ।

निरक्षर मानिसमा साक्षर बन्ने प्रेरणाको विकास गराउन सकियो भने तिर्खाएको कागले गाग्रोको पिंधमा भएको पानीलाई मसिना गिटी ढुङ्गा भरेर पानी माथि ल्याएर आफ्नो तिर्खा मेटे झैं निरक्षर व्यक्तिमा साक्षर बन्ने तिर्खा मात्रै जाग्दैन, तिर्खा मेट्ने जाँगर र जुक्ति पनि तिनले निकाल्छन् । स्वस्फूर्त इच्छाशक्ति जागेमा निरक्षरता उन्मूलन हुन समय लाग्दैन ।

**श्री रुद्र मावि, तार्कुघाट-३, लमजुङ**

# प्रौढ साक्षरता: कार्यक्रम नै जरुरी छैन

**सबैलाई साक्षर गराउने जोड साक्षर मानिसहरूले निरक्षर मानिसहरूसँग व्यवहार चलाउने तरिका थाहा नभएकाले आएको हो। साक्षर हुने आवश्यकता सबै निरक्षरहरूको होइन। धेरै प्रौढहरू– आफू साक्षर हुन प्रयत्न गर्नुभन्दा आफ्ना केटाकेटीलाई साक्षर/शिक्षित बनाउनुलाई महत्त्वपूर्ण ठान्छन्।**

■ टीका भट्टराई

देशमा ६० वर्षभन्दा बढी समयदेखि छलफलमा रहेर पनि असफल भएका कार्यक्रमहरूमध्ये साक्षरता कार्यक्रम एक हो। मोटामोटी हिसाबमा भन्दा वि.सं. २००० देखि २०६९ सम्मको ७० वर्षको अवधिमा हाम्रो साक्षरता ७० प्रतिशत पुगेको छ। अर्थात् हामीले वर्षको १ प्रतिशत साक्षरता हासिल गरेका छौं। यो हिसाबले हेर्दा नेपालबाट निरक्षरता उन्मूलन अवश्यम्भावी त देखिन्छ तर 'कहिलेसम्म' भन्ने मुख्य प्रश्न चाहिं रहिरहन्छ। अहिलेकै दरमा छोडिदिने हो भने सन् २१०० सम्ममा पूर्ण साक्षरता हासिल होला। तर हामीले सन् २०१५ अर्थात् अबका तीन वर्षभित्रै त्यो लक्ष्य प्राप्त गर्न चाहेका छौं।

निरक्षरता घटाउने दुई बाटा छन्: बाल शिक्षा र प्रौढ शिक्षा। बाल शिक्षामार्फत साक्षर हुने स्वाभाविक प्रक्रिया हो भने प्रौढ शिक्षामार्फत साक्षर हुने बाटोलाई विकासे बाटो ठानिन्छ। निर्देशित योजना सम्पादन गर्न साक्षरतालाई पूर्वशर्त मानी बालशिक्षाबाट साक्षर गराउने काम ढिलो हुने भएकोले प्रौढ साक्षरताको छोटो बाटो रोजिएको हो। विकासका गतिविधि र संस्थाहरू विस्तारित हुँदै जाँदा नेपालमा प्रौढ शिक्षा नचलाउने संस्थाहरू कमै रहे। शिक्षादेखि वन/वातावरण र कृषि उद्योग मन्त्रालयसम्म प्रौढ साक्षरता कार्यक्रममा संलग्न रहे। गैससहरू त साक्षरताका पर्याय नै भए। प्रायजसो गैससहरू बचत र लघु ऋणका कार्यक्रम चलाउने भएकाले हस्ताक्षरी साक्षरता बचत तथा ऋण समूहहरूको पूर्वशर्त नै रह्यो। गाउँ-गाउँमा आफूले चलाएका प्रौढ साक्षरता कक्षामा ल्याउन सहभागीहरू अपुग भएर गैससहरूबीच तानातान पनि भयो। हत्तपत्त कोही अनुगमनमा नआउने र आए पनि आएका दिन आफ्ना नातेदार/छिमेकीको हात समाएर ल्याएपछि काम फत्ते हुने हुनाले यी कक्षा जाँगरिला बेरोजगारका अल्पकालीन समाधान पनि भए। प्रौढ साक्षरता जति दोहोरो-तेहोरो-चौहारो पन भएको अरू कार्यक्रम शायद भएन। तैपनि नेपालको साक्षरतामा प्रौढ शिक्षाको योगदान एक प्रतिशत जति मात्र रहेको अनुमान गरिन्छ।

माथिको विवरणबाट के देखिन्छ भने अहिलेकै चालाले चल्ने हो भने निकट भविष्य (मानौं १० वर्ष) मा निरक्षरता उन्मूलन हुन सक्दैन। तर यहींनेर अर्को प्रश्न पनि जन्मिन्छ– के 'सम्पूर्ण साक्षरता' नै जरुरी छ त? अनुभवले देखाएको छ त्यो जरुरी छैन। सबैलाई साक्षर गराउने जोड साक्षर मानिसहरूले निरक्षर मानिसहरूसँग व्यवहार चलाउने तरिका थाहा नभएकाले आएको हो। साक्षर हुने आवश्यकता सबै निरक्षरहरूको होइन। धेरै प्रौढहरू– आफू साक्षर हुन प्रयत्न गर्नुभन्दा आफ्ना केटाकेटीलाई साक्षर/शिक्षित बनाउनुलाई महत्त्वपूर्ण ठान्छन्, जुन अस्वभाविक होइन।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र नेपाल सरकारको संयुक्त लगानीमा चलेको लघुव्यवसाय विकास परियोजनासँग सम्बद्ध ६० प्रतिशत सफल व्यवसायीहरू निरक्षर थिए। यसले लघु व्यापारका निम्ति हप्तौं लगाएर जोड-घटाउ-गुणन-भाग सिकाउनुभन्दा १००-१५० रुपैयाँमा प्राप्त हुने चिनियाँ क्यालकुलेटर किनिदिनु बढी दक्षतापूर्ण हुन्छ भन्ने अर्को तथ्यतर्फ संकेत गर्छ। यो कुरालाई अध्ययनहरूले पनि पुष्टि गरेका छन्। साक्षरता आफैंमा प्राविधिक सीप पनि हो। प्रौढ अवस्थामा गणितको जटिलता सिकाउन खोज्नु प्रौढहरूलाई एक किसिमको सजाय पनि हो। जबकि केटाकेटीले आफ्नो विकासको

## यति गरे हुन्छ

■ कृष्णबहादुर वली

निम्न विधि अपनाउने हो भने सबै निरक्षर नेपालीलाई तीन वर्षभित्र साक्षर बनाउन सकिन्छ:

**विधि–१**
सर्वप्रथम निरक्षरहरूलाई खोजी खोजी कक्षामा भर्ना गर्ने; नियमित रूपमा कक्षामा आई अध्ययन गरेबापत सकेसम्म सबैलाई प्रोत्साहनस्वरुप केही रकम अथवा चिज दिने अथवा अध्ययनमा सफल हुने जतिलाई केही कुरा दिने र असफल हुनेले फेरि दोहोऱ्याएर पढ्नैपर्ने व्यवस्था गर्ने। यसरी प्रोत्साहन रकम वा वस्तुको व्यवस्था गरेपछि त्यसको आशाले जसरी भए पनि कक्षामा उपस्थित भई राम्रोसँग अध्ययन पनि गर्दछन्।

**विधि–२**
नेपालबाट निरक्षरतालाई निर्मूल नै गर्ने अर्को उपाय हो– राज्यबाट

चरणमा वातावरण पाउनासाथ त्यस्ता कुरा सजिलै सिक्छन् । अझै साक्षरता कायम रहने अवस्थाको कुरा गर्ने हो भने त प्रौढ साक्षरता कार्यक्रम बेतुक नै सावित हुन्छ । सन् ७० को दशकतिरै भएको एक अध्ययनले के देखाएको छ भने कुनै नव साक्षर जीवनभर नै साक्षर रहिरहोस् भन्ने चाहने हो भने उसले सिकेका कुरा (अक्षर) कमसेकम तीन-चार वर्षसम्म सक्रियता साथ प्रयोग गर्ने वातावरण पाउनुपर्छ । ६-८ महीने साक्षरता कक्षा त 'हिंड्दैछ पाइला मेट्दैछ' मात्रै हो ।

अझै पनि साक्षरता कार्यक्रममा लगानी पुगेन भन्ने बलियै जमात देशमा नभएको होइन । तर त्यस्तो जमातले यी कुरालाई खुला भएर हेर्न सकेको छैन । मुख्य कुरा नमिल्ने भनेको पर्याप्त मिहिनेत नगरी हाम्रो 'साक्षरता' हासिल गर्ने, उच्च साक्षरता देखाउने प्रवृत्ति नै हो । अझै पनि हामी प्रौढ साक्षरता कार्यक्रम चलाएर निरक्षरता उन्मूलन गर्ने सोच राख्छौं भने; त्यो सफल त हुन्न नै व्यर्थमा शक्ति र स्रोत बर्बाद गरिरहेका हुनेछौं । यो मनोदशामा परिवर्तन निरक्षरता उन्मूलनतर्फको पूर्वशर्त हो ।

प्रौढ साक्षरतामा भएको लगानी बाल-शिक्षामा लगाउनु पूर्ण साक्षरतातर्फको महत्त्वपूर्ण पाइला हो । हामीले हाम्रो ध्यान साक्षरताका हिसाबले पनि प्राथमिक शिक्षातर्फ अभिमुखीकरण गर्नु जरुरी छ । निरक्षरता उन्मूलन गर्ने भनेको निरक्षर प्रौढहरूलाई साक्षर बनाउनेतर्फ होइन, निरक्षर व्यक्ति नजन्मनेतर्फ हाम्रा प्रयत्नहरू केन्द्रित हुनुपर्छ । आउने दिनमा १० वर्ष उमेर पुगेका कोही पनि निरक्षर रहन नसक्ने स्थिति सिर्जना गर्‍यौं भने पूर्ण साक्षरता हासिल हुँदैन र ?

यसो भनेर अनौपचारिक शिक्षा केन्द्र जस्ता निकाय र अनौपचारिक शिक्षाको महत्त्व र आवश्यकता छैन भन्ने कुरा होइन । तर अनौपचारिक शिक्षा र प्रौढ साक्षरता समानार्थी अर्थमा बुझिनुभएन । यदि प्रौढ साक्षरतामा जस्तो सरकारी र विशेषगरी गैरसरकारी निकाय संलग्न गराउने दृष्टिकोण र नीति अख्तियार गरिएमा सम्भवत: आउने १५ वर्षभित्र निरक्षरता उन्मूलन गर्न सकिनेछ ।

**शिक्षा नीति तथा अभ्यास केन्द्र, काठमाडौं**

निम्न कागजात वा सुविधा लिनका लागि सबै नागरिकले आफू साक्षर भएको प्रमाण-पत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने नियम बनाई कडाइका साथ लागू गर्ने:

(क) नागरिकताको प्रमाण-पत्र
(ख) घरजग्गाको किनबेच
(ग) बसाइँसराइको प्रमाण-पत्र
(घ) वृद्धा भत्ता, अपाङ्ग भत्ता, एकल महिला भत्ता आदि
(ङ) पासपोर्ट ।

माथिका सेवाहरू दिंदा सेवाग्राहीसँग राज्यले अनिवार्य रूपमा साक्षर भएको प्रमाण-पत्र खोजबिन गरेमा नेपालबाट निरक्षरता सहजै र आफैं उन्मूलन हुन्छ; यसमा खासै खर्च पनि लाग्दैन ।

### विधि-३

कुनै पनि ठाउँविशेषबाट निरक्षरता हटाउने कार्यको जिम्मेवारी त्यही ठाउँको विद्यालयलाई दिने । यसरी तोकिएको दायित्व पूरा नगर्ने विद्यालयका प्रअ, शिक्षक र व्यवस्थापन समितिका पदाधिकारीलाई सरकारले कडा कानूनी कारबाही गर्ने । राजनीतिक नियुक्ति, ठेक्कापट्टा र सरुवा-बढुवाको निम्ति अयोग्य हुने व्यवस्था गर्नु त्यस्तो कारबाहीको एउटा विधि हुनसक्छ ।

**श्री भृकुटी प्रावि, राङ्सी-१, रोल्पा**

# प्राज्ञिक साक्षरता: सम्भव छैन

■ **हेमचन्द्र अधिकारी**

अबको तीन वर्षभित्र 'सबै' निरक्षर नेपालीलाई साक्षर बनाउने लक्ष्य वास्तवमा सपना मात्रै हो । छोटो अवधिमा मौखिक साक्षरतासम्म त सम्भव होला तर प्राज्ञिक साक्षरता यति छोटो अवधिमा असम्भवप्राय: छ । यो सपनालाई विपनामा परिणत गराउन नसकिने कारणहरू यसप्रकार छन्:

- विशेषत: पाको उमेरका व्यक्तिलाई साक्षर बनाउनु चुनौतीपूर्ण हुन्छ । यहाँ 'सबै नेपाली' शब्दले वृद्धहरूलाई पनि समेट्छ र यसै समूहका धेरै व्यक्ति निरक्षर छन् । सबै प्रौढहरू सिकाइप्रति न त उत्सुक हुन्छन् न त उनीहरूलाई त्यति सजिलै उत्प्रेरित नै गर्न सकिन्छ ।
- सडक बालबालिका जसले पारिवारिक माया-ममता र सामाजिक संस्कारको अनुभूति नै गर्न पाएका छैनन्, उनीहरू सबैलाई शिक्षाको अवसर प्राप्तिमा सामेल गराउनु चुनौतीपूर्ण छ । किनकि उनीहरू आफ्नो समूहबाहेक अरूको कुरा सुन्न र उनीहरूको सम्पर्कमा आउने चाहँदैनन् ।
- देशमा निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्याको आकार अझै पनि ठूलो छ । एक दिन काम नपाए भोकै बस्न बाध्य हुनुपर्ने सो समूहका व्यक्तिलाई साक्षरता शिक्षाले तत्कालै कुनै राहत दिन नसक्ने यथार्थका बीच उनीहरूको निम्ति शिक्षाको आवश्यकता गौण बन्न पुग्छ ।
- विकट भौगोलिक क्षेत्रको जन-आवादी पातलो छ । यस्तो क्षेत्रका सबै व्यक्तिलाई साक्षरता शिक्षाको अवसर उपलब्ध गराउने कार्य आफैंमा जटिल छ ।
- घुमन्ते जीवनयापन गर्ने समुदायलाई शैक्षिक प्रक्रियामा संलग्न गराउन बढी नै समय लाग्ने निश्चित छ ।
- साक्षरता कक्षा सञ्चालन गर्ने सहजकर्ता न त सबै सहभागीहरूलाई उत्प्रेरित गरी नियमित कक्षा सञ्चालन गर्न सक्षम छन् न त उपलब्धिको सही तथ्याङ्क नै प्रस्तुत गर्छन् । सहभागी सबै साक्षर भएको विवरण दिई अर्को चरणमा तिनीहरूलाई नै निरक्षरको सूचीमा समावेश गरिएको पाइन्छ ।

यस्ता विविध परिस्थितिका कारण तीन वर्षमै देशबाट निरक्षरता पूर्ण रूपमा हटाउने सम्भावना न्यून छ । यद्यपि साक्षरता अभियानलाई निरन्तरता दिइरहनु भने अत्यावश्यक छ ।

## साक्षरता अभियानको जिम्मेवारी

स्थानीय तहमा साक्षरता अभियानको सञ्चालन तथा कार्यान्वयन गर्न सक्षम र उचित निकाय सामुदायिक विद्यालय मात्रै हुन् । यसर्थ यसको जिम्मेवारी विद्यालयलाई नै दिनु बुद्धिमत्ता ठहर्छ । विद्यालयमा अनौपचारिक शिक्षासम्बन्धी छुट्टै व्यवस्था गरी विद्यालयमै तथा सहभागीको सुविधा हेरी विद्यालय मातहत रहने गरी अन्य उपयुक्त स्थानमा साक्षरता कक्षा सञ्चालन गर्नुपर्छ र यसको नियमित अनुगमन तथा सुपरीवेक्षण विद्यालयको तर्फबाट गर्ने प्रबन्ध मिलाउनुपर्छ ।

**श्री भारती उमावि, हात्तीखर्क-६, धनकुटा**

टिप्पणी



गुणराज लोहनी

# सरकारमा बाबुराम शिक्षामा प्रतिगमन

**शुरूमा एमाओवादीले विद्यालय क्षेत्र सुधार कार्यक्रममा ८ बुँदे असहमति जाहेर गरेको थियो। तर, सरकारमा गइसकेपछि त्यही कार्यक्रम लागू गर्न अध्यादेश तयार पार्‍यो। अत्यन्तै दु:खको कुरा त के भयो भने २०६५ साल चैत १२ गते बाबुराम भट्टराईले शिक्षाका 'व्यापारी'हरूसँग १४ बुँदे सहमति गरेर माओवादी शिक्षामा निजीकरण र व्यापारीकरणको विरोधी हैन बरु पक्षपाती हो भन्ने प्रमाण दिए।**

जनयुद्धकालमा शिक्षक र विद्यार्थीका बैठकहरूमा प्रचण्ड र बाबुरामले महत्त्वका साथ भन्ने गर्थे- 'शिक्षा राष्ट्रिय, जनवादी र वैज्ञानिक हुनुपर्दछ। यी तीन वटा सारतत्व भएको शिक्षा नै जनवादी शिक्षा हो।' त्यतिबेला नयाँ पाठ्यक्रम, नयाँ पाठ्यपुस्तक, नयाँ संरचना, नि:शुल्क, समान र अनिवार्य शिक्षा जस्ता पदावलीहरू हाम्रा मुखमा झुण्डिएका हुन्थे। 'निजी शिक्षा'का विरुद्ध आन्दोलन गर्ने आदेश मात्रै होइन, त्यसको योजना समेत आफैंले बनाएर दिन्थे उनीहरू। शिक्षाको निजीकरण र व्यापारीकरणले वर्गविभेद गर्दछ, दुईखालको जनशक्ति उत्पादन गर्दछ भन्ने मान्यता थियो। त्यसैले प्रचलित शिक्षा प्रणाली पूर्णरूपले बुर्जुवा भएको ठोकुवा गरिन्थ्यो। 'यो शिक्षा जति धेरै पढिन्छ, त्यत्ति नै धेरै मूर्ख भइन्छ' समेत भन्ने गरिन्थ्यो। त्यसैले नयाँ जनवादी राज्यसत्ता स्थापना गर्नुपर्दछ, नयाँ जनवादी शिक्षा प्रणाली लागू गर्नुपर्दछ। बुर्जुवा शिक्षा लिनु भनेको समय बर्बाद गर्नु मात्र हो भन्ने थियो। राज्यप्रणाली, शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्नुपर्दछ भन्ने नाराबाट प्रभावित भएर नै ग्रामीण युवाहरू पढ्न छाडेर जनयुद्धमा सामेल भए। यति हुँदाहुँदै पनि केही नेताका छोराछोरी महँगा बोर्डिङ स्कूलमा पढिरहेको भन्ने सुनिन्थ्यो र त्यसको विरोध पनि हुन्थ्यो। त्यस्ता नेताहरू सुरक्षाका कारणले आफ्ना छोराछोरीलाई बोर्डिङमा पढाउनु परेको तर्क पेश गर्थे।

माओवादीका तिनै नेताहरू शान्ति प्रक्रिया शुरू भएपछि संयुक्त र एकल गरी चार पटक सरकारमा गए। शिक्षा मन्त्रालयको नेतृत्व पनि सम्हाले। तर, विडम्बना जनयुद्धकालमा बुर्जुवा शिक्षा र जनवादी शिक्षाका ठूला ठूला कुरा गर्ने नेताहरू आफ्नै कथनको ठीक विपरीत काम गर्न थाले। पछिल्ला ६ वर्षमा शिक्षाको अवस्था झन् विकराल बनेको छ। २०६३/६४ सालपछि प्राविधिक शिक्षा सामान्य जनताको पहुँचले नभ्याउने गरी असाध्यै महँगो भयो।

सामुदायिक विद्यालयबाट प्रवेशिका उत्तीर्ण औसत विद्यार्थीले अहिले मेडिकल साइन्स र इन्जिनियरिङ जस्ता विषय पढ्ने सपना देख्न छोडेका छन्। यसका दुई वटा पक्ष छन्: आर्थिक र शैक्षिक। प्राविधिक शिक्षा असाध्यै महँगो भएको छ। एमबीबीएस पढ्नका लागि रु. ४०-४२ लाखसम्म तिर्नुपर्दछ। अर्को कुरा, बोर्डिङ र सामुदायिक विद्यालयका विद्यार्थीबीचको शैक्षिक प्रतिस्पर्धा हात्ती र मुसाबीचको दौड जस्तो हुन पुग्दछ। एमाओवादी सरकारमा रहँदा सबै विद्यार्थीबीचको दौड एउटै रेखाबाट शुरू गर्न सक्दथ्यो। तर, विडम्बना त्यस्तो प्रयास नै भएन। उसले समान रेखा खिच्ने कोशिश नै गरेन। बरु उल्टै शिक्षामा सजिलैसँग दलाल पूँजीवादलाई प्रवेश गर्ने वातावरण तयार पारिदियो। बेरोकटोक विदेशी लगानीका मेडिकल तथा इन्जिनियरिङ कलेज, स्कूलहरू खोल्न दिइएको छ। निजी विद्यालयका महँगा, भड्किला र अश्लील विज्ञापनहरू सञ्चारमाध्यममा सहजै दिन पाउने बनायो। शुरूमा एमाओवादीले विद्यालय क्षेत्र सुधार कार्यक्रममा ८ बुँदे असहमति जाहेर गरेको थियो। तर, सरकारमा गइसकेपछि त्यही कार्यक्रम लागू गर्नका लागि अध्यादेश तयार पारियो। अत्यन्तै दु:खको कुरा त के भयो भने २०६५ साल चैत १२ गते बाबुराम भट्टराईले शिक्षाका 'व्यापारी'हरूसँग १४ बुँदे सहमति गरेर माओवादी शिक्षामा निजीकरण र व्यापारीकरणको विरोधी हैन बरु पक्षपाती हो भन्ने प्रमाण दिए।

शिक्षण संस्थाहरूमा पैसाको तौलको आधारमा पदाधिकारी नियुक्ति गर्ने गरिएको छ। शिक्षामन्त्री दीनानाथ शर्मा 'सामुदायिक र निजी दुवै विद्यालय जनवादी विद्यालय हुन्' भन्दै अन्तरवार्तामार्फत शाब्दिक भ्रष्टीकरण गरिरहेका छन्। निजी विद्यालयका सञ्चालकहरूको संस्थाको अधिवेशनमा प्रमुख अतिथि भई प्रधानमन्त्रीले उनीहरूलाई प्रोत्साहित र सामुदायिक विद्यालय र त्यहाँ कार्यरत शिक्षक/कर्मचारीलाई निरुत्साहित गर्ने मन्तव्य दिए। यसबाट सामुदायिक शिक्षाका विरुद्ध र निजी शिक्षाको पक्षमा काम गरेको सजिलै बुझ्न सकिन्छ।

एमाओवादीले विगतमा शिक्षा सम्बन्धी दिएका नाराहरू आफू पदमा पुग्न, प्रतिष्ठा बढाउन र पैसा कमाउन मात्र रहेछन् भन्ने स्पष्ट भइसकेको छ। हिजो जनयुद्धकालमा युवाहरूलाई बुर्जुवा शिक्षा छाडेर लड्न आह्वान गर्ने माओवादी नेताहरू अहिले आफ्नै हातले आफ्ना सन्तानलाई उच्चशिक्षामा राम्रो परिणामको प्रमाणपत्र वितरण गरेर गर्व गरिरहेका छन्। अनि जनयुद्धमा सामेल हुँदा शिक्षाबाट बञ्चित हुन पुगेका तिनकै छोराछोरीका उमेरका युवायुवतीहरूलाई 'मूर्खहरू' भन्दै खिसिट्यूरी गरिराखेका छन्।

२०४८ सालमा कांग्रेसले आर्थिक उदारीकरणको नारा दियो र उसकै पालादेखि शिक्षामा निजीकरण र व्यापारीकरण फस्टायो। कांग्रेसपछि एमालेले सरकार चलायो। माले हुँदा बुर्जुवा शिक्षा बहिष्कारको नारा दिए पनि एमालेले शिक्षामा निजीकरणको विरोधको


onlinekhabar.com

**प्रधानमन्त्री डा. बाबुराम भट्टराई स्नातकोत्तर (राजनीतिशास्त्र) मा उत्कृष्ट अंक ल्याएकी छोरी मानुषीलाई त्रिविको कुलपतिका हैसियतले प्रमाण पत्र प्रदान गर्दै।**

नीति लिएन। त्यसैले त्यस पार्टीका नेताले पनि आफैं महँगा बोर्डिङ खोले। अहिले पनि तिनले शहीदका नाममा निजी कलेज सञ्चालन गरेर राम्रै मुनाफा कमाइरहेका छन्। २०६५ सालमा सेन्ट जेभियर्सबाट निष्कासित चार जना शिक्षकहरू त्यहाँ प्रचण्डकी नातिनी र वर्षमान पुन 'अनन्त'का सन्तान पढ्ने भएकाले पुनर्वहाली हुन सकेनन्।

जनयुद्धकाल र त्यसपछि पनि शिक्षक/कर्मचारीहरूले पेशागत सुनिश्चितताका लागि आन्दोलन गरे। अन्य पार्टीका सरकार हुँदा माओवादी नेताहरू ती आन्दोलनलाई ठीक भन्दै समर्थन गर्थे। तर, प्रचण्ड प्रधानमन्त्री हुँदा शिक्षक/कर्मचारीका माग पूरा गरिएन। अर्थमन्त्रीका रूपमा बाबुराम भट्टराईले त हाम्रा केही माग बेठीक भएको तर्क समेत गरे। प्रचण्ड प्रधानमन्त्री हुँदा शिक्षामन्त्री माओवादीको नभएकाले शिक्षक/कर्मचारीका माग पूरा गर्न र शिक्षामा सुधार गर्न सकिएन भन्ने तर्क नेताहरूले गर्दथे। पछिल्लो क्रममा बाबुराम भट्टराई प्रधानमन्त्री, वर्षमान पुन अर्थमन्त्री र दीनानाथ शर्मा शिक्षामन्त्री बन्न पुगे। त्यहीबेला सरकारले माग पूरा नगरेका कारण शिक्षक/कर्मचारीको संयुक्त आन्दोलन उठ्यो। आफ्नै पार्टीको सरकार विरुद्ध आन्दोलन गर्नु गलत हो भन्ने हौवा पनि पिटाइयो। त्यतिबेला नेपालका सबै शिक्षक/कर्मचारीका संगठनहरू एक ठाउँमा उभिएर आन्दोलन गरेर यहाँका सबै राजनीतिक पार्टीहरूलाई एकै ठाउँमा ल्याएर तत्कालीन सभामुखको उपस्थितिमा सहमति गरियो। तर, बाबुराम सरकारले ऐन बनाउन व्यवस्थापिकामा विधेयक नै प्रवेश गराएन र शिक्षक/कर्मचारीका माग पूरा नहुने परिस्थिति सिर्जना गरिदियो।

नेपालमा दिनको एक डलर भन्दा कम आम्दानी गर्नेलाई गरिबीको रेखामुनि राख्ने गरिन्छ। गत एक वर्षमा उपभोग्य वस्तुको औसत मूल्य वृद्धि १० प्रतिशत छ। नेपालमा शैक्षिक सत्र २०६४/६५ मा कुल विद्यालय संख्या ३१,१५६, शिक्षक संख्या २,०७,५६७ र विद्यार्थी संख्या ७८,४५,८०० रहेको देखिन्छ। प्रत्येक विद्यालयलाई एक न्यून वेतनी कर्मचारी दिने हो भने विद्यालयमा कार्यरत जनशक्तिको संख्या दुई लाख ३८ हजार ७२३ पुग्दछ। सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी र राहतका शिक्षकहरूलाई मात्र सरकारले तोकिएको तलब

**जनयुद्धकालमा युवाहरूलाई बुर्जुवा शिक्षा छाडेर लड्न आह्वान गर्ने माओवादी नेताहरू अहिले आफ्नै हातले सन्तानलाई उच्च शिक्षामा राम्रो परिणामको प्रमाणपत्र वितरण गरेर गर्व गरिरहेका छन्।**

स्केल विनियोजन गरेको हुन्छ। तोकिएको तलब बुझ्ने शिक्षकहरूको संख्या पनि एक लाख ४७ हजार ८११ छ। शिक्षा विभागको गत जेठ २५ को निर्देशन पत्रमा विद्यालयका कर्मचारीलाई मासिक रु.२५०० का दरले १२ महीनाको रकम विनियोजन गर्ने निर्देशन दिइएको छ। त्यही विनियोजित रकमलाई १३ महीनाको तलबमा रूपान्तरण गरेर एक दिनको तलबमान निकाल्ने हो भने त्यो रु.७६.९२ पर्न आउँछ। विभागको त्यही निर्देशन पत्रको अर्को बुँदामा एकजना कर्मचारीलाई वार्षिक रु.११०० दिने भनिएको छ। त्यसलाई १३ महीना र एक दिनको तलबमा भाग लगाउने हो भने रु.२८.२० पर्दछ। नेपालको सामुदायिक विद्यालयमा पीसीएफ, इसीडी, विभिन्न नामका निजीस्रोतका शिक्षक र कर्मचारी छन् जुन सम्पूर्ण शिक्षक कर्मचारीको ३८ प्रतिशत हुन आउँछ। निजी विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीको संख्यालाई यहाँ उल्लेख गर्ने हो भने त्यो प्रतिशत झनै बढ्दछ। अहिलेको बाबुराम सरकारले गत २ चैतमा आन्दोलनरत शिक्षक, कर्मचारीसँग भएको सहमति लागू नगरेर विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीहरूलाई गरिबीको रेखामुनि राखेको छ। जबकि बाबुरामको सरकार बनेपछि चिया खर्च मात्र करोडौंमा हुन्छ। सरकारका पूर्व प्रशासकहरूका लागि एक वर्षका लागि रु.५० करोड छुट्याउँछन्। प्रधानमन्त्रीका ४८ जना सल्लाहकार र स्वकीय सचिवको तलबमा एक महीनामा नै लाखौं रुपैयाँ निकासा हुन्छ। प्रधानमन्त्रीको चिया खर्च र पूर्व प्रशासकहरूको सुविधा खर्च मात्रै कटौती गर्ने हो भने पनि सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको तलब सुविधालाई व्यवस्थित गर्न पर्याप्त हुन्छ।

Kathmandu BookClub

सहुलियतमा घरैमा बसीबसी पुस्तक प्राप्त गर्नुहोस्
काठमाण्डू बुक क्लबको सदस्य बन्नुहोस्

आजीवन सदस्यता शुल्क रू. १००/-
संस्थागत सदस्यता रू. ५००/-

थप जानकारीका लागि
**काठमाण्डू बुक क्लब**
लाजिम्पाट, नारायणगोपाल सडक, काठमाडौं - २
फोनः ४४४०६३५
info@kathmandubookclub.org
www.kathmandubookclub.org

# योगदानमूलक सामाजिक सुरक्षा कोषको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक, २०६८

नेपालको इतिहासमै पहिलोचोटि सन् १९४७ मा विराटनगर जुटमिल्सका श्रमिकले आफ्नो हकअधिकारको निम्ति आन्दोलन गरेका थिए। उक्त आन्दोलनका मुख्य माग– श्रमिकलाई दैनिक ८ घण्टा मात्र काममा लगाउनुपर्ने, खाना तथा लुगामा सहुलियत, ज्यालादर वृद्धि आदि थिए। तथापि, त्यतिबेलादेखि धेरै पछिसम्म पनि नेपाली मजदूरहरूको संगठन शक्ति बलियो थिएन।

सन् १९९० को जनआन्दोलनपश्चात् नेपाली श्रमिकहरूको हकअधिकारको पक्षमा नीतिगत रूपमा महत्त्वपूर्ण कार्य भएको देखिन्छ। सन् १९९० को संविधानले संगठित हुने अधिकार प्रत्याभूत गरेपश्चात् नेपालमा खुला वातावरणमा ट्रेड युनियनहरूको विकास भएको पाइन्छ। श्रम ऐन, १९९२; बालश्रम निषेध ऐन, २०००; ट्रेड युनियन ऐन, १९९३; श्रम अदालत कार्यविधि नियमावली, १९९५ लाई यस क्षेत्रको विकासका निम्ति महत्त्वपूर्ण फड्कोको रूपमा लिन सकिन्छ। यी ऐन नियमहरू कार्यान्वयनका निम्ति श्रम अदालतको स्थापना, त्रिपक्षीय राष्ट्रिय सल्लाहकार बोर्ड, श्रम सम्बन्ध समितिको गठन जस्ता संरचनाहरूको विकासलाई पनि उल्लेख्य मान्नुपर्छ।

नेपाली श्रमिकहरूको हकअधिकार सुनिश्चित गर्ने तथा असल र समान शक्ति सम्बन्धमा आधारित श्रम सम्बन्ध स्थापना गर्ने वातावरण तय गर्न नेपालले अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा पारित विभिन्न सन्धि–सम्झौताहरूमा पनि हस्ताक्षर तथा अनुमोदन गरेको छ।

नेपालको अन्तरिम संविधान-२०६३ ले रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकको प्रत्याभूति गरेको छ। अन्तरिम संविधानमा श्रम सम्बन्धी हक अन्तर्गत प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक तथा कानूनमा व्यवस्था भए बमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आ-आफ्ना हित रक्षाको निमित्त ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजीको हक हुने व्यवस्था पनि सुनिश्चित गरी श्रम शक्तिका लागि रोजगार तथा अन्य श्रम अभ्यास गर्ने अधिकारलाई मौलिक अधिकारको रूपमा स्वीकार गरिएको छ।

श्रम ऐनले स्थायी श्रमिकहरूका निमित्त केही प्रावधानहरूको व्यवस्था गरेको छ। उदाहरणका लागि कल्याणकारी कोष, कुनै प्रतिष्ठानका कर्मचारी कामको सिलसिलामा दुर्घटना भएमा निजका परिवारलाई क्षतिपूर्तिको व्यवस्था, उपदान, सञ्चयकोष, औषधि उपचार, बिदा, बासस्थानको व्यवस्था, महिला कामदारका लागि सुत्केरी बिदा, बालबालिकाको लागि निश्चित सुविधासहितको छुट्टै कोठाको व्यवस्था, प्राथमिक स्वास्थ्योपचारको व्यवस्था, पचासभन्दा बढी कामदार एकै समयमा काम गर्ने प्रतिष्ठानमा विश्राम कोठाको व्यवस्था जस्ता प्रावधानहरू राखिएको छ। त्यसैगरी, सवारी तथा यातायात व्यवस्थापन ऐनले दुर्घटना बीमा जस्ता व्यवस्थाहरू गरेको पाइन्छ।

रोजगारीजन्य जोखिमहरूलाई सम्बोधन गर्न संगठित क्षेत्रका कामदारहरूको पारिश्रमिकमा १ प्रतिशत कर लगाई सामाजिक सुरक्षा कोषको व्यवस्थापन नेपाल सरकारले गर्दै आइरहेको छ। यद्यपि पहुँच र प्रभावकारिताको हिसाबले यो व्यवस्था अपर्याप्त रहँदै आएको छ। नेपालको ८१ प्रतिशत श्रमशक्ति कृषिमा अर्थात् अनौपचारिक क्षेत्रमा आधारित रहेको र हालसम्म पनि यस क्षेत्रमा संलग्न श्रमिकहरूका समस्या र आवश्यकतालाई सम्बोधन गर्ने गरी ठोस नीति बनाई त्यसलाई संस्थागत गर्न सकिएको छैन। परिणामस्वरुप यस क्षेत्रका अधिकांश श्रमिकहरू राज्यको संरक्षणबाट वञ्चित छन्।

माथिको पृष्ठभूमिमा औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकलाई आर्थिक योगदानको आधारमा सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले, योगदानमूलक सामाजिक सुरक्षा कोषको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक ल्याउने जुन तयारी भएको छ; यसलाई आफैंमा एक अत्यन्त महत्त्वपूर्ण कदमको रूपमा लिन सकिन्छ। नेपालमा अनौपचारिक क्षेत्र रोजगारीको अवसर सृजना गर्ने एक महत्त्वपूर्ण क्षेत्र तथा श्रम बजारको रूपमा विकास भइरहेको छ। तर श्रम ऐनले यस क्षेत्रको श्रम व्यवस्थापनलाई सम्बोधन गर्न तथा यस क्षेत्रलाई श्रम ऐनको क्षेत्राधिकारभित्र ल्याउन सकिरहेको छैन। परिणामतः ठूलो संख्यामा औपचारिक श्रम क्षेत्रभन्दा बाहिर रहेका श्रमिकहरूको श्रमको उचित मूल्याङ्कन र उनीहरूको श्रमअधिकारको उचित सुरक्षा हुनसकेको छैन। यस परिप्रेक्ष्यमा अनौपचारिक श्रम क्षेत्रलाई पनि योगदानमूलक सामाजिक सुरक्षा कोषको दायराभित्र ल्याउन यस विधेयकमार्फत भएको प्रयत्नलाई सकारात्मक रूपमा लिनुपर्ने हुन्छ।

नेपालको श्रम बजारमा श्रमिकहरू रोजगारीको सुनिश्चितताको लागि लडिरहेको र रोजगारदाताहरू यसको विपरीत नियुक्ति तथा बर्खास्तीको अधिकार आफूहरूलाई हुनुपर्ने माग गरिरहेको भेटिन्छ। यो परिप्रेक्ष्यमा योगदानमूलक सामाजिक सुरक्षा सम्बन्धी कोषको अवधारणासहित आएको यस विधेयकले नेपालको वर्तमान श्रम विवादका महत्त्वपूर्ण सवालहरू सम्बोधन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गर्न सकिन्छ।

## सुधार गर्नुपर्ने विषय

विधेयकको प्रस्तावना हेर्दा यो ऐन औपचारिक तथा अनौपचारिक श्रमिकहरूको सामाजिक सुरक्षा प्रत्याभूतिका निमित्त ल्याइएको देखिन्छ। यसले सामाजिक सुरक्षा चाहिने अन्य वर्ग, जस्तो विशेष अवस्थाका महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरूलाई समेटेको छैन; जसले यस ऐनको क्षेत्राधिकारलाई सीमित बनाएको छ।

विधेयकले अनौपचारिक क्षेत्र तथा स्वरोजगार श्रमिकको समयसापेक्ष परिभाषा गर्न सकेको छैन। यसमा प्रष्टता ल्याउनु आवश्यक देखिन्छ।

विधेयकको दफा १० ले व्यवस्थापन समितिको व्यवस्था गरेको छ। यसमा कार्यकारी निर्देशकको संयोजकत्वमा सबै सुरक्षा योजनाका प्रमुखहरू सदस्य रहेको सामाजिक सेवा व्यवस्थापन समिति रहनेछ भन्ने उल्लेख गरिएको छ। तर यो व्यवस्था प्रष्ट छैन। दफा ७ मा कोषको काम कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि सञ्चालक समितिको व्यवस्था गरी काम, कर्तव्य, अधिकार समेत तोकिसकेपछि पुनः व्यवस्थापन समितिको नाममा अर्को संरचना खडा गर्दा काम, कर्तव्यहरू दोहोरिने (overlap) भई व्यवहारमा काम गर्न असजिलो हुने सम्भावना रहन्छ। अतः कोषको आन्तरिक व्यवस्थापनका निमित्त कोषको सञ्चालक समितिले आवश्यकता अनुसार विभिन्न उपसमितिहरू

गठन गर्न सक्ने व्यवस्था गर्दा संरचना बढी कार्यमुखी (functional) हुनसक्छ।

दफा ११ ले कार्यकारी निर्देशकको नियुक्तिको व्यवस्था गरेको छ तर नियुक्तिको व्यवस्थामा नयाँपन देखिँदैन। कार्यकारी निर्देशकको नियुक्तिमा हुने राजनीतिकरणको सम्भावनालाई कसरी रोक्ने र हाल संस्थानहरूमा भइरहेको जस्तो राजनीतिक हस्तक्षेपबाट श्रमिकहरूको पसिनाबाट बन्ने यस कोषको व्यवस्थापनमा कसरी रोक लगाउन सकिन्छ भन्ने आधारमा यसलाई हेर्न आवश्यक छ।

सञ्चालक समितिमा ट्रेड युनियनको अधिक सहभागिताले समस्या समाधान गर्ने हो कि बल्झिने हो भन्ने विषयमा पनि अझ छलफल गर्नु आवश्यक देखिन्छ। सञ्चालक समितिको गठन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्ने विषयलाई प्रष्टसँग ऐनमा व्यवस्था गर्नु आवश्यक देखिन्छ।

दफा १६ ले कोषको लगानी कहाँ गर्ने भन्ने सम्बन्धमा व्यवस्था गरेको छ। कोषको रकम नाफामूलक क्षेत्रमा लगानी गर्ने विषयमा दुईमत हुँदैन तर यस दफाले लगानीका क्षेत्रहरू समेत तोकेको छ। यसमा घरजग्गा निर्माण र बहालमा दिने जस्ता क्षेत्रहरू नै तोकिएको छ जुन अहिलेको सन्दर्भमा हेर्ने हो भने एक जोखिमपूर्ण लगानीको क्षेत्र हो। अतः यसरी दफामै लगानीको क्षेत्र तोक्नेभन्दा पनि बजारको अवस्थाको मूल्याङ्कन प्रतिवेदनका आधारमा कानूनको परिधिभित्र रही लगानी गर्न सकिने भनी सारभूत व्यवस्था गरेमा आगामी दिनमा यस दफामा तोकिएदेखि बाहेक अन्य क्षेत्रमा पनि लगानी गर्न सक्ने बाटो खुला हुन्छ।

विधेयकको दफा २७ ले नेपाल सरकारका कर्मचारीको सूचीकरण सम्बन्धी व्यवस्था गरेको छ। तर नेपाल सरकारका कर्मचारीहरूको पेन्सन तथा अन्य सुविधा सम्बन्धी व्यवस्थाको बीच कसरी समन्वय गर्ने भन्ने विषयमा ऐन मौन रहेको देखिन्छ। यसमा प्रष्ट हुनु आवश्यक देखिन्छ।

विधेयकको दफा ३३ ले योगदानसम्बन्धी व्यवस्था गरेको छ। यस अन्तर्गत योगदान नगरी सामाजिक सुरक्षा प्राप्त नहुने, योगदान जम्मा गर्ने, राजगारदाताले योगदान गर्नुपर्ने, योगदानको दर, योगदान सङ्कलन सम्बन्धी व्यवस्था लगायतका विषयलाई उल्लेख गरिएको छ। विधेयकले योगदान र दर तोक्दा श्रमिक संख्या, मुद्रास्फीति, कोषको आर्थिक अवस्था जस्ता विषयलाई आधार मानेको छ, तर सामाजिक न्याय तथा समतामूलक वितरण जस्ता आधारभूत सिद्धान्तहरूका बारेमा भन्ने ऐन मौन देखिन्छ।

विधेयकको दफा ३७ ले सुरक्षा योजना सञ्चालन गर्ने व्यवस्था गरेको छ। यसरी सुरक्षा योजना सञ्चालन गर्दा महिला श्रमिकहरूको आवश्यकताको पहिचान गरी योजना ल्याउने व्यवस्था थप गर्नु आवश्यक देखिन्छ।

विधेयकको दफा ५२ ले यस ऐन सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न सामाजिक न्यायाधीकरण सम्बन्धी व्यवस्था गरेको छ। यस विधेयकका केही मस्यौदाकारहरूले यो आन्तरिक सुनुवाईको व्यवस्था गर्न आन्तरिक रूपमा गठन हुने न्यायाधीकरण हो भनी भनेको अवस्था छ। यदि उक्त विषय सही हो भने पनि सो विषय विधेयकमा प्रष्टसित आएको अवस्था छैन। यसरी प्रष्ट व्यवस्था नभएको अवस्थामा श्रम ऐन अन्तर्गत श्रम अदालतको गठन भइसकेको अवस्थामा यस ऐनको प्रयोजनका निमित्त छुट्टै सामाजिक न्यायाधीकरणसम्बन्धी व्यवस्थाको औचित्य छ कि छैन भन्ने विषयमा शायद थप छलफलको आवश्यकता रहन सक्दछ।

विधेयकले अनौपचारिक क्षेत्रलाई समेट्ने विषय अत्यन्त महत्त्वपूर्ण र सकारात्मक व्यवस्थाको रूपमा माथि उल्लेख गरिएको भए तापनि अनौपचारिक क्षेत्रभित्र के-के पर्दछन् भन्ने विषय प्रष्ट नभएको कारणले यस कोषले अनौपचारिक क्षेत्रलाई कुन रूपमा समेट्ने हो र समेट्न सक्ने अवस्था रहन्छ/रहँदैन भन्ने बारेमा पनि व्यावहारिक हुन आवश्यक छ। औपचारिक क्षेत्रको सुरुआत गरी सोको अनुभवको आधारमा यसलाई अनौपचारिक क्षेत्रमा विस्तार गर्न सकिन्छ। सम्पूर्ण अनौपचारिक क्षेत्रलाई तत्काल समेट्न नसक्ने हो भने पनि अत्यन्त सीमान्तकृत, महिला, दलित र जनजाति/आदिवासिहरू बढी संलग्न रहेको अनौपचारिक क्षेत्रलाई यस ऐनको प्रयोजनको लागि प्राथमिकतामा ल्याइनुपर्दछ। यसले एकातिर सामाजिक न्यायको विषयलाई सम्बोधन गर्दछ भने अर्कोतिर उक्त वर्गलाई आर्थिक मूलधारमा ल्याई सामाजिक समावेशीकरणको मूल मर्मलाई सम्बोधन गर्न पनि मद्दत गर्दछ।

विधेयकको दफा ६३ ले नेपाल सरकारले सामाजिक संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न कोषलाई अनुरोध गरेमा नेपाल सरकारबाट प्राप्त भएको कार्यनिर्देश तथा साधनस्रोतका आधारमा गर्नेछ भन्ने व्यवस्था गरेको छ। यस व्यवस्थाले गर्दा यस ऐनको क्षेत्राधिकार अन्य क्षेत्र अर्थात् noncontributory fund व्यवस्थापनमा समेत विस्तार हुनसक्ने सम्भावना देखिन्छ। तर यो ऐनको समग्र व्यवस्थालाई अध्ययन गर्दा यस ऐनको scope भित्र यी सबै विषय अटाउन सक्ने देखिँदैन। यसका निमित्त यस ऐनले परिकल्पना गरेको संरचनाले धान्न पनि सक्दैन। यसका निमित्त छुट्टै बृहद् सामाजिक सुरक्षा ऐनको आवश्यकता पर्दछ।

प्रस्तावित विधेयकको दफा ७५ ले नेपाल सरकारको दायित्व तोकेको छ। यस अन्तर्गत कुनै कारणले योगदानकर्ताहरूलाई सामाजिक सुरक्षा योजना बमोजिमको सुविधा उपलब्ध गराउन कोषमा भएको रकम अपर्याप्त भएमा सुरक्षा योजनालाई निरन्तरता दिने जिम्मेवारी नेपाल सरकारको हुनेछ भन्ने व्यवस्था गरेको छ। पहिलो कुरा त यो व्यवस्था अत्यन्त बृहद् देखिन्छ। कुनै पनि कारण भन्ने वाक्यांशले कोषमा जम्मा भएको रकम लगानी गर्दा घाटा भएमा वा कोषको उचित व्यवस्थापन नभएमा जस्ता थुप्रै कारणले हुन सक्दछन्। यसको जिम्मेवारी राज्यले लिँदै जान सक्दछ कि सक्दैन, राज्यको आर्थिक हैसियत त्यस्तो छ कि छैन भन्ने विषयमा अत्यन्त गम्भीर छलफल नगरी राज्यलाई यस्तो जिम्मेवारी र भार दिन मिल्दैन। अतः यो विषयमा गम्भीर छलफल हुन आवश्यक छ।

यस ऐनले श्रम ऐनमा भएका व्यवस्थाहरूलाई कसरी समन्वय गर्ने भन्ने बारेमा पनि कहीं उल्लेख भएको छैन। यस ऐनले योगदानममूक सामाजिक सुरक्षा खासगरी श्रमिकलाई केन्द्रित गरी ल्याएको देखिन्छ यद्यपि यस ऐनमा प्रस्तावित केही दफाहरू विशेषगरी दफा ६३ जस्ता प्रावधानहरूले गर्दा यस ऐनको समग्र सैद्धान्तिक आधार विचलित हुन पुगेको हो कि भन्ने प्रतीत हुन्छ। त्यसकारण यो ऐन ल्याउनुको मूलभूत उद्देश्य भनेको योगदानमूलक सामाजिक सुरक्षा कोष नै हो भने आफूले लिएको सैद्धान्तिक आधारबाट विचलित नभई अगाडि बढ्नु आवश्यक देखिन्छ।

अन्त्यमा यस विधेयकलाई निरपेक्ष रूपमा अगाडि बढाउनुभन्दा प्रस्तावित श्रम ऐन संशोधन विधेयक लगायत अन्य अन्तरसम्बन्धित विधेयकलाई पनि साथै अगाडि बढाउन आवश्यक देखिन्छ। 📖

**अधिवक्ता इन्दु तुलाधरद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा सम्बन्धित क्षेत्रका अन्य दबाब समूहहरूको इनपुटका आधारमा अन्तिम रुप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन लालबाबु पण्डित, लक्ष्मी परियार, श्याम विश्वकर्मा, विनितकुमार झा, उषा मल्ल पाठक, सीता गुरुङ, बिन्दा पाण्डे, प्रकाश स्नेही, महेश बराल, हरिनारायण यादव, रमेश बडाल, कमला विश्वकर्मा, भरत गौतम, नेत्रविक्रम थापा, तेज रावल, दिनेश त्रिपाठी, गणेशदत्त भट्ट आदि लगायत फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेत प्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*

आवरण

# सजायको समय

विकसित देशका विद्यालयमा बालबालिकालाई दिइने सबै प्रकारका सजाय कानूनी रूपमा मात्र होइन, व्यवहारमा पनि निषेधित छन्। तर, नेपाली स्कूल भने अझै पनि छात्रछात्रालाई थर्काएर, तर्साएर, कुटेर र गाली गरेर सिकाउनु/पढाउनुपर्छ भन्ने मानसिकताबाट पूर्णतः मुक्त हुन सकेका छैनन्। सजाय नदिई र सम्मानजनक तरिकाले पनि विद्यार्थीलाई अनुशासनमा राख्न र सिक्न–पढ्न प्रेरित गर्न सकिन्छ भन्ने कुरामा प्रअ, प्रिन्सिपल, शिक्षक र अभिभावकहरूलाई पूर्णतः विश्वस्त–आश्वस्त तुल्याउन जरुरी छ। किनभने बालबालिकालाई शारीरिक तथा मानसिक सजाय दिएर पढाउने/सिकाउने युगको अन्त्य भइसकेको छ।

■ बाबुराम विश्वकर्मा



# सकियो

**ललितपुर, बुङ्मती (फर्सीडोल) स्थित बाखेलकुमारी निमाविका कक्षा ६ का छात्रछात्रा शिक्षकको प्रश्नको जवाफ दिन नसक्दा सजाय स्वरुप उभ्याइँदै ।**



प्रमोद आयाम

ललितपुर, बुङ्मती (फर्सीडोल) स्थित बाखेलकुमारी निमाविले तीन वर्षअघि नै बालमैत्री शिक्षण सिकाइ विधि अख्तियार गरेको भए तापनि त्यहाँका विद्यार्थीले सजाय पाउन छाडेका छैनन्। १७ साउन २०६९ मा कक्षा ६ मा उपस्थित चौधै जना छात्रछात्राले विज्ञान शिक्षक मनोज लामाको गोदाइ भेटे, कसैले गालामा त कसैले ढाडमा । तिनले सजाय पाउनुको कारण थियो, शिक्षक लामाले सोधेका प्रश्नको जवाफ दिन नसक्नु । लामा भन्छन्, “शुरूका तीन वटा पाठ पढाउँदासम्म त मैले केही गरिनँ । तर यिनले टेर्दै टेरेनन्, पढ्दै पढेनन्। त्यसैले पिट्नु पर्‍यो।” यो विद्यालयमा ‘पिटाइ’ दैनिक जीवनकै अंग बनिसकेको भान हुन्छ । कक्षा ६ की छात्रा सुनिता तामाङ भन्छिन्, “अलिअलि त पिट्नैपर्छ । नपिटे त हामीलाई पढ्दै मन लाग्दैन ।” भय र दण्डरहित सिकाइ शुरू गरिए पनि व्यवहारमा त्यसको कार्यान्वयन नभएको स्वीकार गर्छन्, प्रअ तुलाबहादुर लामा । उनी भन्छन्, “सबै शिक्षकले प्रतिबद्ध र जिम्मेवार भएर काम नगर्दासम्म दण्डरहित शिक्षणको कार्यान्वयन प्रभावकारी नहुने रहेछ ।”

दण्डरहित सिकाइ लागू गर्ने नीति लिएको उक्त स्कूलका शिक्षकको व्यवहार र छात्रछात्राको भोगाइ/भनाइले विद्यालयमा पढ्ने/पढाउने काम सामान्य पिटपाट र गाली विना असम्भव झैं लाग्छ । विद्यार्थीलाई डर नदेखाई वा गाली नगरी पनि पढाउन सकिन्छ भन्ने विश्वास धेरै शिक्षकमा पाइँदैन ।

सजायसहितको सिकाइको अभ्यास ठूला कक्षामा सीमित छैन, पूर्वप्राथमिक तहका साना नानीहरूलाई पनि पिट्ने/तर्साउने गरिएको छ। ११ साउन २०६१ मा काठमाडौंको कपनस्थित सेलेस्टियल होमका अभिभावक र शिक्षकबीच बालबालिकाको सिकाइ र अनुशासनका बारेमा छलफल भयो । त्यहाँ शिक्षक र अभिभावक दुवै पक्षले एलकेजी तहका विद्यार्थीलाई पनि गाली नगरी वा सामान्य सजाय नदिई पढ्न र गृहकार्य गराउन नसकिएको अनुभव सुनाए। ‘सजाय नदिंदा बच्चाले टेर्दै टेर्दैनन् । भनेको मानेनन् भने गाली गरिन्छ, सामान्य सजाय दिइन्छ, नत्र कसरी पढाउने ?’ छलफलमा सहभागी शिक्षक रीता सापकोटाको आक्रोश थियो । एलकेजीकै सुयोग राईकी हजुरआमा अम्बिका राईको कथन थियो, “हामीले होमवर्क गर न बाबु भन्यो भने मान्दैमान्दैन, तर, मिसलाई भन्दिन्छु भन्यो भने तुरुन्त गर्न थाल्छ ।”

पिटपाट गरेर वा तर्साएर बालबालिकालाई पढाइमा लगाउन खोज्दा कहिलेकाहीं त्यसको परिणाम गम्भीर पनि हुने गरेको छ । सेलेस्टियल होमको कक्षा १ का छात्र कुशल श्रेष्ठलाई शिक्षक विविषा पौडेलले गृहकार्य नगरेको निहुँमा १८ माघ २०६८ मा लट्ठीले सामान्य रूपमा हिर्काइन् । सो पिटाइपछि बालकको शरीरभरि घाउ निस्किए। त्यसपछि बालकलाई ओम अस्पतालमा उपचार गरियो भने पौडेललाई प्रहरीले पक्राउ गरी एक रात थुनेर छाड्यो। घटनापछि ती शिक्षक-विद्यार्थी दुवैले सो स्कूल छाडे । यसको नकारात्मक असर सेलेस्टियल होममा पनि परेको छ। प्रअ

लीला थपलियाका अनुसार बालकको उपचारमा स्कूलको करीब २० हजार खर्च भयो भने स्कूलको भर्ना दर पनि घटेको छ।

कक्षाकोठामा हल्ला गरेको भन्दै नेपालगञ्जको एन्जल्स उमाविका शिक्षक निलु त्रिपाठीले २१ असार २०६९ मा कक्षा ६ का सात जना विद्यार्थीलाई सामूहिक रूपमा सजाय दिइन्। एक जना विद्यार्थीलाई अर्को विद्यार्थीको हात समात्न लगाएर शिक्षक त्रिपाठीले एउटा हातले कान समात्दै अर्को हातले कन्चट र गालामा थप्पड हानिन्। त्रिपाठीको कुटाइबाट कक्षा ६ का अंकित महतको गालामा निलडाम बस्यो। उनलाई उपचारार्थ अस्पतालमै पुऱ्याउनु पऱ्यो। उक्त घटनापछि कसैले गालामा हात लैजाँदा तर्स्कने, साथीहरूलाई देख्दा लाज मान्ने, स्कूलको घटना सम्झेर रुने र विद्यालय जान नमान्ने लक्षण महतमा देखिएको छ।

## कानमा असर

कक्षा हल्ला गरेको वा भनेको नमानेको झोंकमा शिक्षकले विद्यार्थीलाई थप्पड हान्दा विद्यार्थीको कानको जाली नै फुटेको दृष्टान्त पनि छ। २६ जेठ २०६९ मा आफूले पढाएको बेला सहपाठीसँग कापी मागेको भन्दै जनशक्ति मावि बैजापुर, बाँके, कक्षा ९ का छात्रा तेजपाल खत्री गणित शिक्षक नारायण यादवबाट पिटिए। खत्रीलाई विद्यालयका प्रअ प्रमोदकुमार यादव र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरहरि भण्डारीले उपचारका लागि अस्पताल पुऱ्याए। नेपालगञ्जका वरिष्ठ कान रोग विशेषज्ञ डा. रमेशकुमार श्रेष्ठका अनुसार खत्रीको कानको जाली फुटेको छ। शिक्षकको कुटाइको घटनापछि खत्रीले साथीहरूसँग राम्ररी हाँस्न/बोल्न छोडेका छन्।



सुष्मिता आचार्य अस्पतालमा।

यस्तै घटना हालसालै काठमाडौंमा पनि भएको छ। पुरानो बानेश्वरस्थित क्याम्ब्रिज पब्लिक हाईस्कूलका शिक्षक तेजबहादुर राईले कक्षा ९ की छात्रा सिबम कोइरालालाई हल्ला गरेको निहुँमा झापड हान्दा कोइरालाको कानको जाली फुटेको छ। सिनामंगलस्थित काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालले सिबमको एउटा कानको ४० प्रतिशत जाली फुटेको बताएको छ। स्कूलले छात्राको उपचार खर्च तिरेपछि छात्रा, अभिभावक र शिक्षकबीच मिलापत्र गरिएको छ।

मोरङको उर्लाबारी-२ स्थित सप्तकोशी उमाविका शिक्षक मिश्र वैजयन्तीले ८ मंसीर २०६८ मा कक्षा ८ का सुस्मिता आचार्यसहित ८ जना छात्रछात्रालाई लाइनमा राखेर पिट्दा सुस्मिता घटनास्थलमै बेहोश भएकी थिइन्।

घटनालगत्तै बेहोश भएकी सुस्मितालाई उपचारका लागि उर्लाबारीकै स्वास्थ्य केन्द्रमा लगिए पनि त्यहाँ उपचार हुन सकेन। त्यसपछि उनलाई विद्यालयकै पहलमा ८ मंसीर २०६८ मा विराटनगरस्थित न्युरो अस्पतालमा ल्याइयो। विराटनगरमा उनको आंशिक उपचार भयो भने काठमाडौंस्थित नर्भिक अस्पतालमा थप उपचार गरियो। सुस्मिताको उपचारमा सप्तकोशी उमावि उर्लाबारीको करीब ८ लाख खर्च भएको छ भने परिवारको ७० हजार खर्च भएको छ।

आफ्ना साथीलाई दिइएको सजाय देखेर भयभीत भएकी सुस्मिता शिक्षकले सोधेको प्रश्नको जवाफ दिन नसकेका कारण शारीरिक सजायको भागिदार बनेको बताउँछिन्। उनको कथन छ, "साथीहरूले अबदेखि गल्ती गर्दिनँ भनेर थोरै कुटाइ खाए, म डरले बोल्न नसकेर धेरै धुलाइमा परें।"

कक्षा ९ र १० मा शिक्षणका अतिरिक्त विद्यालयमा अनुशासन इन्चार्जको जिम्मा पाएकी शिक्षक मिश्र वैजयन्ती पनि घटनापछि मानसिक तनावमा छिन्। उनले *शिक्षक* लाई भनिन्, "मानवीय त्रुटि भयो, तर अहिले मभित्र भनेर नसकिने पीडाको थुप्रो लागेको छ, मनभित्रको पीडा कहाँ गाउँदै हिंड्ने ?"

उनका पति लेखनाथ भट्टराई सप्तकोशी उमाविका प्रिन्सिपल हुन्। घटना हुँदा भट्टराई विद्यालयमा थिएनन्। घटना भएको केही क्षणमै विद्यालय रणभूमि भएको थियो। विद्यालय बन्द गर्न र वैजयन्तीलाई कारबाही गर्नुपर्ने माग राख्दै स्कूल घेर्न पुगेका अभिभावक र प्रहरीबीच स्कूलमै झडप हुँदा ८ मंसीरमा स्कूलमै ८ जना छात्रछात्रा बेहोश भएका



**"मानवीय त्रुटि भयो, तर अहिले मभित्र भनेर नसकिने पीडाको थुप्रो लागेको छ, मनभित्रको पीडा कहाँ गाउँदै हिंड्ने ?"**

**– मिश्र वैजयन्ती,**
शिक्षक, सप्तकोशी उमावि, उर्लाबारी, मोरङ

थिए । त्यतिबेला ज्यान जोगाउन कठिन भएको वैजयन्तीको कथन छ। स्थानीय पत्रिका *निगरानी* दैनिकमा 'शिक्षिकाद्वारा विद्यार्थीलाई यातना' शीर्षकमा समाचार छापिएपछि ६० जना विद्यार्थीले पत्रिकाको कार्यालय तोडफोड गरे भने त्यसबापत वैजयन्तीले पत्रिकालाई ४२ हजार क्षतिपूर्ति तिर्नुपर्‍यो ।

## 'आइ एम नट ए चिटर'

विद्यार्थीलाई चरित्रवान र योग्य बनाउने नाममा स्कूलमा दिइने सजायले विद्यार्थीको ज्यान गएका घटना पनि भेटिन्छन्। भारतीय टेलिभिजन च्यानल *लाइफ ओके* मा ७ साउन २०६९ मा कलाकार ओम पुरीले स्कूलमा सजाय भोगेका एक जना छात्रले आत्महत्या गरेको वास्तविक घटना प्रस्तुत गरेका थिए, जसमा कक्षा ७ का छात्र अनमोल आफ्नै जन्मदिनमा व्यस्त भएकोले घरमा गृहकार्य गर्न भ्याउँदैनन् । फलतः उनी कक्षामा साथीको गृहकार्य सारेर शिक्षकलाई बुझाउन बाध्य हुन्छन्। साथीको गृहकार्य सारेको अनमोलका शिक्षकले देख्छन् । त्यसकै झोंकमा शिक्षकले अनमोललाई कालोपाटीमा सय पटक *'आइ एम ए चिटर'* लेख्न लगाउँछन् । त्यसपछि अनमोललाई डेस्कमाथि उभिएर सबैका सामु पाइन्ट खोल्न लगाउँछन् । शिक्षकको यस्तो सजाय भोगेर घर फर्किएका अनमोल सुसाइड नोट लेख्छन्- *'ममी-पापा आइ एम नट ए चिटर ।'* यति लेखेपछि उनी झुण्डिएर आत्महत्या गर्छन् ।

अनमोलको यो दुःखद् देहान्तबाट कलिला बालबालिकाका लागि शारीरिक सजाय जति नै प्राणघातक मानसिक सजाय पनि हुने

# गाली होइन, स्याबासी !



– डा. गंगा पाठक, **मनोविश्लेषक**

**दण्डले** व्यवहारमा परिवर्तन आउँदैन, बरु बालबालिकालाई नकारात्मक बनाउँछ। दण्ड दिनेप्रति नकारात्मक भाव बढ्छ। पढ्ने र सिक्ने उत्साह मर्दै जान्छ। कतिसम्म भने, एक जना बच्चा कक्षामा उठबस गर्दागर्दै बेहोश भएको र पछि विद्यालय नै जान नमानेको 'केस' पनि परामर्शका लागि मकहाँ आएको थियो। पिटाइ शारीरिक दण्ड हो। शारीरिक भन्दा मानसिक दण्ड खतरनाक हुन्छ। जसलाई देख्न र मूल्यांकन गर्न पनि सकिँदैन; पीडित बच्चाले आफ्नो पीडालाई अभिव्यक्त गर्न पनि सक्दैन।

अभिभावकमा पनि नानीहरूलाई दण्ड दिनुहुँदैन भन्ने सचेतना छैन। त्यसैले बालबालिकाहरू घरमै पिटिन्छन्। त्यसैले अभिभावकहरू विद्यालयमा दिइने दण्डका विरुद्ध आवाज उठाउँदैनन्। दण्डरहित व्यवहारको ज्ञान, सीप अभिभावकमा हुनुपर्छ। यही समस्यामा शिक्षकहरू पनि छन्। बच्चालाई नपिटिकन मायालु तरिकाले सिकाउने सीपको अभाव शिक्षकमा देखिन्छ। अझ निजी स्कूलमा त यो समस्या बढी नै छ।

पहिलो कुरा, शारीरिक र मानसिक सजाय दिनुहुँदैन भन्ने चेतना जगाउनुपर्छ। बालबालिकालाई पिट्ने र गाली गर्ने क्रम आमाबाबुबाटै रोकिनुपर्छ। हरेक मानिस सधैं प्रशंसाका निम्ति लालायित हुन्छन्, बालबालिकामा यो चाहना झनै बढी हुन्छ। बालबालिकाका असल क्रियाकलापप्रति प्रशंसा गर्ने बानी बढाउनुपर्छ। राम्रो गर्दा 'स्याबास्' भन्न थाल्नुपर्छ, जसले बालबालिकालाई उत्प्रेरित गर्न सकोस्। तर, हामीमा त्यस्तो 'कल्चर' छैन। नकारात्मक टिप्पणी गर्न हामी 'स्मार्ट' छौं तर, राम्रो कामलाई वास्तै गर्दैनौं।

'तिमीले गर्न सक्दैनौ, तिमीले गरेको भएन' भन्ने जस्ता अभिव्यक्तिले बालबालिकालाई हतोत्साही तुल्याउँछ। त्यसको साटो सकारात्मकताको सञ्चार गराउनुपर्छ। जस्तो कि; 'तिमीलाई आउँछ, तिमीले सक्छौ' भनेर प्रोत्साहन गर्नुपर्छ। त्यस्तो अभ्यासले बालबालिकाको आत्मबललाई पनि बढाउँछ। यो विधिलाई 'प्रेस थेरापी' भनिन्छ। घरमा पिटाइ खाने बालबालिकालाई विद्यालयमा दण्डित नगरे पनि त्यसको सकारात्मक असर हुँदैन। त्यसैले सुधार घरैबाट थालिनुपर्छ। अभिभावकलाई अभिभावकीय सीप र भूमिका सिकाउनुपर्छ। यसमा स्कूलको भूमिका हुन्छ।





## विद्यार्थीले सजाय पाउने अवस्था र कारण

- विद्यालयको पोशाकमा नआउँदा
- समयमा स्कूल नआउँदा
- गृहकार्य नगर्दा
- विद्यालय शुल्क नतिर्दा
- शिक्षकलाई सम्मान नगर्दा
- तोकिएको पाठ सम्झिन नसक्दा
- कसैप्रति दुर्व्यवहार गर्दा
- कक्षामा व्यवधान पैदा गर्दा
- विद्यालयको सम्पत्ति तोडफोड गर्दा
- विद्यालय हाताभित्र जथाभावी लेख्दा
- कक्षाबाट भाग्दा
- विना कारण स्कूल नआउँदा
- साथीले आरोप वा दोष लगाउँदा
- पाठ्यपुस्तक, सिसाकलम र अभ्यासपुस्तिका विना स्कूल आउँदा
- लेखाइ सुधार्न नसक्दा
- सहपाठीलाई जिस्क्याउँदा
- कक्षामा हल्ला र झगडा गर्दा
- चिट चोर्दा
- अनुत्तीर्ण हुँदा
- शिक्षकले गल्ती गर्ने विद्यार्थी पत्ता लगाउन नसक्दा
- कक्षामा गफ गर्दा
- कुनै कुरा चोर्दा
- शिक्षकको आदेश नमान्दा
- शिक्षकप्रति ध्यान केन्द्रित नगर्दा
- कक्षामा निदाउँदा
- शिक्षक तनावमा भएको बेला

## शिक्षकहरू किन सजाय दिन्छन् ?

- विद्यार्थीलाई अनुशासनमा राख्न
- कक्षालाई शान्त र नियन्त्रणमा राख्न
- भनेको नमान्ने विद्यार्थीलाई हाँसोको पात्र बनाउन
- जान्ने र नजान्ने, ठूलो र सानो कक्षा अनि धनी र गरीबबीच विभेद सृजना गर्न
- अभिभावक र विद्यालय व्यवस्थापनको समर्थन पाउन
- विद्यार्थीलाई आफ्नो गल्ती स्वीकार गराउन
- विद्यार्थीलाई स्कूलको नियम पालन गराउन
- विद्यार्थीलाई हेप्न
- विद्यालयलाई अनुशासित तुल्याउन
- शतप्रतिशत नतिजा हासिल गर्न
- विद्यार्थीलाई नियन्त्रणमा राख्न भयभीत वातावरण सृजना गर्न
- अभिभावकले गरेको आग्रह कार्यान्वयन गर्न
- विद्यार्थीका खराब आचरण सुधार्न
- छिट्टै, सजिलै र प्रभावकारी तरिकाले विद्यार्थीलाई अनुशासनमा राख्न
- विद्यार्थीलाई खराब र असलबीचको फरक बुझाउन
- कमजोर विद्यार्थीलाई सजाय दिएर अरूलाई तर्साउन
- विद्यार्थीलाई गृहकार्य र कक्षा कार्य गराउन

## सजायबाट विद्यार्थीमा पर्ने असर

**मनोवैज्ञानिक असर**

- एकाग्रता घट्छ
- सृजनात्मकता गुम्छ
- अभिव्यक्ति क्षमतामा ह्रास आउँछ
- आलस्यता बढ्छ
- आत्मसम्मानमा कमि हुन्छ
- डर उत्पन्न हुन्छ
- अपमानित भएको महसूस हुन्छ,
- व्यक्तित्व बिग्रिन्छ
- कुटिनुभन्दा मर्नु उचित हुने भावना पैदा हुन्छ
- झुण्डिएर वा विष खाएर आत्महत्या गर्न उद्यत हुन्छ
- ठूलो स्वरदेखि डराउन थाल्छ
- दुस्वप्नको शिकार हुन्छ
- मानसिक रोगी हुन्छ
- सहन नसकिने कुटाइ सम्झेर भयभीत हुन्छ
- मौन बस्न थाल्छ
- बदलाको भाव पैदा हुन्छ
- कोही सहयोगी नभएको भावना पैदा हुन्छ
- अध्ययनमा रुचि घट्छ
- आत्मविश्वास र आत्मसम्मान गुम्छ
- हीनताबोधको शिकार हुन्छ
- अन्योलको शिकार बन्छ
- असुरक्षित महसूस हुन्छ
- सार्वजनिक सभामा कुटिने डरले ग्रस्त हुन्छ
- निद्रा खलबलिन्छ
- हिस्टेरियाको शिकार हुन्छ
- चिन्ताग्रस्त हुन्छ

स्पष्ट हुन्छ। स्कूलमा शिक्षकबाट पढाइ र अनुशासनका नाममा सजाय पाउँदा अनमोलकै नियति भोग्ने नेपाली बालबालिका पनि छन्। नुवाकोटमा डेढ दशकअघि साथीको कलम चोरेको आरोपमा एक शिक्षकको कुटाइमा परेका १४ वर्षीय बालकले विष पिएर आत्महत्या गरेको घटना होस् या ज्यामिति बक्स नल्याएको आरोपमा शिक्षकको गाली खाएर झुण्डिएकी भक्तपुरकी छात्राको आत्महत्या- यी स्कूल सजायका लज्जाजनक नमूना हुन्।

कीर्तिपुरको पुष्पसदन आवासीय विद्यालयकी कक्षा १० की छात्रा मञ्जु अर्यालले १० असार २०६८ मा स्कूलको छात्रावासको आफैं सुत्ने कोठामा आत्महत्या गरिन्। विद्यालयले मानसिक तथा शारीरिक सजाय दिएका कारण मञ्जुले आत्महत्या गरेको भन्दै उनका अभिभावकले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरे। अनुसन्धानपछि मञ्जुको आत्महत्यालाई आयोगले बालअधिकार हननको घटनाका रूपमा *नेपालमा बालअधिकारको अवस्था, वार्षिक प्रतिवेदन सन् २०११* मा प्रकाशित गरेको छ। आयोगले अनुसन्धान जारी रहेकाले उक्त घटना हुनुको कारण भने खुलाएको छैन। तर, अनुसन्धानमा संलग्न आयोगका एक अधिकारीले स्कूलमा पाएको सजायका कारण मानसिक रूपमा विक्षिप्त भएर मञ्जुले आत्महत्या गरेको निचोडमा आयोग पुगेको जनाउ दिएका छन्। यस घटनाका पीडितका अभिभावक पछिल्लो समयमा स्कूलसँग मिलापत्र गर्न तयार भएकाले आयोगको अनुसन्धान र कारबाहीको प्रक्रिया बीचमै रोकिने सम्भावना बढेको बताइएको छ।

### नपिटी कसरी पढाउने ?

नेपालका अधिकांश विद्यालयका सञ्चालक, प्रिन्सिपल, प्रअ तथा शिक्षकहरू मानसिक/शारीरिक सजाय नदिइकन पनि छात्रछात्रालाई राम्ररी पढाउन र अनुशासित तुल्याउन सकिन्छ भन्ने बारे अनभिज्ञ पाइन्छन्। सजायका वैकल्पिक विधि पनि उपलब्ध छन् भन्ने कमैलाई थाहा छ। आफूले विद्यार्थी हुँदा कुटाइ र गाली खाएका कारण शिक्षक भएपछि त्यही गरेको धारणा सजाय दिने अधिकांश शिक्षकको छ। आफूले दिएको सजायले छात्रछात्रालाई पार्ने नकारात्मक असरका बारेमा शिक्षकहरू खासै जानकार पाइँदैनन्। यसरी स्कूल सजाय एउटा संस्कृतिको रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको देखिन्छ।

विद्यालयहरूमा सजाय दिने प्रचलन आमरूपमा रहेको यातना पीडित सहायता

- हिच्किचाहट पैदा हुन्छ
- उदासीनताको शिकार हुन्छ
- झर्किने बानीको विकास हुन्छ

## सजायको सामाजिक असर

- असभ्य वातावरण सृजना हुन्छ
- स्कूलमै बालबालिकाको मृत्यु हुन्छ
- झगडा गर्ने समूह बन्छ
- असामाजिक गतिविधिमा संलग्नता
- सार्वजनिक सम्पत्ति तोडफोड
- विद्यालयमा पाएको सजायको बदला लिने गतिविधि
- दुर्व्यसनीको शिकार
- अभिभावक, शिक्षक र अग्रजप्रति अपमान
- स्कूल छाड्ने दर बढ्ने
- मिलेर बस्न कठिन हुने
- आत्महत्या गर्ने भावना
- बेवास्ता भएको महसूस हुने
- सामाजिक गतिविधिमा असर

## सजायबाट शिक्षकलाई पर्ने असर


- शिक्षकको जागिर गुम्न सक्छ
- विद्यार्थीले लिने बदलाको शिकार हुनुपर्छ
- विद्यार्थी र अभिभावकको धम्कीको सामना गर्नुपर्छ
- अदालतमा पर्ने मुद्दाको सामना गर्नुपर्छ
- सम्पत्तिको नोक्सानी व्यहोर्नुपर्छ
- सरुवा हुने खतरा बढ्छ
- विद्यार्थी-अभिभावकसँगको सम्बन्ध खलबलिन्छ
- औषधी उपचार र क्षतिपूर्ति तिर्नुपर्छ

## विद्यार्थीलाई दिइने सजायका प्रकार

- लट्ठी डण्डी, पेटी, डस्टर, पाइपले पिट्ने, सिस्नुपानी लगाउने, झापड र लात्तीले हान्ने।
- विद्यार्थीलाई बेञ्चमाथि उभ्याउने।
- कान र कन्सिरीका रौं तान्ने।
- कान निमोठ्ने।
- गाला वा पाखुरामा चिमोट्ने।
- कान समात्न लगाएर उठ-बस गर ाउने।
- दुई औंलाको बीचमा पेन्सिल राखेर च्याप्ने।
- पेन्सिल वा लट्ठीले घोच्ने।
- एउटा खुट्टा टेकेर उभ्याउने।
- विद्यार्थीलाई १५ वा २० पटक विद्यालयको चौरमा छिटोछिटो हिंड्न वा दौड्न लगाउने।
- गिट्टी भएको ठाउँमा घुँडा टेकेर बस्न लगाउने।
- विद्यार्थीको टाउको भित्तामा ठोक्काउने।
- मुर्गा बनाउने
- किताबले टाउकामा हान्ने
- शौचालयमा थुन्ने, घाममा उभ्याउने

## नेपालमा प्रचलित केही मनोवैज्ञानिक सजाय

- अपमानजनक शब्द प्रयोग गरे विद्यार्थीलाई नीच देखाउने, 'मूर्ख', 'काम नलाग्ने', 'इडियट' जस्ता अपशब्दबाट तल्लो स्तरको गाली गर्ने।



- जनावरको नाम लिएर गाली गर्ने, जस्तै: गधा, बाँदर, गोरु, साँढे, कुकुर, भैंसी आदि।
- छात्रछात्रालाई प्रअको सामु गाली गर्ने।
- अभिभावकलाई विद्यालयमा बोलाएर विद्यार्थीको आलोचना गर्ने।
- बोक्सी, भूत, जङ्गली जनावर वा चोरडाँकाको कथा भनी प्राथमिक तहका बालबालिकामा भय सिर्जना गर्ने।
- विद्यार्थीको स्वाभिमान समाप्त पार्न गाई, भेडा र भैंसीले जस्तो गरी घाँस खाएको अभिनय गर्न लगाउने।
- लिङ्ग, जात वा उँच र नीच तथा धनी गरीबका नाममा भेदभाव गर्ने।
- चाहिनेभन्दा बढी गृहकार्य दिई मानसिक दबाब दिने।
- चर्पी, दराज वा एकान्त कोठामा एक्लै थुन्ने।
- विद्यालयबाट नै निष्काशन गर्ने।
- परीक्षाफल रोकिदिने। 📖

**स्रोत: युनिसेफ र सिभिक्टको 'भ्वाइलेन्स अगेन्स्ट चिल्ड्रेन इन नेपाल' नामक अध्ययन**

केन्द्र (सिभिक्ट) र शिक्षा पत्रकार समूहले सन् २००६ मा गरेको एक अध्ययनले देखाएको छ। उक्त अध्ययनमा समेटिएका सार्वजनिक र निजी गरी ५५ वटा विद्यालयका ८२ प्रतिशत छात्रछात्राले आफू शिक्षकबाट कुटिने गरेको धारणा राखेका छन् भने १२ प्रतिशतले स्कूलमा सजाय नपाएको अनुभव सुनाएका छन्। त्यस्तै युनिसेफ र सिभिक्टले सन् २००४ मा गरेको *भ्वाइलेन्स एगेन्स्ट चिल्ड्रेन इन नेपाल* नामक अध्ययनमा नेपाली विद्यालयमा छात्रछात्रालाई पठनपाठन र अनुशासनका नाममा दिइने सजायलाई सबैले सामान्य रूपमा लिएको तथा छात्रछात्रालाई कुट्नु र गाली गर्नुलाई शिक्षकले आफ्नो अधिकारको रूपमा बुझेको उल्लेख छ।

तर, आम मानिसले सामान्य रूपमा लिएको र बहुसंख्यक विद्यालयले अभ्यास गरिआएको शारीरिक र मानसिक सजायले क्षणिक रूपमा विद्यार्थीलाई तह लगाए वा अनुशासनमा राखे जस्तो देखिए पनि त्यसले सम्बन्धित विद्यार्थीको व्यक्तित्वलाई दीर्घकालसम्म असर पार्ने विज्ञहरूको निष्कर्ष छ। दण्ड सजायका कतिपय असरहरू औषधि उपचार र मनोविमर्शबाट पनि समाधान गर्न नसक्ने प्रकृतिका हुन्छन्। स्कूलमा सजाय पाएका विद्यार्थी आत्महत्या, दुर्व्यसनी, डिप्रेशन जस्ता रोगको शिकार हुने गरेको अध्ययनले देखाएको छ।

### सरकारी प्रयासलाई चुनौती

सामान्य वा गम्भीर प्रकृतिका शारीरिक र मानसिक सजायलाई विद्यालय र घरघरबाट उन्मूलन गर्नका लागि ढिलै भए पनि शिक्षा मन्त्रालयले प्रयास शुरू गरेको छ। स्कूलहरूमा भइरहेको हिंसा र सजायको प्रकोप अन्त्य गर्न १४ पुस २०६७ मा शिक्षा मन्त्रालयले 'भयमुक्त सिकाइ' सम्बन्धी नीति सार्वजनिक गरेको छ। उक्त नीतिमा स्कूलमा बालबालिकामाथि हुने सबै प्रकारका सजायलाई प्रतिबन्ध गर्ने, परिवार र समुदायमा सजायरहित वातावरण सृजना गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, पाठ्यक्रम र पाठ्यपुस्तकलाई सम्मानजनक र भयमुक्त सिकाइ अनुकूल अद्यावधिक गर्ने जस्ता प्रावधान राखिएका छन्। उक्त नीतिले स्कूल सजायमा पूर्ण बन्देज लगाउन खोजेको छ।

स्कूलमा दिइने सजाय उन्मूलन गर्न र भयरहित सिकाइका लागि सरकारले बालमैत्री विद्यालयको अवधारणा पनि लागू गरेको छ। त्यस्तै शिक्षकको कार्यक्षमता मूल्याङ्कनका विविध सूचकमध्ये सम्बन्धित शिक्षकले विद्यार्थीप्रति गर्ने व्यवहारलाई पनि हेर्ने भनिएको छ। शिक्षा नियमावलीमा गरिएको शिक्षक र

विद्यार्थी आचारसंहिताको व्यवस्थाले पनि स्कूल हिंसा र सजायलाई रोक्न खोजेको छ। सन् २००४ देखि शुरू भएको 'सबैका लागि शिक्षा' योजनाको मूल दस्तावेजमा 'विद्यालयमा बालमैत्री वातावरणमा सिकाइ हुनुपर्ने' भनिएको छ। तर, यस्तो प्रयासले सबै शिक्षकको आक्रोश नियन्त्रण गर्न र देशभरिका छडी भाँच्न सकेको छैन।

कानूनी दृष्टिबाट पनि विद्यालयमा शिक्षकले छात्रछात्रालाई दिने मानसिक र शारीरिक सजाय अपराध ठहरिन्छ। नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको *बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि* १९८९ को धारा १९ (१), २८ (२), र ३७ ले बालबालिकालाई जहाँसुकै दिइने सजाय, उपेक्षा, बेवास्ता, शोषण आदिलाई गैरकानूनी मानेको छ। नेपालको सन्धि ऐन अनुसार देशले हस्ताक्षर र अनुमोदन गरेका हरेक अन्तर्राष्ट्रिय महासन्धि राष्ट्रिय कानूनसरह हुन्छन्। नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हकमै बालअधिकार सुनिश्चित गरिएको छ। विद्यार्थी कुट्ने एक शिक्षकलाई २०६३ मा ललितपुर जिल्ला अदालतले रु.५००० जरिवाना गरेको थियो। यसले पनि स्कूलमा छात्रछात्रालाई दिइने सजाय गैरकानूनी भएको प्रमाणित गर्छ।

अमेरिका र युरोपका अधिकांश राष्ट्रमा विद्यालयमा बालबालिकालाई दिइने सबै प्रकारका सजाय कानूनी रूपमा मात्र होइन, व्यवहारमा पनि निषेधित छन्। त्यहाँ शिक्षक-विद्यार्थीको सम्बन्ध मैत्रीपूर्ण मात्र छैन, सिकाइ क्रियाकलाप सम्मानजनक र भयरहित छ। तर, नेपाली स्कूल भने अझै पनि छात्रछात्रालाई थर्काएर, तर्साएर, कुटेर, गाली गरेर सिकाउनु/पढाउनुपर्छ भन्ने पुरातन मानसिकताबाट पूर्णत: मुक्त हुन अझै धेरै श्रम र समय लाग्ने देखिन्छ। सजाय नदिई र सम्मानजनक तरिकाले पनि विद्यार्थीलाई अनुशासनमा राख्न र सिक्न-पढ्न प्रेरित गर्न सम्भव छ भन्ने कुरा प्रअ, प्रिन्सिपल, शिक्षक र अभिभावकहरूलाई अवगत गराएर मात्रै पनि नपुग्ने; त्यसनिम्ति उनीहरूलाई पूर्णत: विश्वस्त-आश्वस्त नै तुल्याउनु जरुरी देखिन्छ। तर नयाँ कुराप्रति कसैलाई आश्वस्त-विश्वस्त तुल्याउने कार्य अति नै कष्टसाध्य र खर्चिलो पनि हुन्छ। एकहदसम्म घरमा समेत भयरहित वातावरण उपलब्ध गराउन सामाजिक सचेतनासँगै केही त्यस्ता कानूनी औजारहरू समेत विकास गर्नु आवश्यक देखिन्छ, जसले बालबालिकालाई भयभीत तुल्याउने पक्षमा चाहिं भय पैदा गरिदेओस्। 'कुटीकुटी पढाउनु भन्दा नपढाउनु/नसिकाउनु नै उचित हुन्छ' भन्ने सन्देश पनि सबैतिर पुऱ्याउनुपर्ने देखिन्छ। किनभने निर्दोष बालबालिका शिक्षकबाट सजाय पाउन विद्यालय गएका वा पठाइएका होइनन्, न त विद्यालयहरू सजाय केन्द्र नै हुन्।

**भयरहित वातावरण उपलब्ध गराउन सामाजिक सचेतनासँगै केही त्यस्ता कानूनी औजारहरू समेत विकास गर्नु आवश्यक देखिन्छ, जसले बालबालिकालाई भयभीत तुल्याउने पक्षमा चाहिं भय पैदा गरिदेओस्। 'कुटीकुटी पढाउनु भन्दा नपढाउनु/नसिकाउनु नै उचित हुन्छ' भन्ने सन्देश पनि सबैतिर पुऱ्याउनुपर्ने देखिन्छ। किनभने निर्दोष बालबालिका शिक्षकबाट सजाय पाउन विद्यालय गएका वा पठाइएका होइनन्, न त विद्यालयहरू सजाय केन्द्र नै हुन्।**

साथमा **कृष्ण अधिकारी**, नेपालगञ्ज र **कमल रिमाल**, मोरङ

**sms प्रतिक्रियाका लागि ltr<space>5006**



# दण्डरहित वातावरण सिर्जनाका केही उपाय

१. योजना निर्माण र निर्णय प्रक्रियामा विद्यार्थीलाई सहभागी गराउने: विद्यार्थीको सहभागितामा कक्षाका लागि नियम बनाउनुहोस् । त्यसमा विद्यार्थीले गर्नुहुने व्यवहार सबै स्पष्ट र संक्षेपमा लेखिएको हुनुपर्छ । विद्यार्थीलाई विद्यालयमा सिकाइ उद्देश्य हासिल गर्न सघाउने सबैभन्दा प्रभावकारी उपाय उनीहरूका बारेमा निर्णय गर्ने अवसर उनीहरूलाई नै प्रदान गर्नु हो। कक्षा-कोठाका नियम उल्लंघन भएमा भोग्नुपर्ने परिणामबारे गहिरिएर छलफल गरी विद्यार्थीले छोटो र स्पष्ट नियम बनाएमा उनीहरूले नै महत्त्वपूर्ण निर्णयकर्ताको भूमिका खेल्न सक्छन् ।

२. सहृदयी एवं विवेकशील बन्नुहोस्: विद्यार्थीले शिक्षकको व्यवहार अनुकरण गर्छन् । यदि तपाईं अविवेकी ढंगले विद्यार्थीलाई हप्काउनुहुन्छ, थर्काउनुहुन्छ वा पिट्नुहुन्छ भने तपाईंलाई नै विद्यार्थीले खराब बानी व्यवहारको नमूना या अनुकरणको पात्रका रूपमा ग्रहण गर्छन् । कुनै बेला बालबालिका जानी जानीकन शिक्षकलाई रीस उठाउँछन् र आफूप्रति शिक्षकको ध्यानाकर्षण गर्छन् । यसो गर्न पाउँदा ज्यादै रमाउँछन् पनि । यो कुरालाई शिक्षकले बुझ्न जरुरी हुन्छ ।

३. सम्मान दिनु र राम्रो व्यवहारको प्रशंसा गर्नु: शिक्षकबाट प्राप्त हुने आदर, सम्मान, प्रशंसा विद्यार्थीका लागि निकै महत्त्वको हुन्छ। जब शिक्षकले विद्यार्थीको राम्रो व्यवहारप्रति ध्यान दिन्छन् र त्यसको प्रशंसा गर्छन्, तब विद्यार्थीहरूले पनि त्यस्तै व्यवहार दोहोऱ्याउने सम्भावना हुन्छ ।

४. अध्यापन गर्दा रमाइलो क्रियाकलाप समावेश गर्नुहोस्: कक्षामा छलफल वा अन्य गतिविधि गर्दा विद्यार्थीलाई रमाइला गतिविधिमा पनि समावेश गराउनुहोस्। बालबालिका रमाइलो गर्न, हँसिमजाक गर्न, अरूको गतिविधिमा सहभागी हुन र अरूबाट प्रशंसित हुन मन पराउँछन् ।

५. विद्यार्थीलाई गल्तीबाट सिक्न सिकाउनुहोस्: 'गल्ती' आफैंमा असफलता होइन भन्ने कुरा दोहोऱ्याई-तेहऱ्याई बुझाउनुहोस् ।

६. विद्यार्थीको घरमा सकारात्मक टिप्पणीहरू पठाउनुहोस् । त्यस्ता टिप्पणी तयार पार्दा खासगरी सुधारका प्रयास र राम्रो व्यवहारमा जोड दिनुहोस् ।

७. हरेक विद्यार्थीसँग आपसी विश्वास र सम्मानका आधारमा व्यक्तिगत सम्बन्ध कायम गर्ने प्रयास गर्नुहोस्। विद्यार्थीको घरेलु र पारिवारिक परिवेशको पनि अद्यावधिक जानकारी राख्नुहोस् । आवश्यकता अनुसार घरमा पनि जानुहोस् ।

८. दयाभाव र दृढतालाई एकैसाथ लानुहोस्: तपाईं 'साथी' हुनुहुन्छ, तर निश्चित प्रकारको व्यवहार स्वीकार गर्नुहुन्न भन्ने छाप विद्यार्थीको मनमा पार्न नचुक्नुहोस् ।

९. विद्यार्थीका मनोवैज्ञानिक वा शारीरिक समस्या बुझ्ने प्रयास गर्नुहोस् । आवश्यक परे डाक्टर वा मनोविमर्शकर्ताकोमा जान सल्लाह दिनुहोस् ।

१०. विद्यार्थीले असल व्यवहार देखाउँदा हरेक पटक प्रशंसा गर्नुहोस् र स्यावासी दिनुहोस् । स-साना कमी-कमजोरीलाई बढी महत्त्व नदिनुहोस् । आफूले फेला पारेका विद्यार्थीका समस्या अरू शिक्षकहरूसँग छलफल गर्नुहोस् ।

११. खराब व्यवहार गर्ने विद्यार्थीलाई एक्लै भेटेर अरूमाथि अभद्र व्यवहार नगर्न सल्लाह दिनुहोस्। समूहमा सकेसम्म कसैको पनि व्यक्तिगत टीकाटिप्पणी नगर्नुहोस् ।

१२. आम प्रकृतिका समस्या र तिनको समाधान समूहमा छलफल गर्ने, गल्तीको कारण पत्ता लगाउने र विद्यार्थीहरूलाई स्वयं निर्णय गर्न दिने । आवश्यक भएमा अभिभावकसँग परामर्श गर्ने गर्नुहोस् ।

१३. आफ्नो कार्यको समीक्षा गर्न विद्यार्थीलाई अवसर दिने। उनीहरूलाई आफ्ना कुराहरू भन्न प्रोत्साहित गर्ने ।

## सामान्य वैकल्पिक विधि

- यसमा विभिन्न प्रकारका व्यावहारिक र मनोवैज्ञानिक विधिहरू प्रयोग गरी विद्यार्थीलाई उसको आफ्नो व्यवहारमा सुधार ल्याउने मौका दिइन्छ । सजायको सट्टामा प्रयोग गरिने केही सामान्य वैकल्पिक विधि:
- ध्यान विकर्षित गरेमा, गफ वा महत्त्वहीन कुरा गरेमा विद्यार्थीहरूको बस्ने क्रम परिवर्तन गर्न सकिन्छ वा अन्तर-समूहगत छलफलमा सहभागी गराउन सकिन्छ ।
- समूह छलफलमा मौन रहने र बढी कुरा गर्ने विद्यार्थीहरूलाई प्रश्न सोध्न सकिन्छ ।
- गलत कार्य गर्ने वा अभद्र व्यवहार गर्ने विद्यार्थीहरूलाई छुट्टै निगरानी गर्न सकिन्छ ।
- गृहकार्य पूरा नगरी विद्यालय आउनेलाई टिफिन समयमा गृहकार्य पूरा गराउन सकिन्छ ।
- निश्चित दुर्व्यवहारका लागि तय गरिएको परिणाम अनुरुप कक्षा सकिएपछि बढार्ने, सफा गर्ने वा छरिएका कागजहरू उठाउने जस्ता अतिरिक्त कार्यहरू गराउन सकिन्छ ।
- कक्षा नियन्त्रण गर्ने कार्य दिई अभद्र व्यवहार गर्ने विद्यार्थीहरूलाई उत्तरदायित्व बोध गराउन सकिन्छ ।
- खेल्ने समय घटाई अतिरिक्त गृहकार्य गर्न दिन सकिन्छ ।
- 'मनिटर' आदि तोकेर कक्षामा चकचक गर्ने, हल्ला गर्ने वा झगडा गर्ने विद्यार्थीहरूलाई कक्षा अघिल्तिरको बेन्चमा ल्याउन सकिन्छ ।
- गल्ती गरेबापत अतिरिक्त क्रियाकलाप गर्न लगाउन सकिन्छ ।

*(देवेन्द्र आलेले सजायरहित सिकाइसम्बन्धी शिक्षक प्रशिक्षणका लागि तयार पारेको स्रोत सामग्री)*



जे. कृष्णमूर्ति

# गल्ती किन गर्न नहुने ?

**नयाँ र ठोस सिकाइ त गल्तीबाट पनि हुन्छ। तर जो मानिस भयग्रस्त छ, ऊ सधैं सोच्दछ म कतै असफल नबनुँ, सकभर अरूले कुरा काट्ने मौका नपओस्। एक महत्त्वाकांक्षी व्यक्ति वास्तवमै भयग्रस्त हुन्छ। जो मानिस भयग्रस्त हुन्छ, उसमा प्रेम, दया र सहानुभूति भन्ने कुरै हुँदैन। ऊ त्यो व्यक्ति जस्तै रहन्छ, जो चारढोकाभित्र कैद भएर बस्न बाध्य छ।**

हाम्रो समाजमा सबै ठूलाबडाहरूको प्राय: एउटै धारणा भेटिन्छ- "केटाकेटी र युवायुवती या बूढापाका जो-कोहीको पनि आचरण ठीक राख्नको लागि भय र त्रास जरुरी हुन्छ।" यदि हामी हाम्रा शिक्षक वा अभिभावकसँग डराउँछौं भने उनीहरू हामीलाई प्रभावकारी तरिकाले नियन्त्रण गर्न समर्थ हुन्छन्। तिनले हामीलाई 'यो काम गर र यो चाहिं नगर' भनेर जे-जे भन्छन्, हामी त्यही त्यही गर्न बाध्य हुन्छौं। नैतिक दबाब दिनको लागि पनि भय र त्रासको प्रयोग गरिन्छ। उदाहरणको लागि, कक्षामा विद्यार्थीलाई नियन्त्रण गर्न शिक्षकले त्रासको सहारा लिने गर्छन्। आज पनि हाम्रा स्कूलमा यही भइरहेको छ। समाज भन्दछ, "भय अत्यन्त आवश्यक कुरा हो। नत्र समाजमा शान्ति सुव्यवस्था कायम गर्न सकिन्न। मानिसहरू नियन्त्रण भन्दा बाहिर जान्छन्, उग्रता र अराजकताले प्रश्रय पाउँछ।"

भयको उपयोग मनुष्यलाई सभ्य बनाउने नाममा पनि भइरहेको छ। संसारका सबै धर्मले मानिसलाई नियन्त्रण गर्ने हतियारको रूपमा शदीयौंदेखि भयलाई उपयोग गरिरहेका छन्। प्राय: हरेक धर्मको उर्दी छ- 'तिमीले यो जन्ममा यो यो काम गरेनौ भने अर्को जन्ममा तिमीले यसको परिणाम भोग्नुपर्नेछ।' सबै धर्मले प्रेमको उपदेश दिन्छन्, मानिसका बीच भाइचारा र एकताको कुरा पनि गर्छन्, तर सूक्ष्म रूपले क्रूर र असभ्य तरिकाबाट भय र त्रासलाई बचाइ पनि राख्छन्।

यदि कुनै कक्षामा विद्यार्थीको संख्या धेरै छ भने शिक्षकले तिनलाई नियन्त्रण गर्ने जुक्ति निकाल्छन् र भनिदिन्छन् 'प्रतिस्पर्धा गर, फलानो विद्यार्थी जस्तो बन जो तिमीभन्दा धेरै बाठो छ।' जहाँबाट प्राय: उनीहरू आजीवन मुक्त हुन सक्दैनन्। विद्यार्थीसित भएको भयको



उपयोग अक्सर उनीहरूलाई नै नियन्त्रण गर्ने साधनको रूपमा प्रयोग भइरहेको छ।

भय र त्रासले मनलाई विकृत तुल्याइदिन्छ। यसले मानिसलाई कहिल्यै प्रज्ञावान; विवेकशील र सृजनशील हुन दिँदैन। भय जब मानिसको मनभित्र छिर्छ त्यसले कालो बादलले सूर्यको प्रकाश छेकेर अन्धकार बनाए झैं मानिसको मनलाई पनि अन्धकारमय बनाइदिन्छ। सन्त्रासै सन्त्रासबाट गुज्रिएको जीवनमा शान्ति, आनन्द, विवेक र प्रज्ञाले प्रवेश नै पाउन सक्दैनन्। शिक्षकलाई नसोधी कुनै विद्यार्थी कक्षा छोडेर फिल्म हेर्न गएको भए पनि फर्किएपछि बहाना बनाएर आफन्तसित भेटघाट गर्न गएको थिएँ भनिदिन्छ। यसको अर्थ हो, त्यो विद्यार्थी शिक्षकसँग भयभीत छ। यसरी भयले मानिसलाई सत्य बोल्नबाट रोक्छ। तर भयमुक्त हुनुको अर्थ यो होइन कि तपाईं जे चाहनुहुन्छ, त्यही गर्नुहोस्। तपाईं जे गर्ने हो, विवेकसम्मत तरिकाले गर्नुहोस्। आफूले उठाउने हरेक कदमको नतिजा विचार गरेर मात्र अगाडि बढ्नुपर्छ। भयरहित मानिस झन् बढी जिम्मेवार हुनुपर्छ।

डर-त्रासबाट मानिसमा नैसर्गिक प्रतिक्रिया उत्पन्न हुन्छ। जब तपाईं अनायास ठूलो सर्पको सामुन्ने पर्नुहुन्छ, तत्कालै भागेर परतिर जानुहुन्छ। यो भय होइन, शरीरको स्वाभाविक प्रतिक्रिया हो। खतरालाई सामुन्नेमा देखेर शरीरले आफूलाई त्यसबाट मुक्त राख्न खोजेको मात्र हो। गहिरो नहर या तलाउको किनारमा आँखा बन्द गरेर कोही पनि हिंड्दैनन्। द्रूतगतिमा कार आएको देखेर कुनै मानिस सडकको किनारातिर सुरक्षित हुन खोज्छ भने त्यसलाई पनि स्वाभाविक प्रतिक्रिया मानिन्छ, भयको सूचक मानिँदैन।

तपाईं कोठामा बसेर पढ्न भन्दा बाहिर कतै डुल्ने, कविता लेख्ने वा चित्र कोर्ने मूडमा हुनुहुन्छ तर अभिभावक वा शिक्षकले सहजै अनुमति दिँदैनन्। तिनको तम्तयार उत्तर हुन्छ, "तिमीलाई त्यसो गर्ने अनुमति दिन सकिँदैन। अथवा यसरी चित्र कोरेर वा घुमेर कसरी कोर्स सिद्धिन्छ?" तपाईंलाई यो जवाफ र तर्क राम्रो लाग्दैन। तपाईं जसरी पनि बाहिर जान चाहनुहुन्छ। त्यसनिम्ति तपाईं कुनै बहाना बनाउनुहुन्छ र बाहिरिनुहुन्छ; अन्तत: मनले चाहेको काम गर्नुहुन्छ। तर तपाईंले ढाँटेर वा कुनै बहाना बनाएर बाहिर गएको कुरा जब अभिभावक वा शिक्षकलाई थाहा हुन्छ, उनीहरूबाट पाउन सक्ने दण्डका कारण तपाईंको मनमा डर र त्रास उत्पन्न हुन्छ।

अभिभावक वा शिक्षकले सहजतापूर्वक छलफल गरेर सम्झाउँछन् भने बालबालिका वा युवाहरूले कुरा बुझ्छन् तर उनीहरूलाई निष्कर्ष मात्रै सुनाएर, डर देखाएर होइन कि तर्क र कारणहरू खुलस्त पारेर बताउनु चाहिं पर्छ। यदि विस्तृत रूपमा कुरा बुझाउन अभिभावक वा शिक्षकसित समय छैन भने त्यो कुरा पनि विद्यार्थीलाई स्पष्टसँग बताइनुपर्छ; त्यसपछि उनीहरू आफैं यो प्रश्नमा गहिरिएर विचार गर्छन्। आफ्नो विवेकलाई जागृत गर्छन् र पत्ता लगाउँछन् कि अहिले बाहिर किन जानुहुँदैन। त्यसपछि उनीहरू स्वत: बाहिर नजाने निर्णयमा पुग्छन्। अर्थात् घरमा र स्कूल दुवैमा हरेक केटाकेटीलाई के उचित हो र के उचित होइन भन्ने कुराको परख आफ्नै विवेकबाट गर्ने पर्याप्त मौका र वातावरण दिने हो भने उनीहरू न जिद्दीवाल हुन्छन् न त अटेरी नै। खासमा घर र स्कूल दुवैले हरेक केटाकेटीको विवेक जागृत हुने वातावरण बनाउनुपर्छ ताकि के सही र के गलत हो भन्ने कुरा आफैं छुट्याउन सकुन् र त्यसलाई अनुसरण गर्न थालुन्। हरेक बच्चासित विवेक हुन्छ, र त्यो जागृत हुने मौका जति बढी दिन सकियो, उति नै राम्रो हुन्छ।

घर र स्कूलमा मात्र होइन, हर क्षेत्रमा भय व्याप्त छ। पेशा, व्यवसाय र राजनीतिमा समेत संशय, त्रास र भयको कम्पन प्रत्यक्ष अनुभव गर्न सकिन्छ। कसैलाई सफलता हात नपर्ला भन्ने भय छ त सफलता चुमिरहेकालाई पुन: तल झर्नु पर्ला कि भन्ने त्रास छ। 'करिअर' मुखी युवाहरू त सानोतिनो पनि भूल गर्न चाहँदैनन्, त्यसैले उनीहरू अझ बढी तनावमा हुन्छन्।

बच्चालाई होस् वा ठूला मानिसलाई आफूले भने जसरी हिंडाउनुछ, आफ्नो आदेश पालना गराउनुछ भने डर र त्रास एउटा अचूक हतियार हो। 'तिमीलाई राम्रो लुगा किन्नुछ भने मेरो कुरा मान, नभए किन्दिनँ' भनेर अभिभावकले बच्चालाई धम्क्याउनु र गृहकार्य गरेर ल्याएनौ भने पिटाइ खान्छौ वा कुनै सजाय पाउँछौ भनेर तर्साउनु उस्तै व्यवहार हुन्। के अभिभावकको आदेश पालना गरे मात्र बच्चा उसले छानेको लुगा लगाउन योग्य हुने हो त? के गृहकार्य सजाय नपाउनको लागि गरिनुपर्ने क्रियाकलाप हो? अवश्य पनि होइन। यस्ता व्यवहारले बच्चालाई सही तरिकाले सोच्न, व्यवहार गर्न र अघि बढ्नका लागि अवरोध मात्र पुऱ्याउँदछन्। डर र त्रासका कारण जबरजस्ती आउने परिवर्तन हानिकारक त हुन्छ नै, यो अत्यन्त अस्थायी पनि हुन्छ। जुनबेला त्रास हट्छ, तत्क्षणदेखि मानिस पुरानै अवस्थामा फर्कन्छ, जहाँ उसको विश्वास या रुचि छ। त्यसैले भयमा आधारित परिवर्तन दिगो हुँदैन।

हामीमध्ये धेरै सम्मानित बनिरहन चाहन्छौं। र, यसका लागि हामी सही काम गर्न र सही आचरणको अनुकरण गर्न चाहन्छौं। यदि गहिराइमा गएर दृष्टि दिने हो भने त्यहाँ पनि भयको उपस्थितिको सूचक फेला पर्दछ। हामीले गल्ती किन गर्न नहुने? नयाँ र ठोस सिकाइ त गल्तीबाट पनि हुन्छ। तर जो मानिस भयग्रस्त छ, ऊ सधैं सोच्दछ म कतै असफल नबनुँ, सकभर अरूले कुरा काट्ने मौका नपओस्। एक महत्त्वाकांक्षी व्यक्ति वास्तवमै भयग्रस्त हुन्छ। जो मानिस भयग्रस्त हुन्छ, उसमा प्रेम, दया र सहानुभूति भन्ने कुरै हुँदैन। ऊ त्यो व्यक्ति जस्तै रहन्छ, जो चारढोकाभित्र कैद भएर बस्न बाध्य छ।

शिक्षाको काम विद्यार्थीको मनमस्तिष्कबाट भय र त्रासलाई समूल नष्ट गर्ने हुनुपर्दछ। तसर्थ, विद्यालयमा भएका डर त्रास उत्पन्न गर्ने सबै प्रकारका कारणहरूको खोजी गरिनुपर्छ र जरैदेखि तिनलाई उखेलेर फाल्नुपर्छ। किनकि जबसम्म मानिस भयग्रस्त रहन्छ, सृजनशील र प्रज्ञावान दुवै बन्न सक्दैन। अत: स्कूलको वातावरण त्यस्तो हुनुपर्दछ, जहाँ बच्चाहरूमाथि कुनै पनि प्रकारको दमन नहोस्। कदाचित् उनीहरूलाई कुनै कुरा मान्न बाध्य पारियो भने पनि त्यसमाथि उनीहरूले खुला र निर्भयका साथ विचार-विमर्श गर्न पाउन, भिन्न मत राख्न पाउन्। यसरी शिक्षक-विद्यार्थी बीच हुने खुला विचार-विमर्शले कम्तीमा उनीहरूमा यसबारे समझदारीको विकास हुँदै जान्छ।

सही शिक्षा त्यो हो, जसले व्यक्तिलाई आफूमाथि अन्तरदृष्टि दिन प्रेरित गर्दछ; समाजका समस्यामाथि विचार-विमर्श गर्न लायक बनाउँछ र समस्यालाई मानवीय आँखा (प्रेम, समानता, न्याय, स्वतन्त्रता) बाट हेरेर सम्बोधन गर्न सक्षम बनाउँछ। त्यसनिम्ति यस्तो एउटा परिवेश तयार होस् जहाँ बच्चालाई संस्कारित र प्रशिक्षित नगरिकन नै विकसित हुने अवसर मिलोस्। ताकि त्यो ठाउँ छाडेर जहाँ गए पनि उसले प्रज्ञापूर्वक र निर्भयताका साथ जीवन जिउन सकोस्। अन्यथा विद्यालयको कुनै महत्त्व छैन। अत: हामीले यस्ता विद्यालयको निर्माण गर्नुपरेको छ, जहाँ बालबालिकामाथि कुनै दमन नहोस्, उनीहरूलाई बन्धनमा नराखियोस् र, हामी ठूला मानिसको धारणा, विचार र सोच लाद्ने प्रयत्न पनि नगरियोस्। हाम्रा धारणा, मूर्खता र भय लाद्नु भनेको उनीहरू माथिको शोषण हो। उनीहरू जसरी विकसित हुँदै जान्छन्, आफ्नो वैयक्तिक मामिला बुझ्दै जान्छन् र विवेकपूर्वक जीवनयापन गर्न सक्षम हुन्छन्।

*(भारतीय दार्शनिक कृष्णमूर्ति (सन् १८९५-१९८६) को प्रवचनमा आधारित पुस्तक 'शिक्षा क्या है' बाट)*

प्रस्तुति: **सुदर्शन घिमिरे**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**



# भारतको ६६औं स्वतन्त्रता दिवस



**अतिथिदेव भारत**

भारतले वार्षिक ५.८ मिलियन विदेशी पर्यटकलाई आतिथ्य प्रदान गर्दछ। सन् २०१८ सम्म भारतको पर्यटन उद्योगले अमेरिकी डलर २७५.५ बिलियन आम्दानी गर्ने आशा गरिएको छ।




**प्रशोधनमा वृद्धि**

बजार सम्भावनालाई दोहन गर्न भारतको खाद्य प्रशोधन क्षेत्रमा अमेरिकी डलर २५.० बिलियनभन्दा बढी लगानी माग गर्दछ।



**टेरा फार्मा**

भारत अमेरिकी डलर ६० बिलियन बराबरको कुल बिक्रीसहित सन् २०२० सम्म १० उत्कृष्ट विश्व औषधि बजार मध्ये सामेल हुनेछ।



## भारत–नेपाल विकास साझेदारी

सन् १९५१ मा शुरु भएको भारत-नेपाल आर्थिक विकास कार्यक्रमको नेपाल सरकारको राष्ट्रिय विकास प्रयासमा सहयोग पुऱ्याउने उद्देश्य रहिआएको छ।

### साना विकास परियोजनाहरु :

- नेपालका सबै जिल्लाहरुलाई समेटिएको कार्यक्रमबाट १.२ करोड जनता लाभान्वित
- भारत सरकारले यस परियोजना अन्तर्गत विद्यालय भवनहरु, बहुमुखी क्याम्पसहरु, विशेष तालिम संस्थानहरु, पुस्तकालयहरु, प्राथमिक स्वास्थ्य चौकीहरु, प्रसूति केन्द्रहरु, अस्पतालहरु, ग्रामीण/शहरी सडक तथा पुलहरु, नहरहरु, खानेपानी परियोजनाहरु, शित भण्डारहरु निर्माण, बाढी नियन्त्रण परियोजनाहरु र नेपाल सरकारका वरिष्ठ अधिकारीहरुलाई तालिम तथा आँखा शिविरहरु सञ्चालन
- २१३ विद्यालय परियोजनाहरु सञ्चालनमा तथा सम्पन्न



- सन् १९९४ देखि नेपालका विभिन्न ७० जिल्लाहरुलाई ३४२ वटा एम्बुलेन्सहरु तथा ६६ वटा स्कूल बसहरु उपहार स्वरुप प्रदान गरिएको। २० वटा एम्बुलेन्सहरु तथा ४ वटा स्कूल बसहरु यही १५ अगष्ट २०१२ मा उपहार प्रदान गरिंदै
- सन् २००१ देखि भारत सरकारको सहयोगमा नेपाल नेत्र ज्योति संघले निःशुल्क नेत्र स्याहार शिविर सञ्चालन, जसमा भारत सरकारले कुल ने.रु. २१.१० करोड सहयोग गरेको छ। १ लाख ७ हजार भन्दाबढीको शल्यक्रिया सम्पन्न तथा २००७ मा सञ्चालित विद्यालय आँखा स्वास्थ्य स्याहार कार्यक्रम अन्तर्गत ३७ हजार भन्दाबढी विद्यार्थीहरुलाई दृश्य सहयोगी सामाग्रीहरु वितरण

### भारत–नेपाल सीमामा चार वटा सीमा जाँच चौकीहरुको पूर्वाधार विकास

- भारत-नेपाल सीमानाका ४ वटा बिन्दुहरु- रक्सौल(भारत)-वीरगञ्ज (नेपाल), सुनौली(भारत)-भैरहवा(नेपाल), जोगबनी(भारत)-विराटनगर(नेपाल) र नेपालगञ्ज सडक(भारत)-नेपालगञ्ज(नेपाल) मा एकीकृत जाँच चौकीहरु निर्माणाधिन छन्।

भारतीय राजदूत, काठमाण्डु
AMBASSADOR OF INDIA
KATHMANDU

सत्यमेव जयते



भारतको ६६औं स्वतन्त्रता दिवसको अवसरमा नेपालस्थित हाम्रा मित्रहरु तथा भारतीय समुदायमा म न्यानो अभिवादन तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

हामीलाई गर्व छ कि संस्कृति, भाषा, धर्म, संस्कार, आस्था र परम्पराका बहुलताकोबीच हाम्रा जनताहरु गहिरो धर्म निरपेक्ष, प्रजातान्त्रिक पहिचानमा बाँधिएका छन्। २६ नोभेम्बर १९४९ मा जारी गरिएको हाम्रो संविधानले भारतको विविधता जनाउनुको साथै सबै धर्म, क्षेत्र, जात, भाषा तथा लिङ्गका नागरिकहरुको समान अधिकारको सुनिश्चितता गरेको छ।

हाम्रो स्वतन्त्रता संग्राममा असंख्य नरनारीहरुको बलिदानको गाथा समाविष्ट छ। हाम्रो स्वतन्त्रताको चाहनालाई मूर्त रुप प्रदान गर्ने हाम्रा राष्ट्रपिता महात्मा गान्धीले स्वराज भारतीय जनताको स्वतन्त्रता प्राप्ति तथा तिनका परिश्रमको फल पाउने अपरिहार्य अधिकार जसले विकासको निम्ति पूर्ण अवसर प्रदान गर्न सक्दछ भनी परिभाषित गर्नुभएको थियो। हाम्रा प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरुको १५ अगष्ट १९४७ को मध्यरातको प्रख्यात भाषण 'भाग्यसँग भेट' मा पनि यही भावना प्रतिबिम्बित थियो। हाम्रो स्वतन्त्रताको उद्देश्यलाई उहाँले यसरी व्यक्त गर्नुभयो:

> "सामान्य मानिसलाई स्वतन्त्रता र अवसर प्रदान गर्ने, भारतका मजदुर र किसानहरुलाई अधिकारको लागि लड्दै गरीबी, अज्ञानता र रोगहरु अन्त्य गर्ने, एउटा समृद्ध, लोकतान्त्रिक र अग्रगामी राष्ट्र निर्माण गर्ने अनि हरेक नरनारीलाई न्याय तथा जीवनको पूर्णताको सुनिश्चितता प्रदान गर्ने सामाजिक, आर्थिक तथा राजनीतिक संस्थाहरु सिर्जना गर्ने।"

हाम्रा नेताहरुले गहिरोसँग बुझेका थिए कि संकीर्ण घरेलु बन्धनहरुले राष्ट्रहरु कदापि विभाजित हुनु हुँदैन। उहाँहरुले शान्ति, स्वतन्त्रता, लोकतन्त्र र समृद्धिको लागि संसारभरिका जनता तथा देशहरुसँग सहकार्य गर्ने प्रतिबद्धता जनाउनु भएको थियो। समान आर्थिक वृद्धिको लागि आन्तरिक हातेमालो एवं उपमहाद्वीपीय जिम्मेवारी साटासाट गर्ने तत्परता तथा सम्पूर्ण दक्षिण एसियाली छिमेकीहरु, खासगरी विश्वका अन्य देशभन्दा बहुआयामिक तथा बहुपक्षीय सम्बन्ध रहेको नेपालसँग विकासको सहकार्य गर्ने भारतको चाहना रहिआएको छ।

भारत र नेपालको साझा वंशानुक्रम रहेको छ। हाम्रा एउटै सभ्यतागत मूल्य मान्यताहरु छन्। हाम्रा जीवनका सबैपक्षमा सामाजिक सांस्कृतिक सम्बन्ध घनिभूत रहेको छ। १९४७ मा भारत स्वतन्त्र भएदेखि नै भारतले हाम्रा दुई देशबीच द्विपक्षीय शैक्षिक, वैज्ञानिक, व्यवसायिक तथा आर्थिक आदानप्रदानमा सक्रीय सहयोग गर्दै आएको छ। हामीले यसो किन गरेका हौं भने हामीलाई विश्वास छ दुई देशबीचका जनताको कल्याणमा अपरिहार्य अन्तर्सम्बन्ध रहेको छ। तसर्थ, नेपालको अगाडि रहेका चुनौतिहरु सामना गर्ने सफलता भन्नु नै भारतको पनि सफलता हो।

हामी नेपाली जनताका आवश्यकता र चाहनालाई सम्बोधन गर्दै स्थायित्व, बहुदलीय लोकतन्त्र,




**जनतालाई सशक्तिकरण**

ई-चौपाल अर्थात ग्रामीण इन्टरनेटले भारतका २३० मिलियन किसानलाई सशक्तिकरण गर्दछ।



**बक्सभन्दा बाहिर**

सन् २०१४ सम्म भारतीय ई मिडिया इन्डस्ट्रीको आकार अमेरिकी डलर १२.३ बिलियन पुग्ने [illegible]



**इन्जिनियरिङ गरिएको भविष्य**

सन् २०२० सम्म इन्जिनियरिङ अनुसन्धानबाट भारतलाई अमेरिकी डलर ४५ बिलियन प्राप्त हुने



**प्रतिभा तथा युवाशक्ति**

भारतको ५०% जनसंख्या २५ वर्षभन्दा कम उमेर रहेको छ। प्रत्येक वर्ष २७ मिलियन श्रमशक्तिमा समाहित हुन्छ।



**भविष्यको लागि माइक्रोसफ्ट विन्डो**

मोबाइल उपकरणमा प्रयोग हुने माइक्रोसफ्टको सफ्टवेयरका सम्पूर्ण कार्य भारतमा गरिन्छ।



**सफ्टवेयरको केन्द्र**

सन् २०२० सम्म भारतको ८१ मिलियन सफल आइटी-बीपीओ उद्योग ४००% ले वृद्धि हुनेछ।



[illegible]



भैरहवा(नेपाल), जोगवनी(भारत)-विराटनगर(नेपाल) र नेपालगन्ज सडक(भारत)-नेपालगन्ज(नेपाल) मा एकीकृत जाँच चौकीहरु निर्माणाधिन छन्।

- नेपाल तर्फ निर्माण हुने एकीकृत जाँच चौकीहरुमा भारत सरकारको पूर्ण लगानी रहने छ।
- भारततर्फ रक्सौल र जोगवनी तथा नेपालतर्फ वीरगञ्जमा निर्माण कार्य शुरु भइसकेको छ। विराटनगर जाँच चौकीको लागि जग्गा छनौट कार्य सम्पन्न भैसकेको र काम शिघ्र शुरुहुने अपेक्षा गरिएको छ। यसको कूल अनुमानित लागत ने.रु. ८०० करोड रहेको छ।
- नेपालगन्ज/नेपालगन्ज सडकको जाँच चौकी निर्माण कार्य शुरुगर्ने समेत निर्णय भैसकेको छ। दुवै तर्फको लागि जग्गा छनौट कार्य सम्पन्न भैसकेको छ।

## भारत–नेपाल सीमास्थित ५ वटा सीमा नाकाहरुमा रेलमार्ग पूर्वाधार विकास

- भारत-नेपाल सीमानाका ५ स्थानहरु: (क) भारतको जयनगरदेखि नेपालको वर्दीवाससम्म (६८ किमि); (ख) भारतको जोगवनीदेखि नेपालको विराटनगरसम्म (१७.६५ किमि); (ग) भारतको नौतनवादेखि नेपालको भैरहवासम्म (१५.३० किमि); (घ) भारतको रुपैडियादेखि नेपालको नेपालगन्जसम्म (१२.११ किमि); र (ङ) भारतको न्यू जलपाइगुडीदेखि नेपालको काकडभिट्टासम्म (४६.९२ किमि) सीमापार रेलमार्ग विस्तार गर्ने नेपाल सरकारको अनुरोधलाई भारत सरकारले स्वीकारेको छ।
- नेपाल सरकारले जयनगर-वर्दीवास र जोगवनी-विराटनगर रेलमार्ग विस्तारको लागि जग्गा अधिग्रहण गर्न बाँकी रहेको छ। यी दुई रेलमार्गका प्रथम चरणको कार्यको लागि अनुमानित लागत ने.रु. १०४० करोड भन्दा बढी रहेको छ।
- पानीट्याङ्की हुँदै भारतको नौतनवादेखि नेपालको भैरहवासम्म, भारतको रुपैडियादेखि नेपालको नेपालगन्ज र भारतको न्यू जलपाइगुडीदेखि नेपालको काकडभिट्टासम्म थप तीन रेलमार्ग विस्तार गर्ने परिकल्पना गरिएको छ।

## तराईमा सडक पूर्वाधार

- नेपाल सरकारसँग सम्झौतापत्रमा जनवरी २०१० मा हस्ताक्षर
- परियोजनाले प्रथम चरणमा ने.रु. ११०० करोडको लागतमा ६०५ किमि लम्बाई बराबर १९ वटा सडकहरु निर्माण गर्ने परिकल्पना गरेको छ। परियोजना ६ चरणमा विभाजन गरिएको छ।
- उक्त सडकहरुको निर्माण कार्य शुरुभैसकेको छ।
- प्रथम चरण पश्चात ९०० किमि लम्बाई सडक निर्माण गर्न दोस्रो चरणको काम शुरु गरिने छ।
- विस्तार गरिन लागेको सञ्जालबाट ८८ लाख जनतालाई लाभ पुग्ने आशा गरिएको छ।



## काठमाण्डौंमा भारत–नेपाल मैत्री आकस्मिक तथा ट्रमा केन्द्र

- २०० शैया सुविधासहितको अनुमानित ने.रु. १५० करोडको लागतमा निर्माणाधिन ८ तले भवन
- केन्द्र नेपाल सरकारलाई छिट्टै हस्तान्तरण हुने









नेपालको अगाडि रहेका चुनौतीहरु सामना गर्ने सफलता भन्नु नै भारतको पनि सफलता हो।

हामी नेपाली जनताका आवश्यकता र चाहनालाई सम्बोधन गर्दै स्थायित्व, बहुदलीय लोकतन्त्र, समावेशीकरण र समृद्धिको सुनिश्चितताको लागि नयाँ संविधान लेख्ने महान ऐतिहासिक कार्यमा जुटेका नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुलाई सफलताको शुभकामना प्रकट गर्दछौं।

आजको विशेष अवसरमा म मित्र नागरिकहरु तथा नेपालमा रहेका हाम्रा मित्रहरुलाई हरेक सम्भाव्य सुख र सफलताको कामना गर्दछु।

जय हिन्द
जय नेपाल-भारत मैत्री

१५ अगष्ट २०१२

जयन्त प्रसाद

## दक्षिणकाली–कुलेखानी सडक विस्तार

- २६ किमि उक्त खण्ड काठमाण्डौं उपत्यकालाई तराईसँग जोड्ने ६२ किमि लामो काठमाण्डौं-हेटौंडा सडक अन्तर्गत पर्दछ।
- निर्माण कार्य अन्तिम चरणमा

## सैनिक कल्याण कार्यक्रम

- भारत सरकारका निवृत्तहरुलाई वार्षिक ने.रु. २००० करोड पेन्सन वितरण
- प्रत्येक वर्ष ११ करोड भन्दा बढी रकम कल्याणकारी योजना अन्तर्गत कार्यान्वयन
- ५१८ विद्यार्थीहरुलाई शैक्षिक छात्रवृत्ति
- १,२४,००० बढ्ता औषधि उपचार वितरण गरिने
- करिब १.५ लाख जनतालाई सुविधा पुग्ने १७ वटा सौर्य परियोजनाहरु कार्यान्वयन



- १०३३ वटा खानेपानी परियोजनाहरु चालु छन्। यस वर्ष मात्रै ७२ हजार जनतालाई सुविधा पुग्ने १६ वटा परियोजनाहरु कार्यान्वयन हुँदै
- यस वर्ष लाभग्राहीहरुलाई औषधि अनुदान तथा वित्तिय सहयोग वितरण
- भूपू योगदानात्मक स्वास्थ्य योजना-नेपालमा बसोबास गर्ने भारतीय रक्षा निवृत्तहरुलाई निःशुल्क स्वास्थ्य उपचार योजना

## छात्रवृत्तिहरु

- नेपाल र भारतमा अध्ययन गर्ने वार्षिक १७६५ नेपाली विद्यार्थीहरुलाई २१ विषयमा छात्रवृत्ति



**आगामी परियोजनाहरु**

- वीरगञ्जमा सभागृह
- हेटौंडामा पोलिटेक्निक
- कपिलवस्तुमा आँखा अस्पताल
- महेन्द्रनगर-टनकपुर सडक विस्तार
- नेपाल-भारत मैत्री पशुपति धर्मशाला
- काठमाडौंस्थित खुलालटारमा विज्ञान शिक्षा केन्द्र

सन् २०२० सम्म इन्जिनियरिङ अनुसन्धानबाट भारतलाई अमेरिकी डलर ४५ बिलियन प्राप्त हुने



**कच्चा शक्तिको प्रशोधन**

आ.व. २०१२ मा भारतको पेट्रोलियम प्रशोधन क्षमता २५५ एमटीपीए पुग्ने



**बजारको हिरा**

सन् २०१०-१५ बीचमा भारतको हिरा गहना बजार १५% ले वृद्धि हुने



**ज्योति प्रदान**

हाल भारतले विश्वको १५% हिरा निर्यात गर्दछ।

[illegible]

# सजायरहित शिक्षण केहीले त थालिसके !

**बालबालिकालाई त्रासरहित वातावरणमा पठनपाठन गर्नुपर्ने मान्यताले व्यापकता पाउँदै आए पनि नेपालका बहुसंख्यक विद्यालयमा यससम्बन्धी अवधारणाले बल्ल प्रवेश पाउन थालेको देखिन्छ । यता आएर केही विद्यालयले बालमैत्री र सजायरहित अभ्यासको सुरुआत थालि पनि सकेका छन् ।**

■ **प्रमोद आयाम**

कुनैबेला ललितपुर, डुकुछापस्थित चण्डीदेवी प्राविका प्रअ सीताराम खड्का विद्यालय नआउने खबर पाएको दिन छात्रछात्रा खुशीले दंग पर्थे किनभने त्यो दिन उनीहरूले पिटाइ खानुपर्दैनथ्यो । तीन वर्षअघिसम्म यहाँका विद्यार्थीले राम्रै सजाय पाउँथे- डेस्कमाथि उभ्याउने, छडीले पिट्ने, उठबस गराउनेदेखि 'कुखुरा' बनाउनेसम्मका । गालीगलौजको त हिसाबै भएन । सबैजसो शिक्षक कक्षामा छडी बोकेर जान्थे । प्रअ खड्काकै शब्दमा विद्यार्थीमाऊ उनी 'सबैभन्दा बढी पिट्ने सर'का रूपमा चिनिन्थे ।

अहिले परिस्थितिले पूरै कोल्टे फेरेको छ । शैक्षिक वर्ष २०६७ देखि चण्डीदेवीमा छात्रछात्रालाई शारीरिक दण्ड, गालीगलौज जस्ता सबैखाले सजाय दिन छोडिएको छ । शिक्षक-कक्षमा टाँसिएको १५ बुँदे प्रतिबद्धतामा लेखिएको छ, 'विद्यार्थीलाई कुनै पनि सजाय दिने छैनौं ।' प्रअ खड्का भन्छन्, "हाम्रो स्कूलमा विद्यार्थीलाई पिट्न, गाली/बेइज्जती गर्न र उपनाम दिएर बोलाउन पाइँदैन ।"

शिक्षकहरूका अनुसार, गृहकार्य नगर्ने विद्यार्थीलाई नगर्नुको कारण खोजेर कक्षामै गर्नका निम्ति प्रेरित गरिन्छ । कक्षा ५ की छात्रा कृतिका बुढाथोकी भन्छिन्, "गल्ती भएको बेलामा पनि माया गरेर सम्झाइबुझाइ सिकाउनुहुन्छ । हामी कसैलाई पनि पिट्नुहुँदैन ।" छात्रछात्रामा डरत्रास रहेको पाइँदैन । शिक्षकसँग निर्धक्क बोल्न थालेका छन् । शिक्षक कृष्णकमल बानियाँ भन्छन्, "पहिलेपहिले हामीले कक्षामा कुनै



वैष्णवी माविको नर्सरी र कक्षा-१ को संयुक्त कक्षा ।



कुरा सोध्दा हत्तपत्त जवाफ दिँदैनथे। अहिले मिले पनि नमिले पनि आफूलाई लागेको कुरा फ्याट्टै भनिहाल्छन्।" अन्य कक्षागत क्रियाकलापमा उनीहरूको सहभागिता बढेको छ। राम्रो काम गर्दा 'स्याबास्' भनेर प्रशंसा गर्न थालिएको छ।

लुनिभा बालसरोकार समूह, वर्ल्ड भिजन इन्टरनेशनल, नेपाल लगायतका संस्थाको पहलमा चण्डीदेवी प्राविमा बालमैत्री शिक्षण सिकाइको अभ्यास थालिएको हो। भयरहित र सजायरहित सिकाइलाई पनि बालमैत्री विद्यालयको एउटा अंग मानिन्छ। यता आएर चण्डीदेवीका शिक्षकले भयरहित अभ्यासको सान्दर्भिकता र महत्त्वलाई राम्रैसँग महसूस गरेको भान हुन्छ। शिक्षक विष्णुहरि दनुवार भन्छन्, "बालबालिकाका असल क्रियाकलापको प्रशंसा गर्दा उनीहरूको मनोबल झन् बढ्दो रहेछ।"

बालमैत्री अभ्यासकै प्रभावका कारण नजिकैका बोर्डिङका बालबालिका समेत चण्डीदेवीमा ल्याइन थालेका छन्। डुकुछापकै गणेश माविकी शिक्षक पार्वती तिमल्सिनाले सँगैको निजी स्कूलमा कक्षा १ मा पढ्ने छोरा सिद्धान्तलाई त्यहाँबाट झिकेर असारको पहिलो साता चण्डीदेवीमै भर्ना गरिदिएकी छिन्। उनी भन्छिन्, "बोर्डिङमा छँदा स्कूल जाने बेला सधैं रुन्थ्यो। बलजफ्ती पठाउनुपर्थ्यो। अहिले 'स्कूल जाऊ' भन्नै पर्दैन। आफैं रमाएर जान थालेको छ।"



तस्बीरहरू: प्रमोद आयाम

चण्डीदेवी प्राविको नर्सरी कक्षा। साथमा, यही स्कूलका शिक्षकको प्रतिबद्धता।

चण्डीदेवी प्राविमा शिक्षकहरूका भनाइमा, भयरहित शिक्षण अभ्यास थालिएयता विद्यालयमा धेरै सकारात्मक परिवर्तन देखिन थालेका छन्। छात्रछात्राको विद्यालय छोड्ने (ड्रप आउट) दर शून्यमा झरेको छ। प्रअ खड्काका अनुसार, यो दर विगतमा ३० प्रतिशतसम्म हुन्थ्यो। यो विद्यालयमा पढ्ने छात्रछात्रामध्ये ८२ प्रतिशत दनुवार समुदायका छन्। विद्यार्थीको नियमित उपस्थिति दर पनि बढेको शिक्षकहरूको भनाइ छ। अर्का शिक्षक रामकृष्ण दनुवार भन्छन्, "शिक्षकबाट पिटिने डरले कतिपय विद्यार्थी घरबाट स्कूल नआई खोलातिर खेल्न जान्थे। अहिले त्यो क्रम पूरै रोकिएको छ।" सजायको क्रम रोकिएपछि विद्यार्थीको सिकाइमा सकारात्मक परिवर्तन आएका दृष्टान्त समेत भेटिएका छन् *(हे. बक्स)*।

## वैष्णवीको उस्तै प्रयास

कक्षा २ सम्म कीर्तिपुर, पाँगास्थित नवज्योति प्राविमा पढेकी अस्मिता तामाङ कक्षा ३ मा कीर्तिपुरकै वैष्णवी माविमा भर्ना भइन्। वैष्णवीमा एक साता पढेपछि उनले अर्की साथी अस्मिता थापा मगरलाई पनि यहीं भर्ना हुन अनुरोध गरिन्। साथीलाई पनि आफू पढेकै स्कूलमा बोलाउनुको कारणबारे तामाङ भन्छिन्, "यहाँ मिसले धेरै माया गर्नुहुन्छ। अनि उसलाई पनि यहीं पढौं भनें।" तामाङ स्कूललाई 'घरभन्दा पनि रमाइलो' ठान्छिन्। मगर पनि नवज्योतिको भन्दा वैष्णवीमा रमाएकी छिन्। भन्छिन्, "घरमा ममीले भन्दा पनि मिसले बढी माया गर्नुहुन्छ।"

कीर्तिपुर, भाजङ्गलमा रहेको वैष्णवी माविले २८ भदौ २०६७ देखि बालमैत्री र सजायरहित शिक्षण सिकाइको अभ्यास शुरू गरेको हो। यहाँ विद्यार्थीलाई शारीरिक दण्ड दिन, होच्याएर बोल्न र गाली गर्न नपाइने नियम बसाइएको छ। उक्त नियमको व्यावहारिक अभ्यास कक्षाकोठामा पनि देख्न सकिन्छ। १२ साउनमा *शिक्षक* प्रतिनिधि वैष्णवी स्कूल पुग्दा शिक्षक जानुका केसी कक्षा १ का बालबालिकालाई नेपाली वर्णमालाको 'एकार'को चिनारी सिकाउँदै थिइन्। उनले विद्यार्थीलाई पालैपालो 'क'देखि 'ज्ञ'सम्मको 'एकार' अक्षर पढ्न लगाइन्। छात्र दिपेश ठाकुरले सबै पढेर सुनाएपछि शिक्षक केसीले भनिन्, 'ल हेर ! दिपेशले सबै भन्यो। ल उसलाई 'थ्याङ्स' भनौं त !' अनि कक्षाका सबैले 'थ्याङ्स' भन्दै ताली बजाए। केसी भन्छिन्, "राम्रो कामको प्रशंसा गरिदिंदा बालबालिकामा अझै राम्रो गरौं भन्ने प्रेरणा जाग्दो रहेछ।"

यो विद्यालयमा शिक्षण सिकाइलाई





## सजाय रोकिएपछि...

**चण्डीदेवी** प्राविका छात्र धीरेन्द्र महर्जन कुनै बेला शिक्षकबाट खुबै कुटिन्थे। घरमा बुबाले पनि उस्तै पिट्ने। पिटाइकै कारण उनी विद्यालयमा पनि नियमित थिएनन्। हाजिरी रजिष्टर अनुसार, कक्षा ३ (२०६५) मा उनी ११७ दिन विद्यालयमा उपस्थित थिए भने ६४ दिन अनुपस्थित। कक्षा ४ मा त फेलै भए।

जब, चण्डीदेवी प्राविले सजाय दिन छाड्यो, धीरेन्द्र नियमित रूपमा विद्यालय आउन थाले। कक्षा ५(२०६८)मा ६ दिन मात्रै अनुपस्थित रहे। पिटिन छोडेपछि उनको विद्यालय उपस्थिति दर मात्रै बढेन, कक्षा ५ मा ५८.५७ ल्याउन सके र तृतीय स्थानमा रहे। धीरेन्द्र भन्छन्, "पहिले त कुटाइ खाने डरले स्कूल जानै मन लाग्दैनथ्यो। सरले पिट्न छाडेपछि चाहिं नियमित गएँ। त्यसैले राम्रो गर्न सकेको हुँ।" धीरेन्द्र हाल डुकुछापकै गणेश माविमा कक्षा ६ मा पढ्दैछन्।

विद्यार्थी केन्द्रित र अन्तरक्रियामुखी बनाइएको छ। यसो गर्दा सिकाइका निम्ति छात्रछात्राको रुचि र सहभागिता बढेको शिक्षकहरूको अनुभव छ। विद्यार्थीले अघिल्लो दिनको गृहकार्य नगर्दैमा सजाय पाउँदैनन्। शिक्षक जानुका केसी भन्छिन्, "त्यस्ता विद्यार्थीलाई गृहकार्य नगर्नुको कारण सोध्छु र कक्षामै गर्न लगाउँछु। उनीहरू पनि खुशी भएर गर्छन्।" यही अभ्यास अन्य कक्षामा पनि देखिन्छ। कक्षा ५ का छात्र सूर्य माझी भन्छन्, "हामीलाई मिसले कहिल्यै पिट्नुहुन्न। गाली पनि गर्नुहुन्न। त्यसैले मिससँग डर लाग्दैन।"

शिक्षकहरूको अनुभवमा सजायरहित शिक्षण थालिएपछि शिक्षक र विद्यार्थीको आत्मीयता बढेको छ। अर्की शिक्षक मञ्जु केसीले यस्तै अनुभव सँगालेकी छन्। आफू बिरामी हुँदाहुँदै पनि उनी ५ साउनमा कक्षामा पढाउँदै थिइन्। त्यत्तिकैमा एउटी छात्राले भनिछन्, 'मिस ! तपाईंलाई सञ्चो नभए बेञ्चमा सुत्नुस्। हामीले लेखेर बस्छौं नि !' छात्राको त्यो भनाइले आफ्ना आँखाबाट आँशु झरेको शिक्षक केसीले सुनाइन्। "विद्यार्थीलाई माया गरे उनीहरूबाट आफूले पनि माया पाइँदोरहेछ", उनी भन्छिन्। वैष्णवी माविमा कक्षा १-६ र ७-८ को पठनपाठन भिन्दाभिन्दै भवनमा सञ्चालित छ। प्रअ युवराज न्यौपानेको मूल्याङ्कनमा कक्षा १-६ मा बालमैत्री अभ्यासको कार्यान्वयन सन्तोषजनक रहे पनि कक्षा ७-१० मा भने अपेक्षित सुधार हुनसकेको छैन।

## रिपोर्टिङ गर्दागर्दै...

**दण्डरहित** शिक्षण अभ्यासको रिपोर्टिङ गर्ने सिलसिलामा यो संवाददाता १० साउनमा ललितपुर, भोलढोकास्थित ललितकल्याण केन्द्र निमावि पुग्यो। विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार संरचना केही भिन्न जस्तो देखिन्थ्यो। प्रअ रमेश श्रेष्ठले ६-७ वर्षयता बालमैत्री र दण्डरहित शिक्षण अभ्यास थालिएको जनाए। श्रेष्ठसँगको कुराकानीपछि म शिक्षण सिकाइको अवलोकन गर्न थालें।

अघिल्लो पिरियडमा नर्सरीका बालबालिकालाई नाचगान गराइरहेका शिक्षक जीवन शाक्य कक्षा १ मा प्रवेश गरे। उनी विद्यार्थीलाई 'मिलेर बस, मिलेर बस' भन्दै थिए। त्यत्तिकैमा आकाश लामा नाम गरेका बालकको जीउमा उनले ड्याम्म पिटे। बालकका आँखामा आँशु टिलपिलाउँदै थिए। मैले सोधेँ, "किन पिट्नुभयो बच्चालाई ?" शाक्यले भने, "यहाँका बच्चा कस्ता छन्, तपाईंलाई के थाहा ? देख्नुभएन नटेरेको ?" "त्यसरी पिट्न हुँदैनथ्यो नि !" मैले यति भन्नासाथ उनी रिसाउँदै 'बाहिरका मान्छे आएर टेन्सन दिन्छन्, पढाउँदिनँ' भन्दै कक्षाबाट बाहिरिए।

खासमा ती बालकको कुनै गल्ती थिएन। 'शान्त भएर नबसेको' निहुँमा उनी पिटिएका थिए।

शाक्य नाचगानका निम्ति निजी स्रोतमा राखिएका शिक्षक थिए। त्यो घटनाबारे प्रअ श्रेष्ठलाई सोध्दा उनले भने, "उहाँ राम्रोसँग आँखा देख्नुहुन्थेन। कहिलेकाहीं आउनुहुन्थ्यो, सीधैं कक्षामा गएर पढाउनुहुन्थ्यो र उतैबाट जानुहुन्थ्यो। त्यो घटना सुनेपछि मैले उहाँलाई 'त्यसरी पिट्न हुँदैनथ्यो नि' भनेर सम्झाएँ। त्यसपछि उहाँले पढाउनै छाड्नुभएको छ।"

त्यसपछि मैले कक्षा २ का छात्रछात्रालाई शिक्षकले दिने सजायबारे जिज्ञासा राखें। उनीहरूले पनि 'होमवर्क' नगर्दा कहिलेकाहीं संगीता मिस (संगीता श्रेष्ठ)ले दण्ड दिने गरेको बताए। ललितकल्याणमा बालमैत्री शिक्षणको अभ्यास थालिए पनि त्यो प्रयास पूर्णत: सार्थक भएको देखिएन। प्रअ श्रेष्ठले भने, "कहिलेकाहीं आक्कल-झुक्कल रूपमा पिटपाट भएको हुनसक्छ। तर, सजाय दिने हाम्रो नीति छैन।"

### बढ्दैछ उपलब्धि

बालमैत्री शिक्षण अभ्यासको दुई वर्षमा चण्डीदेवी प्रावि र वैष्णवी माविका विद्यार्थीको सिकाइ उपलब्धि दर उकालो लाग्न थालेको छ। विगतमा ४० प्रतिशतको हाराहारीमा रहेको चण्डीदेवीको औसत सिकाइ उपलब्धि अहिले ५५-६० प्रतिशत पुगेको छ। २०६७ सालमा चण्डीसहित आदर्श सौल उमावि स्रोत केन्द्र अन्तर्गतका १२ वटा सामुदायिक विद्यालयमा एकैसाथ बालमैत्री अभ्यास थालिएको थियो।

वैष्णवीको औसत सिकाइ उपलब्धि दरमा अरु बढी सुधार भएको देखिन्छ। शैक्षिक वर्ष २०६७ मा कक्षा ३ को सिकाइ उपलब्धि दर नेपाली (४७.४३%), अंग्रेजी (६०.३५%), गणित (६३.१७%), सामाजिक (५८.२७%) र विज्ञान (६२.४८%) थियो। २०६८ सालमा यो दर क्रमश: ७८.३७%, ७८.६२%, ७५.८७%, ७७% र ८८.३७% पुगेको देखिन्छ। अन्य कक्षाको सिकाइ उपलब्धिमा पनि यस्तै सुधार आएको बताइएको छ। यसमा विद्यार्थी पनि थपिँदै गएका छन्। २०६७ मा ८६ जना विद्यार्थी रहेकोमा २०६८ मा त्यो संख्या १३७ र यो वर्ष १४७ पुगेको छ।



sms प्रतिक्रियाका लागि ltr<space>5006

# *शिक्षक* पत्रिका नियमित प्राप्त गर्ने चार काइदा

१. आफूलाई पायक पर्ने नजिकको पत्रपत्रिका बिक्रेतासँग ग्राहक बनेर । (यस्तो कारोबारको सम्पूर्ण दायित्व ग्राहक र सम्बद्ध बिक्रेतामा रहन्छ ।




२. ग्राहकले इच्छाएको बिक्रेता/पसल वा एजेन्टमार्फत पत्रिका प्राप्त गर्ने गरी सीधै *शिक्षक* मासिकको कार्यालयमा ग्राहक बनेर । (यस्ता ग्राहकको प्रति ग्राहकले इच्छाएको पसल वा बिक्रेतासम्म पुऱ्याउने दायित्व *शिक्षक* मासिकको व्यवस्थापनले वहन गर्छ । बिक्रेता वा पसलबाट पत्रिका प्राप्त गर्ने व्यवस्था सम्बद्ध ग्राहक आफैंले गर्नुपर्छ ।) वार्षिक शुल्क रू.६००/-

३. **रजिष्ट्री हुलाक ग्राहकः** नियमित रूपमा पत्रिका प्राप्त गर्न चाहने खासगरी दुर्गम क्षेत्रका पाठकहरूको निम्ति यो सबैभन्दा भरपर्दो उपाय हो । नयाँ अंक प्रकाशित भएलगत्तै हुलाकबाट रजिष्ट्री गरी पत्रिका पठाइनेछ । रजिष्ट्री गर्दा लाग्ने शुल्क ग्राहकले ग्राहक शुल्कसँगै एकमुष्ट बुझाउनुपर्नेछ । यसरी रजिष्ट्री गरी पठाइएको पत्रिका हराएमा, नासिएमा वा ग्राहकले नपाएमा *शिक्षक* को व्यवस्थापनले सम्बद्ध हुलाक कार्यालयमा हर्जाना दावी गरी कारबाही अगाडि बढाउनेछ । रजिष्ट्री खर्च समेत वार्षिक शुल्क रू.८३०/-




**द्रष्टव्यः नेपाल सरकारले साउन २०६९ देखि रजिष्ट्री हुलाक शुल्कमा झण्डै शतप्रतिशत वृद्धि गरेकोले *शिक्षक* को एक प्रतिको रजिष्ट्री शुल्क रू.१० बाट बढेर करीब रू.२० पुगेको व्यहोरा जानकारी गराइन्छ ।**

४. **साधारण हुलाक ग्राहकः** साधारण हुलाकबाट ग्राहक बनेर पनि नियमित रूपमा पत्रिका प्राप्त गर्न सकिन्छ । यस अनुसार नयाँ अंक प्रकाशित भए लगत्तै हुलाकबाट पत्रिका पठाइनेछ । यसरी पठाइने पत्रिकाको हुलाक खर्च *शिक्षक* मासिकले नै व्यहोर्छ । पत्रिका पुगे/नपुगेको जिम्मेवारी भने *शिक्षक* मासिक व्यवस्थापनले वहन गर्न सक्दैन । वार्षिक ग्राहक शुल्क रू ६००/-




***शिक्षक* को ग्राहक बन्ने/पैसा पठाउने सजिलो उपायः**
***शिक्षक* मासिक, चल्ती खाता नं. १६१३, राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा, ललितपुर । यो खातामा रकम जम्मा गर्दाको रसिद भने सुरक्षित राखी *शिक्षक* को कार्यालयमा खबर गर्नुहोला ।**

विचार



देवेन्द्र आले

# ‘कुट्नु हुँदैन’ हैन, कुट्नै पर्दैन



**अभिभावकले आफ्ना सन्तानलाई कुट्छन्। सन्तानले कुटाइलाई नै समस्याको समाधान ठानेर त्यही कुरा सिक्छन्। अनि भोलि आफू अभिभावक भएपछि तिनले आफ्ना सन्तानलाई उसैगरी कुट्छन्। स्कूलको अवस्था पनि यस्तै हो। शिक्षकले विद्यार्थीलाई कुट्छन्, विद्यार्थीले त्यही सिक्छन्। अनि जब आफू शिक्षक बन्छन्, आफ्ना विद्यार्थीलाई त्यसरी नै कुट्छन्। यो त पुस्तान्तरण भइरहने एउटा चक्र पो रहेछ। यसैको प्रभाव हाम्रो समाजमा पनि परेको छ।**

मेरो बुबा भारतीय सेनामा हुनुहुन्थ्यो। त्यसैले मेरो विद्यार्थी जीवन भारतमै बित्यो। त्यहाँ स्कूलमा पढ्दा शिक्षकबाट म धेरै पिटिएँ। शिक्षक भएपछि मैले पनि आफ्ना विद्यार्थीलाई धेरै सजाय दिएँ। मैले सिकाउने शैली त्यही मात्र हो भन्ने बुझेको थिएँ। भैरहवाको पक्लिहवा भोकेसनल स्कूल र काठमाडौंको भानुभक्त मेमोरियलमा गरेर २० वर्ष पढाएँ। त्यहाँ म धेरै कडा शिक्षक मानिन्थें।

मैले विद्यार्थीलाई कडा सजाय दिंदा प्रिन्सिपलबाट स्याबासी र प्रशंसा पाउथें। त्यसले मलाई दण्डित गर्न अरू प्रेरित गर्थ्यो। यतिसम्म कि ‘तपाईंकै कारणले यति राम्रो नतिजा आएको छ’ भनेर प्रिन्सिपलले मेरो बखान गर्थे। कतिपय अभिभावकहरू पनि मसँग भेटेर भनिरहन्थे, ‘बच्चाले घरमा पढेनन्, अनुशासित भएनन्, तपाईंले दुई चड्कन लगाइदिए पढ्थे कि !’ अभिभावकको यस्तो आग्रहले मलाई थप हौसला मिल्थ्यो। अनि म विद्यार्थीलाई झनै बढी सजाय दिन्थें।

मलाई मेरा शिक्षकले पिटेको अहिले पनि सम्झन्छु। म शिक्षकसामु ठाडो शिर गरेर बोल्न सक्दिनथें। मैले आफ्ना विद्यार्थीलाई पनि त्यस्तै बनाएछु। कतिपय विद्यार्थीले अभिभावकलाई सुनाएका पनि रहेछन्, ‘हामी त आले सरको आँखामा आँखा जुधाएर कुरै गर्न सक्दैनौं।’ टिफिन समय र खाली पिरियडमा पनि मेरै विषय घोकेर बस्थे। मेरो नामैले पनि उनीहरू त्रस्त हुन्थे। मानौं, देवेन्द्र आले भनेको डरकै पर्याय हो। मौका पर्दा उनीहरू अहिले पनि मैले दिएका सजायका प्रसङ्ग उठाइरहन्छन्।

शिक्षण तालिमका सिलसिलामा मैले विभिन्न मुलुकमा पुग्ने मौका पाएँ। त्यहाँ सिकाइका विधिहरू यताको भन्दा धेरै भिन्न लाग्थ्यो। फ्रान्सका केही स्कूलका कक्षाकोठा अवलोकन गरें। त्यहाँ मैले सजाय बिल्कुलै देखिनँ। बेलायतका स्कूलमा त्यस्तै थियो। अनि मलाई लाग्यो, यहाँ सजायरहित शिक्षण गर्न सकिने रहेछ भने हामीले चाहिं किन पिट्ने त ? शिक्षण जीवनबाट अवकाश लिएपछि यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) मा काम गर्न थालें। सिभिक्टमा रहँदा मैले त्यस्ता मानिसलाई भेटें, जो प्रहरीको शारीरिक र मानसिक यातनाका कारण विक्षिप्त बनेका थिए। त्यो दर्दनाक अवस्था देखेपछि लाग्यो, यातनाका कारण बढी उमेरका व्यक्तिलाई त यति धेरै पीडा हुँदोरहेछ भने कलिला र अबोध बालबालिकालाई दिइने सजायको असर कस्तो होला ?

त्यसपछि यस्ता सजायलाई निरुत्साहित गर्न सकिन्छ कि भनेर सोच्न थालें। साथीहरूसँग पनि छलफल भयो। एउटा निचोड निकाल्यौं, यातना नियन्त्रण गर्ने हो भने घर र विद्यालयदेखि नै दण्ड/सजाय रोक्न थाल्नुपर्छ। त्यसबारे सरोकारवाला व्यक्तिहरूसँग छलफल गर्ने निधो भयो। सर्वप्रथम शिक्षा मन्त्रालयका उच्च अधिकारीहरूसँगै कुराकानी गर्‍यौं। तर, उनीहरू यसनिम्ति तयार देखिएनन्। दण्डरहित पद्धति

हाम्रा विद्यालयमा 'फिट' हुन नसक्ने भन्दै उनीहरू त्यसबाट पन्छिन खोजे। अनि त्यही प्रस्ताव युनिसेफमा राख्यौं र उसैको सहयोगमा नेपालका स्कूलमा हुने दण्डको बारेमा अध्ययन गरियो। सन् २००४ मा भएको सो अध्ययनले नेपालका विद्यालयमा दण्डको क्रम व्यापक रहेको देखायो। खासगरी तालिम नपाएका शिक्षकबाट विद्यार्थी बढी कुटिएको तथ्य त्यसले देखाएको थियो।

## सजायको 'चक्र' र संस्कृति

हामीकहाँ बालबालिकालाई तह लगाउन पिट्नैपर्छ भन्ने विचार केवल विचारमा सीमित छैन। यो 'संस्कृति' कै रूपमा स्थापित छ। अभिभावकले आफ्ना सन्तानलाई कुट्छन्। सन्तानले कुटाइलाई नै समस्याको समाधान ठानेर त्यही कुरा सिक्छन्। अनि भोलि आफू अभिभावक भएपछि तिनले आफ्ना सन्तानलाई उसैगरी कुट्छन्। स्कूलको अवस्था पनि यस्तै हो। शिक्षकले विद्यार्थीलाई कुट्छन्, विद्यार्थीले त्यही सिक्छन्। अनि जब आफू शिक्षक बन्छन्, आफ्ना विद्यार्थीलाई त्यसरी नै कुट्छन्। यो त पुस्तान्तरण भइरहने एउटा चक्र पो रहेछ। यसैको प्रभाव हाम्रो समाजमा पनि परेको छ। दण्ड दिएर पढाउने संस्कारलाई कुनै बेला ठीक मानियो होला। तर, अहिले त सिकाइका अनेकन विधि र प्रविधि आइसकेका छन्। अझै पनि दण्डसहितको सिकाइलाई निरन्तरता दिनु भनेको भावी पुस्तालाई अरू पछाडि धकेल्नु हो। पछि बुझ्दै आइयो, त्यो त घातक अभ्यास पो रहेछ।

केही वर्षअघिसम्म पनि विद्यालयमा विभिन्न बहानामा छात्रछात्रालाई कुटपिट र गालीगलौज गर्ने प्रवृत्ति ज्यादै थियो। अहिले यो प्रवृत्ति केही न्यून भएको छ। तर, पूर्ण रूपमा नियन्त्रण भने भइसकेको छैन। शिक्षकले तालिममा बालमैत्री अभ्यासका धेरै विधिबारे सुन्छन्। आइन्दा विद्यार्थीलाई नपिट्ने प्रतिबद्धता पनि जनाउँछन्। तर, व्यवहारमा त्यसको कार्यान्वयन गर्दैनन्। त्यसको 'फलोअप' पनि हुँदैन। कतिपय शिक्षकहरू यति जब्बर हुन्छन्, बदलिंदो शिक्षण शैलीलाई आत्मसात् गर्नै चाहँदैनन्। पुरानै ढर्रामा सीमित हुन खोज्छन्। तर दण्डरहित सिकाइका निम्ति पहिले शिक्षक सुध्रिनै पर्छ। उसमा 'अब म विद्यार्थीलाई पिट्दिनँ' भन्ने भावना अन्तरात्मादेखि नै जागृत भएर नआएसम्म यो प्रवृत्ति रोकिन सक्दैन।

कतिपय शिक्षकहरू बालमनोविज्ञान र बालअधिकारप्रति बेखबर छन्। अझै पनि धेरै शिक्षकलाई सजाय नदिइकन पनि पढाउन सकिन्छ भन्नेमा विश्वासै छैन। मानौं, विद्यार्थीलाई राम्रोसँग पढाउन र सिकाउन दण्डको विकल्पै छैन। दण्ड दिएपछि वा दण्ड पाउने डरले विद्यार्थी अनुशासित भएर बस्छन् र आफूले भनेका कुरा बुझ्न सक्छन् भन्ने शिक्षकको धारणा छ। अर्कोतर्फ दण्डरहित सिकाइको तालिमलाई व्यापकता दिन सकिएको छैन। यसबारे सचेतना पनि पुग्न सकेको छैन। काठमाडौं र अन्य ठूला शहरी क्षेत्रका अभिभावकमा चाहिं बच्चालाई पिट्नुहुँदैन भन्ने चेतना बढ्दो क्रममा छ।

## दण्डको असर

बालबालिकालाई दिइने शारीरिक तथा मानसिक दण्डका मूलतः तीन वटा असर देखिन्छन्: पहिलो शारीरिक, दोस्रो मानसिक र तेस्रो सामाजिक। पिट्ने बेलामा शिक्षकहरू यति आक्रोशित हुने रहेछन् कि त्यसले पार्ने असरको बारेमा उनीहरू हेक्का नै राख्दैनन्। कुटपिटकै कारण आँखा, कान जस्ता संवेदनशील अंगमा चोट लागेका धेरै घटनाहरू हामीले सुनेका छौं।

मानसिक असर त अझै डरलाग्दो हुन्छ। त्यस्तो असरले पीडितलाई बाँचुन्जेल पिरोल्छ। पीडाको असर र डर सधैं मनमा रहिरहन्छ। चर्को सजाय भोगेका व्यक्तिले आफ्ना समस्या कहिल्यै खुलेर प्रकट गर्न सक्दैनन्। शिक्षकको गालीका कारण बालबालिकाले आफ्ना

**शारीरिक तथा मानसिक दण्डका मूलतः तीन वटा असर देखिन्छन्: पहिलो शारीरिक, दोस्रो मानसिक र तेस्रो सामाजिक। पिट्ने बेलामा शिक्षकहरू यति आक्रोशित हुने रहेछन् कि त्यसले पार्ने असरको बारेमा उनीहरू हेक्का नै राख्दैनन्। कुटपिटकै कारण आँखा, कान जस्ता संवेदनशील अंगमा चोट लागेका धेरै घटनाहरू हामीले सुनेका छौं।**

साथीहरूमाझ अपमानित भएको महसूस गर्छन्। शिक्षकसँगको डरले विद्यार्थीलाई भित्रको कुरा प्रकट हुनै दिँदैन। जसले दण्ड पाएको हुन्छ, उसलाई समाजमा पनि 'पिटाइ खाएको व्यक्ति'का रूपमा चित्रण गरिन्छ। एकअर्काका परिवारबीच 'फलानाको छोरा/छोरीले त पिटाइ खाएछ नि!' भन्ने चर्चा हुन्छ।

विद्यार्थीलाई दिइने दण्डको अर्को परिणाम हो, 'स्कूलफोबिया' अर्थात् स्कूलप्रति डर र अनिच्छा हुने समस्या। पिटिने डरले बालबालिका स्कूल जानै नपरे हुन्थ्यो भन्ने ठान्छन्। स्कूल गए पनि मनभित्रका डरले जानेका कुरा पनि शिक्षकसामु प्रकट गर्न सक्दैनन्। अन्ततः त्यसले सिकाइप्रति नै अरुचि पैदा गर्छ। हामी बच्चा डराउनुलाई अनुशासन ठान्छौं। तर अनुशासन भनेको आत्म नियन्त्रण र आत्मसम्मान हो, डर होइन। त्यसैले बालबालिकाको व्यक्तित्व विकासका निम्ति डर/त्रास विनाको सम्मानजनक शिक्षण सिकाइ हुनुपर्छ। आत्मसम्मानसहितको अनुशासन धेरै महत्त्वपूर्ण हुन्छ। जबसम्म हामी बालबालिकालाई सम्मानका साथ सिकाउँदैनौं, तबसम्म तिनको राम्रो व्यक्तित्व विकास हुन सक्दैन।

## दण्डरहित सिकाइः सम्भव छ

हामी मानिस हौं। हामीमा संवेदना छ। सोच्न सक्छौं। राम्रा र नराम्रा कुरा र तिनले निम्त्याउने परिणामलाई हामी छुट्याउन सक्छौं। अतः दण्ड नदिने भन्ने कुरा असम्भव छैन। सम्भव छ। यसका उपायहरू पनि छन्। पहिलो त दण्डरहित शिक्षण सिकाइका विषयमा व्यापक तालिम दिइनुपर्छ। तर, तालिम 'तालिम'का लागि मात्रै हुनुहुँदैन। त्यसले शिक्षकको मनोवृत्तिमै परिवर्तन ल्याउन सक्नुपर्छ। स्कूल यस्तो हुनुपर्‍यो कि जहाँ सजायको आवश्यकता नै नपरोस्। त्यसका निम्ति पहिले विद्यालयको शैक्षिक वातावरण राम्रो हुनुपर्छ। 'हामी विद्यार्थीलाई नपिटिकन पनि पढाउन सक्छौं' भन्ने प्रतिबद्ध भावना सबै शिक्षकले बनाउनुपर्छ।

अर्को, कक्षा शिक्षकले विद्यार्थीकै सहभागितामा उनीहरूले पालना गर्नुपर्ने अनुशासनका नियमहरू बनाउन लगाउनुपर्छ। सकेसम्म त्यस्ता नियम विद्यार्थीलाई नै बनाउन लगाउनुपर्छ। आफैंले बनाएको नियमले विद्यार्थीमा अपनत्वबोध गराउँछ र उनीहरूले त्यसको पालना पनि गर्छन्।

स्कूलमा जस्तै विद्यार्थीको घरमा पनि अभिभावकले बालबालिकालाई नै साक्षी राखेर निश्चित नियमहरू बनाइदिनुपर्छ। अभिभावकले त्यसको पालनाका निम्ति प्रेरणा जगाइदिए पुग्छ। शिक्षकले पनि अभिभावकसँग नियमित सम्पर्कमा रहेर विद्यार्थीको आचरण र सिकाइको स्तरबारे जानकारी दिइरहनुपर्छ। विद्यार्थीले सुधार्नुपर्ने पक्षबारे अभिभावकलाई रुकरुक्याइरहनुपर्छ।

बालबालिकाका निम्ति पुरस्कार पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। पुरस्कार भन्दैमा पैसा वा महँगा सामग्री नै दिनुपर्छ भन्ने होइन। पुरस्कारलाई शब्दले व्यक्त गरिदिऊँ। बालबालिकाका असल र

सिर्जनशील कामलाई 'भेरी गुड !' र 'स्याबास !' भनिदिऊँ। अरूबाट प्रशंसा पाउन खोज्नु मानवीय स्वभाव नै हो। तर, त्यस्तो प्रशंसा ठीक समयमा दिइनुपर्छ। ढिलो गरी दिइने प्रशंसाको कुनै अर्थ रहँदैन। प्रशंसा बालबालिकाका कामको गर्नुपर्छ, तिनको व्यक्तित्वको होइन। उदाहरणका निम्ति; विद्यार्थीले राम्रो 'ह्याण्डराइटिङ' देखाउँदा शिक्षकले उसको लेखनको प्रशंसा नगरेर 'तिमी त कति राम्रो छौं, साह्रै ज्ञानी छौ' भनिदिन्छ भने त्यसको अर्थ रहँदैन।

शिक्षक विद्यार्थीको नजरमा 'आदर्श' हुनुपर्छ। शिक्षकको पोशाक चिटिक्क देखिनुपर्छ। पोशाकले उसको बाहिरी व्यक्तित्वलाई झल्काउँछ। पोशाक राम्रो देखिएन भने विद्यार्थीको नजरमा शिक्षक अनादर्श ठानिन्छ। कक्षामा शिक्षकको प्रस्तुति पनि आकर्षक हुनुपर्छ। व्यवहार पनि बालमैत्री हुनुपर्छ। शिक्षकको प्रस्तुति र व्यवहार त्यस्तो हुनुहुँदैन, जसले विद्यार्थीलाई त्रस्त तुल्याओस्। विद्यार्थीलाई अनुशासनमा राख्न खोज्ने शिक्षक आफू अनुशासित हुनै पर्छ।

अनुशासनका नाममा हामी विद्यार्थीलाई चुइँक्क बोल्न दिँदैनौं। यो गलत हो। ४०-५० मिनेटसम्म को चुपचाप बस्न सक्छ? हामी तालिम/गोष्ठीमा त एकअर्कासँग कुरा गर्छौं भने बच्चाहरूलाई चाहिं साथीसँग बोल्न मन लाग्दैन? उनीहरूलाई त मनमा लागेका जिज्ञासाहरू व्यक्त गर्ने मौका झनै दिइनुपर्छ। समूहगत छलफलको मौका शिक्षकले नै जुटाइदिनुपर्छ।

शिक्षकलाई रीस र आवेगले विद्यार्थीलाई सजाय दिन प्रेरित गरिरहेको हुन्छ। शिक्षकले रीसलाई नियन्त्रण गर्नै पर्छ र यो सकिन्छ पनि। विकसित मुलुकमा धेरै राम्रा अभ्यास देखिन्छन्। मुख्यत: त्यहाँका स्कूलहरू बालमैत्री छन्। त्यहाँ बालबालिकाले स्कूललाई खेल्ने ठाउँ ठान्छन्। शिक्षकलाई पनि साथी झैं व्यवहार गर्छन्। बालमनोविज्ञानका आधारभूत अवधारणा र मान्यतालाई त्यहाँका शिक्षकले राम्ररी बुझेका हुन्छन्। विद्यार्थीलाई दण्ड नदिइकन, डर नदेखाइकन सिकाउनुपर्छ भन्ने मान्यतालाई व्यवहारमा चरितार्थ गरेका छन्।

**४०-५० मिनेटसम्म को चुपचाप बस्न सक्छ ? हामी तालिम/गोष्ठीमा त एकअर्कासँग कुरा गर्छौं भने बच्चाहरूलाई चाहिं साथीसँग बोल्न मन लाग्दैन ? उनीहरूलाई त मनमा लागेका जिज्ञासाहरू व्यक्त गर्ने मौका झनै दिइनुपर्छ। समूहगत छलफलको मौका शिक्षकले नै जुटाइदिनुपर्छ।**

हाम्रा विश्वविद्यालय स्तरमा पढाइने शिक्षाशास्त्रका पाठ्यक्रममा पनि सजायरहित शिक्षण सिकाइका विषयवस्तुलाई पर्याप्त रूपमा समेट्नुपर्ने आवश्यकता छ। सजायका विद्यमान प्रवृत्तिसँगै त्यसबाट हुने शारीरिक र मानसिक असरका परिणामलाई कोर्समा उल्लेख गरिनुपर्छ। ताकि भोलिका शिक्षकले त्यसलाई राम्रोसँग महसूस गर्न सकून्। 📖

*(सम्मानजनक सिकाइका बारेमा शिक्षकहरूलाई प्रशिक्षण दिने कार्यमा संलग्न आलेले विद्यालयमा दिइने सजाय र त्यसको असरका बारेमा अनुसन्धान गरेका छन्।)*

प्रस्तुति: **प्रमोद आयाम**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**



# बढ्दैछन् विद्यालय जाने

बारा, हरिहरपुर ८ का सुरेश राम (३७) ले गरीबी, जातीय भेदभाव र चेतनाको कमिका कारण कहिल्यै अक्षर चिन्ने/स्कूलको अनुहार देख्ने मौका पाएनन्। निरक्षरताका कारण सुरेशले जीवनमा धरै अवसर गुमाए, त्यसको हिसाब स्वयं उनीसँग छैन। तैपनि उनी अचेल सन्तुष्ट र खुशी देखिन्छन्। किनभने उनका दुई छोरा उनी जस्तो पढ्ने अवसरबाट वञ्चित भएका छैनन्। सुरेशका जेठो छोरा जीरजोधन कक्षा १० र कान्छो कृष्णनन्दन कक्षा ७ मा सिम्रौनगढस्थित नेपाल राष्ट्रिय माविमा पढ्दैछन्। सुरेश भन्छन्, "आफ्नो लागि त 'कालो अक्षर भैंसी बराबर' जस्तै भयो। कमसेकम छोराहरूले चाहिं पढ्न पाएका छन्। यसैमा म खुशी छु।"

हरिहरपुर-८, नैकाटोलका करीब १६० घरमध्ये करीब ८० परिवार दलित समुदायका छन्। यहाँको दलित समुदाय एक दशकअघिसम्म पनि शिक्षाको चेतना र पहुँचभन्दा बाहिर थियो। मुश्किलले १० जना बालबालिकामा एक जना विद्यालयसम्म पुग्थे। त्यसमा पनि छोरीलाई विद्यालय पठाउनु भनेको त टाढाको कुरा थियो। त्यतिबेला शैक्षिक जागरणका निम्ति गैरसरकारी संस्थाको सक्रियता पनि थिएन। न त अहिलेको जस्तो 'विद्यार्थी भर्ना अभियान' नै चलेको थियो।

केही वर्षयता गैरसरकारी संस्थाहरूको सक्रियताका कारण दलित समुदायमा शैक्षिक चेतनाको स्तर बढ्दो छ। फलत: दलित बालबालिका विद्यालय पठाइने क्रम बढ्न थालेको छ। यहाँका दलित बालबालिका सिम्रौनगढ र खजानीका विद्यालयमा पढ्दैछन्। स्थानीय ब्राइट फ्युचर इङ्गलिश बोर्डिङ स्कूलका शिक्षक चन्देश्वर राम भन्छन्, "विगतमा बालबालिकालाई पढाउनुपर्छ भन्ने चेतना नै थिएन। अहिले शैक्षिक चेतनामा ठूलो परिवर्तन आएको छ।"

स्थानीय गैरसरकारी संस्था योङ्गस्टार युवा क्लबले एक्सन एड नेपालको सहयोगमा हरिहरपुरमा शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। खासगरी विद्यालय भर्ना अभियान र विद्यालय छोड्ने दर घटाउन क्लबले सन् २००६ देखि पहल थालेको हो। योङ्गस्टार क्लब एक्सन एडको स्थानीय साझेदार संस्था हो। क्लबका कार्यक्रम संयोजक अजय कुशवाह भन्छन्, "नैकाटोलका ८-१० जना बालबालिका मात्रै विद्यालय बाहिर छन्। उनीहरू पनि विद्यालय उमेर नाघेको हुनाले स्कूल नगएका हुन्। विद्यालय उमेरका सबै बालबालिका विद्यालय भर्ना भएका छन्।"

योङ्गस्टार क्लबले हरिहरपुर गाविसका ३० जना दलित छात्राका निम्ति 'स्पोन्सरसिप कार्यक्रम' सञ्चालन गरेको छ। यस अन्तर्गत छात्रालाई झोला, पोशाक तथा स्टेशनरी सामान उपलब्ध गराइएको छ। रञ्जु मलि (राम) तिनैमध्येकी एक छात्रा हुन्। उनलाई बालविवाहले पनि पढाइको बाटोबाट वञ्चित गर्न सकेन। रञ्जुलाई बाबुआमाले चार वर्षको उमेरमै विवाह गरिदिएका थिए। रञ्जु अहिले नेपाल राष्ट्रिय मावि, खजानीमा कक्षा ६ मा पढ्दैछिन्। उनी भन्छिन्,



बारा, खजानीस्थित नेपाल राष्ट्रिय माविमा कक्षा-६ मा अध्ययनरत छात्रा रञ्जु मलि(राम)।

"स्कूल गएपछि मैले धेरै कुरा जानेकी छु। साथीहरू बढेका छन्। नपढेका भए केही पनि नजान्ने थिएँ होला।" रञ्जुले कक्षा १२ सम्म पढ्ने इच्छा राखेकी छिन्। योङ्गस्टार क्लबले बाल क्लब गठन गरी अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ।

शिक्षक चन्देश्वर रामका अनुसार, नैकाटोलबाट ८ जनाले कक्षा १२ उत्तीर्ण गरिसकेका छन् भने १५-१६ जनाले एसएलसी उत्तीर्ण गरेका छन्। शिक्षक राम भन्छन्, "दलित समुदायमा आएको शैक्षिक चेतना र जागरणकै प्रतिफल हो यो।" दलित समुदायका बालबालिकाहरू विद्यालय भर्ना हुने क्रम शुरू भए पनि छोड्ने (ड्रप आउट) दर भने अझै रोकिन सकेको छैन। आउँदा दिनमा ड्रप आउट दर घटाउनका निम्ति विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक र अभिभावकहरूसँग नियमित अन्तरक्रिया गरिने योजना योङ्गस्टार क्लबको छ।

# हेडसरहरू भ्रष्टाचारमा !

**विद्यालय** भवन निर्माणको रकम अनियमितता गरेको प्रमाण फेला परेपछि जिल्ला प्रशासन कार्यालय, सप्तरीको आदेशमा राजविराज कारागारमा थुनिएका भगवतपुर गाविसस्थित भगवती राप्राविका प्रधानाध्यापक नागेश्वर मण्डल रु.१५ लाख बराबरको ११ कट्ठा जग्गा धेरौटी राखेर ५ साउनमा रिहा भएका छन्। मुद्दाको कुनै छिनोफानो नहुँदासम्म उनी तारेखमा रहनेछन्।

त्यस्तै सप्तरीकै त्रिकौल गाविस-८ स्थित राप्राविका प्रधानाध्यापक अमोदीलाल मण्डलले स्कूलको खाताबाट किर्ते हस्ताक्षर गरेर चेकबाट रकम निकालेको पुष्टि भएपछि प्रशासनले उनलाई पनि १७ फागुन २०६८ मा कारागार चलान गरेको थियो। उनी तत्कालै रु.३ लाख २९ हजार ६०० धरौटी तिरेर रिहा भएका थिए।

यसैगरी शिक्षक नियुक्तिमा अनियमितता गरेको आरोपमा जिप्रकामै उजुरी परेपछि रूपनगरस्थित शंकर उमाविका प्रधानाध्यापक दिगम्बर यादवले ८ साउन २०६९ मा व्यवस्थापन समितिसमक्ष राजीनामा दिएका छन् भने प्रअले नै गरेको अनियमिततालाई लिएर कञ्चनपुरस्थित सर्वोदय उच्च मावि करीब डेढ महीनादेखि तनावमा रहेको छ।

अध्ययन, अध्यापन गर्ने दायित्व बोकेका प्रधानाध्यापकहरू अनियमिततामा डुबेका केही दृष्टान्त मात्र हुन् माथिका घटनाहरू। जिल्ला प्रशासन कार्यालयको तथ्यांक हेर्ने हो भने सप्तरीका ६५ जना प्रधानाध्यापकविरुद्ध अनियमितता सम्बन्धी उजुरी दर्ता भएका छन्। ती उजुरी छानबिन गरिरहेका जिप्रका, सप्तरीका कर्मचारी विष्णुरञ्जन बराल जिल्लाका एक दर्जन विद्यालयका लेखासम्बन्धी कागजात नियन्त्रणमा लिएर छानबिन प्रक्रिया अघि बढाइएको बताउँछन्।

आव २०६८/६९ मा सप्तरीका १७ मावि, ६ निमावि, ४० प्रावि र दुई मदरसा गरी ६५ विद्यालयका प्रधानाध्यापकले भ्रष्टाचार गरेको उजुरी परेको छ। त्रिकौल राप्राविका व्यवस्थापन समितिका पूर्वअध्यक्षको किर्ते हस्ताक्षर गरेर प्रअ मण्डलले राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय राजविराजबाट तीन वटा चेकमार्फत रु.१ लाख ६४ हजार ८०० रकम निकालेको तथ्य जिल्ला प्रशासन कार्यालयले फेला पारेको थियो। रकम निकासा गरेको दुई दिनपछि प्रअ मण्डलले वर्तमान व्यवस्थापन समिति अध्यक्ष कृष्णदेव विराजी यादवको नामले काटिएको एउटा चेकको रकम भने विद्यालयलाई बुझाएका थिए। मण्डलले गरेको अनियमितता सम्बन्धमा व्यवस्थापन समिति अध्यक्ष कृष्णदेव विराजीले ८ पुस २०६८ मा प्रशासन कार्यालयमा उजुरी दर्ता गराएपछि छानबिन शुरू गरिएको थियो।

भगवतपुर प्राविका प्रअ नागेश्वर मण्डलले विद्यालय भवन तथा शौचालय निर्माणका लागि आएको रकममध्ये रु.७ लाख ५० हजार अनियमितता गरेको ठहर प्रशासन कार्यालयको छ। त्यसको दोब्बर धरौटी लिएर उनलाई रिहा गरिएको छ। प्रधानाध्यापक महेन्द्र यादवले पाठ्यपुस्तक र छात्रवृत्तिमा अनियमितता गरेको भन्दै उनको राजीनामा माग्दै कञ्चनपुरस्थित सर्वोदय उच्च माविका विद्यार्थीहरूले १० असारमा लगाएको ताला हालसम्म खुल्न सकेको छैन। विद्यार्थीहरूले दिनहुँ प्रअको राजीनामा माग्दै पूर्व-पश्चिम राजमार्गमा चक्काजाम र प्रदर्शन गर्दै आएका छन्।

जिल्ला शिक्षा अधिकारी रुद्रहरि भण्डारीले सप्तरीका प्रधानाध्यापकहरूले गर्ने गरेको अनियमितता सम्बन्धमा शिक्षा कार्यालयमा समेत व्यापक उजुरीहरू पर्ने गरेको र त्यस्तो उजुरीबारे आफूहरूले पनि छानबिन गरिरहेको बताए। कतिपय उजुरी व्यवस्थापन समितिले हचुवाको तालमा दिए पनि अधिकांश उजुरीमा सत्यता भेटिएको प्रशासन कार्यालयले जनाएको छ।

**श्रवणकुमार देव**, राजविराज

# युनियनको पढाउने प्रतिबद्धता





**नेपाल** शिक्षक युनियनले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर र सिकाइ उपलब्धि सुधारका निम्ति सरोकारवालाहरूसँग सामूहिक प्रतिबद्धता जनाउन आफ्ना सदस्यहरूलाई आह्वान गरेको छ। ४-६ साउन २०६९ मा काठमाडौंमा सम्पन्न युनियनको पाँचौं राष्ट्रिय परिषद् बैठकले १६ बुँदे घोषणापत्र जारी गर्दै यस्तो आह्वान गरेको हो। उपलब्ध स्रोत/साधनको अधिकतम उपयोग गर्दै शैक्षिक गुणस्तर सुधारका निम्ति कक्षाकोठामा क्रियाशील रहने प्रतिबद्धता जनाउन बैठकले सदस्य शिक्षकहरूलाई आह्वान गरेको छ।

सरकारसँग शिक्षक युनियन र शैक्षिक गणतान्त्रिक मञ्च तथा सरकारबीच भएका सम्झौता कार्यान्वयनका निम्ति दबावमूलक कार्यक्रम गर्न समेत युनियनले प्रस्ताव पारित गरेको छ। माथिल्लो श्रेणीमा बढुवा भएका कतिपय शिक्षकले बढुवा हुनुपूर्वको तलब भन्दा पनि कम पाएको भन्दै त्यसलाई सच्याउन बैठकले सरकारसँग माग गरेको छ।

शिक्षकका अन्य पेशागत संस्थालाई

# व्यवस्थापन समितिमा शिक्षकलाई निषेध !

**शिक्षा** मन्त्रालयले एउटा विद्यालयमा कार्यरत शिक्षक अर्को विद्यालयको व्यवस्थापन समितिको पदाधिकारी हुन नपाउने व्यवस्था गरेको छ। शिक्षा विभागले १५ साउन २०६९ मा गरेको परिपत्र अनुसार आफू अध्यापन गर्ने भन्दा भिन्न विद्यालयको व्यवस्थापनको जिम्मेवारी वहन गर्दा सम्बद्ध शिक्षक आफू कार्यरत विद्यालयको पठनपाठनमा बाधा पुगेकोले त्यस्तो रोक लगाइएको हो।



नेपाल सरकार (सचिव स्तर) को २०६९/१/२५ को निर्णयानुसार विद्यालय व्यवस्थापन समितिमा कानूनतः तोकिएको प्रतिनिधित्वको अवस्था बाहेक विद्यालयका शिक्षक तथा कर्मचारीहरू आफु कार्यरत वा अन्य विद्यालयमा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीमा रहन नपाउने। साथै विद्यालय व्यवस्थापन समितिको पदावधि गणना गर्दा शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्रमा गठन भएको अवस्थामा गठन भएको अवधिदेखि र शैक्षिक सत्र सुरु भएको दुई महिना पश्चात गठन भएको अवस्थामा शैक्षिक सत्र शुरु भएको दुई महिनाबाट गणना गरी सोहीअनुसार पुनर्गठनको व्यवस्था गर्ने र विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनका लागि कक्षा १० मा अध्ययनरत विद्यार्थीको अभिभावकले सम्बन्धित विद्यार्थीको एस.एल.सी. परीक्षा समाप्त नभएसम्म अभिभावकको मान्यता पाउने।

विभागका निर्देशक कमल पोखरेलले भने, "एउटा विद्यालयको शिक्षक अर्को विद्यालयको व्यवस्थापन समितिमा अध्यक्ष र सदस्यमा रहँदा ती शिक्षकको व्यवस्थापकीय जिम्मेवारी बढ्ने देखियो। त्यसबाट उनीहरू कार्यरत विद्यालयको पठनपाठनमा असर पर्ने देखिएकाले यो प्रवृत्ति रोक्नका निम्ति परिपत्र गरिएको हो।"

परिपत्रमा 'विद्यालय व्यवस्थापन समितिमा कानूनतः तोकिएको प्रतिनिधित्वको अवस्था बाहेक विद्यालयका शिक्षक तथा कर्मचारीहरू आफू कार्यरत वा अन्य विद्यालयमा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीमा रहन नपाउने' लेखिएको छ। तर, शिक्षा मन्त्रालयको यो निर्णय शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ को प्रावधान विपरीत देखिन्छ।

शिक्षा ऐनको दफा १२ अनुसार नौ सदस्यीय व्यवस्थापन समितिमा अभिभावकहरूमध्येबाट अध्यक्ष र एक महिलासहित तीन जना सदस्य रहन्छन्। समितिमा पदाधिकारी हुनका निम्ति शिक्षा नियमावलीले विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यैलाई 'अभिभावक' मानेको छ। यस आधारमा अभिभावकको हैसियतमा आफ्ना छोराछोरी वा नातिनातिना पढ्ने विद्यालयको व्यवस्थापन समितिमा रहन शिक्षकहरूलाई ऐन/नियमले रोकेको देखिँदैन।

ज्ञानोदय मावि, बाफलको व्यवस्थापन समिति सदस्य रहेका नवयुग मावि, जैसीदेवलका शिक्षक बालकुमार जमरकट्टेल भन्छन्, "ऐन/नियमकै प्रावधानमा रहेर म ज्ञानोदय माविको व्यवस्थापन समितिमा चुनिएको हुँ। संसद्ले बनाएको ऐन र मन्त्रिपरिषद्बाट पारित भएको नियमावलीलाई सचिवको निर्णयले कसरी काट्न सक्छ?" साथै, अर्को विद्यालयको व्यवस्थापन समितिमा रहँदैमा आफ्नो विद्यालयको पठनपाठनमा असर नपर्ने उनको जिकिर छ।

विभागले यसै परिपत्रमार्फत व्यवस्थापन समितिको पदावधि गणनाको अवधिलाई प्रष्ट्याएको छ। यस अनुसार, जेठ महीनाभित्र व्यवस्थापन समिति गठन भएमा गठित मितिदेखि नै समितिको पदावधि गणना हुनेछ। यस्तै, असारदेखि चैतसम्म समिति गठन भएमा असारदेखि नै पदावधि गणना गरिने जनाइएको छ।

---

युनियनमा समाहित हुन, विशेष पाठ्यक्रमबाट कक्षा १२ उत्तीर्ण शिक्षकलाई शिक्षण अनुमतिपत्रको परीक्षामा सहभागी हुन र बीएड अध्ययनका निम्ति व्यवस्था मिलाउन समेत युनियनले माग गरेको छ। स्थायी/अस्थायी, राहत तथा पीसीएफ शिक्षक र विद्यालय कर्मचारीलाई समेत पोशाक भत्ता उपलब्ध गराउनका निम्ति सरकारसँग माग गरिएको छ।

युनियनले जिल्ला कार्य समितिका अध्यक्ष र सचिवलाई काज सुविधा उपलब्ध गराउन समेत माग गरे पनि यो असान्दर्भिकता र औचित्यमा प्रश्न उठ्ने देखिन्छ। परिषद् बैठकमा युनियनका केन्द्रीय पदाधिकारीसँगै जिल्ला शाखाका अध्यक्ष, महिला उपाध्यक्ष र सचिवको सहभागिता थियो। युनियनको वर्तमान केन्द्रीय समितिको यो अन्तिम परिषद् बैठक हो।


## बजारमा !

पूर्व सचिव खेमराज नेपालको तीन दशक लामो सरकारी सेवाका रोचक अनुभवको दस्तावेज !




पृष्ठ संख्याः ४५०
मूल्यः रू.४००/-

बिक्री-वितरणको निम्ति सम्पर्क राख्ने ठेगानाः
*शिक्षक* मासिक, जावलाखेल, ललितपुर
फोनः ५५४८१४२, ५५४३२५२, इमेलः mail@teacher.org.np

# शिक्षकको बिदाबारे अन्योल

*शिक्षक* मासिकको 'जिज्ञासा-जवाफ' स्तम्भमा दुई जना शिक्षकले सोधेका उस्तैखाले प्रश्नमा शिक्षा मन्त्रालयका अधिकारीले दिएको माथिका फरक फरक जवाफ *(हे. बक्स)* ले शिक्षकको विदाबारे अन्योल सृजना गरेको छ । बिदाको यस्तो परिस्थितिबारे शिक्षा ऐन र नियमावलीमा केही व्यवस्था छैन । यो अस्पष्टताका कारण एकातिर शिक्षकहरू अन्योलमा देखिन्छन् भने शिक्षा मन्त्रालयका अधिकारीले अन्योल हटाउनुको सट्टा त्यसबारे आफू अनुकूलको व्याख्या गर्दै आएका छन् । मावि सुन्नाम सुन्तले, सिन्धुलीका सहायक प्रअ फडिन्द्रप्रसाद पहाडी भन्छन्, "दुई जनाको दुईथरी जवाफले हामी त रुन् अन्योलमा परेका छौं, कुन भनाइलाई आधिकारिक मान्ने ?"

निजामती सेवा नियमावलीमा यसबारे स्पष्ट प्रावधान राखिएको छ। नियम ६७ मा लेखिएको छ, 'भैपरी आउने र पर्व बिदा, घर बिदा र विरामी बिदा बाहेक अरू कुनै प्रकारको बिदा लिई बसेको निजामती कर्मचारीले लिएको बिदा अवधिभित्र सार्वजनिक बिदा परेमा सो अवधि पनि निज कर्मचारीले लिएको बिदामा गाभिनेछ ।' यसको प्रष्ट अर्थ हुन्छ, भैपरी आउने र पर्व बिदा, घर बिदा र विरामी बिदाको अवधिभित्र पर्ने सार्वजनिक बिदा चाहिं कर्मचारीले लिएको बिदा अवधिमा गाभिँदैन । जुन नियमित बिदामै गनिन्छ । शिक्षकको हकमा देखिएको द्विविधालाई प्रष्ट्याउन न त शिक्षा नियमावलीमा संशोधन गरिएको छ न त यसबारे छुट्टै नीतिगत निर्णय नै गरिएको छ ।

सामान्यतया निजामती सेवा बाहेकका सार्वजनिक क्षेत्रका कर्मचारीको सेवा, शर्त र सुविधाको सन्दर्भमा द्विविधा परेको अवस्थामा निजामती सेवा ऐन र नियमावलीलाई 'मागदर्शन दस्तावेज' मानेर त्यसमा नीतिगत निर्णय लिने अभ्यास छ । शिक्षा सचिव किशोर थापा यो अन्योलबारे अनभिज्ञता प्रकट गर्छन् । तर उनी यो समस्या समाधानका दुई वटा विकल्प देख्छन् । एउटा शिक्षा नियमावली संशोधन गर्ने र त्यसमा अर्को नीतिगत निर्णय गर्ने । उनी भन्छन्, "यो अस्पष्टताको कारण देखाएर शिक्षकहरूले जिशिकामा निवेदन दिन सक्छन् । त्यसमाथि जिशिकाले पठाउने टिप्पणीका आधारमा यसमा नीतिगत निर्णय लिन सकिन्छ ।"

**जिज्ञासाः**
पर्व वा 'क्याजुअल' बिदा लिंदा त्यसको बीचमा पर्ने सार्वजनिक बिदाको दिन छुट्टै बिदा लिनुपर्छ कि पर्दैन ? जस्तै, शुक्रबार र आइतबार बिदा लिंदा शनिबारको बिदा लिनुपर्ने कि नपर्ने ?

**जवाफः**
'शनिबारको छुट्टै बिदा लिनु नपर्ने'
**पदमसिंह विष्ट**
**शाखा अधिकृत, शिक्षा विभाग**
*शिक्षक* अंक-२५ (वैशाख, २०६७)

शिक्षा ऐन तथा नियमावलीमा यसबारे स्पष्ट व्यवस्था रहेको देखिँदैन । तथापि, सार्वजनिक बिदाको अघि र पछिका दिनमा बिदा लिएमा बीचको अवधि पनि शिक्षकले लिएको बिदामै पर्छ, कट्टा हुँदैन ।
**जनार्दन नेपाल**
**सहसचिव, शिक्षा मन्त्रालय**
*शिक्षक* अंक-५२ (साउन, २०६९)

# शिक्षा मन्त्रालय सिंहदरबारमा


**केशरमहलमा** रहँदै आएको शिक्षा मन्त्रालय गत साउनदेखि सिंहदरबारमा सरेको छ। सिंहदरबारभित्र आफ्नो नयाँ भवन बनेपछि शिक्षा मन्त्रालय केशरमहलबाट सरेको हो । हालसम्म कार्यक्रम तथा नीति विश्लेषण, निरीक्षण, पुस्तकालय, आर्थिक प्रशासन, उच्च तथा प्राविधिक शिक्षा लगायतका शाखाहरू सिंहदरबारमा सरिसकेका छन् ।

भदौ महीनाभित्र बाँकी शाखालाई सारिने जानकारी शिक्षा मन्त्रालयका सहसचिव रामकृष्ण सुवेदीले दिएका छन् । सुवेदीका अनुसार, शिक्षा मन्त्रालय सरे पनि छात्रवृत्ति शाखा, केशर पुस्तकालय, युनेस्कोका निम्ति नेपाल राष्ट्रिय आयोगको सचिवालय, खुला विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति केशरमहलमै रहने छन्। छात्रवृत्ति शाखामा विद्यार्थीको चाप बढी रहने भएकाले यसलाई केशरमहलमै राखिएको बताइएको छ ।

सिंहदरबार सचिवालय पुनर्निर्माण समितिका अनुसार, शिक्षा मन्त्रालयको भवन निर्माणको निम्ति करीब रु.१८ करोड ८५ लाख खर्च भएको छ । सबै मन्त्रालयलाई सरकारको मुख्य प्रशासनिक सचिवालय सिंहदरबारभित्रै स्थानान्तरण गर्ने सरकारी गुरुयोजना अनुरुप शिक्षा मन्त्रालय त्यहाँ सारिएको हो ।



राजकुमार श्रेष्ठ



डा. तीर्थबहादुर श्रेष्ठ

# भार, भारी र भरिया

**भरियाले भारी बोक्दा निश्चित तौलको पिण्डलाई स्थानान्तर गर्ने प्रयास गरेको हुन्छ। एक ठाउँमा थपक्क बसेको पिण्डलाई त्यहाँबाट उठाएर अन्यन्त्र लग्नुपर्दा बल वा शक्ति प्रयोग गर्नुपर्छ। भरियाले भारी बोक्दा पृथ्वीको गुरुत्व शक्तिसँग जुध्नु उसको प्रमुख काम हुन्छ। उसको बल या शक्ति त्यसैमा खर्च हुन्छ।**

भारी बोक्नेलाई 'भरिया' भन्दछौं। तर भार के हो? त्यो केमा निहित हुन्छ?

पृथ्वीमा भार नभएको कुनै वस्तु हुँदैन। हरेक वस्तुको आ-आफ्नै पिण्ड (mass) हुन्छ। पृथ्वीमा जोख्दा सय किलोग्राम तौल (भार) देखाउने पिण्ड चन्द्रमाको सतहमा लगेर जोख्दा १६.६ किलोग्राम मात्र कायम हुन्छ। पिण्ड उही तौल किन फरक? भरियाले भारी बोक्दा निश्चित तौलको पिण्डलाई स्थानान्तर गर्ने प्रयास गरेको हुन्छ। एक ठाउँमा थपक्क बसेको पिण्डलाई त्यहाँबाट उठाएर अन्यन्त्र लग्नुपर्दा बल वा शक्ति प्रयोग गर्नुपर्छ। भरियाले भारी बोक्दा पृथ्वीको गुरुत्व शक्तिसँग जुध्नु उसको प्रमुख काम हुन्छ। उसको बल या शक्ति त्यसैमा खर्च हुन्छ।

पृथ्वी आफैंमा एक पिण्ड हो भने भरियाको भारी पनि एक पिण्ड हो। एक पिण्डले अर्को पिण्डलाई हरबखत आफूतिर तानिरहेको हुन्छ। ठूलो पिण्डले सानो पिण्डलाई सहजै आफूतिर तान्छ। त्यसै हुनाले जुन वस्तु पनि खसेर पृथ्वीमा नै पुग्छ, किनभने पृथ्वीमा पृथ्वीभन्दा ठूलो अर्को वस्तु (पिण्ड) हुने कुरै भएन। रूखमा फलेको फल भुईंमा किन खस्यो भन्ने कुरामा चिन्तन गरेर अंग्रेज वैज्ञानिक आइज्याक न्यूटन (Isac Newton) पृथ्वीको गुरुत्व आकर्षण विषयमा युगान्तकारी सिद्धान्त प्रतिपादन गर्न सफल भए। त्यो आजभन्दा ३२५ वर्ष पहिलेको कुरा भयो। तर अहिलेसम्म पनि कुनै पदार्थमा रहेको पिण्डको यथार्थ र त्यसको उत्पत्ति एवं अस्तित्वबारे निश्चित जानकारी वैज्ञानिकहरूलाई छैन। कुनै पनि पदार्थ वा त्यसको पिण्ड सूक्ष्म अणुहरू (Moleculies) मिलेर बनेको हुन्छ। अनि त्यस्तो अणु चाहिं परमाणु (Atoms) मिलेर बनेको हुन्छ। परमाणुको सूक्ष्मतालाई अरु सूक्ष्मातिसूक्ष्म संरचनाभित्र अनुसन्धान गरेर त्यसको (परमाणुको) पिण्ड तत्त्व कायम गर्ने हिगस् बोसोन (Higgs Boson) नामक कणहरू र तिनलाई क्रियाशील बनाउने क्षेत्र हिगस् फिल्ड (Higgs Field) को अस्तित्व स्थापित गर्न वैज्ञानिकहरू भर्खरै मात्र सफल भएका छन्। केही दिन पहिले, ४ जुलाई २०१२ का दिन सार्वजनिक भएको उक्त उपलब्धिलाई समकालीन विश्वको सबैभन्दा ठूलो वैज्ञानिक उपलब्धिको रूपमा व्याख्या गरिएको छ। तर ब्रह्माण्डको उत्पत्तिदेखि कुनै पिण्डको सृष्टि र सिर्जनासम्बन्धी व्याख्या गर्ने यस युगान्तकारी वैज्ञानिक उपलब्धिले नेपाली भरियाको थाप्लो र नाम्लोको कथा-व्यथामा हाललाई एउटा पनि नौलो कण नथप्ने भएकोले त्यसलाई यहीं छोडेर भारी र भरियाकै कुरातर्फ फर्कौं।

करीब ३० वर्ष पहिलेको कुरा। अरुण र बरुण उपत्यकामा प्रकृति एवं जैविक विविधता संरक्षण गर्ने सम्भाव्यता अध्ययन गर्न गाउँ-गाउँ घुम्ने अवसर थियो। संखुवासभा जिल्लाको याफु गाउँ विकास समिति त्यसबेला याफु पञ्चायत थियो। प्रधानपञ्चको घरमा हाम्रो वास। प्रधानपञ्चकी श्रीमती घाँसको भारी आँगनमा बिसाएर लामो सुस्केरा हाल्छिन्। हामी भने आँगनमा बसेर गाउँ कसरी विकास गर्ने र गाउँलेहरूका चाहना के-के हुन् भनी प्रश्नमाथि प्रश्न थप्दै गफिँदै थियौं। प्रधान (पञ्च) भाउजूको विचार पनि सुन्नुपर्‍यो भनेर उहाँतिर प्रश्न तेर्स्यायौं- 'ए भाउजू! यो ठाउँको विकास कसरी गर्ने?' नाम्लोले थिचेको थाप्लोको केश सम्हाल्दै गरेकी भाउजूको जवाफ आयो, "मलाई त केही चाहिँदैन। यो थाप्लोबाट नाम्लो हटाइदिए पुग्छ।"

प्रधान भाउजूको त्यो जवाफले मलाई रुसङ्ग पार्‍यो। निद्राबाट बिउँझे जस्तै भयो। नेपालमा पर्वतीय विकासको मूल सूत्र भेटें जस्तो लाग्यो। जबसम्म नेपालीको थाप्लोबाट नाम्लो हट्दैन, तबसम्म नेपालको विकास भन्नु निरर्थक कुरा हुन्छ। त्यही सोचमा अझै व्याकुल छु।

डोको, नाम्लो र थाप्लोको नेपाली कथा र त्यसभित्रको व्यथा





## भरिया दाइ

भरिया दाइले भारी नै बोके उकाली, ओराली
कहिले बेंसी, कहिले शिखर कहिले चौराली ।

भरिया दाइको शिरमा नाम्लो पीठमा ढाकर छ
काखीमा खकन हातमा तोक्मा झस्झुसे दाह्री छ ।

क्या मीठो पीठो– ओडाल्यो ढींडो गुन्द्रुक तिहुन
कुप्लुक्क खायो, घुप्लुक्क सुत्यो धन्य हो जीवन ।

साहुको भारी पुऱ्याई बजार पाएको ज्यालाले
कान्छीलाई गुन्यु, सानीलाई दौरा किने है मायाले ।

नुन र तेल आफूलाई भोटो रहर के छ र ?
मनाउँछन् हाम्रा भरिया दाइ दशैं र तिहार ।

सकेर खेती फुर्सतमा भारी, जीवन चोखो छ
नलागोस् ऋण खाने र लाउने यति नै धोको छ ।

निरोगी-मोटा घाटा छन् यिनी मुखमा कान्ति छ
परिश्रम गरी पसिना चुहाई खानुमा शान्ति छ ।

कपट, जाल, बेइमानी छैन सबैमा प्रेम छ
काम नै यिनको पवित्र पूजा ईश्वर साथ छ ।

डाँडा र काँडा उकाला ठाडा जंघार तर्दछन्
खोला र नाला जङ्गल झाडी भरिया चिन्दछन् ।

क्या मीठा गीत गाउँछन् यिनी यात्रीका साथी हुन्
देशका सपूत पहाडका प्राण सेवाका मूर्ति हुन् ।

*साभारः कक्षा ८ को पाठ्यपुस्तक 'महेन्द्र-माला' (वि.सं. २०२१ सालको संस्करण) ।*


साहू-व्यापारी वा पर्वतारोहीका भारी बोक्ने भरियाका ताँतीमा प्रष्ट हुन पुग्छ । उकाली, ओराली, भञ्ज्याङ, चौतारी र देउरालीमा भेटिने भरियाहरू; तिनले साँझ-बिहान खाने खान्की र बोक्ने बोझ अनि साहू र साहेबका सामानप्रतिको जिम्मेवारीलाई विचाऱ्यौं भने विश्व कीर्तिमानका पदकहरू तिनकै छातीमा सुहाउने हुन्छन्; हिमशिखरमा झण्डा फहराउने साहेबका छातीमा हैन । व्यापारिक नाफाले तिनको भोटो पनि टालिनुपर्ने हो, तर त्यसो पनि हुँदैन । विभिन्न अनुसन्धानलाई उद्धृत गर्दै *नेशनल जिओग्राफिक* (अमेरिका) ले निष्कर्ष निकालेको छ- 'पर्वतीय परिवेशमा सामान ढुवानीका निम्ति सबैभन्दा उत्तम र उत्कृष्ट (efficient) भरियाहरू नेपालमै भेटिन्छन् ।'

हुन पनि; आफ्नो शरीरको जति तौल छ त्यसको ९३ प्रतिशत वजन बोक्ने क्षमता भएका नेपाली पुरुष र आफ्नो शरीर वजनको ६६ प्रतिशत भार बोक्ने नेपाली महिलाहरूको क्षमतासँग विश्वका अन्य भरियाले चुनौती खडा गर्न कठिन पर्छ । तर यिनको खुराकमा मकै वा कोदोको ढिंडो, गुन्द्रुकको तिहुन र त्यसमा पर्ने पिरो खुर्सानी बाहेक चिल्लो पदार्थ केही पर्दैन । स्वस्थ खाना त्यही हो त ? सामान्यतया एक भरियाले ४० किलोको भारी बोक्छ । त्यसमा आफ्नो सामल र ओढ्ने-ओछ्याउने थपिएको हुन्छ । बाटामा भेटिने दाउरा-झिंझा पनि बोक्नै पर्छ तिनले– चुल्हो बाल्न । डोकोमाथि ताप्के र हातमा तोक्मा पनि बोक्नै पर्छ । तोक्माको टेकोमा भारी अड्याएर बीच-बीचमा हाल्ने सुस्केरा- पर्वतीय भरियाको शक्तिसञ्चय गर्ने मूल प्रविधि हो । उकालोमा अलिकता अगाडि बढ्नासाथ तोक्मामा भारी अड्याएर सुस्ताउनाले थप ऊर्जा प्राप्त हुन्छ ।

लामो दूरीमा गह्रौं भारी बोक्ने डोकोलाई 'ढाकर' भनिन्छ । त्यसलाई चारपाटे आकृतिमा बुनिएको हुन्छ । उहिलेका दिनमा; भनौं ५० वर्षभन्दा पहिले नेपाली लाठे मान्छेको वर्गीकरण या त जागिरे या ढाक्रे भनेर हुन्थ्यो । त्यसबेला ढाक्रे भनेपछि फाटेको भोटो र धुजा परेको इष्टकोट, खाली खुट्टा तथा मयलले टलक्क परेको भादगाउँले टोपीको तस्वीर दिमागमा छाउँथ्यो । त्यही टोपीमा कुवाको पानी उघाएर घुट्काएका दृश्य मेरा स्मृतिपटलमा अझै कायमै छन् । वर्षाको बेला भरियाहरू लौरोमा नुनको सानो पोको गाँठो पारेर हिंड्छन् । खुट्टामा रगत चुस्ने जुका चढ्यो भने त्यही नुनले झर्छन् । भारी बोकेर जुका टिप्न वा निहुरिन उसलाई मिल्दैन । डोकोभरी खाँदिएका विभिन्न वस्तुको पिण्ड र डोकोको माथि छाँदिएका अन्य भारीको भार केन्द्र (centre of gravity) र शरीरको आफ्नै भार केन्द्र (Centre of gravity) बीच तालमेल नमिलेमा भारी बोकेर हिंड्न सम्भव हुँदैन । भार केन्द्रहरू बीच तालमेल मिलाउनकै लागि डोकोको आकार मुखतिर खुलेको र पिंधतिर चोसिएको साँघुरो हुन्छ । भारीको मूल भार त्यही पिंधमा पर्ने भएकोले नाम्लोको बरियो पनि डोको वा ढाकरको पिंधको छेउमै बेरिएको हुन्छ । पिंधको त्यो भार थाप्लोमा पर्ने गरी नाम्लोको पाता निधारभन्दा माथितिर अड्याइन्छ । बरियो (बलियो डोरी) र नाम्लोलाई जोड्ने विशेष प्रकारको हररी र साथमा गाँठो बाँध्ने सुपारी पनि जडिएको हुन्छ । डोकोलाई पिठ्यूँसँग सामञ्जस्य मिलाउन कुम र काखी बेरिने गरी खकन जोडिएको हुन्छ । त्यस्तै गरेर कम्मरमा कानाको पनि व्यवस्था मिलाइएको हुन्छ । यसरी डोको वा ढाकरको भारी जीउमा टम्म मिल्ने गरी कसिसकेपछि भरियाका दुवै हात अरू



ekantipur.com



flickrhivemind.net

**नेशनल जिओग्राफिक (अमेरिका) ले निष्कर्ष निकालेको छ– 'पर्वतीय परिवेशमा सामान ढुवानीका निम्ति सबैभन्दा उत्तम र उत्कृष्ट (efficient) भरियाहरू नेपालमै भेटिन्छन् ।' हुन पनि; आफ्नो शरीरको जति तौल छ त्यसको क्रमशः ८३ र ६६ प्रतिशत वजन बोक्ने नेपाली पुरुष र महिलाको क्षमतासँग विश्वका अन्य भरियाले चुनौती खडा गर्न कठिन पर्छ ।**

कामको लागि स्वतन्त्र हुन्छन् । पर्वतीय यात्रामा अप्ठेरो बाटो हिंड्दा हातले यताउता समाउनु पनि पर्ने हुन्छ ।

सामान्यतया ढाकर वा डोको बुन्न निगालोको चोया प्रयोग हुन्छ। तर डोकोलाई स्थिर र मजबुत बनाउन बाँसका कप्टेराहरू काम्राका रूपमा प्रयोग गरिएका हुन्छन् । डोकोको मुख भने चोयाले नै बेरेर बलियोसँग बिट मारिएको हुन्छ । डोको बोक्न अभ्यस्त नभएकाहरूले डोको बोक्न सक्दैनन् । काठमाडौंका नेवारहरू डोकोको सट्टा खर्पन बोक्दछन्। तर भिरालो भूस्वरुपमा खर्पन काम लाग्दैन। खर्पन वास्तवमा तराजुको अर्को स्वरुप हो ।

खर्पन बोक्नेले आफ्नो भारीलाई दुई बराबर हिस्सामा बाँडेर बलियो बाँसको नोलको दुवै छेउमा झुण्ड्याउँछ । आफ्नो काँध नोलको बीच भागमा थापेर भारी उठाउँदछ । पृथ्वीको गुरुत्वले त्यसबेला आफ्नो गुरुत्वको भार केन्द्र (centre of gravity) लाई त्यही काँधमा पर्ने नोलमा कायम गर्छ । डोको बोक्दा भने डोकोको भार केन्द्र डोकैमा कायम हुन्छ । तराजु वा तुलाको सन्तुलन प्रविधिमा खर्पन बोक्नुपर्ने भएकोले खर्पनको दुवैतिरको भार (weight) बराबर हुनुपर्छ । खर्पन झुण्ड्याउने डोरीहरू पनि बराबर लम्बाइका हुनुपर्छ । खर्पन बोक्ने काँधबाट नोलको दूरी पनि बराबरै हुनुपर्छ । खर्पन समथर भूभागमा प्रयोग हुन्छ । मधेश-तराईतिरको खर्पनमा बाँसको नोल लचकदार बनाइएको हुन्छ । सामान्यतया मोटो बाँसलाई चिरेर दुई फ्याक पारी तिनलाई नै जोडेर विशेष प्रकारको नोल बनाइन्छ । त्यसले भारीलाई लचक-लचक झुलाउँछ । त्यस्तो लचकताले प्रदान गरेको प्राकृतिक बलको फाइदा लिएर भरियाले आफ्नो गति बढाउँछ । विज्ञानको सिद्धान्तबाट हेर्ने हो भने, पीङ खेल्दा मच्चिएको पिङ फर्केर आउने प्राकृतिक शक्ति (potential energy) लाई भरियाले आफ्नो गति बढाउन प्रयोग गरिरहेको हुन्छ ।

मधेश-तराईतिर भारी बोक्ने प्रचलित विधि टाउकोमाथि भारी थमाउनु हो । तरकारी वा अरू कुनै चिजबाट भरिएको टोकरीलाई टाउको माथि बोकेर बजार डुल्दै गर्ने किसान वा पानीले भरिएका घडालाई टाउको माथि अड्याएर कलात्मक ढंगले हिंड्ने तराईका महिलाहरूको क्षमताको सराहना बेग्लै प्रकारले गर्नुपर्ने हुन्छ । भारी बोक्ने यो विधिमा पनि भारीको भारकेन्द्र र भरियाको शरीरको भारकेन्द्र एकै रेखामा पर्छ । अफ्रिकाको अङ्गोलामा सम्पन्न एक अध्ययन अनुसार कुनै व्यक्तिले आफ्नो वजनको २० प्रतिशत वजन बराबरको भारी टाउको माथि राखेर बोक्छ भने त्यस व्यक्तिलाई थप शक्ति (ऊर्जा)को आवश्यक पर्दैन। अर्थात् ५० किलो तौल हुने एक महिलाले १० किलोको भारी उठाउँदासम्म उनलाई थप शक्ति आवश्यक पर्दैन। यसबाट के कुरा स्पष्ट हुन्छ भने भारी बोक्न पनि सीप चाहिन्छ, शक्ति मात्र भएर पुग्दैन । भारतीय रेलमा कुल्लीहरूले बोक्ने भारी र तिनले बोक्ने तरिका नियाल्यौं भने हामी त्यसै अचम्मित हुन्छौं । वास्तवमा संसारभरि नै भारी बोक्ने भरियाहरूलाई देखेर भारी नबोक्ने व्यक्तिहरू सधैं अचम्मित हुने गरेका छन् । भारी जसरी बोके तापनि त्यस भारीको भार (weight) लाई आफ्नो शरीरको भार केन्द्रसँग मिलान गराएर काम गर्नुपर्ने हुन्छ। मानिसको भार केन्द्र (centere of gravity) समान्यतया उसको नाभिस्थानतिर पर्न आउँछ । भार बोक्ने क्षमता चाहिं डडाल्नुको क्षमता (spinal strengh) सँग बढी सम्बन्धित हुन आउँछ । पाखुरा र पिडौंलाले पनि डडाल्नुलाई नै बल दिनुपर्ने हुन्छ ।

पृथ्वीको गुरुत्व केन्द्र यो गोलाकार पिण्डको केन्द्र स्थलमा अवस्थित छ भन्ने मान्यता राख्दछन्, सबै वैज्ञानिकहरू । त्यसैले त्यस केन्द्रबाट टाढा पर्ने स्थान जस्तैः सगरमाथाको टाकुरामा गुरुत्व आकर्षण कम पर्ने हुन्छ । त्यसैगरी समुद्र सतहमा जोखिने सुनको तौल र सगरमाथाको थाप्लोमा जोखिने सुनको तौल फरक पर्न सक्छ । तर जुन तत्वले सुन बनेको हुन्छ त्यसको पिण्ड (mass) मा भने केही फरक पर्दैन। अन्तरिक्षमा त्यसको तौल शून्य भएतापनि त्यसको पिण्ड तत्वमा केही फरक पर्दैन। त्यही पिण्ड तत्व (mass) को भार (weight) पृथ्वीमा बोझ बनेर साक्षात हुन्छ किनभने त्यस पिण्डलाई पृथ्वीको गुरुत्वले आफ्नो केन्द्रस्थलतिर तानिरहेको छ। पृथ्वीको त्यही बल (force) को विपरीत काम गर्नुपर्ने भएकोले भरियाहरू भारको अनुभव गर्दछन् । भरियाले बोक्ने विभिन्न पदार्थहरू (matters) को आफ्नै भार (weight) हुन्छ। त्यही भारलाई वहन गरेर पृथ्वीको एक स्थानबाट अर्को स्थानमा पदार्थहरू ढुवानी गर्ने काममा भरियाहरू जुटेका हुन्छन्। यी भरिया एवं अन्य ग्रामीण समुदायका नेपाली महिला एवं पुरुषका थाप्लोबाट नाम्लो नहटेसम्म हाम्रो विकासको परिभाषा अधुरो नै रहन्छ ।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

# आँखाको भाषा

**संसारभरका** शिक्षकहरूको गुनासो छ- आजका विद्यार्थी पढाइमा ध्यान दिँदैनन्, अनुशासनहीन हुँदै गइरहेका छन् आदि। कक्षामा संवाद हुने मुख्य माध्यम बोली नै भए तापनि शिक्षक र विद्यार्थी दुवैको सफलतामा वाणीइतर सञ्चार (Nonverbal Communication) को पनि ठूलो भूमिका हुन्छ। पेशागत जीवनमा पनि सहभागी र सहकर्मीहरूको मुखमा हेरेर बोल्नुलाई राम्रो मानिन्छ। बोल्दा वा भाषण गर्दा सीधै श्रोताको अनुहार/आँखामा हेर्न नसक्नुलाई ठूलो मनोवैज्ञानिक कमजोरी मानिन्छ।

टर्कीको इजमिर विश्वविद्यालयमा गरिएको स्नायु-भाषिक कार्यप्रणाली (NeuroLinguistic Programming NLP) सम्बन्धी अनुसन्धानले आँखामा आँखा जुधाएर वा मुखमा हेरेर (Eye contact) कुरा गर्दा धेरै संवाद हुन सक्ने देखाएको छ। सो अनुसन्धानबाट प्राप्त केही तथ्य यसप्रकार छन्:

- हेराइका अनेक प्रकार हुन्छन्। एक किसिमको हेराइको अर्थ 'हल्ला नगर' भन्ने लाग्छ भने हेराइबाटै 'तिम्रो काम मलाई मन पऱ्यो' वा 'तिम्रो काम मलाई मन परेन' भन्ने सन्देश पनि दिन सकिन्छ। हेराइबाट मित्रता, आदर, घृणा सबै भावहरू अभिव्यक्त हुन्छन्।
- हेराइ प्रभावकारी हुन्छ तर हेरेकै भरमा सबै काम भने चल्दैन। बढी भयो भने त्यसको महत्त्व हलुका हुन्छ।
- ठीक समयमा कक्षाकोठामा पुगेर हाजिर गर्दा शिक्षकले सबै विद्यार्थीको मुखमा हेर्ने हो भने त्यसले कक्षा व्यवस्थापन गर्न र अनुशासन कायम गर्न मद्दत पुऱ्याउँछ।
- किताब वा बोर्डमा हेरेर बोल्नुभन्दा विद्यार्थीलाई हेरेर बोल्नु धेरै गुणा बढी प्रभावकारी हुन्छ।
- पढाइ शुरू गर्नुअघि कक्षामा घुमेर सबैलाई हेर्ने, उनीहरूका कापीकिताबको अवस्थामा सरर्र नजर लैजाने गऱ्यो भने विद्यार्थीले हेलचेक्र्याइँ गर्दैनन्।
- अरू कुरा केही नबोलिकन र विद्यार्थीहरूलाई ध्यान नदिइकन पाठ शुरू गरेर हेर्नुहोस्, हेराइ र अनौपचारिक कुराकानीको महत्त्वका बारेमा धेरै कुरा स्वतः स्पष्ट हुन्छ।
- राम्रो हेराइ भनेको क्वारक्वार्ती वा टुलुटुलु हेर्नु होइन। आँखा तर्नु त झनै होइन। हेराइ सहज हुनुपर्छ, उत्साहबर्द्धक हुनुपर्छ; नत्र विद्यार्थीहरूले मुखमा हेर्न असहज मान्छन् र विस्तारै उनीहरूमा अर्कातिर फर्केर बोल्ने बानी विकास हुनसक्छ। वाणीइतर सञ्चारका लागि तीनदेखि पाँच सेकेन्डसम्मको भावयुक्त हेराइ उपयुक्त हुन्छ।
- विद्यार्थीले पाठ बुझाइरहेको वा कुनै कुरा भनिरहेको बेला उनीहरूलाई हेर्नुहोस्। त्यसबाट उनीहरूले आफ्नो कुरा चाखलाग्दो भयो कि नबुझिने भयो कि कस्तो भयो भन्ने बुझ्न सक्छन्।
- विद्यार्थीहरूलाई पनि आपसमा वाणीइतर संवाद गर्न वा मुखमा हेरेर वा आँखा जुधाएर आफ्नो भाव अभिव्यक्त गर्न र अर्काको भाव बुझ्न प्रेरित गर्न सकिन्छ।
- हेराइ र सञ्चारका बीचमा एकदम गहिरो सम्बन्ध छ। जति धेरै मुखमा हेरेर सञ्चार र संवाद गरिन्छ, त्यति नै सहभागिता बढ्छ भन्ने कुरा अनुसन्धानले प्रमाणित गरेको छ। आँखा र अनुहारको भावबाट प्रायः प्रशंसा र प्रोत्साहन तथा कहिलेकाहीं नकारात्मक भाव छिटो, जीवन्त र प्रभावकारी रूपले सन्देश प्रसारण हुन्छ।

यी सबैले जाने/मानेकै कुरा हुन् तर अनुसन्धानले यसका सैद्धान्तिक पक्षहरूको पनि पुष्टि गरेको छ। त्यसैले अब झन् बढी आफूलाई हेरौं, साथी-सहकर्मीहरूलाई हेरौं र विद्यार्थीका मुखमा हेरेर पढाऔं।

*स्रोतः http://iteslj.org/Techniques/Darn-EyeContact.html*



# एसएमएसः भाषा बर्बाद हुने डर

"Wud u lk 2 meet me 4 brgr 2nite?" (भरे साँझ बर्गर खान भेट्ने हो?) - अंग्रेजी एसएमएसको नमूना

"Mero khabar gr8 6, bhare bhetau hai, k 6 b 4 ?" - (मेरो खबर ग्रेट छ, भरे भेटौं है, के छ विचार?) - 'नेपाली' एसएमएसको नमूना

"एसएमएसले ग्रामर खत्तमै पाऱ्यो", यो शिक्षक-अभिभावकहरूले अनुभव गरेको कुरा त हुँदै हो, अनुसन्धाताले पनि यही कुरा पत्ता लगाएका छन्। खासगरी किशोरकिशोरीहरू छिटोका नाममा सही हिज्जे र भाषिक शुद्धतामा पटक्कै ध्यान दिँदैनन्, उनीहरूलाई कुरा बुझे पुग्यो। *न्यू मिडिया एण्ड सोसाइटी* द्वारा गरिएको एउटा अनुसन्धान (http://nms.sagepub.com/content/early/2012/05/10/1461444812442927) ले देखाए अनुसार यस किसिमको भाषामा अभ्यस्त किशोरकिशोरीले एकदमै धेरै भाषिक त्रुटि गर्छन्।

अमेरिकाको नर्थवेस्टर्न युनिभर्सिटीका ड्रु पी चिनगेलले आफ्नो विद्यावारिधिको अनुसन्धानका क्रममा ६, ७ र ८ कक्षाका २२८ जना विद्यार्थीमा अध्ययन गरेका थिए। विद्यार्थीहरूलाई ६ कक्षाको स्तरका मात्र प्रश्न सोध्दा पनि तिनको व्याकरणगत पक्ष सन्तोषजनक थिएन।

सजिलोका लागि मात्र लेखिएका शब्दहरूको प्रयोग बढ्दै जानाले भाषाको शताब्दियौंदेखिको चरित्र खलबलिन्छ भन्ने चिन्ता केही भाषाशास्त्रीहरूको छ। "अक्सफोर्ड डिक्सनरीमा 'great' जनाउन gr8 भन्ने शब्द भित्रिन धेरै बाँकी छैन," उक्त कार्यक्रमका उपनिर्देशक एस श्यामसुन्दर भन्छन्।

हालसम्म पनि मोबाइलमा देवनागरी लिपि सजिलै चल्दैन। त्यसैले नेपालीमा त हिज्जेमा मात्र होइन, भाषाको प्रयोगमा पनि धेरै विकृति आएको छ। तर हामी भने चिन्तित छैनौं किनभने यसको गाम्भीर्य जाँच्ने कुनै अध्ययन नै भएको छैन।

*स्रोतः http://blogs.edweek.org/edweek/inside-school-research/2012/07/duz_txting_hurt_yr_kidz_gramr_.html*

## सहशिक्षाभन्दा राम्रो...

जुनबेला छोरीलाई स्कूल पठाउन मानिसहरू हिच्किचाउँथे त्यसबेला उनीहरूलाई कन्या विद्यालयले एउटा सुरक्षाबोध दिन्थ्यो। केटाहरूको सङ्गत भएन भने छोरी बिग्रिँदैनन् भन्ने विश्वासका साथ मानिसहरू कन्या विद्यालयहरू स्थापना गर्थे र छोरीहरूलाई त्यहीं पठाउँथे। संसारभरमै शिक्षाको विकासका लागि यो अवधारणाको ठूलो भूमिका रहेको छ। पछि समाजहरू प्रगतिशील हुँदै जाँदा सहशिक्षाको अवधारणा आयो। खर्च, विद्यालय व्यवस्थापन आदि धेरै दृष्टिबाट सहशिक्षालयहरू अनिवार्य थिए। बालक-बालिका मात्र होइन, युवा-युवती पनि सँगसँगै पढ्न थाले।

अहिले आएर संयुक्त राज्य अमेरिकाका करीब ५०० स्कूलमा केटा र केटीलाई फेरि छुट्याएर पढाउन थालिएको छ र यसको परिणाम पनि निकै सकारात्मक रहेको भनी दाबी गरिँदैछ।

यो अभियानको निकै विरोध पनि भएको छ र करीब एक दर्जन स्कूलहरूबाट यो कार्यक्रम हटी पनि सकेको छ। यसका अभियन्ता रबिन गिलबर्ट भन्छन्, "यसले मलाई निराश बनाएको छैन, तर काम भने निश्चय नै अप्ठ्यारो हुन गएको छ।"

सन् २००६ मा त्यहाँको शिक्षा विभागले अनिवार्य सहशिक्षाको नियमलाई अलिकति खुकुलो पारेपछि रबिनले यो काम थालेका हुन्। उनका अनुसार यो अकारण थलिएको थिएन। केटीका तुलनामा विशेषत: अल्पसंख्यक समूहका केटाहरूको शैक्षिक स्तरमा उल्लेखनीय कमजोरी रहेको कुरा अनुसन्धानबाट पुष्टि भएपछि धेरै स्कूलले यतातिर सोच्न थालेका हुन्।

महिला र पुरुषहरू सामाजिक र राजनीतिक हिसाबले समान भए पनि उनीहरूका केही स्वाभाविक विशेषता हुन्छन्। फुर्सदको समय बिताउने तरिका, खेलकुदका अभिरूचि र विषयवस्तुप्रति चासो लिने र सिक्ने तरिकामा पनि अन्तर हुन्छ। त्यसैले एकललिङ्गी शिक्षाका पक्षधरहरू भन्छन्– कक्षा छुट्याएर पढाउँदा उनीहरूको आवश्यकता अनुसारका गतिविधिहरू सञ्चालन गर्न र विषयवस्तुको व्याख्या गर्न सकिन्छ।

यो अभ्यासका विपक्षीहरूसित पनि बलिया तर्क छन्। उनीहरू यसले समाजमा लैङ्गिक असमानता बढाउने तर्क गर्छन्। त्यसैगरी यसका पक्षधरहरू यस विधिबाट हासिल भएका स-साना फाइदाहरूको सूची तेर्स्याउँछन्, "जाँचका बेला दौडिन जाने केटाहरू र तुलनात्मक रूपमा शान्त गतिविधिमा रमाउने केटीहरूलाई एउटै तरिकाले भनेर हुँदैन।" तर्कहरू जे-जस्ता भए पनि यो थोपरिएको विधि भने होइन, अभिभावकको सहमति नभइकन कसैले पनि तिनका छोराछोरीलाई कक्षा छुट्याएर पढाउन पाउँदैन।

## अमेरिकी स्कूलमा योग महिमा

पूर्वीय अर्थात् हिन्दू आर्यहरूको सीप र शास्त्रका रूपमा परिचित योग र योग विधालाई पश्चिमाहरूले दिएको महत्त्व दर्शाउन अमेरिकाको क्यालिफोर्नियाकी योग शिक्षक किटा ग्रिनवर्गसितको अन्तर्वार्ताका केही अंश यहाँ प्रस्तुत गरिएको छ–

**स्कूलमा योग सिकाउन कसरी थाल्नुभयो ?**

म पहिले अंग्रेजी र इतिहास पढाउँथें। त्यहीबेला मैले योग सिकें र मलाई त्यो मन पर्‍यो। मैले पढाउँदा पनि योगको चर्चा आउन थाल्यो। अनि विद्यार्थीले रहर गरे र म योग नै पढाउन/सिकाउन थालें।

**योग सिकाउँदाको अनुभव चाहिं कस्तो छ ?**

मेरा विद्यार्थी सबै सहज परिवेशबाट आएका छैनन्। उनीहरू कैयन् समस्याहरूसित जुधिरहेका छन्। कोही बसाइँ सरेर आएका छन् र नौलोपनको दबाबमा छन्। कोही गरीबी, पारिवारिक समस्या, व्यक्तिगत समस्या, घरेलु हिंसा आदिसित भिडिरहेका छन्। राम्रोसित बुझेर योग सिकाउँदा उनीहरूको मन-मस्तिष्कलाई शान्त बनाउन मद्दत पुग्छ। शायद त्यसैले पनि होला सबैले यसलाई सकारात्मक रूपमा लिएको पाएकी छु।

**योगको अभ्यासले उनीहरूलाई कस्तो फाइदा भएको छ ?**

निकै उग्र केटाहरू पनि शान्त भएर आफ्ना चकटीमा बसिरहेको देख्दा मलाई केही गर्न सकेको अनुभूति हुन्छ। कतिले यसबाट साँचो अर्थमा आराम मिलेको र पढाइमा ध्यान गएको बताएका छन्। उनीहरू बल (स्टामिना) बढेको, ताजापनको अनुभव भएको, मन र शरीर हलुका भएको तथा आफ्नै शरीर र मनका बारेमा धेरै कुरा जान्न पाएको बताउँछन्। एउटी युवतीले आफूलाई रिस उठ्न छाडेको बताइन्।

**चुनौती चाहिं कस्ता छन् नि ?**

चुनौती पनि छन्। कहिलेकाहीं हप्तामा पाँचै दिन योग सिकाउँदा नयाँ विद्यार्थीलाई अलि बढी पेलान भएको जस्तो लाग्छ। अलिअलि बहाना पारेर क्लासबाट तर्किन खोज्ने पनि छन्। त्यस्तो हुँदा उनीहरूको आवश्यकता र सहजतालाई ध्यानमा राखेर कक्षामा केही फेरबदल पनि गर्नुपर्छ।

मेरो मुख्य चासो भनेको योगले उनीहरूको पढाइमा कस्तो प्रभाव पार्छ भन्ने हो। योगबाट उनीहरूको पढाइ र व्यक्तिगत जीवनमा सकारात्मक परिवर्तन आइरहेको अनुभव भएको छ र मलाई त्यसमा साँच्चै नै गर्व लागेको छ।

प्रस्तुति: **केदार शर्मा**




कक्षाकोठाः दाँत-मुख स्वास्थ्य



डा. रविन्द्रमान श्रेष्ठ

# दाँत दुख्यो पढाइ छुट्यो











**दन्त स्वास्थ्यका समस्याहरू फरक फरक प्रकृतिका भए पनि यसबाट पीडित बाल-बालिकामा पर्ने शारीरिक एवं मानसिक असरहरू नकारात्मक नै हुन्छन्। दाँत सम्बन्धी समस्याका कारण कतिपय विद्यार्थी त पढ्ने-खेल्ने अवसरबाट समेत बञ्चित भइरहेका हुन्छन्**

विद्यालय जाने उमेरका बालबालिका स्वास्थ्यसम्बन्धी विभिन्न समस्यासँग जुधिरहेका हुन्छन्। त्यस्ता स्वास्थ्य समस्यामध्ये दाँत-मुखका रोगका समस्या गम्भीर छन्। स्वास्थ्य समस्या भएका बालबालिकाले पठनपाठनमा राम्ररी ध्यान केन्द्रित गर्न सक्दैनन्।

हाम्रा स्कूले बालबालिकाले दाँत-मुख स्वास्थ्यका बारेमा के कस्ता समस्या भोगिरहेका हुनसक्छन् र ती समस्याले उनीहरूलाई कस्तो असर पारेको छ भन्ने बुझ्न तलका दृष्टान्त हेरौं:

क) रामलाई शिक्षकले 'हिजो किन स्कूल नआएको' भनेर कारण सोध्दा उसले दाँत दुखेर आउन नसकेको जवाफ दियो। उसले गृहकार्य पनि बुझाउन सकेन। कीराले खाएर दाँत धेरै दुखेकोले उसले गृहकार्य गर्न सकेको थिएन। तर, 'होमवर्क त हातले पो गरिन्छ' भन्दै शिक्षकले रामलाई एक झापड लगाएर 'आइन्दा दाँत दुखेको बहाना बनाएर स्कूल नआउने र गृहकार्य नगरेमा परिणाम गम्भीर हुने' चेतावनी दिए।

ख) श्याम विद्यालयको छात्रावासमा बस्थ्यो। उसको स्कूलमा शिक्षकहरूले कपाल, नङ र दाँतको सरसफाई हेर्ने गर्थे। हुन त श्यामले सकेसम्म यी तीनै कुराको नियमित सरसफाईमा ध्यान दिने प्रयत्न गरेको थियो। तर श्यामको दाँत भने जति माझे पनि फोहोरै देखिन्थ्यो र गिजाबाट रगत आइरहन्थ्यो। विद्यालयका स्वास्थ्य विषयका शिक्षकले श्यामलाई सधैं दाँत किन माझिनस् भन्दै हकार्ने गर्थे र उसलाई सधैं फोहोरी विद्यार्थीको दर्जामा राखेर अतिरिक्त क्रियाकलापबाट बञ्चित गराउँथे।

ग) हरि कक्षामा धेरै बोल्दैनथ्यो, उसका कोही मिल्ने साथी पनि थिएनन्। उसले केही बोल्न खोजे साथीहरूले जिस्क्याइहाल्थे। त्यसैले उसले सकेसम्म मुखै खोल्दैनथ्यो किनकि उसका दाँत बाङ्गा-टिङ्गा र उछिट्टिएका थिए। एकदिन स्कूलमा एउटा साथीले जिस्क्याएको हरिले सहन सकेन; साथीलाई एक मुक्का हानिदियो। मुक्का खाएको साथीले प्रधानाध्यापकलाई उजुरी गर्‍यो। हरिले साथीलाई किन मुक्का हान्यो भन्ने कारण नै नखोजी प्रअले हरिलाई सजाय दिए।

माथि काल्पनिक रूपमा प्रस्तुत गरिएका राम, श्याम र हरिका जस्ता समस्या झेल्ने विद्यार्थी हाम्रा घर, विद्यालय र समाजमा प्रशस्तै भेटिन्छन्। दन्त स्वास्थ्यका समस्याहरू फरक फरक प्रकृतिका भए पनि यसबाट पीडित बाल-बालिकामा पर्ने शारीरिक एवं मानसिक असरहरू नकारात्मक नै हुन्छन्। दाँत सम्बन्धी समस्याका कारण कतिपय विद्यार्थी त पढ्ने-खेल्ने अवसरबाट समेत बञ्चित भइरहेका हुन्छन्।

वास्तवमा दाँतको दुखाइ साह्रै असह्य हुन्छ जसको कारण मानिस आफ्नो नियमित क्रियाकलापमा केन्द्रित हुन सक्दैन। दाँत दुख्दा खाना चपाउन, बोल्न, स्कूल वा कार्यालय जान समेत मानिस असमर्थ हुन्छ। दाँतको निरन्तर दुखाइ र त्यसका कारण उत्पन्न हुने नियमित आहार-विहारको अभावले मानिसको सम्पूर्ण स्वास्थ्यमा समेत प्रतिकूल असर पर्छ। यस्तो अवस्थाका बिरामीका समस्या बुझेर आवश्यक उपचार गराउन र सामान्य जीवनयापनतर्फ उन्मुख गराउन स्वास्थ्यकर्मीको सहयोगको खाँचो पर्दछ। तर, माथि प्रस्तुत गरिएका तीन जनाको केसमा शिक्षकले समस्यै नबुझी गाली गर्ने, शारीरिक यातना दिने, सजायको भागिदार बनाउने गरेको देखिन्छ। दाँतको स्वास्थ्य समस्याबाट ग्रसित बालबालिकालाई हाम्रा विद्यालय, छात्रावासहरूमा जानी-नजानी शारीरिक-मानसिक पीडा दिने गरिन्छ।

प्रसङ्ग 'क' मा रामको दाँत कीराले खाएको छ भनियो। तर दाँतलाई देखिने कीराले खाने होइन। आँखाले नदेखिने ब्याक्टेरिया लगायतका असंख्य जीवाणु दाँतको कापमा बस्छन्। दाँतमा विशेषतः गुलियो खानेकुरा अड्किंदा ती जीवाणुले अम्ल उत्पादन गर्छन्। यसबाट दाँतमा खाल्डो पार्ने प्रक्रिया शुरू हुन्छ। कीरा लागेको दाँतमा समयमै सिमेन्ट भर्नाले समस्याको सजिलै निराकरण हुन्छ। तर जीवाणुले दाँतको भित्री भाग निरन्तर ह्रास गर्दै लग्दा दाँतभित्रको नसा भेटिन्छ र संक्रमण भई दाँत दुख्ने, मुख सुन्निने पीडा हुन्छ। यस्तो अवस्थामा जरैसम्म भर्ने

## दाँत-मुखसम्बन्धी सामान्य रोग र तिनको उपचार

| रोग | उपचार विधि |
|---|---|
| १. दाँतमा कीरा लाग्नु (dental caries) | १. दाँतमा सिमेन्ट भर्ने (filling) |
| २. गिजाबाट रगत आउनु | २. दाँत सफा गराउने (scaling) |
| ३. गिजा पाक्नु (periodontal disease) | ३. गिजाको शल्यक्रिया (periodontal surgery) |
| ४. दाँत बाङ्गो-टिङ्गो हुनु (orthodontic problem) | ४. दाँतमा तार बाँध्ने (orthodontic treatment) |
| ५. दाँत हल्लिनु (tooth mobility) | ५. दाँतलाई टेवा दिने/उखेल्ने (splinting tooth extraction) |
| ६. दाँत नहुनु (missing tooth) | ६. कृत्रिम दाँत राख्ने (dental/prosthodontic treatment) |
| ७. श्वास-मुख गन्हाउनु (halitosis) | ७. दाँत सफा गराउने (scaling) |
| ८. मुखमा घाउ-खटिरा आउनु (oral ulcer) | ८. आवश्यक औषधोपचार (medication) |
| ९. दाँत खिइनु, भाँच्चिनु (attrition /abrasion/trauma) | ९. दाँतमा भर्ने/खोल लगाउने (filling/crown) |
| १०.दाँतको संख्या थप-घट हुनु (hypo/hyperdontia) | १०. कृत्रिम दाँत राख्नु (dental/prosthodontic treatment) |
| ११.दाँतको सतह तथा रंग असामान्य हुनु (enamel hyperplasia / fluorosis) | ११. दाँतमा भर्ने खोल लगाउने (filling/veneer/crown) |

### दाँत-मुख स्वस्थ राख्ने साधारण उपाय

- बिहान-बेलुकी नियमित ब्रस गर्ने।
- फ्लोराइडयुक्त टुथपेष्ट प्रयोग गर्ने।
- दाँत माझ्दा गिजा तथा जिब्रो पनि सफा गर्ने।
- बच्चाहरूलाई बेलुकी दूध खुवाइसकेपछि मुख कुल्ला गर्न लगाउने।
- खाना-खाजा खाएपछि मुख राम्ररी कुल्ला गर्ने।
- गुलियो खानेकुरा, चकलेट, टफी, कोला इत्यादि धेरै नखाने।
- खाजा-पेय पदार्थहरू पटक-पटक नखाने।
- सुपारी-छुर्पी जस्ता कडा कुराहरू नखाने।
- पान, सुपारी, चुरोट, रक्सी सेवन नगर्ने।
- नियमित दन्त चिकित्सककहाँ जाँच गराउने।

उपचार पद्धति (Root Canal Treatment) द्वारा दाँतलाई बचाउन सकिन्छ। तर धेरै जीर्ण भइसकेको अवस्थामा भने दाँत उखेल्नै पर्छ र कृत्रिम दाँत लगाउनुपर्छ।

प्रसङ्ग 'ख' मा श्यामको गिजाबाट रगत आउने समस्या छ। उसको दाँत राम्ररी माझिँदैन, माझ्न खोज्दा झन् रगत आउँछ र दुख्छ। दाँतको जराको सतह र गिजाको बीचमा फोहोर जम्नाले गिजाको संक्रमण हुन्छ; फलस्वरुप गिजा सुन्निने, मुख गन्हाउने, दाँत दुख्ने, दाँत कमजोर हुने र दाँत हल्लिने लक्षणहरू (periodontal disease) देखा पर्छन्। दाँत र गिजाको बीचमा दन्त लेउ, पत्थर र असंख्य कीटाणु जम्छन्, राम्ररी दाँत नमाझ्नेमा यो क्रम बढ्दै जान्छ। गिजाको संक्रमण भइसकेको अवस्थामा दन्तचिकित्सकबाट दाँतको सफाई (Scaling) र आवश्यक औषधोपचार गराउनुपर्दछ।

प्रसङ्ग 'ग' मा हरिको दाँत-मुखसम्बन्धी समस्या अलि बेग्लै छ। यो समस्या आफैंमा रोग नभई दाँत-मुख र अनुहारको सौन्दर्यसँग सम्बन्धित हो। वंशानुगत वा जैविक विकासका कारणले दाँत र च्यापु हाडबीच आकार नमिल्दा हरिको अनुहार कुरुप भएको छ। अझ मुख खोल्दा बाङ्गो-टिङ्गो र छिचरो दाँत देखिने भएकोले ऊ सकभर मुखै खोल्दैन र खुलेर हाँस्न हिचकिचाउँछ। यस्तो अवस्थामा व्यक्तिको मन-मस्तिष्क र मनोविज्ञानमा नकारात्मक असर पर्दछ। फलस्वरुप एकाङ्गीपन, सामाजिक पछौटेपन र अन्तरमुखी स्वभावले व्यक्तिमा जरा गाड्छ। यसबाट बालबालिकाको पढाइ-लेखाइ, खेलकुद र व्यक्तित्व विकासमा समेत क्षति पुग्छ।

हाम्रो समाजमा नराम्रो दाँत भएकालाई होच्याउने, जिस्क्याउने नराम्रो चलन व्याप्त छ। विद्यालय पनि यसबाट मुक्त छैनन्। यस्तो वातावरणले बालबालिकामा हीनताबोध, क्रोध र विद्रोह जन्म गराउँछ। यसबाट भविष्यमा हुनसक्ने नकारात्मक प्रभावलाई दृष्टिगत गरी दन्त रोगका मूल कारणको उपचार गर्नु आवश्यक छ। बाङ्गो-टिङ्गो दाँत र च्यापु हाडको समस्यालाई दन्त विशेषज्ञद्वारा सोझ्याउने उपचार (Orthodontic treatment) गराउनुपर्दछ।

दाँतको स्वास्थ्यसम्बन्धी समस्या, प्राविधिक पक्ष, यसबाट पर्ने मानसिक तथा शारीरिक असर अनि तिनको उपचार र निराकरणका उपाय सम्बन्धी जानकारी आम मानिसलाई हुँदैन। यस्तो स्थितिमा विद्यालयका शिक्षकहरूले विद्यार्थीको पठन-पाठनका अतिरिक्त उनीहरूमा व्याप्त स्वास्थ्य समस्या र त्यसबाट पर्ने असरप्रति समेत ध्यान पुऱ्याउनु आवश्यक हुन्छ। विद्यालयमा दाँतमुख सम्बन्धी रोगबाट ग्रसित बाल-बालिकालाई शिक्षकहरूले सही परामर्श दिने र अभिभावकसँग समेत छलफल गरी समयमै उपचार गराउने हो भने बालबालिकामा शुरू भएको दाँतमुख सम्बन्धी रोग समयमै निराकरण गर्न सकिन्छ। यो काममा समाजको सचेत वर्ग भएकोले शिक्षककै भूमिका अहं रहेको छ।

*(वरिष्ठ दन्तचिकित्सक डा. श्रेष्ठ कान्तिपुर डेन्टल कलेजका भाइस प्रिन्सिपल पनि हुन्।)*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**




# राजनीतिक आडमा शैक्षिक सुधार

**एउटा शिक्षक आज आफैंमा शक्तिशाली छ। परिवर्तन गरेरै छाड्छु भन्ने हो भने उसले राजनीतिक शक्तिकै आडमा शिक्षालयलाई बदल्न सक्छ। शिक्षकहरूलाई राजनीति गरे, पढाएनन् भन्ने व्यापक आरोप छ। यो आरोपलाई खण्डन गर्न एउटा शिक्षकले आफूले मात्र होइन, अन्य शिक्षकलाई पनि पढाउन बाध्य पार्न सक्छ; किनकि ऊसँग राजनीतिक शक्ति पनि त छ।**

■ मीना पौडेल

शिक्षामा राजनीति छ; यो हुनु अनौठो होइन। बरु नहुनुमा पो अनौठो हुनुपर्ने हो ! किनभने यो केमा र कहिले पो छैन र ? राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पनि तत्कालीन राजनीतिक व्यवस्था नै बलियो गराउने गरी ल्याइएको शिक्षा योजना थियो। बरु राजनीति नहुनु भनेको त नुनविनाको अचार र तरकारी जस्तै हो। भनाइ छ 'राजनीति विज्ञानको पनि बाबु हो।' हुन पनि संसारमा जहाँ राजनीति स्थिर छ, त्यो देश विकासको दिशामा लम्किएको छ, जहाँ राजनीति अस्थिर छ, त्यहाँ शिक्षालगायत सबै क्षेत्र अव्यवस्थित किसिमले चलिरहेका छन्।

शिक्षा र राजनीति एकअर्कासँग अन्तरसम्बन्धित छन्। शिक्षा भनेको पढ्नु मात्र होइन, परेर वा गरेर सिक्नु पनि हो। चेतनाको जन्म विद्यालयमा पढाइने शिक्षाबाट मात्र हुने होइन, परिस्थितिको चेपुवाबाट पनि हुन्छ। चेतना भनेको दृष्टि हो। यो दृष्टि राजनीतिक प्रकृतिको हुनु आवश्यक छ। तर बिडम्बना; राजनीतिक आडमा नियुक्ति लिने शिक्षक मित्रहरूले राजनीतिलाई निरपेक्ष रूपमा गाली मात्रै गरिरहे। आज नेपालको युवापुस्तामा सबैतिरबाट राजनीति भनेको नकारात्मक कुरा हो भन्ने मात्र भरिएको छ। कलिलो बालमस्तिष्कले राजनीतिलाई नकारात्मक रूपमा हेर्दा भोलि विचार शून्यताको अवस्था आउने खतरा हुन्छ। राजनीति असफल हुनुको कारण सापेक्ष रूपमा खोजिनु आवश्यक छ। के नेपालको राजनीति असफल हुनुमा हाम्रो शिक्षानीतिको कमजोरी होइन ? अवश्य पनि हो। शिक्षाले के दियो त राजनीतिलाई ? राजनीतिले वैचारिक चेतना दिन्छ। शिक्षाले पनि दिन्छ तर राजनीतिले जति होइन। राजनीति भनेको भागबण्डा होइन, यो त निकृष्टता वा संकीर्णता हो। राजनीतिले मानिसलाई प्रतिबद्ध बनाउँछ, देशप्रेमी बनाउँछ, स्वाभिमानी बनाउँछ, सही आचरणको गराउँछ। तर हामीले यसलाई आफूले पद प्राप्त गर्ने माध्यम मात्र बनायौं। आफूलाई भएपछि पुग्यो भन्यौं। निरपेक्ष रूपमा राजनीतिक नेताहरूलाई गाली मात्रै गर्‍यौं, आफूले जागिर मात्र खायौं। कहिल्यै हाम्रो खोजीको विषय बनेन। नेपालमा २००७ सालपछि जुन उदार राजनीतिक व्यवस्थाका लागि प्रयत्न गरियो, त्यो प्रयत्न आजसम्म किन सफल हुन सकेन ? राजनीतिक दलका नेताहरू पनि नेपाली धर्तीकै नेताहरू हुन्, किन उनीहरूले चाहेजस्तो समृद्धिको दिशामा देशलाई लैजान सकेनन् ? यसमा शिक्षा कति जिम्मेवार छ ? यसको खोजी नगरिकन, देशको सामाजिक, आर्थिक पृष्ठभूमिलाई नहेरिकन निरपेक्ष रूपमा राजनीतिलाई गाली गर्नु भनेको चारित्रिक बेइमानी हो।

राजनीति अस्थिर छ, यो अस्थिर हुनुका निश्चित सामाजिक, आर्थिक, सांस्कृतिक आदि कारण छन्। त्यसकारण देशका नीतिनिर्माताहरूले शिक्षा क्षेत्रमा उचित ध्यान दिन सकेनन्। २०२८ को शिक्षा पद्धतिको 'रूप'मा परिवर्तन भए पनि सारमा परिवर्तन भएको छैन। कस्तो खाले शिक्षा नीति लागू गर्ने भन्ने अन्योल छ। उदाहरणका लागि अहिले देशभर लागू गरिएको 'प्लस टु' लाई हेरे पुग्छ। राज्यले 'प्लस टु' संचालनको जिम्मा कि त समुदाय विशेषलाई दिएको छ कि त व्यक्तिविशेषलाई। गरीब जनताले शिक्षा लिन जाने ठाउँ छैन। 'प्लस टु'का लागि न त दक्ष जनशक्ति नै प्रयोग भएको छ, न त उचित तालिम नै छ। विश्वविद्यालयले जनशक्ति उत्पादन नगरेको होइन तर त्यो जनशक्तिलाई परिचालित गर्ने काममा सरकार असफल भएको छ। मावि तहमै कार्यरत जनशक्तिले 'प्लस टु' चलाइरहेको छ। युवा शक्तिलाई त्यहाँ जानै दिईंदैन। नियुक्तिको कुनै निश्चित मापदण्ड नै छैन।

जबसम्म शिक्षकलाई बलियो बनाउन सकिंदैन, जबसम्म तनावमुक्त गराएर शिक्षकलाई कक्षाकोठामा पठाउन सकिंदैन, तबसम्म शिक्षाको गुणस्तर सुधार हुन सक्दैन। यसनिम्ति शिक्षक नियुक्ति गर्ने एउटा स्वायत्त निकाय चाहिन्छ, जुन आफैंमा विश्वसनीय, पारदर्शी र नियमित हुनु आवश्यक छ। त्यसो भयो भने अहिलेकै शिक्षालाई पनि निकै गुणस्तरीय बनाउन सकिन्छ। २०५२ सालमा शिक्षक सेवा आयोगले विज्ञापन गरेदेखि अहिलेसम्म फेरि गरेको छैन। समस्या यहींनेर छ। त्यसकारण शिक्षकहरूले निहित र व्यक्तिगत स्वार्थलाई थाती राखेर शिक्षक नियुक्तिको निश्चित प्रक्रिया बनाउन राज्यलाई दबाब दिनु आवश्यक छ। यस्तो माग राख्दा व्यक्तिविशेषलाई

क्षणिक नोक्सान भए पनि दीर्घकालीन रूपमा मुलुकलाई निकै लाभ हुने देखिन्छ ।

यो त बनाउने कुरा भयो तर हामीसँग जे छ, त्यसलाई तत्काल बदल्न सक्दैनौं । हामीसँग यतिबेला राजनीतिक आडमा शिक्षक बन्नुपर्ने बाध्यता छ । कतै कतै त नियुक्ति भन्दा पहिला राजनीतिक दलसँग सम्झौता गर्नुपर्ने र उसको सदस्यता लिनुपर्ने बाध्यता पनि छ । देशभरकै नियति तथा बाध्यता हो, यो । यो बाध्यताले शिक्षकको नैतिक बल अत्यन्त कमजोर बनाइदिएको छ । यही कारण गुरुत्तर भार वहन गर्ने शिक्षकको मर्यादामा आँच पुगेको छ, सबैतिरबाट । विद्यार्थी स्वयंले शिक्षकलाई कक्षाकोठामै प्रश्न उठाइरहेका छन्, तपाई कुन दलको भनेर। साथै उच्चतहमा राजनीतिक पूर्वाग्रहका आधारमा योग्य शिक्षकलाई समेत विद्यार्थीले कक्षामा अवरोध पुऱ्याइरहेका छन् । राजनीतिक दल र तिनको नेतृत्व शिक्षकलाई बलियो बनाउन चाहँदैन किनकि शिक्षक बलियो भयो भने उसले दलविशेषको झण्डा बोक्दैन भन्ने डर उनीहरूलाई छ। शिक्षकसँग समाजको निरन्तर सम्पर्क रहेको हुन्छ, प्रत्यक्ष वा परोक्ष रूपमा। कहिले उसले पसलबाट सामान किनेर ल्याइदिएको हुन्छ, कहिले बिरामी हुँदा बोकेको हुन्छ। कहिले टिभी बनाइदिएको हुन्छ त कहिले मोबाइल रिचार्ज गरिदिएको हुन्छ । यसो गर्दा शिक्षकलाई हार्न समाजका नागरिकहरू सक्दैन । यसैको नाजायज फाइदा राजनीतिक नेतृत्वले लिन खोजिरहेको देखिन्छ ।

तापनि कालो बादलमा पनि चाँदीको घेरा हुन्छ भनेजस्तै यी अँध्यारा पक्षका बाबजूद पनि यही राजनीतिक आडको फाइदामा शिक्षकले गर्न सक्ने धेरै कुरा छन् । शिक्षकले पनि राजनीतिक दलले जसै गरी सही कामका लागि उनीहरूलाई प्रयोग गर्न सक्ने क्षमता देखाउनु आवश्यक छ । स्कूलको व्यवस्थापन राम्रोसँग गर्न दलको सहयोग लिने पहल गर्नुपर्दछ । एक हिसाबले हेर्ने हो भने एउटा शिक्षक आज आफैंमा शक्तिशाली छ। उसले परिवर्तन गरेरै छाड्छु भन्ने हो भने राजनीतिक शक्तिकै आडमा शिक्षालयलाई बदल्न सक्छ। शिक्षकहरूलाई राजनीति गरे, पढाएनन् भन्ने व्यापक आरोप छ। यो आरोपलाई खण्डन गर्न एउटा शिक्षकले आफूले मात्र होइन, अन्य शिक्षकलाई पनि पढाउन बाध्य पार्न सक्छ; किनकि ऊसँग राजनीतिक शक्ति पनि त छ ।

राजनीतिक दलले जनजीविकाका मुद्दा छाड्न सक्दैनन् । यो उनीहरूको बाध्यता पनि हो। उनीहरू जनताबाट अनुमोदित हुनुपर्छ। अँध्यारा कुनामा भलै केही षड्यन्त्रका तानाबाना बुने पनि अन्ततः उनीहरूले सही काम र कुराको साथ दिनैपर्छ । शिक्षक स्वाभिमानी बन्ने, कर्तव्यशील बन्ने आधार भनेकै राजनीतिक आधार नै हो, यतिबेला। मेरो पेशा असुरक्षित हुन्छ कि भनेर आफूभन्दा माथिकाले गरेका गलत काम पनि शिक्षकले स्वीकारेको अवस्था छ । तर स्वीकार्नुपर्ने बाध्यता छैन। अब गलत गर्नेले जागिर खाइदिन खोज्दैमा सक्ने अवस्था छैन । विवेकले देखेको गर्न र भन्न शिक्षक स्वतन्त्र छ । दशतिर वफादार हुनुपर्ने बाध्यता छैन, राजनीतिक दलसँग पेशाको कुरा पनि उठाउन सकिन्छ । स्थानीयस्तरमा राजनीतिक दललाई सहमति गराउँदै राज्यको उपल्लो स्तरसम्म आफ्नो माग पुऱ्याउन सकिन्छ। तसर्थ अहिले खराब भित्रैबाट राम्रो खोज्ने हो। मुहान धमिलो भए पनि पानी सङ्लो बनाउन सकिन्छ, फिल्टर गरेर। भनिन्छ, कहिल्यै पनि विकल्प समाप्त हुँदैनन्। शिक्षकका पनि विकल्प समाप्त भएका छैनन्। चाहे, पर्याप्त गर्न सक्छन्। यसका लागि उनीहरूमा इच्छाशक्ति र अठोट मात्रै भए पुग्छ । 📖

छत्रगञ्ज-९, अर्घाखाँची

# युवा भित्र्याउन ढिलो भो !

**निजी विद्यालयहरूले २५/३० वर्षे सक्षम युवाहरूको जोश, जाँगर, सृजनशीलता र परिश्रमलाई भरपुर प्रयोग गरिरहेका छन्। तर, सरकारी विद्यालयमा १५/२० वर्षअघि नियुक्ति पाएका लगभग केश फुलेका शिक्षकहरूको जमात छ। यसोभन्दा अग्रज शिक्षकहरूको अपमान गरेको होइन, बरु; सामुदायिक विद्यालयहरूमा पनि युवा जोश र जाँगरको प्रयोग नितान्त आवश्यक भइसकेको छ।**

■ **चन्द्र नेपाली**

सरकारी तथा सामुदायिक विद्यालयको अहिलेको हविगत हुनुमा शिक्षकहरूको गैरजिम्मेवारीपनले नै प्रमुख भूमिका खेलेको छ। तर शिक्षकहरूमा त्यो गैरजिम्मेवारीपनको विकास गराउने पक्ष पनि यही समाजको एउटा पाटो हो। त्यो हो–यहाँको राजनीतिक संयन्त्र, कर्मचारीतन्त्र र गौण रूपमा समुदाय। शिक्षित समाजसेवी र परिवर्तनकारी स्वभाव भएका शिक्षकहरूलाई आफ्नो अभीष्ट पूरा गर्न राजनीतिकर्ताले आफ्नो र राजनीति गर्ने माध्यम बनाउँदा आज यो बर्बादी आइपरेको हो। जुन देशको राजनीति कमजोर हुँदै जान्छ त्यस देशको कर्मचारीतन्त्र पनि धराशायी र धमिलो पानीमा माछा मार्ने प्रवृत्तिको हुँदै जान्छ। यस्तो स्थितिमा समस्या जहाँबाट शुरू भएको हो, त्यहींबाट समस्याको समाधान खोज्न सके मात्र छिटो निष्कर्षमा पुग्न सकिन्छ। पेशागत संगठनको नाममा शिक्षकहरू आफ्नो पेशामा भन्दा राजनीतिप्रति बढी उद्दत देखिन्छन् । फेरि राजनीतिबाट पृथक् रहोस् पनि कसरी ? यहाँ निजी स्रोतमा शिक्षण गर्न समेत राजनीतिक फोर्स चाहिन्छ । दरबन्दी माग गरे कुन पार्टीको टिकट छ त्यो प्रमुख हुन्छ न कि योग्यता र क्षमता ।

कसैलाई सरुवा र बढुवाका लागि राजनीति त कसैलाई कालो कर्तुतबाट चोखिन राजनीति चाहिन्छ ।

यता प्रशासकीय राजनीति अझै जटिल र डरलाग्दो छ । त्यसले भ्रष्टाचारलाई राम्रैसँग मलजल गरेको छ । विद्यालयदेखि मन्त्रालयसम्म पुगेका तथ्याङ्क हेरेर वास्तविक धरातलमा हेर्ने हो भने आकाश पातालको भिन्नता पाइन्छ। दुर्गम गाउँको विद्यालयमा एउटा योजना बल्लतल्ल पार्नु अघि सम्बन्धितदेखि सूचकसम्मलाई कमिशन प्रतिशतको अंशबण्डा अघोषित रूपमा अनिवार्य जस्तो भएको छ । विद्यालयका शिक्षकहरूको माथिल्लो निकाय भनेको तिनै प्रशासनिक कर्मचारी हुन् भने तिनीहरूको पनि निर्देशनात्मक निकाय भनेको राजनीतिक व्यक्तिहरू नै हुन्। त्यसैले यस्तो विचलित राजनीतिक र प्रशासनिक क्षेत्रबाट निर्देशित र ग्रसित शिक्षकहरू आफैं शतप्रतिशत चोखो हुने कुरै भएन । यसको मतलब शिक्षकहरू सरासर ठीक ठाउँमा छन् भन्ने हैन । तर शिक्षकभन्दा माथिल्लो निकाय यदि उस्तै रहिरहने हो भने बाध्यताका नाममा शिक्षकका कमजोरीहरूले सधैं बाँचिरहने अवसर पाउँछन् ।

एकातिर सरकारले विद्यालयको अवस्था र मागका आधारमा शिक्षक दरबन्दीको सन्तुलित व्यवस्थापन गर्न सकेको छैन भने अर्कोतर्फ भएका शिक्षकहरूलाई समेत विभिन्न वर्गमा विभाजन गरेर असमान र अन्यायपूर्ण व्यवहार गरिरहेको छ । सरकारले दरबन्दी उपलब्ध गराउन नसकेपछि समुदायले आफ्नै स्रोतमा निजी तथा पीसीएफ शिक्षक नियुक्ति गरेर काम चलाइरहेको छ। यसरी नियुक्त शिक्षकहरू चर्को श्रमशोषणमा छन् । तर सरकार हरेक वर्ष स्थायीलाई मात्र सुविधा थप गर्छ । ती पीडितप्रति जिम्मेवारी महसुस गर्दैन । वास्तवमा अहिले विद्यालयमा साँच्चै मिहिनेत गर्ने शिक्षक खोज्ने हो भने स्थायी अर्थात् सुविधासम्पन्न शिक्षकको झिनो संख्या बाहेक बाँकी सबै सुविधाविहीन शिक्षकको संख्या नै बढी भेटिन्छ । किनकि; जति धेरै मिहिनेत गरेर राम्रो नतिजा निकाल्न सकियो त्यति नै विद्यार्थी संख्या बढ्ने र त्यसैमा आफ्नो भविष्य देखेका छन् उनीहरूले। 'काग कराउँदै गर्छ...' भन्ने मनसाय भएका सुविधासम्पन्न शिक्षकहरू भने 'राजनीतिमा राम्रो पकड भए कसले हल्लाउन सक्छ ?' भन्ने मनोविज्ञानबाट प्रभावित भएको पाइन्छ । हुन पनि हद्दै भए सरुवा त्योभन्दा अर्को के होला र ?

## विद्यालयभित्र पस्दा

अभिभावक, विद्यार्थी र शिक्षक अर्थात् विद्यालयभन्दा बाहिरको वा माथिल्लो निकायको बेथितिले पक्कै पनि विद्यालयलाई नकारात्मक प्रभाव पार्छ; तर विद्यालय परिवार (शिक्षक, कर्मचारी, प्रशासन) साँच्चै कर्तव्यनिष्ठ, जिम्मेवार भएर लाग्ने हो भने यी समस्याका बाबजुद पनि तीन चौथाई शैक्षिक समस्याहरू निराकरण भएर जान्छन् । जसका लागि प्रअ र शिक्षकबीच सहयोगात्मक साथै 'कमाण्डिङ' सिस्टमको सम्बन्ध हुनुपर्दछ। शिक्षकका हरेक शैक्षिक गतिविधिमा प्रअले तत्काल निगरानी र निर्देशन गर्न सक्ने हुनुपर्छ। निजी विद्यालयहरूमा कुनै शिक्षकको शैक्षिक गतिविधिमा खोट देखिएमा प्रअले तत्काल नियन्त्रण र निदान गर्ने स्थिति हुन्छ। त्यहाँ समयको पालना पनि कडाइका साथ हुन्छ । निजी विद्यालयका शिक्षकहरूले बढी तालिम नलिएको भएतापनि प्रअ र अभिभावकको प्रतिक्रिया तत्काल प्राप्त हुने भएकाले तोकिएका शैक्षिक उपलब्धि

# यो नै मान्यता बनोस् !

**यो मन्थनको सार हो; शिक्षकले मात्रै चाहेर सबै कुरा गर्न सक्दैनन्। तर शिक्षकले नचाहँदा धेरै कुरा हुन सक्दैनन्। यो विश्वव्यापी सत्य हो। अतः 'गरे शिक्षकले सक्छन्' यो कुरा स्थापित मान्यता बनोस् भन्ने अपेक्षा राख्दछु।**

■ **रमाकान्त सापकोटा**

४२ वर्ष औपचारिक शिक्षामा संलग्न रहँदा ३३ वर्ष सामुदायिक विद्यालयमा गणित र आवश्यकता अनुसार अरू विषय पनि पढाएको अनि केही वर्ष विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएर काम गर्दाको समेत अनुभवको आधारमा केही निचोड पस्कन चाहेको छु।

एउटा बालक रित्तो भाँडो होइन । काँचो माटो जस्तो जे बनायो त्यो बन्ने पनि होइन रहेछ । ऊ प्रतिभा र सम्भावनासहितको जैविक प्राणी हो । जन्मपूर्व र जन्मपछिको अनुकूल वातावरणले जैविक मानवलाई सामाजिक मानवमा रूपान्तरण गर्ने हो । प्रशस्त सम्भावनाहरूको जग तीन/चार वर्षभित्रमै बनिसकेको हुन्छ । जसमा परिवारको ठूलो भूमिका हुन्छ । त्यही जगमा विकास थपिँदै जाने हो । हुने बिरुवाको चिल्लो पात हुन्छ भन्ने भनाइ पनि आंशिक सत्य रहेछ। वातावरणले सघाएन भने हरियो पात पनि पहेंलिन्छ । यसको निचोड के हो भने एउटा बालकको शैक्षणिक उपलब्धिमा उसको प्रतिभा, शिक्षकको दक्षता तथा परिवेशको प्रभावको झण्डै बराबर स्वामित्व हुन्छ । यसैको आधारमा छोराछोरी माथि अपेक्षा राख्नुपर्दछ। क्षमता भन्दा कम अपेक्षा हीनताको स्रोत बन्न सक्छ भने क्षमता र परिवेश भन्दा बढी अपेक्षा महत्त्वाकांक्षा र निराशाको स्रोत बन्न सक्छ । यदि शिक्षक र अभिभावकबीचको अन्तरक्रियालाई जीवन्त बनाउन सक्ने हो भने छोराछोरीलाई उमेर र आवश्यकताको आधारमा अभिभावकले पनि मार्गनिर्देशन गर्न सक्छन् । यसको लागि शिक्षकले घरदैलो अभियान समेत चलाएका उदाहरणहरू छन् । अभिभावकले घरमा र शिक्षकले कक्षाकोठामा लोकतान्त्रिक अभ्यास गर्ने हो भने

हासिल गर्न हदैसम्मको मिहिनेत गर्दछन् । सरकारी विद्यालयमा हुन नसकेको कुरा यही नै हो । त्यहाँ प्रअले आफ्ना शिक्षक तथा कर्मचारीलाई निगरानी र नियन्त्रण गर्न सक्ने अवस्था छैन । अभिभावकहरू विद्यालयसम्म आएर चासो राख्ने संस्कार नै छैन । शिक्षकले ४५ मिनेटको समय पनि कक्षामा बिताउन सकेको अवस्था छैन । अर्को कुरा आफ्ना नानीहरू सबै निजी स्कूलमा पढाउने र आफू कसैप्रति जवाफदेही पनि हुनु नपर्ने भएपछि शिक्षकहरूको हेलचेक्र्याईंले चरम सीमा नाँघेको हो। तिनले लिएको महँगो शिक्षण तालिम कक्षामा नपुगी अर्थहीन भएको छ ।

सरकारी विद्यालयलाई समुदायमा हस्तान्तरण त गरियो तर समुदायलाई विद्यालयको शैक्षिक तथा प्रशासनिक गतिविधिप्रति प्रतिक्रिया जनाउन सक्ने गरी तयार गर्न सकिएको छैन। अभिभावकले पढेलेखेका शिक्षकसँग आँखा जुधाएर आफ्नो प्रतिक्रिया राख्न सक्ने वातावरण सिर्जना हुनसकेको छैन । त्यसैले त शिक्षक वा सरकारी तलब खाने व्यक्ति आफूलाई शासक र बाँकीलाई शासित ठान्दछन्। यसको मतलब शिक्षक बाहेक समाजमा सबै अचेत छन् भन्ने होइन तर जो अलिकति सचेत र सक्षम छ उसका बच्चा बोर्डिङ स्कूलमा हुन्छन् । यतिसम्म कि शिक्षककै बच्चा सरकारी स्कूलमा हुँदैनन् । त्यहाँ त तिनीहरूका बच्चा हुन्छन् जसको अहिलेको छाक खाए भरेको छाक कहाँबाट ल्याएर कति खेर खाने टुङ्गो हुँदैन । त्यस्ता निमुखाहरूले शिक्षकसँग आँखा जुधाउने आँट गर्दैनन्। अर्थात् विद्यालयको गतिविधि तथा नानीहरूको सिकाइ उनीहरूको दैनिकीमा नै पर्दैन । त्यसैले विद्यालयको व्यवस्थापन समुदायमा जिम्मा लाए पनि समुदायका सचेत र सकारात्मक व्यक्तिहरूद्वारा विद्यालयको नेतृत्व हुनसकेको छैन ।

निजी विद्यालयहरूले २५/३० वर्षे सक्षम युवाहरूको जोश, जाँगर, सृजनशीलता र परिश्रमलाई भरपुर प्रयोग गरिरहेका छन् । तर, सरकारी विद्यालयमा १५/२० वर्षअघि नियुक्ति पाएका लगभग केश फुलेका शिक्षकहरूको जमात छ । यसोभन्दा अग्रज शिक्षकहरूको अपमान गरेको होइन; बरु, सामुदायिक विद्यालयहरूमा पनि युवा जोश र जाँगरको प्रयोग नितान्त आवश्यक भइसकेको छ। अहिले ६ वर्षको बच्चालाई मोबाइल चलाउन सिकाउनु पर्दैन । तर कतिपय हामी यस्ता शिक्षक छौं जसलाई मोबाइलमा नम्बर 'सेभ' गर्न समस्या पर्छ । अनि अहिलेका विद्यार्थीको मनोविज्ञान बुझ्न पनि त्यतिकै समस्या पर्न सक्छ । वर्षभरिमा शैक्षिक गतिविधिमा देखिएको सक्रियता, कक्षा शिक्षणको क्रममा भएका शैक्षिक सामग्रीको प्रयोग, परियोजना कार्य बीचबीचमा भए-गरेका आन्तरिक मूल्याङ्कन, विद्यार्थीको व्यक्तिगत विवरण, निरन्तर विद्यार्थी मूल्याङ्कन फारम जस्ता कुराहरूमा देखिएका सक्रियता, विषयगत शैक्षिक उपलब्धि आदिका आधारमा छानिएका उत्कृष्ट शिक्षकलाई विद्यालयको वार्षिक कार्यक्रमको अवसर पारी त्यस्ता मिहिनेती शिक्षकलाई सम्मान गर्ने परम्पराको थालनी गर्ने हो भने 'केही गर्नुपर्छ' भन्ने सोच भएका शिक्षकहरूमा हौसला बढ्न गई थप उन्नतिका लागि प्रेरणाको स्रोत बन्न सक्दछ । यसले शिक्षकलाई सामाजिक रूपमा पनि थप जिम्मेवारी र सजगताको बोध गराउँछ । अनि यिनै शैक्षिक गतिविधिका आधारमा शिक्षकको बढुवालगायतका पदोन्नतिको वातावरण बन्नुपर्दछ, न कि दलको बल ।

श्री मनोकामना प्रावि, मधुमल्ला, मोरङ

विद्यार्थी, अभिभावक र शिक्षकको उद्देश्य एउटै हुन्छ र समस्या साझा हुन्छ अनि उपलब्धिमा सामूहिक स्वामित्व हुन्छ। यति भइसकेपछि शिक्षक व्यवस्थापन, आर्थिक पारदर्शिता र अरू व्यवस्थापनका कुरामा सकारात्मक प्रभाव पर्दछ ।

विद्यार्थीको मनोविज्ञान बुझ्नुपर्ने शिक्षकको मनोविज्ञान राज्यले, समुदायले बुझ्नुपर्दछ। यो महत्त्वपूर्ण सवाल हो। नेपाली शिक्षकहरू संगठित भएर शिक्षकको पेशागत हितसँग जोडिएका थुप्रै मुद्दामा सरकार एवं राजनीतिक नेतृत्वलाई बुझाउन सफल पनि भए । अधिकांश विषयमा सम्झौता पनि गरिए । तर परिणाम मुलुक र समयले खोजे जस्तो आएको छैन । लगानी र प्रक्रिया राम्रो छ भने परिणाम स्वत: राम्रो हुन्छ भन्ने गुणस्तर मापनको आईएसओ मोडल मान्ने हो भने हाम्रो लगानी र प्रक्रियामा कहीं त्रुटि छ भन्ने बुझ्नुपर्दछ ।

रोजगारीको अवसर सृजना गर्ने चाहना तथा अंग्रेजी भाषाको बढ्दो मागको जगमा निजी विद्यालयहरू स्थापना भए। सामुदायिक विद्यालयको शिक्षक व्यवस्थापनलगायतका विषयमा हुने दल र गुटका हस्तक्षेप सशुल्क र निशुल्कको द्वन्द्व, असम्भव सपना बाँड्ने र दायित्व नलिने राजनीतिक नेतृत्व जस्ता कारणले गर्दा सामुदायिक विद्यालयहरू केही वर्षदेखि द्वन्द्वको भुमरीमा पर्न गए । सामुदायिक विद्यालयमा विकर्षण र निजी विद्यालयमा आकर्षण बढ्न थाल्यो । सचेत र जागरुक समूह निजीतिर लाग्यो । सामुदायिक विद्यालयको गुणस्तर निजीतर्फ स्थानान्तरण भयो । यो परिस्थितिलाई उल्ट्याउन र सामुदायिक शिक्षाप्रति आकर्षण बढाउन शिक्षक एवं पेशागत संगठनहरूको सहयोग विना सरकारले केही गर्न सक्ने देखिदैन ।

शिक्षकहरूको जथाभावी नियुक्ति रोक्न; भइरहेका शिक्षकमा लाइसेन्स प्राप्त हुने निहुँमा अध्ययन गर्ने बानी बसाल्न तथा त्यसो गर्न नसक्नेलाई सम्मानजनक बिदाइ गर्ने उद्देश्यले लाइसेन्स व्यवस्थाको माग गरियो । शिक्षककै पहलमा कानूनी व्यवस्था गरी शिक्षक सेवा आयोगको पनि स्थापना भयो तर उद्देश्य अनुरुप कार्यान्वयनमा आएन । लाइसेन्सको कारण एकातिर विद्यालय शिक्षणमा आउन चाहने बीएस्सी, एमएस्सी तथा अंग्रेजी गणित, समाजशास्त्र जस्ता विषयमा बीए, एमए गरेका, कम्प्युटर साइन्स पढेका विद्यार्थीलाई ढोका बन्द भयो भने अर्कोतिर शिक्षा क्याम्पसमा भर्ना हुन आउने विद्यार्थीको स्तर र क्याम्पसमा हुने गरेको पठनपाठन, राजनीतिक गतिविधि तथा परीक्षा प्रणाली हेर्दा त्यहाँबाट उत्पादित शिक्षकमध्ये ठूलो हिस्सा खासै आशलाग्दा देखिँदैनन् । विद्यालय र विश्वविद्यालयका शिक्षक तथा विज्ञहरू बसेर यसमा मन्थन गर्नु जरुरी छ ।

सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको कारण विद्यालयहरू एकअर्कोमा विलय भइरहेका छन् । कतै शिक्षक संख्या बढी छ, कतै विद्यार्थी र शिक्षकको अनुपातमा ठूलो भिन्नता छ । शैक्षिक एवम् सामाजिक न्यायको दृष्टिले पनि दरबन्दी मिलान आवश्यक छ। यसमा पनि शिक्षक र पेशागत संगठनहरूको सहमति र पहल अनिवार्य छ। यो सबै मन्थनको सार के हो भने शिक्षकले मात्रै चाहेर सबै कुरा गर्न सक्दैनन्। तर शिक्षकले नचाहँदा धेरै कुरा हुन सक्दैनन्। यो विश्वव्यापी सत्य हो। अत: 'गरे शिक्षकले सक्छन्' यो कुरा स्थापित मान्यता बनोस् भन्ने अपेक्षा राख्दछु ।

सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन

# खैराँते मास्टर होइन, कर्मठ गुरु बनौं

**शिक्षकको त्याग र इमानदारीको समाजले कुनै न कुनै रूपले ऋण तिर्न खोजिरहेको हुन्छ तर इमानदारी नभएको शिक्षकले जतिसुकै चर्को आवाजले प्रतिष्ठा चाहिन्छ भनेर माग गरे पनि त्यो 'आकाशको फल' मात्र हुन्छ ।**

■ रामप्रसाद पाण्डेय

प्रथमत: विद्यालय भन्नेबित्तिकै हाम्रो मनमस्तिष्कमा ठूलो र धेरै कोठा भएको भवन, अगाडि खेल्ने चौर, चमेनागृह, वाचनालय, पुस्तकालय, शौचालय, बेञ्च, डेस्क, फर्निचर, शिक्षक र विद्यार्थीसहितको भौतिक वस्तुको स्वरूप आउँछ । वास्तवमा हामी शिक्षाभन्दा पनि विद्यालय भवनको उन्नतिमा लागेका कारण यस्तो भएको हो । आज हामी विद्यालय भवन, फर्निचर आदि निर्माण गरिसकेपछि शिक्षणको गुणस्तरीयताको खोजीमा लाग्दैनौं; त्यसको जिम्मा शिक्षकमाथि थोपर्छौं । गुणस्तरीय शिक्षाको लागि आवश्यक शैक्षिक सामग्री, शिक्षक तालिम, प्रयोगशाला, पुस्तकालय र वाचनालयलाई सामग्री खरीद गर्दैनौं । ती सबै कुराको समुचित व्यवस्थाले मात्र शिक्षणमा सुधार हुने कुरामा हाम्रो ध्यान जाँदैन ।

नेपालमा राशिपयो (२०२८) अर्थात् नयाँ शिक्षा लागू हुनुभन्दा पहिले धेरैजसो विद्यालय समुदायद्वारा सञ्चालित थिए । सरकारबाट अनुमति लिएपछि विद्यालय भवन निर्माण र शिक्षकको व्यवस्थापन सम्पूर्ण कुराको जिम्मा समुदायमाथि रहन्थ्यो । विद्यालयलाई श्रमदान गर्नेदेखि शिक्षकलाई बस्ने व्यवस्थासहित घ्यू, चामल, दाल, तरकारी जुटाइदिने जिम्मा समाजका अगुवाले लिन्थे । गुरुहरू शिक्षार्थीलाई शिक्षा-दीक्षा दिन तल्लीन रहन्थे । समाज, परिवेश, वातावरण, प्रतिस्पर्धा अहिलेको जस्तो जटिल, कठिन र संस्कारविहीन थिएन । नयाँ शिक्षाले शिक्षकको औपचारिक योग्यता र तालिमको व्यवस्था गऱ्यो र विद्यालय सञ्चालनको सम्पूर्ण जिम्मा सरकारले लियो । समुदायलाई जिम्मेवारविहीन बनाइयो ।

अनि शिक्षकहरू जागिरे बन्यौं । आफ्ना स-साना नानीबाबुहरूलाई ६ घण्टा विद्यालयको जिम्मा रहने र बाँकी १८ घण्टा घरमै रहने बस्ने कुरालाई यादै गरेनौं । उनीहरूले घरमा पनि सिक्न सक्छन्, सिकाइनुपर्दछ; संस्कार, संस्कृति वंशाणुगत गुणले पनि सिकाइमा प्रभाव पार्छ भन्ने कुरा थाहै पाएनौं । किनकि हामीमा अभिभावक शिक्षा नै थिएन । "घर नै अनुशासनको उत्तम पाठशाला हो" भन्ने एस स्माइल्सको भनाइ हामीले सुन्न/बुझ्नै पाएनौं । त्यसैले हामीले 'मेरो छोराछोरी घरमा निकै चल्छ, पढ्दैन, खेली मात्र रहन्छ, दु:ख दिन्छ, यसलाई सुधारिदिनुपऱ्यो' भन्दै घिच्याउँदै विद्यालय लैजान्छौं । अभिभावक, विद्यालय व्यवस्थापन समितिमा रहेका पदाधिकारी र हामी शिक्षक सबैको एउटै उद्देश्य र लक्ष्यलाई हामीले भुल्यौं । नानीबाबुहरूलाई गुणस्तरीय शिक्षा दिने, राम्रो, असल र सिर्जनामुखी बनाउने अभिभावक र शिक्षक दुवैको जिम्मेवारी हो । आफ्ना नानीबाबुलाई हात समाएर सिर्जनाको रेखा कोर्न उद्दत गुरुलाई हामीले वैरीगत व्यवहार गऱ्यौं । मिलेर आफ्ना नानीहरू सुधार्ने कुराबाट चुक्यौं र शिक्षकलाई समुदायप्रति भन्दा राजनीतिक दल, तालुकवाला संस्था, निरीक्षण/अनुगमन गर्ने व्यक्तितर्फ आश्रित हुने बाध्यता सिर्जना गऱ्यौं । मित्र बन्नुपर्ने, वैरी बनेपछि शत्रु पक्षलाई परास्त गर्न एउटा गोटी त चाल्नैपऱ्यो । त्यसैले शिक्षकहरू, कार्यालय र नेतामुखी बने । केटाकेटीदेखि नै राम्रो संस्कार र अनुशासन भएन भने बालबालिकाको व्यक्तित्व विकास हुँदैन । यसका लागि घरपरिवार, समाज र विद्यालयले राम्रो वातावरण, संस्कार र अनुशासनपूर्ण व्यवहार सिकाउनुपर्दछ । यो शिक्षक, समिति र अभिभावकको त्रि-पक्षीय दायित्व हो ।

निजी विद्यालयमा कम योग्यता, अनुभव र तालिमविहीन ठिटाहरूले पढाएर शतप्रतिशत विद्यार्थी पास गराउँदा हामी अनुभवी गुरुहरू भने जुँगामा ताउ लगाउँदै 'ती फुच्चे केटाहरूलाई हामीले पढाएको त हो नि' भनी अहम् भाव व्यक्त गर्दछौं । सामुदायिक विद्यालयका अधिकांश स्थायी शिक्षकहरूको यस्तो अहंकार नै हाम्रो प्रमुख शैक्षिक समस्या हो । हामी आफूलाई पेशागत हिसाबले सक्षम र योग्य तुल्याउने कुरा बिर्सेर केवल १०-४ बजेको जागिरे बन्यौं । हाम्रा चेलाहरू जाँगर, मिहिनेत र श्रमले सफल बने तर गुरुहरू परिवर्तनका लागि लागेनौं ।

"शिक्षकको मुस्कुराहटले विद्यार्थीमा लगन र विश्वास बढाइदिन्छ ।" एच रवर्टको भनाइ जस्तै हामी खुशीका साथ कक्षाकोठामा प्रवेश गरौं । आफूले रोजेको पेशालाई खुशीसाथ अँगालौं । कामबाटै मनोरञ्जन लिऊँ, नानीहरूसँग खुशी रहौं, खेलौं, जिम्मेवारी लिऊँ, दिऊँ । दुनियाँमा आजसम्म जे जति परिवर्तन भएको छ त्यो सबै मानिसहरूकै परिश्रम, चिन्तन र सोचको प्रतिफल हो । शैक्षिक परिवर्तन र क्रान्तिका लागि चाहिने मुख्य कुरा त हामी शिक्षकहरूको उत्साह, इच्छाशक्ति, आत्मविश्वास र लगनशीलता हो । यो लगनशीलता हाम्रो आत्माबाट प्रेरित र निसृत भएर आफ्नो लक्ष्य प्राप्त गर्न र शैक्षिक उपलब्धि हासिल गर्न एकनिष्ठ भएर लाग्नुपर्दछ । त्यसका लागि बाह्य वातावरणको केही प्रभाव रहेता पनि मूल कुरा हामीले हाम्रो आत्मा जगाएर विद्यार्थी केन्द्रित रही गिजुभाईले जस्तै विद्यार्थीसँग व्यवहार गर्न सक्नुपर्छ, सकिन्छ ।

अब हामी सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरू प्रतिस्पर्धी बनेनौं भने हाम्रो साख, प्रतिष्ठा र गौरव डाँडाको जूनजस्तो बनेको छ । सरकारले शैक्षिक स्तर र चेतनाकै अभाव भएका अभिभावक र समिति रहेकै ठाउँमा पनि विद्यालय समुदायलाई हस्तान्तरण गरेर शिक्षकलाई चेपमा पारेको छ । चेतनशील अभिभावक रहेको ठाउँ र राजनीतिक आग्रह नरहने स्थितिमा यो सम्भव होला तर त्यसो नभएमा शिक्षक समिति र अभिभावक बीचमा द्वन्द्व सिर्जना हुनेछ । सबैको एउटै लक्ष्य रहेका हामीहरू काबिल बन्न मिलेर जानुपर्ने

यथार्थलाई कसले अस्वीकार गर्ला ?

पर्याप्त सुविधाको अभाव, प्रोत्साहनको कमी जस्ता शिक्षकका अनेकन समस्याहरू छन् तर यी गुनासाहरू विद्यार्थीका कारणबाट पैदा भएका होइनन्। त्यसकारण आफ्नो असन्तुष्टिको शिकार निर्दोष विद्यार्थी हुन नपुगून्। त्यसमा शिक्षकहरू जागरुक हुन आवश्यक छ। आजकल विद्यार्थीहरू कम मिहिनेती छन्, तिनलाई प्रेरणाले सुधारौं। भनिन्छ गतिलो शिक्षाको मुटु भने पनि प्राण भने पनि शिक्षक नै हुन्। लगनशील र इमानदार शिक्षकले कति ठूलो योगदान गर्न सक्छ र अध्ययन, अध्यापन कति सजीव र अर्थपूर्ण बनाउन सक्छ भन्ने कुराका उदाहरणहरू हाम्रै देशभित्र पनि नभएका होइनन्। शिक्षकको त्याग र इमानदारीको समाजले कुनै न कुनै रूपले ऋण तिर्न खोजिरहेको हुन्छ तर इमानदारी नभएको शिक्षकले जतिसुकै चर्को आवाजले प्रतिष्ठा चाहिन्छ भनेर माग गरे पनि त्यो 'आकाशको फल' मात्र हुन्छ।

अत: हामीले हाम्रो स्कूल/संस्था बीचमा रहेका जिम्मेवारीलाई भाग (÷) लगाऔं। हामी सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकको एकतालाई गुणा (x) गरौं। हामी बीचमा रहेका असमानता र भेदभावलाई घटाउँदै (-) जाऔं। अनि हामी बीचमा रहेका ज्ञान, सीप र अनुभवलाई थप (+) गर्दै जाऔं। संस्थाले प्राप्त गरेको प्रतिफललाई बराबर (=) बाँडौं। हामीबीचको मनोमालिन्य र मनमुटावलाई शून्य (0) पारौं। अनि मात्र हामीले हाम्रो प्रतिष्ठा र साख जोगाउन सकौंला, होइन भने ... ! ?

श्री भगवती नमूना उमावि, मिर्मी ढाव, स्याङ्जा

# सम्भव छ शैक्षिक क्रान्ति

**एक उत्प्रेरित शिक्षकले मात्र विद्यार्थीलाई उत्प्रेरित गर्न सक्ने हुँदा शैक्षिक क्रान्तिका लागि शिक्षकको आत्मबल उच्च पार्दै उत्प्रेरणाको कार्ययोजना आजै तयार पारौं। सम्भव छ क्रान्ति शिक्षामा।**

■ नरेन्द्रकुमार नगरकोटी

Be a wonderful role model because you will be the window through which many children will see their future.

**Thomas Mckinnon**

नेतृत्व र शासकले निम्त्याएको परिस्थितिको उपज हो आजको शैक्षिक क्षेत्रको दुरवस्था। यसले नेपाली शिक्षकसामु ठूलो चुनौती ल्याएको छ। शिक्षकको त रोजीरोटी नै गुम्न सक्ने प्रबल सम्भावना छ। तर म यतिखेर दाबीसाथ भन्न सक्छु, गरे शिक्षकले नै गर्न सक्छ शैक्षिक क्रान्ति। नगरे कसैको ताकतले सक्नेवाला छैन। त्यसका लागि शिक्षकलाई उत्प्रेरित गराउने खालका कार्यक्रमको जरुरत छ।

काम कसले गर्नुपर्छ भन्ने तर्क गर्न थालियो भने काम हुँदैन नै। फेरि अरूले गरेन भनेर चुप बस्ने प्रवृत्ति त्याग्न सकेनौं भने त झनै हाम्रो जस्तो समुदायमा कहाँ उपलब्धि होला र! शिक्षकले त नेतृत्व लिनुपर्छ। समस्या नभएको त कसैले पनि भन्छन् भन्ने लाग्दैन। यद्यपि यावत् अल्झनलाई पन्छाएर अग्रगामी यात्रा गर्न सक्ने मान्छे नै त शिक्षक हो नि! कमजोरी, दोष र गैरजिम्मेवारी जो-जसबाट भएको भए पनि सबै गुह्य सत्यलाई खोतल्ने नकारात्मक चिन्तनको बाटो समात्नु म सान्दर्भिक ठान्दिनँ।

शिक्षक स्वयम्ले ख्याल गर्नुपर्ने कुराहरू पनि धेरै हुन आउँछन्। अभिभावकसँग सम्बन्ध स्थापित गर्ने र उनीहरूको सहयोग लिने, विद्यार्थीलाई मित्रवत् व्यवहार गर्ने र मनोविज्ञान बुझेर शिक्षण-सिकाइमा संलग्न गराउने, जिशिका र मन्त्रालयसँग सरोकार राख्ने पक्षसँग सहयोग लिने र सकारात्मक पृष्ठपोषणलाई व्यवहारमा उतार्ने र काम नगर्ने वा नियतवश असहयोग गर्नेलाई कारवाहीका लागि जानकारी गराउने, नेता एवम् राजनीतिक दलको पक्षपोषण हुने गरी कुनै पनि गतिविधिमा नलाग्ने, सरकारले यसो गरेन र त्यसो गरेन भनेर टीकाटिप्पणी गर्दै आफ्नो कमजोरीलाई बढ्न नदिने, सञ्चारमाध्यम र सूचनाप्रविधिलाई भरपुर उपयोग गरी शिक्षणलाई उत्पादनशील बनाउने जस्ता कुराहरूमा हामी शिक्षकले विशेष सोच्नुपर्ने हुन्छ पेशालाई जीवित राखिराख्नका लागि।

विद्यालय कसैको पेवास्थल होइन। कसैको भर्तीकेन्द्र यसलाई नबनाइयोस्। समुदायलाई हस्तान्तरण जस्तो लोकप्रिय ललीपप बाँड्नुअघि यथार्थको धरातलमा उभिएर एकचोटि देशको कुनाकुनामा आँखा पुऱ्याइयोस्। शिक्षकलाई सबै रूपबाट दोषी देखाउने औंलाहरू पनि बाध्यात्मक परिस्थितिका रडतिर एकपटक तेर्सिऊन्। शिक्षकको हीनभावना र कमजोर मनोदशालाई उत्साह, आँट र जाँगरले प्रतिस्थापित गर्न सक्ने स्थिति सिर्जना गर्न लागिपरौं त आजैदेखि; पक्का छ परिवर्तन।

- शिक्षकलाई उत्प्रेरित गर्न गराउन यस्ता कुरा विचार गरि नुपर्छ:
- कामको सुरक्षा। तर काम नगरे पनि म सुरक्षित हुन्छु भन्ने कदापि रहनुहुन्न।
- आकर्षक सेवा सुविधा, शिक्षकले अन्य पेशामा लाग्नु नपरोस्।
- शान्त र सम्मानित काम गर्ने वातावरण।
- कामको सम्मान र मान्यता।
- आफूलाई प्रभावित पार्ने निर्णय प्रक्रियामा सहभागिता।
- निष्पक्ष मूल्याङ्कन र पुरस्कारको व्यवस्था आदि आदि।

भारतीय बालशिक्षाशास्त्री गिजुभाई लिखित 'दिवास्वप्न' सबै शिक्षकले पढ्नैपर्ने पुस्तक हुँदाहुँदै पनि जानेरै नपढ्ने र चाहेर पनि पढ्न नपाउने शिक्षकको फरकफरक सूची लामै हुन्छ। सबैको मनमा घाम लागोस्, आजका दिनमा पुरानो ज्ञानको नयाँ 'भर्सन'

नभई काम छैन । हामी न गिजुभाई पढ्छौं, न सर्च गर्छौं ज्ञान अपडेट गराउने लिङ्क नै । मैले आफ्नो विद्यालयमा सबै शिक्षकलाई अनिवार्य गराएँ 'दिवास्वप्न' पढ्न । गिजुभाईले त्यतिबेला गर्न सकेको प्रयत्न मात्र आज हामीले गर्न सके प्रतिफल दोब्बर हुने निश्चित छ । गरेर त हेरौं ।


अब रह्यो कुरा शिक्षकलाई उत्प्रेरित र जागृत गराउने । मूलत: विद्यालयमा नेतृत्व गर्ने प्रअ वा प्रिन्सिपलले यस बारेमा कार्यक्रम तय गर्ने र कार्यान्वयन गराउने गर्नुपर्छ । शिक्षक साथीहरूले उत्साह देखाउनुपर्छ ।

हामीकहाँ शिक्षकबीचमा खुशी र उपलब्धि 'सेलिब्रेट' गर्ने परम्परा विरलै छ, जुन हुनु जरुरी छ । पृष्ठपोषण दिंदा सकारात्मक रूपमा दिइनुपर्छ । विद्यालयमा अति आवश्यक अवस्थामा मात्र बैठक राख्नुपर्छ । सम्भव भए प्रत्येक बैठकमा दुई जनालाई पुरस्कृत गर्न सकिन्छ । जसका लागि छनोट कार्य शिक्षक समूहबाटै हुने गर्दछ केही देशहरूमा । अमेरिकातिर भने शिक्षणको उत्कृष्टताका लागि अवार्ड दिने र अभिभावकको सहयोगमा भोजको कार्यक्रम रहने गर्दछ । के हामी पनि त्यस्तै कुनै प्रयत्न गर्न सक्दैनौं र ? सबै वर्गका शिक्षकलाई सञ्चय कोषको व्यवस्था गर्ने र विशेष सहयोग कोष निर्माण गर्ने काम सम्भव र उत्प्रेरणाजन्य छन् । पसल, डिपार्टमेण्ट स्टोर, सिनेमा आदि स्थलका लागि छुट कुपन दिने व्यवस्था पनि सोच्न सकिन्छ भने तलब सन्तोषप्रद हुनुपर्छ नै । काम अनुसारको दाम हुनैपर्छ । रिजल्ट राम्रो नभएमा र काम नगरेको पाइएमा तलब कटौती गर्न या कुनै प्रकारको नसिहत दिन हिच्किचाहट गर्नुहुन्न ।

पेशागत सीप विकासका लागि कोर्स, तालिम, कार्यशाला समय-समयमा सञ्चालन गरिनुपर्छ । उपयोगी अनुरोधहरू स्वीकार्नु पनि पर्ने हुन्छ विद्यालय सञ्चालन पक्षले । साना लाग्ने तर यस्ता विचारणीय कुराहरू धेरै छन् । बिरामी भएको बखत जानकारी लिएर या भेट्न गएर पनि शिक्षकलाई प्रोत्साहन गर्न सकिन्छ । अध्ययन समूह बनाएर आपसमा पुस्तक पठन, अन्तरक्रिया, छलफल र अध्ययन गर्ने वातावरण तयार गर्दा पनि उपयोगी हुन्छ । समय-समयमा अन्य विद्यालयका शिक्षकसँग भेटघाट गराउने, अन्य विद्यालय भ्रमण गराउने, जिम्मेवारी प्रदान गरी सम्मान गर्ने, शिक्षक अभिभावक संघ गठन गरी गतिविधि गर्ने जस्ता कार्यकलापहरू शिक्षक उत्प्रेरणाका लागि उपयोगी हुन्छन् । एक उत्प्रेरित शिक्षकले मात्र विद्यार्थीलाई उत्प्रेरित गर्न सक्ने हुँदा शैक्षिक क्रान्तिका लागि शिक्षकको आत्मबल उच्च पार्दै उत्प्रेरणाको कार्ययोजना आजै तयार पारौं । सम्भव छ क्रान्ति शिक्षामा ।

आदर्श विद्या मन्दिर स्कूल, बनेपा, काभ्रे

**माथिका मन्थन तपाईंलाई कस्ता लागे ?**
**sms पठाउनुहोस्: ltr<space>5006**




## 'गरे, शिक्षकले नै सक्छन्'

# लेखन प्रतिस्पर्धाको परिणाम

२०६९ वैशाखको *शिक्षक* मा घोषणा गरिएअनुरुप 'गरे, शिक्षकले नै सक्छन्' विषयक मन्थन प्रतिस्पर्धामा प्राप्त लेख-रचनाहरूमध्ये निम्न रचनालाई समान रूपमा उत्कृष्ट ठहऱ्याई पुरस्कृत गर्ने निर्णय गरिएको छ । पुरस्कार रकम (रु.३०,०००) तीन जनालाई दामासाही रूपमा वितरण गरिनेछ ।

**पुरस्कृतहरूको नाम**

१. **यम.पी. भुषाल**, भक्तपुर, *शिक्षकलाई खेद्न छाडौं,* जेठ २०६९
२. **अर्जुन पन्त**, नुवाकोट, *'गर्ने' र 'नगर्ने' बीच भिन्नता छुट्याऊँ,* साउन, २०६९
३. **मीना पौडेल**, अर्घाखाँची, *राजनीतिक आडमा शैक्षिक सुधार,* भदौ २०६९

हाम्रो आग्रह स्वीकार गरी लेख-रचना पठाउनुहुने सम्पूर्ण लेखक/शिक्षकहरूप्रति हामी आभार व्यक्त गर्छौं । पुरस्कृतहरूलाई बधाई, प्रतिस्पर्धामा सहभागी हुनेहरूलाई धन्यवाद र शुभकामना !

पुरस्कृतहरूले *शिक्षक* मासिकको कार्यालयमा सम्पर्क राख्नुहोला ।

**– सम्पादक**

# YOUR COMPLETE NEWS.



विचार



डा. विद्यानाथ कोइराला

# शैक्षिक रूपान्तरण: आफैंमा खोज्ने कि ?

**क्षमता हामी शिक्षकमै छ किनकि हामीलाई थाहा छ– रानी मौरी बनाउने हामी नै हौं। तिनलाई के ख्वाउने भन्ने हामी नै जान्दछौं। समस्या हो– जानकारीमा जिज्ञासा नजोड्ने संस्कार। गरेर हेरौं– शिक्षाका रूपान्तरक हामी हौं। हामी मात्रै हौं।**

## आधारमा सोच्ने कि नयाँ आधार बनाउने ?

आधारमा सोच्नेहरू रुढ हुन्। तिनको बाटो रुढीवाद। नयाँ आधार खोज्नेहरू सर्जक। तिनको बाटो नवीनवाद। "ए फर एप्पल" वर्षौं पढायौं। "क कमल" धेरै पटक दोहोऱ्यायौं। ए पछि बी लेख्न सधैं सिकायौं। "मातृभाषामा शिक्षा" सधैं भन्यौं। "ए प्लस बी" सधैं भन्यौं। त्यही सूत्र। त्यही शैली। त्यही बुद्धि। भाषा पढाउँदा "सुनाइ, बोलाइ, पढाइ, लेखाइ"। जहिले पनि सुनेर मात्रै बोल्छ भन्यौं। बोलेर सुन्छ भनेनौं। लेखेर पढ्छ भनेनौं। पढेपछि लेख्छ भन्यौं। त्यसैले हामी रुढ हौं। शैक्षिक रुढीवादी। कुरा नयाँको गर्ने। व्यहोरा पुरानै बोक्ने। हाम्रा यो बुद्धिले एउटा नवीन बाटो दियो। नयाँ आधार खोज्ने बाटो। अ पढाउँदा अबाट उठ्ने भान्साका शब्द खोज्ने। क पढाउँदा कबाट उठ्ने शरीरका अंगको नाम खोज्ने। सूत्र पढाउँदा घरको खानालाई सूत्रमा व्यक्त गर्न लगाउने। मातृभाषामा शिक्षा खोज्दा सबैको मातृभाषाको सहसम्बन्ध खोज्ने। शब्दमा खोजे शाब्दिक सहसम्बन्ध। व्याकरणमा खोजे व्याकरणिक सहसम्बन्ध। अक्षर (alphabet) मा खोजे अन्तराक्षरी सहसम्बन्ध। ध्वनिमा खोजे ध्वन्यात्मक सहसम्बध। यस्तो खोजीले नयाँ आधार बन्छ। नवीनताले स्वतः पछ्याउँछ।

## एकल पढाउने कि तुलना गराउने ?

गणितमा रोमन, हिन्दू, अरेबिक र अंग्रेजी अङ्क सिकाउँछौं। सिकाउँदा एकल हुँदारहेछौं। पालैपालो सिकाउने। तीन दिन लगाएर सिकाउने। एकैचोटि तीन थरी अक्षर लेखे के हुन्छ होला? त्यसै मेसोमा पाँच सात वटा भाषाभाषीका अङ्कहरू लहरै राखेर (Juxtaposition) सिकाए के होला? शब्दमा त्यसैगरी। वाक्यमा त्यसैगरी। व्याकरणमा त्यसैगरी। एक किसिमले पसले काइदा। गणितीय शब्दावलीमा "सेटको पाठ"। यसो गर्नाले नवीनता जन्मन्छ। बालबालिकाले तुलना गरेर सिक्छन्। आफ्नै शब्दबाट अरूको शब्द सिक्छन्। आफ्नो गणितबाट अरूको गणित सिक्छन्। आफ्नो व्याकरणबाट अरूको व्याकरण सिक्छन्। सिकाइको सामान्य सिद्धान्त (maxims of method) अनुशरण गर्छन्। यस अर्थमा हाम्रो एकल पढाइ एउटा राजनीतिक दलको भाषण जस्तो भयो। त्यो सुन्दा त्यही ठीक। अर्को सुन्दा अर्कै ठीक। कुनको कुन ठीक भन्ने कुरा तुलना गर्न नसक्ने भयौं। ठूला कुरालाई साना शब्दमा भन्नै नसक्ने भयौं। सापेक्षतावाद भन्न जान्ने। ठूला कुरा गर्ने। को होचो र को अग्लो भन्ने कुरा नै सापेक्षवाद हो भन्न नसक्ने। समताको तुलना। विभेदको तुलना। स्थितिबोधको तुलना।

## रट लगाउने कि परिवर्तित चिन्तनमा लाग्ने ?

मार्क्सको विज्ञानमा आइन्स्टाइन र न्यूटन मात्रै थिए। भौतिक वस्तुबाट चेतना बन्ने। यस अर्थमा भौतिक प्रधान। चेतना गौण। त्यसैले साम्यवादी=भौतिकवादी बन्यो। बनाइयो। तर क्वान्टाम सिद्धान्त र हकिन्सको सबै चीजको सिद्धान्त (theory of everything) ले मार्क्स र मार्क्सवादीलाई भनिदियो– चेतन भौतिक वस्तु बन्छ। भौतिक वस्तु चेतन बन्छ। स्थिति भेद हो। वस्तु भेद होइन। त्यसैले कालो ध्वान्द्रो (black hole) वरिपरि चेतना (light/weave) घुम्यो। ध्वान्द्रोमा पस्ता चेतन गुम भयो। बाहिरिंदा चेतनमा मिलित भयो। यस अर्थमा भौतिकवादी र अध्यात्मवादी विचार भेद हैन। परिस्थिति भेद हो। यो सोचले मार्क्सवादीले अध्यात्मवादीलाई गाली गर्नु अन्धता हो। स्थितिबोध नगर्नु अपरिपक्वता हो। धाराबाट आउने पानीमा पानी मात्रै देख्ने बुद्धि। गतिमा हेरे पानी भिन्न हो। शक्ति फरक फरक हुने। दूरीमा हेरे पानी भिन्न हो। चिसो र तातो हुने। स्थानमा हेरे पानी भिन्न हो। फोहोर र सफा हुने। समयमा हेरे पानी भिन्न हो। अहिलेको र अघिको हुने। सीमान्त उपयोग (marginal utility) मा हेरे पानी भिन्न हो। अत्यावश्यक र अनावश्यक हुने। यसरी बढ्दै गएको विज्ञानको तेस्रो पुस्तामा हेरे चेतन र भौतिक दुवै बढ्ने र खुम्चने वस्तु हुन्। बढ्दा देखिने। खुम्चिंदा हराउने। अनि दुवै बीज हुन्। हाँगा, पात, फूल, फल भएर पनि नछुट्टिने। पीपलको बीजभित्रको हाँगा। यस अर्थमा बीजमा रूखको विलय हो। यसरी हिग्स र बोसनको विज्ञानमा मार्क्सका भौतिकवाद हराउँछन्। बीजमा हाँगा लुकेजस्तो। फूल र फल हराए जस्तो। यस अर्थमा मार्क्सको भौतिकवाद चेतनवादमा लुप्त हुन्छ। वस्तु चेतनमा विलिन हुन्छ। हिन्दूको पुर्ख्यौली शब्दमा जड चैतन्यमा विलाउँछ। अर्थात् विज्ञान बदलियो। तर समाजविज्ञान रटमा बस्यो। यहीं प्रश्न जन्मियो– मार्क्सवाद वैज्ञानिक हो भनी रट लगाउने कि मार्क्सवाद पुरानो विज्ञानमा अधारित रहेछ भन्ने? पहिलो मान्यताले साम्यवादी शब्दमा जडसूत्रवादको भरणपोषण गर्छ। दोस्रो मान्यताले नयाँ दर्शनको खोजी

गराउँछ। पहाडी शिक्षकको दर्शन। मधेशी शिक्षकको दर्शन। हिमाली शिक्षकको दर्शन। गर्ने के? जडसूत्रमा विज्ञान खोज्ने कि? बदलिंदो विज्ञानसँगै नयाँ दर्शन बनाउने?

### अक्षर जोड्ने कि छुट्टै अक्षर पढाउने ?

अलिफ ( ।), बे (b), ते ( ँ )। उर्दूका अक्षर हुन् यी। तीन वटा अलिफ जोडे अंग्रेजीको A बन्ने। बे स्वयंले नै अंग्रेजीको सानो b चिनिने। उर्दूको ते बाट टाँगा बन्ने। नेपालीमा टाँगा। उर्दूमा ताँगा। नेपालीको क बनाउन कुनै उर्दू अक्षर जोड्ने। कुनै फोर्ने। नेपालीको क अक्षर फोरेर अंग्रेजीको C, T, d, o, i आदि बनाए जस्तो। मेरो यो सूत्रलाई समातेर मुफ्ती लियाकत अली खाँ, शेर वागवान, युसुफ अलि र रुवी खानले उर्दूबाट नेपाली र अंग्रेजी एकसाथ पढ्ने प्रारम्भिक सामग्री बनाउनुभयो। पाठ्यक्रम विकास केन्द्रले हालसालै सहायक सामग्रीको रूपमा स्वीकृति दियो। सेभ द चिल्ड्रेनले सघायो। नेपाल मुस्लिम समाज चेतना विकास केन्द्रको यो प्रयासले अक्षर जोड्ने बुद्धिलाई प्रयोगमा ल्यायो। मुस्लिम बालबालिकाले एकसाथ तीन भाषाका अक्षर चिन्ने भए। लेख्न जान्ने भए। पढ्न जान्ने भए। यो तर्किव लिपि भएका सबै भाषाभाषीमा लाने कि आफ्नै तरि का ठीक भन्ने लडाई लड्ने? एउटा भाषामा दक्खल भएपछि मात्रै अर्को पढाउनुपर्छ भन्ने कि एकसाथ दुई-तीन भाषा सिक्न/सिकाउन सकिन्छ भन्ने? यस्तै बुद्धि लिएर अरू भाषाका लिपिबाट विद्यार्थीलाई जरुरी हुने भाषा सिकाउने कि एकल भाषावादी बन्ने? प्रश्न प्राविधिक होइन। प्राज्ञिक होइन। एकलवादी बन्ने रहर हो। राजनीतिक बुद्धि हो। यो रहर राख्ने कि बदल्ने?

### भाषिक परम्परा थाम्ने कि धरातल हेर्ने ?

भाषाविद्ले रट लगाए- पहिले सुनाइ अनि बोलाइ। बोलाइबाट सुनाइ गरे के हुन्छ? सुनाइ बोलाइ एकसाथ गरे के हुन्छ? ओडारको प्रतिध्वनि (echo) को बुद्धि। आफैं भन्ने आफैं सुन्ने। पढाइ अनि लेखाइ भन्ने रट लगाउने कि आर्ट थेरापीको बुद्धि लगाउने? पहिले लेखाउने अनि भन्न लगाउने। बच्चाले धर्को तान्छ। जे बुझ्छ त्यही भन्छ। जे भन्छ- सुनिदिने। यस अर्थमा भाषिक परम्पराको बुद्धि बदल्ने। कतै प्रतिध्वनिको बुद्धिले। कतै आर्ट थेरापीको बुद्धिले। यस अर्थमा धरातल भिन्न रहेछ। आर्ट थेरापीले भन्छ बच्चा लेखेर बोल्छ। के लेख्छ उसको कुरा हो। त्यही लेख (चित्र) हेरेर बच्चा के बोल्छ हाम्रो बुझाइ हो। अर्थात् हाम्रो बुझाइ बच्चामा सार्ने कला भाषाविद्को रटमा रहेछ। बच्चाले के लेख्यो के व्यक्त गऱ्यो भनी जान्ने हाम्रो कुरा रहेछ। प्रश्न यही रह्यो भाषाविद्हरू स्थानान्तरक (transformer) रहेछौं। आर्ट थेरापीले रूपान्तरक (transformationist) हुन सिकाएछ। अर्को शब्दमा भन्दा बच्चा रूपान्तरक धरातलमा रहेछ। हामी स्थानान्तरक धरातलका रहेछौं। ध्वनिबाट बच्चा शब्द बनाउँदोरहेछ। कुखुरा कराउँदा उसको नाम 'कुकुका' राख्ने। हामी विज्ञ भन्नेहरू 'कुखुरा' सिकाउन बल गर्दा रहेछौं। हाम्रै 'शुद्ध शब्द'। बालबालिकाको 'शुद्धता' हाम्रो लागि अपच हुँदोरहेछ। जापानी गाईले "मू..हू" गर्दा जापानी सत्य। नेपालीको गाईको "बाँ/हब्बाँ" सत्य। बच्चाको भाषिक सत्य र विज्ञको भाषिक सत्यबीच सहसम्बन्ध खोजाए के हुन्छ? विज्ञ बदलिए के हुन्छ? बच्चा र विज्ञ दुईतिरै बदलिए के हुन्छ? परम्परा फेरिन्छ। धरातलीय ज्ञान आउँछ। हिजोका रटवादीहरू चिन्तन गर्न थाल्छन्। थाल्छौं।

### अन्तिम टुंगो

अध्यात्मवादीहरूको टुंगो विकल्प हो। हिन्दू भए ब्रह्ममा विलय। बुद्धमार्गी भए बोधयुक्त निर्वाण। इसाइ भए जिसस मार्फत जोहोवामा विलय। यस अर्थमा सबैको बुझाइ विलय रहेछ। अस्तित्वहीनता। हिन्दूको बुझाइमा अंशी र अंशको मिलन। बुद्धि एकै रहेछ- "विछोड छ। मिलन हुन्छ। सम्भव छ। उपाय छ।" यही रितमा मेरो टुंगो हो- गरेकोमा सोच्ने। पुनर्सोच। सूत्रमा सोच्ने। सूत्र बदलेर सोच्ने। बस्तु बदलेर सोच्ने। लक्ष्य बदलेर सोच्ने। स्थान बदलेर सोच्ने। मान (value) बदलेर सोच्ने। जस्तो- यौनाङ्ग प्रदर्शन 'नराम्रो हो'। यौनकार्यमा 'राम्रो'। बिरामी हुँदा डाक्टरलाई प्रदर्शन गर्न हुने। अचेत हुँदा देखिए पनि हुने। बच्चा हुँदा देख्न, देखाउन हुने। प्रश्न के हो? यौनाङ्ग? मूल्यमान्यता? चेतना? देखाउन हुने/नहुने व्यक्ति? प्रदर्शन समय? व्यक्तिको इच्छा? अन्य केही? यस्ता प्रश्नहरूले नयाँ आधार बन्छ। तुलना गर्ने बुद्धि बन्छ। रट लगाउने आदत घट्छ। स्थानभेद, वस्तुभेद, मूल्यभेद, मानवभेद आदि भेदहरूमा बुद्धि बन्छन् र बनाइन्छन् भन्ने ज्ञान हुन्छ। हर कुरामा जिज्ञासा जाग्छ। परिवर्तनको जिज्ञासा। नवीनताको जिज्ञासा। यी र यस्तै जिज्ञासाहरूले हामीलाई पेशाकर्मी बनाउँछ। अनुसन्धाता बनाउँछ। रुपान्तरक बनाउँछ। पुरानै आधारमा चल्नेलाई सहज त होला। तर बुद्धि मिल्दैन। दलितलाई मार्क्सको दर्शनले बुझ्ेजस्तो हुन्छ। वर्गीय भन्दा जातीय नबुझिने। जातीयभन्दा समाजविज्ञान थाहा नहुने। मनोविज्ञान थाहा नहुने। धार्मिक रिवाजको बाध्यकारी कुरा हराउने। सबैलाई जोडेर दलित बुझ्न त आधार फेर्नैपर्छ। भाषामा पनि यही नियम लागू हुन्छ। पठनपाठनमा पनि फरक छैन। खालि हाम्रो सोचाइमा हलचल (jerk) चाहियो। गराइमा हलचल चाहियो। भोगाइहरू बटुल्ने जाँगर चाहियो।

क्षमता हामी शिक्षकमै छ किनकि हामीलाई थाहा छ- रानी मौरी बनाउने हामी नै हौं। के ख्वाए ती रानी बन्छन् भन्ने हामी नै जान्दछौं। समस्या हो- जानकारीमा जिज्ञासा नजोड्ने संस्कार। गरेर हेरौं- शिक्षाका रुपान्तरक हामी हौं। हामी मात्रै हौं। अरूले रूप हेर्छन्। हामी रूपको अन्तरसमेत देख्छौं। त्यही अन्तरमा खेल्छौं। त्यसैले सोचौं; बाटा अनेक छन्। सास हेरेर ब्रह्मज्ञान पहिल्याउने विपश्यनाको बाटो। भृकुटीको ज्योति लिएर ब्रह्म बुझ्ने ब्रह्मकुमारीको बाटो। प्रार्थनाबाट इशुको साथ पाउने इसाइको बाटो। प्रार्थनाबाटै अल्लाह पाउने मुस्लिमको बाटो। सोचौं; खोजेको सुख हो। बाटाहरू मात्रै अलग हुन्। मैले खोजेको सहज शैक्षिक रूपान्तरण हो। आफ्नै रूपान्तरण। आफैंमा रूपान्तरण। आफैंबाट रूपान्तरण। 📖

**मेरो टुंगो हो- गरेकोमा सोच्ने। सूत्रमा सोच्ने। सूत्र बदलेर सोच्ने। बस्तु बदलेर सोच्ने। लक्ष्य बदलेर सोच्ने। जस्तो- यौनाङ्ग प्रदर्शन 'नराम्रो हो'। यौनकार्यमा 'राम्रो'। बिरामी हुँदा डाक्टरलाई प्रदर्शन गर्न हुने। अचेत हुँदा देखिए पनि हुने। बच्चा हुँदा देख्न, देखाउन हुने। प्रश्न के हो ? यौनाङ्ग ? मूल्यमान्यता ? चेतना ? देखाउन हुने/नहुने व्यक्ति ? प्रदर्शन समय ? व्यक्तिको इच्छा ? अन्य केही ? यस्ता प्रश्नहरूले नयाँ आधार बन्छ। तुलना गर्ने बुद्धि बन्छ। रट लगाउने आदत घट्छ।**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

## शैक्षिक कर्जा पाइन्छ ?

म प्राथमिक तहमा २८ वर्षदेखि कार्यरत स्थायी शिक्षक हुँ। मैले २०७५/०५/२८ गते अनिवार्य अवकाश पाउनेछु। सन्तानलाई उच्च शिक्षा अध्ययनका निम्ति विदेश पठाउन कर्मचारी सञ्चय कोषमार्फत शैक्षिक कर्जा पाइन्छ भन्ने सुनेको छु। के यो साँचो हो? यदि हो भने त्यसको प्रक्रिया र सीमा कति हो?

**गोविन्द दाहाल**
**पञ्चकन्या मावि, चारपाने-७, झापा**

*कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता शिक्षक/कर्मचारीलाई शैक्षिक कर्जा दिने गरेको साँचो हो। कर्जाको सीमा चाहिं स्वदेशमै अध्ययन गर्नका निम्ति रु.८ लाख र विदेशका निम्ति रु.१२ लाख छ। उक्त कर्जाको ब्याजदर हाल वार्षिक ११ प्रतिशत निर्धारण गरिएको छ। त्यसका लागि देहाय बमोजिमको शर्त पूरा हुनुपर्छः*

- *सेवाबाट अवकाश पाउने अवधि कम्तीमा पाँच वर्ष बाँकी हुनुपर्नेछ।*
- *कोषले तोके बमोजिमको धितो राख्नुपर्नेछ।*
- *सम्बन्धित विश्वविद्यालयमा भर्ना भएको र अध्ययनका निम्ति लाग्ने खर्च विवरण पेश गर्नुपर्नेछ।*
- *विदेश पढ्न जानेको हकमा भिसा लागेको हुनुपर्नेछ।*

***राजेन्द्र काफ्ले***
***प्रमुख, सञ्चयकर्ता सेवा तथा सुविधा विभाग***
***कर्मचारी सञ्चय कोष***

## ग्रेड कहिले बढ्छ ?

सरकारले समय समयमा तलब स्केल बढाउँदै आए पनि ग्रेड नबढेको लामो समय भयो। ग्रेड रकम कहिले बढाउने योजना छ?

**रामचन्द्र सापकोटा**
**सरस्वती उमावि, कुडारी, जुम्ला**

*लामो समयदेखि शिक्षक/कर्मचारीको ग्रेड नबढेको महसूस हामीले पनि गरेका हौं। अर्थ मन्त्रालय जतिसक्दो छिटो ग्रेड रकम बढाउने योजनामा छ।*

***लोकदर्शन रेग्मी***
***प्रमुख, बजेट तथा कार्यक्रम महाशाखा***
***अर्थ मन्त्रालय***

## योग्यता कति हो ?

निम्नमाध्यमिक तह द्वितीय श्रेणीमा कार्यरत स्थायी शिक्षकको योग्यता कतिलाई मानिन्छ? यदि स्नातकलाई मान्ने हो भने बी.ए. र एकवर्षे बी.एड.को श्रेणीलाई सम्बन्धित तहको योग्यता र तालिम दुवैमा समावेश गर्न मिल्छ कि मिल्दैन?

**भीमप्रसाद श्रेष्ठ**
**जनता उमावि, बिर्घा, स्याङ्जा**

*हाल निम्नमाध्यमिक द्वितीय श्रेणीमा दुई किसिमका शिक्षक छन्। एउटा निम्नमाध्यमिक तृतीय श्रेणीमा स्थायी नियुक्ति पाई द्वितीय श्रेणीमा बढुवा भएका; अर्को खुला प्रतिस्पर्धाबाट सीधै द्वितीय श्रेणीमा नियुक्ति भएका (यो व्यवस्था अहिले छैन, तथापि सीधै द्वितीय श्रेणीको नियुक्ति पाएका शिक्षकहरू अहिले पनि कार्यरत छन्)। तृतीय श्रेणीबाट द्वितीयमा बढुवा भएका शिक्षकको न्यूनतम योग्यता प्रमाणपत्र तह वा सोसरह र सीधै द्वितीय श्रेणीमा नियुक्ति पाएका शिक्षकको हकमा स्नातक वा सो सरहलाई न्यूनतम योग्यता मानिएको छ। बी.एड.लाई शैक्षिक योग्यता र तालिम दुवैको मान्यता प्राप्त छ।*

***नारायणप्रसाद भट्टराई***
***उपसचिव, शिक्षक सेवा आयोग***

## यस्तो अन्याय किन

एसएलसी उत्तीर्ण भई र १० महिने तालिम पूरा गरेका शिक्षकलाई 'विशेष पाठ्यक्रम'को परीक्षामार्फत कक्षा १२ उत्तीर्ण गर्ने मौका दिइयो। तर, त्यसरी कक्षा १२ उत्तीर्ण गरेका शिक्षकलाई विभिन्न कारण देखाएर निम्नमाध्यमिक तहको शिक्षण अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी हुन र स्नातक तहको अध्ययनबाट बञ्चित गरियो। यस्तो अन्याय किन?

**पुस्तराज कँडेल**
**चण्डीदेवी निमावि, हर्दिनेटा-८, गुल्मी**
**ज्ञानेन्द्रकुमार पुलामी**
**मनकामना प्रावि, सिलुवा-६, पाल्पा**

*शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, शैक्षिक जनशक्ति विकास केन्द्र र उच्चमाध्यमिक शिक्षा परिषद्बीच छलफल गरेर यो समस्यालाई निरुपण गर्ने निचोडमा पुगिएको छ। हालै सम्पन्न उच्चमाध्यमिक शिक्षा परिषद्को २२औं बैठकले पनि म्यान्डेट दिएको छ। हामी छिट्टै नै यसबारे छलफल गरी टुंगोमा पुग्नेछौं।*

***नारायणप्रसाद कोइराला***
***सहसचिव, उच्चमाध्यमिक शिक्षा परिषद्***

## व्यवस्थापन समितिमा गैरअभिभावक !

शिक्षा नियमावली, २०५९ (छैटौं संशोधन)को नियम २४ मा लेखिएको छ, 'विद्यालयले विद्यार्थीका बाबु, आमा, दाजु, दिदी, भाइ, बहिनी, बाजे, बज्यै वा विद्यार्थीको पालनपोषण गर्ने र पठनपाठनको व्यवस्था मिलाउने व्यक्ति बाहेक अन्य व्यक्तिलाई अभिभावकको रूपमा राख्न हुँदैन। तर, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरू छनोट गर्ने प्रयोजनको लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ।' तर, राजनीतिक भागबण्डाका आधारमा नियमले तोके बाहेकका गैरअभिभावकहरू व्यवस्थापन समितिमा रहेका उदाहरण थुप्रै भेटिएका छन्। त्यसो गर्न मिल्छ र?

**विमलप्रसाद देवकोटा**
**जनज्योति उमावि, लालबन्दी, सर्लाही**

*विद्यार्थीका बाबु, आमा, बाजे र बज्यैबाहेकका व्यक्तिहरू विद्यालय व्यवस्थापन समितिमा रहनु नियम विपरीत नै हो। कुनै विद्यालयमा त्यस्तो पाइएको छ भने जिल्ला शिक्षा कार्यालयमा उजुरी दिन सकिन्छ।*

***लक्ष्मण बस्याल***
***शाखा अधिकृत, शिक्षा विभाग***

## सामाजिक अध्ययनः स्नातकमै छैन

स्नातकोत्तर तहमा सामाजिक अध्ययन विषय छ कि छैन? छ भने यसको पठनपाठन कहाँ हुन्छ?

**जनकप्रसाद आचार्य**
**प्रभात मावि, पालुङमैनादी-३, पाल्पा**

*स्नातकोत्तर तहमा मात्र होइन, स्नातक तहमै सामाजिक अध्ययनको पठनपाठन हुँदैन। सामाजिक अध्ययनलाई बी.एड.मा समावेश गर्ने गरी हामी यसको पाठ्यक्रम तयार गर्दैछौं।*

***प्रा.कुलनरसिंह श्रेष्ठ***
***सहायक डीन, शिक्षाशास्त्र संकाय, त्रिवि***

## आदेश निकासा दिइँदैन

जिशिका, खोटाङले सामुदायिक विद्यालयहरूलाई निकासा वा आदेश अख्तियारी पत्र नै नदिई सीधै ब्याङ्क खातामा रकम जम्मा गर्दै आएको छ। सम्बद्ध अधिकारीसँग यसबारे सोध्दा जनशक्ति र साधन स्रोतको अभावका कारण त्यस्तो पत्र दिन नसकिएको जवाफ पाइयो। एउटा सरकारी निकायले अर्को सरकारी निकायलाई स-शर्त अनुदानको पत्र नदिंदा निम्न कुराहरूमा असर परेको देखिन्छः

शिक्षा नियमावलीको नियम १६५ मा

'विद्यालयले प्राप्त रकम जुन कामको लागि खर्च गर्न निकासा भएको हो सोही काममा मात्र खर्च गर्नुपर्नेछ' भनी लेखिएको छ। तर, आदेश नै जारी नभएको अवस्थामा 'तोकिएको काम' नै छुट्टिँदैन।

ब्याङ्क हिसाब विवरण प्राप्त भएपछि मात्र विद्यालयले सोही आधारमा निकासा आम्दानी गर्नुपर्ने बाध्यता छ, ब्याङ्क विवरण ढिलो गरी प्राप्त भएमा वा प्राप्त नै नभएमा वा त्रुटिपूर्ण विवरण प्राप्त भएमा हिसाब मिलानमा समस्या आउन सक्छ। रकम निकासा गर्दा अख्तियारी पत्र पनि सँगै दिनुपर्ने होइन र?

**लीलाध्वज केसी**
**लेखा व्यवसायी, खोटाङ**

*ब्याङ्क खातामा रकम जम्मा गरेपछि त्यो रकमको प्रयोजन खुल्ने गरी अख्तियारी पत्र विद्यालयलाई दिनैपर्ने हुन्छ। जस्तो कि; शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयमा बजेट निकासा गर्दा त्यसको अख्तियारीपत्र पनि दिँदै आएको छ।*

***कृष्णबहादुर खड्का***
***प्रमुख लेखा नियन्त्रक, शिक्षा विभाग***

## 'नन क्रेडिट' परीक्षाः उमाविमै पर्छ ?

शिक्षाशास्त्र सङ्कायतर्फ मूल विषय अंग्रेजी राखेर उमावि र स्नातक तह उत्तीर्ण गरेको विद्यार्थीले स्नातक तहमा नेपाली विषयमा 'नन क्रेडिट' परीक्षा दिन उमावि तहमा पनि नेपालीको 'नन क्रेडिट' परीक्षा दिनुपर्छ कि पर्दैन? अनि यसरी 'नन क्रेडिट' परीक्षा दिंदा अभ्यास शिक्षण गर्नुपर्छ कि पर्दैन?

**गोपी तामाङ**
**सरस्वती प्रावि, खर्कभञ्ज्याङ, रामपुर-५, रामेछाप**

*अंग्रेजीमा बी.एड. गरेको व्यक्तिले स्नातक तहमै सीधै नेपाली विषयको 'नन क्रेडिट' परीक्षा दिन पाउँदैन। त्यसका लागि पहिले कक्षा ११ र १२ मा 'नन क्रेडिट' परीक्षा दिनुपर्ने हुन्छ। 'नन क्रेडिट'मा अभ्यास शिक्षण गर्नुपर्दैन।*

***प्रा. कुलनरसिंह श्रेष्ठ***
***सहायक डीन, शिक्षाशास्त्र संकाय, त्रिवि***

## चित्त नबुझ्दो व्यवस्था

शिक्षक सेवा आयोग नियमावली अनुसार बढुवाको लागि गरिने विज्ञापनमा ज्येष्ठता बापत २.२५ अंक र समान तह र समान श्रेणीमा अस्थायी सेवा बापत १.२५ अंक प्रति वर्ष प्राप्त गर्ने लेखिएको छ। तर, अस्थायी सेवाको अंक गणना गर्दा हाल कार्यरत तह र श्रेणीभन्दा माथिल्लो पदमा भएमा अस्थायी सेवाको अंक गणना गर्ने व्यवस्था छैन। कुनै शिक्षकले माथिल्लो तह र श्रेणीमा अस्थायी सेवा गरी तल्लो तह र श्रेणीमा स्थायी भई बढुवा हुने समयमा माथिल्लो तह र श्रेणीको ज्येष्ठता र अनुभव बापतको अंक नदिइनु उसमा ज्येष्ठता र अनुभव छैन भन्नु सरह भएन र?

**शोभाकान्त शर्मा**
**सिद्धार्थ उमावि, फेदीखोला, स्याङ्जा**

*तपाइँले भनेको कुरा व्यावहारिक रूपमा एकदमै सान्दर्भिक देखिन्छ। तर, हामी नियमले बाँधिएका छौं। नोकरीको ज्येष्ठता गणनामा माथिल्लो तह र श्रेणीको अनुभव बापतको अंक दिनका निम्ति नियमावलीमै संशोधन गर्नुपर्ने हुन्छ। त्यो नभई हामीले पनि केही गर्न सक्दैनौं।*

***नारायणप्रसाद भट्टराई***
***उपसचिव, शिक्षक सेवा आयोग***

## मेरा प्रश्न

मैले त्रिभुवन विश्वविद्यालय (प्राइभेट) बाट मानविकी सङ्कायमा नेपाली, राजनीतिशास्त्र र अर्थशास्त्र मूल विषय लिई आई.ए. तथा त्रिविबाटै नेपाली विषयमा बी.एड. उत्तीर्ण गरेको छु। हाल त्रिवि, सानोठिमी क्याम्पसबाट एम.एड.(नेपाली)को दोस्रो वर्षको परीक्षा तयारीमा छु। म 'नन क्रेडिट' विषय अन्तर्गत अंग्रेजी लिई स्नातक गर्न चाहन्छु। यसको लागि प्रमाणपत्र तहदेखि नै परीक्षा दिनुपर्छ कि सीधै स्नातकको परीक्षा दिन पाइन्छ? साथै एम.एड. उत्तीर्ण गरेपछि मैले सीधै व्यवस्थापन सङ्कायमा स्नातक वा स्नातकोत्तर गर्न पाउँछु कि पाउँदिनँ?

**तारानाथ नेपाल**
**छिर्पु उमावि, सिन्धुपाल्चोक**

*प्रमाणपत्र तहमा मूल विषय अंग्रेजी पढेको व्यक्तिले मात्रै बी.एड.मा सो विषयमा 'नन क्रेडिट' परीक्षा दिन पाउँछ। त्यसैले तपाईंले कक्षा ११ र १२ देखि नै अंग्रेजी विषयको 'नन क्रेडिट' परीक्षा दिनुपर्ने हुन्छ।*

***प्रा. कुलनरसिंह श्रेष्ठ***
***सहायक डीन, शिक्षाशास्त्र संकाय, त्रिवि***

*एम.एड. पूरा भएपछि तपाईंले व्यवस्थापन संकायबाट स्नातकोत्तर (एमबीएस) गर्न पाउनुहुनेछ।*

***सुशीला चालिसे***
***उप-प्रशासक, व्यवस्थापन संकाय, त्रिवि***

*आफ्नो पेशागत सीप विकास बढाउन चाहने वा नचाहने भन्ने निर्णय लिने अधिकार चाहिं तपाईंलाई नै छ।*

***दीपक शर्मा, उपनिर्देशक***
***शैक्षिक जनशक्ति विकास केन्द्र***

## टीपीडीः लिनैपर्ने हो र ?

म २०५४/०५/१८ देखि हालसम्म प्राथमिक तहको अस्थायी शिक्षक छु। मेरो शैक्षिक योग्यता बी.एड. हो र १० महिने तालिम पनि लिइसकेको छु। हाल आएर प्रायः शिक्षकले शिक्षकको पेशागत विकास(टीपीडी) तालिम लिइरहेका छन्। सबै शिक्षकले टीपीडी तालिम लिनैपर्छ भन्ने छ र? नलिंदा भविष्यमा कुनै असर त पर्दैन नि?

**दुधालाल घलान**
**मावि कर्मिडाँडा हरिहरपुर-८, सिन्धुली**

*कार्यरत शिक्षकलाई शिक्षण सिकाइमा पुनर्ताजगी गराउने र कक्षाकोठाका समस्या सम्बोधन गर्ने गरी टीपीडीको ढाँचा बनाइएको हो। टीपीडी तालिम लिनैपर्छ भन्ने बाध्यात्मक व्यवस्था छैन। तालिम लिएमा तपाईंकै पेशागत क्षमता र दक्षता विकासमा सहयोग पुग्ने हो।*

## नियुक्ति गणनाः कुन मितिको ?

म २०६२/११/२५ देखि स्रोतव्यक्ति दिपेन्द्रकुमार बीसीको लियन पदमा जय जनता मावि, जोरबाँध, दैलेखमा माध्यमिक तृतीय श्रेणीको गणित शिक्षकका रूपमा अध्यापन गर्दै आएको थिएँ। जिशिका, दैलेखले २०६६/०५/२८ मा पत्र पठाई मलाई शान्ति मावि, लालीकाँडाको माध्यमिक तह(राहत)तर्फ गणित शिक्षकका रूपमा पदस्थापन गरेको छ। अब मेरो नियुक्ति गणना कुन मितिको हुन्छ?

**वीरेन्द्रकुमार बीसी**
**शान्ति उमावि, लालीकाँडा-६, दैलेख**

*तपाईंले कुन प्रयोजनको निम्ति नियुक्ति गणनाको प्रसङ्ग उठाउनुभएको हो भन्ने कुरा जिज्ञासाबाट खुल्दैन। सट्टा शिक्षक र राहत अनुदान दुवै फरक किसिमका शिक्षण सेवा हुन्। त्यसैले सट्टा शिक्षकको हकमा नियुक्ति पाएको मितिदेखि छोडेको मितिसम्म र राहतको हकमा पनि नियुक्ति भएदेखिको छुट्टाछुट्टै अवधि गणना हुने देखिन्छ। यदि तपाईंलाई आफ्नो शिक्षण 'करिअर'मा निरन्तरताको प्रमाण चाहिएको हो भने जिशिका र सम्बन्धित विद्यालयबाट आवश्यक कागजात बनाउन सक्नुहुनेछ।*

***गणेशप्रसाद पौडेल***
***उपनिर्देशक, शिक्षा विभाग***

**sms प्रतिक्रियाका लागि jj<space>5006**

जहाँ नागरिक

त्यहाँ नागरिक


दैनिक




Nepal Republic Media

# Real फुर्सद

## शब्द खेल-४७



**तेर्सो**

१) परम्परागत मान्यतामा राखिने श्रद्धा
२) फूल आदि सुगन्धित वस्तुबाट निकालिएको विशेष किसिमको मगमग बास्ना आउने सार
४) थोरै मोलमा पाइने; ५) कुनै पनि भौतिक अस्तित्व भएको पदार्थ
६) सादा, सेतो र माड नपछारिएको बाक्लो कपडा;
७) अन्नमा लाग्ने सानो कीरो; ८) कुनै कामकुरोमा अरूलाई दिइने आड-भरोसा
१०) पश्चिमी क्षेत्रमा बस्ने/पाश्चात्य
११) अडेस लाग्ने कुरो वा वस्तु; १३) माथि लाग्ने बाटो
१४) खुर्सानी खाँदा पाइने स्वाद; १५) पृथ्वीभन्दा तलको कुनै लोक
१७) अलङ्कार/आभूषण; १९) फिलामा आउने खटिरो
२०) पुस्तकको जिल्द; २१) नेपालको एक प्रसिद्ध ताल
२२) लहर/ताँती; २३) चाँदी; २४) लागू पदार्थको सेवनबाट हुने उन्माद


**ठाडो**

१) तरकारी, अचार, दाल आदि सहायक खाद्यवस्तु नभएको (खानेकुरो)
२) दाहसंस्कार गरिसकेपछि नदीमा सेलाउन झिकिने लाशको खरानी
३) रबर/लाबर; ४) शाप/श्राप; ५) जङ्गल
७) सोझो नभएको/फेरो परेको; ८) पिठिउँ/मेरूदण्ड
९) सुगम/सरल; ११) पालोको साटफेर/पालैसंग
१२) गुप्तरूपले अपराध, षडयन्त्र आदिको सूत्र पत्ता लगाउने काम
१४) तोरी पेलेर तेल झिकेको छोक्रा
१६) घोडचढीले समाउने छालाको लामो फित्ता
१८) चटारो/हतपत; १९) पिरूका/पिर्का
२१) दिनको विपरीतार्थक शब्द
२२) खुट्टाको हनाइ

**नाम:** — — — — — — —

**ठेगाना:** — — — — — — —

## अन्ताक्षरी-४७




**नाम:** — — — — — — — —

**ठेगाना:** — — — — — — — —

१) बाहिर-बाहिर अलि-अलि पिसोल्ने वा डढाउने काम (६)
२) अति थकित (५)
३) मान्यजनप्रति सम्मान भावले शिर निहुराएको (५)
४) कट्टि गरिएको/कटान भएको (३)
५) नदीका दुवैतिरको किनार (४)
६) घोटेर निकाल्दा रातो रङको चन्दन आउने एक वृक्ष विशेष (५)
७) नौलो/नयाँ/नूतन (३)
८) नशा पैदा गर्ने (३)
९) परस्परको लुछाइ (४)
१०) लगातारको छपछप (४)
११) पराइको भलाइ हुने काम/अर्काको उपकार (५)
१२) बढता ढाँचा/फुर्ती/धाक (३)
१३) व्यर्थको/बिनसित्तिको (३)
१४) लाज नभएको/नकच्चरो/थेत्तरो (४)
१५) जीविकाको निम्ति गरिने कुनै काम (४)

**शब्दखेल-४५ को सही उत्तर**

तेर्सो: २) क्षमा ५) भाइ ७) कोस ९) पाकिस्तान १०) गगन १३) समोसा १५) जरा १६) पीर १७) हरूवा १८) सत्य १९) व्यास २०) फतुर २१) गवैया २३) महामारी २६) रम २८) डर २९) तन ।
ठाडो: १) भोको ३) मापा ४) जस्ता ६) इमान ८) सरासर १०) किल्ला ११) नगरा १४) साहस १५) जवाफ १८) सरकार १९) व्यायाम २१) गरूड २२) आमा २४) हाता २५) रीत २७) मल ।

**अन्ताक्षरी-४५ को सही उत्तर**

१) इलिकमिलिक २) कन्यामकुरूम ३) मध्यम ४) मध्यान्तर ५) रक्तचाप ६) परपीडक ७) कवच ८) चतुराइ ९) इजलास १०) सहमत ११) तमाम १२) मसानघाट १३) टकटकाइनु १४) नुनिलो ।






## फुर्सद

## सामान्यज्ञान-४७

१. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को पहिलो शिखर सम्मेलन ७-८ डिसेम्बर, १९८५ मा भएको थियो । सो सम्मेलन कहाँ भएको थियो ?
(क) नयाँदिल्ली (ख) ढाका (ग) कोलम्बो (घ) काठमाडौं

२. समाजशास्त्रका पिता (Father of Sociology) भनेर कसलाई चिनिन्छ ?
(क) कार्ल मार्क्स (Karl Marx) (ख) अगष्ट कम्टे (Auguste Comte)
(ग) म्याक्स वेबर (Max Weber) (घ) इमाइल दुर्खाइम (Emile Durkheim)

३. ओलम्पिक खेलकुदको इतिहासमै सबैभन्दा बढी पदक(मेडल) जित्ने कीर्तिमान अमेरिकी पौडीबाज माइकल फेल्प्सको नाममा छ । उनले कति वटा पदक जितेका छन् ?
(क) १८ (ख) २० (ग) २२ (घ) २३

४. 'रिमोट सेन्सिङ्' प्रविधिले ठम्याए अनुसार संसारकै अग्लो कोणधारी रूखको नाम रेडउड (Redwood) हो । सर्वाधिक अग्ला 'रेडउड' वृक्ष कहाँ छन् ?
(क) कायरो (ख) जकार्ता (ग) ब्रसेल्स (घ) क्यालिफोर्निया

५. शिक्षा क्षेत्रमा हालसम्मकै सबैभन्दा ठूलो मानिएको परियोजना 'विद्यालय क्षेत्र सुधार योजना (एसएसआरपी)' मा सबैभन्दा बढी धनराशी कसले लगानी गर्दैछ ?
(क) नेपाल सरकार (ख) फिनल्याण्ड (ग) नर्वे (घ) विश्व बैंक

नामः _ _ _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _ _ _

## सामान्यज्ञान-४५ को सही उत्तर

१. हाम्रो छिमेकी देश भारतको राष्ट्रिय फल (Fruit) के हो ?
ग) आँप

२. स्थापनाकालकै नाममा अहिले पनि सञ्चालनमा रहेको संसारको सबैभन्दा पुरानो विमान सेवा कुन हो ?
क) केएलएम (KLM)

३. गिरी, पुरी, भारती, वन, पर्वत, सागर, सरस्वती, अरण्य, तीर्थ र आश्रम समेतका जातीलाई तलको कुन शब्दले सही प्रतिनिधित्व गर्छ ?
क) सन्न्यासी दशनामी

४. पुतलीका खुट्टा कति वटा हुन्छन् ?
ख) ६ वटा

५. खैबर घाँटी (Khyber pass) मा कुन-कुन देश जोडिन्छन् ?
ग) पाकिस्तान र अफगानिस्तान




## सुडोकु-४७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | ८ | | ७ | | | ६ |
| | ३ | | | | | | २ | |
| | | ७ | ४ | | २ | ९ | | |
| २ | | ६ | ९ | | ३ | ८ | | १ |
| | | | | | | | | |
| ३ | | १ | ५ | | ६ | २ | | ९ |
| | | २ | ७ | | ४ | ५ | | |
| | १ | | | | | | ४ | |
| ४ | | | १ | | ५ | | | २ |

नामः _ _ _ _ _ _ _ _

ठेगानाः _ _ _ _ _ _ _ _

## सुडोकु-४५ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ३ | ६ | ८ | ९ | २ | १ | ७ | ५ |
| ७ | २ | १ | ३ | ५ | ४ | ६ | ९ | ८ |
| ५ | ९ | ८ | ७ | १ | ६ | २ | ४ | ३ |
| १ | ८ | ५ | ४ | ७ | ३ | ९ | ६ | २ |
| ९ | ६ | ४ | १ | २ | ५ | ८ | ३ | ७ |
| ३ | ७ | २ | ९ | ६ | ८ | ५ | १ | ४ |
| ६ | ५ | ७ | २ | ३ | १ | ४ | ८ | ९ |
| ८ | १ | ३ | ५ | ४ | ९ | ७ | २ | ६ |
| २ | ४ | ९ | ६ | ८ | ७ | ३ | ५ | १ |




# सही समाधान पठाउने सहभागी र पुरस्कार विजेता

**शब्दखेल-४५: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *खड्गबहादुर श्रेष्ठ,* झा.रा.-२, सिन्धुली**

**सही समाधान पठाउने अन्य सहभागी**

- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- गोविन्दप्रसाद आचार्य, जनकल्याण उमावि, पालुङ-३, मकवानपुर
- पदमप्रसाद न्यौपाने, सेतीदेवी निमावि, साँघुटार-३, रामेछाप
- माधवप्रसाद झवाली, संस्कृत तथा साधरण मावि, रिडी, गुल्मी
- हरिप्रसाद भट्टराई, देवी उमावि, मालिका-९, दैलेख
- हरिनारायण खतिवडा, शारदा सं.मावि, रामेछाप-३, रामेछाप
- विमलप्रसाद देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- पञ्च स्वरूप मावि, तिलाहार-७, रातमाटा, पर्वत
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौटहट
- भीमबहादुर जर्गा मगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- कमलादेवी कार्की, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- दुतबहादुर गर्बुजा पुन, महादेव मावि, बेगखोला-२, म्याग्दी
- शान्ता भण्डारी (दाहाल), राम मावि, लेउतीटार, धनकुटा
- हरिप्रसाद दाहाल, देउराली निमावि, धनकुटा
- शिवप्रसाद अधिकारी, सरस्वती प्रावि, थाकलचौर, मकवानपुर
- रामप्रसाद तिमल्सिना, गौरीशंकर मावि, निजगढ, बारा
- गुमा भुवाजी (लामिछाने), ज्ञानेन्द्र प्रावि, तिलाहार-९, पर्वत
- सुरेन्द्रबहादुर तितरा, लटिनाथ निमावि, दार्चुला
- चन्द्रप्रसाद वली, भैरव मावि, धुपिढुस्का-६, जुम्ला
- टेकबहादुर भुवाजी, ज्ञानेन्द्र प्रावि, तिलाहार-९, पर्वत
- केदारप्रसाद तिमल्सिना, भानु उमावि, मकवानपुरगढी, मकवानपुर
- अभिलाषा धिताल, जुनेली इ.बो. स्कूल, गढी-६, मकवानपुर
- मीराकुमारी खत्री, दीपेन्द्र निमावि, रिस्कु-६, उदयपुर
- जयप्रसाद पौड्याल, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- लोकेन्द्रबहादुर चन्द, आम्चोरा-५, बैतडी
- लिलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- पल्लवराज जोशी, गोकुलेश्वर ब.क्या., गोकुलेश्वर, दार्चुला
- एलिजा/रन्जना कोइराला, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- सपना उपाध्याय, वीरेन्द्र न.पा.-८, सुर्खेत
- नारायणप्रसाद गिरी, निमावि सर्गबास, तावाश्री-९, उदयपुर
- मदन अधिकारी/सुमन सुनुवार, कञ्चनपुर निमावि, मेनपा-१३, सालघारी, झापा
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- संजिव अधिकारी, मकवानपुरगढी-५, मकवानपुर
- भुवन आचार्य, जनज्योति प्रावि, रातमाटा-१, सिन्धुली
- भीमकान्त यादव, शंकर निमावि, देउखुरी, दाङ
- झनकमान श्रेष्ठ, भगवती मावि, चित्लाङ, सङ्खुवासभा
- मनिराम भट्टराई, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- रामचन्द्र अधिकारी/सरोज अधिकारी, जलकन्या निमावि, बैरेनी-६, धादिङ
- बालकृष्ण श्रेष्ठ, सेतीदेवी प्रावि, बेनी-१, सोलुखुम्बु
- शिवकुमार अधिकारी/पुष्पराज रेग्मी/प्रदिप थापा, सप्तधारा मावि, जीता-८, लमजुङ
- सुरेश कु. श्रेष्ठ/देवी ब. थापा/शर्मिला श्रेष्ठ, सप्तधारा मावि, जीता-८, लमजुङ
- गोविन्दप्रसाद ढुङ्गाना, भालचन्द्र मावि, न्याले-३, काभ्रे
- वासुदेव दाहाल, मदन आश्रित प्रावि, बैगाडापर-७, धनुषा
- गंगा भुसाल/जनार्दन घिमिरे, नुवाकोट मावि, अर्घाखाँची
- भरतराज जोशी, विशालपुर मावि, विशालपुर, बैतडी
- प्रेमकृष्ण श्रेष्ठ, खुर्कोट-१, सिन्धुली
- विष्णुमाया राना, सरस्वती प्रावि, स्याङ्जा
- रमेशहरि शर्मा ढकाल, जनज्योति मावि, चपुर, रौटहट
- अपनाकुमारी श्रेष्ठ, भीमेश्वर निमावि, रामेछाप-५, रामेछाप
- मीनप्रसाद बराल, प्रभात उमावि, रानीबास-२, सिन्धुली
- तीर्थराज गौली/काजी ब. थापा/मनु गिरी, सप्तधारा मावि, जीता-८, लमजुङ
- ध्रुवकुमार खड्का, जालपादेवी प्रावि, देउराली-१, रामेछाप

**अन्ताक्षरी-४५: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *रामजी राउत,* जनज्योति प्रावि, रिस्कु-४, उदयपुर**

**सही समाधान पठाउने अन्य सहभागी**

- देवनारायण चौधरी, हडिया-४, उदयपुर
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौटहट
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- कान्ति ब. रायमाझी, दुर्गानदी प्रावि, चुल्ठेपानी मझुवा-४, रामेछाप
- अभिलाषा धिताल, जुनेली इ.बो. स्कूल, गढी-६, मकवानपुर
- मदन अधिकारी/सुमन सुनुवार, कञ्चनजंघा निमावि, सालघारी, झापा
- नानीबाबु बन्जारा/रामकृष्ण तिमल्सिना, बालेश्वरी उमावि, भारदेउ-१, ललितपुर
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- गोविन्दप्रसाद ढुङ्गाना, भालचन्द्र मावि, न्याले-३, काभ्रे
- माधवप्रसाद झवाली, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- मतिराम भट्टराई, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- नम्रता श्रेष्ठ, गंगालाल एकेडेमी, रामेछाप-९, रामेछाप
- प्रेमकृष्ण श्रेष्ठ, भीमेश्वर-१, खुर्कोट, सिन्धुली
- खड्गबहादुर श्रेष्ठ, झा.रा.-२, बोहोरेटार, सिन्धुली
- हरिनारायण खतिवडा, शा.सं. मावि, रामेछाप-३, रामेछाप
- सन्जीव लवट, महेन्द्र नमूना उमावि, खलंगा, प्यूठान
- भीमप्रसाद घिमिरे, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- कमला थापा, सरस्वती प्रावि, कल्लेरी, स्याङ्जा
- लीलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- पल्लवराज जोशी, गोकुलेश्वर ब.क्या., गोकुलेश्वर, दार्चुला
- भरत ढकाल/हेमबहादुर श्रेष्ठ, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- मनोज पौडेल, जयकालिका मावि, कालिका-४, बर्दिया

**सुडोकु-४५: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *विमला श्रेष्ठ,* राम्चे प्रावि, बुंकोट, गोरखा**

**सही समाधान पठाउने अन्य सहभागी**

- सरोज फुँयाल, ज्वालादेवी निमावि, मकवानपुरगढी-८, मकवानपुर
- मनोज पौडेल, जयकालिका मावि, कालिका-४, बर्दिया
- नीलहरि लामिछाने, प्रभात निमावि, बाशेश्वर-१, सिन्धुली
- विमलप्रसाद देवकोटा, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- भीमबहादुर जर्घा मगर, जनज्योति उमावि, लालबन्दी, सर्लाही
- खिमादेवी अधिकारी, जयसन्तोषी माँ प्रावि, हटिया-१, बाग्लुङ
- सुरेश श्रेष्ठ, राष्ट्रिय मावि, सुन्धारा-८, तनहुँ
- देवनारायण चौधरी, थानपोखरी उमावि, ज्यामिरेझोर, उदयपुर
- प्रेमलाल चौधरी, नेपाल उमावि, विश्रामपुर, रौटहट
- पुष्पा थापा, महेन्द्रोदय मावि, राम्जाकोट-५, तनहुँ
- खड्गबहादुर कुँवर, महादेव प्रावि, चौवास-३, काभ्रे
- शिवप्रसाद अधिकारी, सरस्वती प्रावि, थाकलचौर, मकवानपुर
- इन्द्रबहादुर चौधरी, करूणा विद्यास्थली प्रावि, दुर्गौली-७, कैलाली
- नेत्रबहादुर के.सी., जनकल्याण उमावि, चिती, लमजुङ
- हेमचन्द्र अधिकारी, भारती उमावि, हात्तीखर्क-६, धनकुटा
- राजेश पुन, राङ्सी-२, रोल्पा
- गोमाकुमारी रिसाल (पोखरेल), जनज्योति उमावि, लालबन्दी, सर्लाही
- खड्गराज कार्की, गुदेल मावि, गुदेल-४, सोलुखुम्बु
- विनोद भट्टराई, अमरज्योति मावि, घाँसीकुवा-८, तनहुँ
- डिकधन कुलुङ, सगरमाथा मावि, बुङ-४, सोलुखुम्बु
- बालचन्द्र अर्याल, सृजना प्रावि, जोशीपुर, बर्दिया
- मोहनबहादुर गौतम, विनायक बाल निमावि, वडालगाउँ-६, काभ्रे
- राजेन्द्रकुमार सुनुवार, चम्पादेवी निमावि, पोकली-९, ओखलढुंगा
- कैलाश ढकाल, जनता मावि, डुम्रे-१, उदयपुर
- फाल्गुना दाहाल, नवदुर्गा प्रावि, धनगढी न.पा.-१२, कैलाली
- सपना उपाध्याय, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- अभिलाषा धिताल, जुनेली इ.बो. स्कूल, मकवानपुर
- शंकर घिमिरे, बालेश्वरी उमावि, भारदेउ-१, ललितपुर
- गुप्तबहादुर भण्डारी, महेन्द्र निमावि, मलम्पार-७, म्याग्दी
- रामकृष्ण तिमल्सिना, चापागाउँ-९, ललितपुर
- विद्या तिमल्सिना, चापागाउँ-६, ललितपुर
- कृष्णबहादुर मल्ल, गण्डकी प्रावि, विनामारे-१, बाग्लुङ
- सुजनकुमार मगर, जनता मावि, डुम्रे-१, उदयपुर
- भीमकान्त यादव, शंकर निमावि, खरदरिया, दाङ
- तुलबहादुर पुन, भृकुटी प्रावि, राङ्सी, रोल्पा
- रेणुका थापा, सिद्धपोखरी-९, संखुवासभा
- रंगलाल सुनुवार, गोल्माडाँडा प्रावि, रामपुर-८, रामेछाप
- मनिराम भट्टराई, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- दशरथ भट्ट, सरस्वती विद्या निकेतन, कृष्णपुर-५, कञ्चनपुर
- दीपक भट्टराई, जोगवाणी प्रावि, भुवनपोखरी-३, असौंदी, पाल्पा
- माधवप्रसाद झवाली, संस्कृत तथा साधारण मावि, रिडी, गुल्मी
- पदमबहादुर खड्का, लक्ष्मी निमावि, लुग्रा, अछाम
- रामबाबु प्रसाद चौरसिया, झौवागुठी-७, पर्सा
- चन्द्रप्रसाद वली, भैरव मावि, धुपिढुस्का, जुम्ला
- लक्ष्मीप्रसाद उपाध्याय (पौडेल), गढी-४, सुर्खेत
- लिलाधर जोशी, मालिकार्जुन मावि, तेलीगाउँ, दार्चुला
- जयप्रसाद पौड्याल, वीरेन्द्र न.पा.-८, सुर्खेत
- कान्तिबहादुर रायमाझी, दुर्गानदी प्रावि, मझुवा-४, रामेछाप
- प्रमोदकुमार दास, दीपेन्द्र निमावि, रिस्कु-६, उदयपुर
- रामजी राउत, जनज्योति प्रावि, रिस्कु-४, उदयपुर
- पल्लवराज जोशी, गोकुलेश्वर ब.क्या., गोकुलेश्वर, दार्चुला
- झनकमान श्रेष्ठ, भगवती मावि, चित्लाङ, सङ्खुवासभा
- सनतप्रसाद श्रेष्ठ, म.न.उमावि, खलंगा, प्यूठान
- राधेशकुमार कार्की, जुगु-७, दोलखा

**सामान्यज्ञान-४५: सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *ध्रुवकुमार खड्का,* देउराली-६, रामेछाप**

**सही समाधान पठाउने अन्य सहभागी**

- जयप्रसाद पौड्याल, वीरेन्द्रनगर न.पा.-८, सुर्खेत
- बद्रीबहादुर भण्डारी, जनकल्याण प्रावि, पाला, बाग्लुङ
- सुजिता रेग्मी, हिले उमावि, हिले-१, धनकुटा

**नियमः** *शब्दखेल, अन्ताक्षरी, सुडोकु* र *सामान्यज्ञान* को सही समाधान पठाउनुहुने पाठकमध्ये गोलाप्रथाबाट छानिएका एक/एक जना विजेतालाई एक वर्षसम्म *शिक्षक* मासिक निःशुल्क (हुलाक खर्चसहित) उपलब्ध गराइनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० असोज २०६९** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ । **जवाफ पठाउने ठेगानाः *शिक्षक*** मासिक, पूर्णचण्डी मार्ग, जावलाखेल, पो.ब.नं. ३९१, ललितपुर ।

***पुनश्चः*** *सहभागीहरूले पत्रिकाको 'कटिङ' अनिवार्य पठाउनुपर्नेछ । फ्याक्स, फोटोकपी, इमेल तथा अर्को कागजमा सारेर पठाएको समाधान मान्य हुने छैन ।*


**जनताको पीरमर्का सुन्न र रचनात्मक सुझावहरू ग्रहण गर्न नेपाल सरकार सधैं तत्पर र जागरूक छ । साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

# कस्तो मान्छे ?

नेपालका दुर्गम क्षेत्रमा भ्रमण गर्दा हाम्रा दाजुभाइ दिदीबहिनीहरू कसरी बसेका छन्, कस्ता हुन्छन् भन्ने कौतुहलले सधैं कुत्कुत्याउने गर्छ। हाम्रो देशको विषय विविधता भनिसाध्य छैन। यस्तै विषमताले हृदयमा कोरेका सम्झनालाई कोट्याउनु पनि निकै रोचक हुन्छ। रोचक यस अर्थमा कि त्यो घोचक पनि हुन्छ; च्वास्स घोच्छ मनमा। घोचक यस अर्थमा कि उनीहरूका वास्तविकता हाम्रा लागि र हाम्रा वास्तविकता उनीहरूका लागि अपत्यारिला र मिथक जस्ता लाग्छन्। एउटा प्रसंग यहाँनेर जोड्न चाहन्छु।

मकालु-वरुणलाई संरक्षित क्षेत्र बनाउने प्रयासमा जुट्दै थियौं। अमेरिकाको उडलैण्ड माउन्टेन इन्स्टिच्युट त्यस कार्यमा संलग्न थियो। हामी संखुवासभाको स्याकसिला भन्ने गाउँमा थियौं। हाम्रो खोज रूखभालु विषयमा केन्द्रित थियो। गाउँलेका घरमा भालुका साना-ठूला खप्पर ढोकामा झुण्ड्याइएका देखिन्थे। गाउँलेहरू ठट्टा गर्थे, "मकै खाने भालु, भालु खाने हामी!" गाउँमा भालुले कोपरेका मानिस पनि भेटिए र भालुलाई धरापमा पार्ने मानिस पनि।

मानिस भेट्दै कुरा गर्दै जाने क्रम चलिरह्यो। एक बिहान एकजना दाइ वनबाट ल्याएको केही कन्दमूल केलाउँदै सुकाउँदै थिए। मेरा अमेरिकी साथी कामचलाउ नेपाली बोल्थे। उनले कन्दमूलको एउटा गानो हातमा लिएर ती दाइलाई बडो कौतुहलका साथ सोधे, "यो के हो दाजु? यो के गर्ने हो?" भोटे दाजुले कहिल्यै सफा नगरेका पहेंला दाँत देखाएर हा...हा...हा... गरेर हाँस्दै भने, "कस्तो मान्छे रहेछ? खानेकुरा के हो भन्छ! मान्छे पनि खानेकुरा नचिन्ने हुँदोरहेछ... हा...हा...हा... !" अमेरिकी साथी पनि हाँस्न थाले, "दालभात खानुपर्छ, मकै खानुपर्छ... यस्तो खाने पनि मान्छे?" उनी अलि ख्यालो पनि थिए।

त्यो संवाद सुनेर म तीन छक्क परें। दुवैको फोटो खिचें- किनभने एउटाले अर्कोलाई 'कस्तो मान्छे रहेछ' भनेर प्रश्न गरेको निकै रोचक लाग्यो। एउटा भन्दैथियो, "मान्छे पनि यस्तो हुँदोरहेछ", अनि अर्कोले भन्दै थियो, "यस्ता पनि मान्छे हुँदोरहेछ।" दुवैजना मान्छे त मान्छे नै थिए। अचम्म के को?

मान्छे नाइजेरियाको होस् वा नेपालको वा न्युजिल्याण्डको, वंशानुगत संरचनाको दृष्टिले सबै एकै रगतका हुन्। तर मान्छेको संसारमा मान्छे-मान्छेबीचको विभेद ज्यादै गहिरो हुन्छ। संसारभरिका खाना, खान्की र खुराकले पोषित, संयुक्त राज्य अमेरिकाको विद्यावारिधिले सुशोभित व्यक्ति र आफ्नै वन-बुट्यानका कन्दमूल र आफ्नै बारीमा फल्ने अन्नपातका आधारमा जीवनयापन गरिरहेका दुर्गम नेपालका अनपढ व्यक्तिबीचको खाडल अरू कति गहिरो र फराकिलो होला माथिको दृष्टान्तबाट अनुमान गर्न सकिन्छ। दिनदिनै खानुपर्ने खाद्य पदार्थ पनि नचिन्ने व्यक्तिलाई 'मान्छे'को कोटिमा परिभाषित गर्दैनन् संखुवासभाका दुर्गम क्षेत्रका कारभोटे दाइ। उनले सँगालेको परम्परागत ज्ञान र सीपलाई हार्वर्ड विद्यावारिधिले भेट्न सक्दैन। तर त्यो ज्ञान र सीप भावी पुस्तामा सुनिश्चित गर्ने बाटो वर्तमानमा आएर अलमलिन थालेको छ। कन्दमूलका पारङ्गत चेपाङ जातिकै मानिसहरू जंगली च्याउ खानाले मर्न थालेका समाचारले डरलाग्दो खतरातर्फ संकेत गर्छन्। परम्परागत ज्ञान कहाँ हरायो? कहाँ बिलायो? कहीं पाठशालाका कारण हाम्रा सन्ततिहरू आफ्नै परिवेश र आफ्नै प्रकृतिबारे अनभिज्ञ त बन्दै छैनन्? गम्भीर चिन्ताको विषय छ। भोलि आफ्नै छोराछोरीलाई पनि 'यो कस्तो मान्छे रहेछ' भनेर भन्ने दिन नआओस्! अनि आफ्नै छोराछोरीले 'यस्ता पनि मान्छे हुँदा रहेछन्' भनेर विस्मात् नगरुन्। अस्तु।



**दिनदिनै खानुपर्ने खाद्य पदार्थ पनि नचिन्ने व्यक्तिलाई 'मान्छे'को कोटिमा परिभाषित गर्दैनन् संखुवासभाका दुर्गम क्षेत्रका कारभोटे दाइ। उनले सँगालेको परम्परागत ज्ञान र सीपलाई हार्वर्ड विद्यावारिधिले भेट्न सक्दैन।**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**


www.worldlink.com.np
WORLDLINK
Nationwide Network
Internet and Data Connectivity Network
connecting everyone, anywhere, all the time
Presence in 58 Districts
With WorldLink Data Connectivity service, I am managing all my regional offices from the convenience of my chair.
Mr. Resta Jha
CEO, PrimeLife
Connect your offices using WorldLink's Nationwide Data Network to improve enterprise productivity.
SERVER ACCESS
Get real-time server access to centralized enterprise software
REMOTE SURVEILLANCE
Monitor and view your remote offices live
DATA TRANSFER
Transfer sensitive files and data securely and instantly
VOICE
Eliminate STD charges by calling remote offices for free using VoIP
SERVICES
| Internet | IP MPLS | VoIP | IPLC | C/DWDM | Web Hosting | Datacenter & Co location |
HEAD OFFICE Jawalakhel Lalitpur, Tel: 5523050 or 5545814 PO Box 8207, Nepal Fax: +977-1-5529403 Email: sales@worldlink.com.np

म.क्षे.हु.नि. द.नं. २४/०६८/६९




MAW
BUILDING TRUST THROUGH SERVICE

**KATHMANDU VALLEY**

**Authorised Distributor, M.A.W. Enterprises Pvt. Ltd., Tripureshwor**: 4268252, 4261160
**Dealers:- Kumaripati** : 5555889, 5555890, **Kantipath** : 4247332, 4227515, 4227494, **Chabahil** : 4490105 / 9841573504, **Bhaktapur** : 6614083, **Gatthaghar** : 6630884
**Trade-In:- Naya Baneshwor** : 4460454, **Naya Bazaar** : 4381855 / 9841485986, **Teku** : 4104599 / 9851006914, **Gongabu** : 4351673 / 9849082147, **Balaju** : 4388208, **Kalanki** : 4272558, **Balkumari** : 5530521 **Koteshwor** : 4479461 / 9851038518

**EASTERN REGION**

**Biratnagar** : 021-523156, 9852021695, **Birtamoda** : 023-541677, 540859, **Dharan** : 025-528179, **Damak** : 023-580764, **Rajbiraj** : 031-521167, 9842820806, **Itahari** : 025-587053, 583353, **Biratchowk** : 021-545600, 9852021066, **Lahan** : 033-560532, **Mirchaiya** : 033-550020, **Katari** : 9741108907, **Gaighat** : 035-420828, **Siraha** : 033-520786, **Pathari** : 021-555864, **Khadbari** : 029-560775, **Inaruwa** : 025-561757 / 9842049749, **Ilam** : 027-521072, **Hile** : 026-540161 / 9752009029

**CENTRAL REGION**

**Narayanghat** : 056-571207, 056-694800, **Hetauda** : 057-526460, 9855068060, **Birgunj** : 051-531156, **Janakpur** : 041-523920, **Trishuli** : 560530, 9841775855, **Banepa** : 9851081324, **Dhading** : 010-520309, **Charikot** : 049-421889, 9851074374, **Bharatpur** : 056-524177, **Parsa**: 056-582661, **Bardibas**: 044-550445, **Malangwa**: 046-520553 **Tadi**: 056-562761

**WESTERN REGION**

**Pokhara** : 061-521295 / 535789, **Baglung** : 068-522747, **Butwal** : 071-541583 / 541587, **Bhairahawa** : 071-520541 / 526570, **Palpa** : 075-520445, **Gorkha** : 064-420476, **Damauli** : 065-561623, **Syangjha** : 063-420316, **Lamjung** : 9846074526, **Kawasoti**: 078-540622, **Chaundrata** : 9847063219, **Jitpur** : 076-550195, **Parasi** : 078-520517, **Ridi** : 079-690383, **Tamghas** : 079-520488

**MID WESTERN REGION**

**Dang** : 082-561296, **Lamahi** : 082-540267, **Surkhet** : 083-521754, **Nepalgunj** : 081-551610 / 551611, **Gulariya** : 9848022069, **Bansgadi** : 9851081449, **Tulsipur** : 082-520174, **Pyuthan** : 9847820418

**FAR WESTERN REGION**

**Dhangadhi** : 091-521499, 525188, **Mahendranagar** : 099-523816